वर्ष ४३ अंक ९६, पौष, २०८०

लेखापरीक्षण पत्रिका

NEPALESE JOURNAL OF GOVERNMENT AUDITING



महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ

नेपाल

संरक्षक



कार्यवाहक महालेखापरीक्षक

श्री महेश्वर काफ्ले

सम्पादक मण्डल

संयोजक	:	श्री बामदेव शर्मा अधिकारी
सदस्य	:	श्री वैकुण्ठबहादुर अधिकारी
कार्यकारी सम्पादक	:	श्री रचना प्रधान
सह-सम्पादक	:	श्री भिमप्रसाद रिजाल/श्री मिना लामा/श्री अनिता कुमारी थापा

कम्प्युटर संयोजन

श्री विष्णुगोपाल डंगोल

ठेगाना:

सम्पादक मण्डल

लेखापरीक्षण पत्रिका

महालेखापरीक्षकको कार्यालय


अनामनगर, काठमाडौँ, नेपाल

ISSN Number: 2505-0893

यस पत्रिकामा प्रकाशित लेख रचनामा व्यक्त विचार तथा धारणा सम्बन्धित लेखकका निजी हुन्। उक्त विचार तथा धारणाले यस कार्यालयको आधिकारिक धारणा प्रतिनिधित्व नगर्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। - **सम्पादक मण्डल**

लेखापरीक्षण पत्रिका

वर्ष ४३ - द.नं.जि.का. काठमाडौं १४४।०३९।४० - अङ्क ९६, पौष २०८०





महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be credible institution in promoting accountability, transparency and integrity)

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने।

(Provide independent and quality audit service to the nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यवसायिकता	(Professionalism)

सम्पादकीय

नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ अनुसार सबै संघीय र प्रदेश सरकारी कार्यालय र स्थानीय तहको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यस्तै, पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार र प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्था र कानूनअनुसार महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था र निकायको लेखापरीक्षणसमेत महालेखापरीक्षकबाट हुने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार गरिने लेखापरीक्षणको लेखापरीक्षण पद्धति, विधि, प्रमाण सङ्कलनलगायतका संलग्न पक्षहरूलाई दृष्टिगत गरी हरेक वर्ष वार्षिक लेखापरीक्षण योजना तयार गर्ने गरिन्छ। वार्षिक लेखापरीक्षण योजनाको तयारीले लेखापरीक्षण क्रियाकलापहरूलाई थप स्पष्ट पार्ने, लेखापरीक्षण कार्यमा मार्गदर्शन प्रदान गर्ने तथा लेखापरीक्षण कार्यान्वयन तथा प्रतिवेदनमा एकरुपता कायम गर्न सहयोग पुग्ने गर्दछ। प्रत्येक वर्ष जस्तै उल्लिखित निकायहरूको आर्थिक वर्ष २०७९।८० को आर्थिक कारोबारको लेखापरीक्षणको लागि वार्षिक लेखापरीक्षण योजना, २०८० तर्जुमा भई सो अनुसारको प्रथम चरणको लेखापरीक्षण कार्य सम्पन्न भई दोस्रो तथा अन्तिम चरणको लेखापरीक्षण कार्य सुचारु भैरहेको छ।

वार्षिक लेखापरीक्षण योजना तर्जुमा गर्नुपूर्व निकायको कारोवारको सारभूतता, संवेदनशीलता, विगतको बेरुजू फर्स्यौंटको अवस्था, निकायगत समस्या, उजुरीलगायतका आधारमा रणनीतिक तथा निकायगत जोखिमको मूल्याङ्कन गर्ने गरिन्छ । यस वर्ष उच्च र न्यून गरी दुई वर्गमा जोखिम वर्गीकरण गरिएको छ। उक्त जोखिमको आधारमा उच्च जोखिम भएका निकायको बढी समय तथा जनशक्ति परिचालन गर्ने र न्यून जोखिमयुक्त क्षेत्रमा संक्षिप्त विधिबाट लेखापरीक्षण गर्ने योजना भएबाट सोहीअनुसार लेखापरीक्षण गरिँदै गरेको अवस्था छ।

लेखापरीक्षण योजनामा लेखापरीक्षणका हरेक चरणमा गुणस्तर नियन्त्रणको व्यवस्था गरिएको छ। वार्षिक लेखापरीक्षण योजना तथा कार्य तालिकाको कार्यान्वयनबाट गुणस्तरीय रूपमा निर्धारित समयमा नै लेखापरीक्षण सम्पन्न हुने विश्वास गरिएको छ। विगत वर्षहरूमा प्राकृतिक प्रकोप, महामारी जस्ता असामान्य परिस्थितिहरू बाहेक वार्षिक लेखापरीक्षण योजनाबमोजिम समयमानै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेस गरिएको छ ।

गत आर्थिक वर्षमा वार्षिक लेखापरीक्षण योजना, २०७९ बमोजिम संघीय, प्रदेश मन्त्रालय र मातहत, स्थानीयतहका, समिति र अन्य संस्था, संगठित संस्था समेत ६,६४६ निकायको वित्तीय लेखापरीक्षण, ६ विषयको कार्यमूलक लेखापरीक्षण, १ विषयको वातावरणीय लेखापरीक्षण, १

विषयको सूचना प्रविधि लेखापरीक्षण र २४ विषयको विशेष लेखापरीक्षण सम्पन्न गरी समयमा प्रतिवेदन दिने कार्य भएको थियो भने यस आर्थिक वर्ष २०८०।८१ मा ६,३४५ निकायको वित्तीय लेखापरीक्षण, ९ विषयको कार्यमूलक लेखापरीक्षण, २ विषयको वातावरणीय लेखापरीक्षण, १ विषयको सूचना प्रविधि विशेष लेखापरीक्षण गर्ने योजना वार्षिक लेखापरीक्षण योजना, २०८० मा भएबमोजिम लेखापरीक्षण कार्य भैरहेको छ । उक्त योजनाअनुसार समयमा (आर्थिक वर्ष २०८० चैत्र मसान्तमा) महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेस गर्ने लक्ष्य रहेको छ । सोही उद्देश्यअनुरुप वार्षिक योजनाको आधारमा तयार भएको कार्यतालिका संघीय निकायमा मुख्य सचिव तथा प्रदेशमा प्रमुख सचिवमार्फत् सञ्चार गर्ने व्यवस्थाअनुरुप सञ्चार गरी सबै सरोकार पक्षको सहयोग, सहकार्य र समन्वयमा लेखापरीक्षण सम्पन्न गर्ने योजना रहेको छ। तसर्थ, संविधान, लेखापरीक्षण ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियमअनुसार लेखापरीक्षण गर्नु/गराउनु सम्बद्ध सबै सरोकारपक्षको कर्तव्य हो ।

सम्पादक मण्डल

विषय सूची

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
	नेपाली खण्ड		
१.	वित्तीय सुशासनमा लेखापरीक्षणको भूमिका	महेश्वर काफ्ले	१
२.	लेखापरीक्षणमा प्रविधिको प्रयोग र कागजरहित अभ्यास	बामदेव शर्मा अधिकारी	६
३.	पूर्वाधार निर्माणमा प्राविधिक पक्षको परीक्षण	पदमराज पौडेल	१२
४.	लेखापरीक्षण पद्धति, प्रतिवेदन प्रणाली र कार्यान्वयन अवस्था	श्रीकुमार राई	१८
५.	लेखापरीक्षणमा बदनियत लापरवाही	वैकुण्ठबहादुर अधिकारी	२९
६.	आर्थिक अनुशासनमा संस्थागत व्यवस्था	घनश्याम पराजुली	३४
७.	नेपालमा योजनाबद्ध विकासका उपलब्धि	टीकानाथ अर्याल	५५
८.	वातावरणीय लेखापरीक्षण व्यवस्थापन	रमेश सुवेदी	७७
९.	वार्षिक बजेट, प्रतिबद्धता एवं खर्च व्यवस्थापन	जनकराज गौतम	८५
१०.	ठगी वा जालसाजी जोखिम पहिचान र व्यवस्थापन	विमलप्रसाद ढकाल	९२
११.	नेपालको अर्थतन्त्रमा सार्वजनिक ऋण	रामबहादुर के.सी.	१०७
१२.	नेपालमा सार्वजनिक आय-व्ययको अवस्था	गम्भीरबहादुर हाडा	११६
	English Section		
१३.	Remittance through Formal Paths	Dwaipayan Regmi	१३३
	कार्यालय अभिलेख		
१४.	महालेखापरीक्षकको कार्यालय र कार्यवाहक महालेखापरीक्षक	महेश्वर काफ्ले	१४३
	साभार		
१५.	सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनहरूको रियो घोषणा-पत्र, २०२२	रामुप्रसाद डोटेल	१५१

नेपाली खण्ड

वित्तीय सुशासनमा लेखापरीक्षणको भूमिका

- महेश्वर काफ्ले
कार्यवाहक महालेखापरीक्षक

विषय प्रवेश

सुशासन भनेको असल शासन हो, विधिको शासन हो, उत्तरदायी, जवाफदेही, संवेदनशील शासन हो, पारदर्शी शासन प्रणाली हो, खुला शासन प्रणाली हो, जहाँ सरोकारवाला सबैको सहभागिता रहेको हुन्छ, शासनको तल्लो निकायसम्म अधिकार प्रत्यायोजनको व्यवस्था मिलाइएको हुन्छ भने वित्तीय सुशासन भनेको आर्थिक नीतिहरूको कुशल सञ्चालन हो जहाँ स्रोत साधनको प्राप्ति, उपयोग तथा वितरणमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता कायम गर्दै वितरण तथा बाँडफाँड कुशलता, सञ्चालन कुशलता र व्यवस्थापकीय कुशलताका मापदण्डबाट अधिक लाभ तथा प्रतिफल प्राप्त हुने व्यवस्था मिलाइएको हुन्छ। लेखापरीक्षणको माध्यमबाट मुलुकमा वित्तीय अनुशासन एवं जवाफदेहिता प्रवर्धन गर्न तथा सरकारी आम्दानी, खर्च र काम कारबाहीको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण गरी सुधारका लागि सुझावसहितको प्रतिवेदन दिने भएकोले लेखापरीक्षणबाट वित्तीय अनुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

महालेखापरीक्षकको इतिहास हेर्ने हो भने विक्रम संवत् १८२६ मा सरकारी अड्डाहरूको आय-व्ययको हिसाब जाँच गर्न, गराउन 'कुमारीचोक अड्डा' नामक एक अधिकार सम्पन्न कार्यालयको स्थापना गरिएको थियो। उक्त अड्डाको प्रारम्भिक स्वरूप नेपालका महालेखापरीक्षकले गर्ने कार्य जस्तै थियो। उक्त अड्डाले सरकारी आय-व्ययको जाँच गरी कुनै कैफियत देखिएमा तत्काल कारबाही गरी असुल फस्यौंट वा हिसाब राफसाफ गर्ने गर्दथ्यो। यसरी जाँच गर्ने सम्बन्धमा "कच्चा नछोड्नु जम्मा नजोड्नु" भन्ने मान्यताको किम्बदन्ती रहेको पाइन्छ, जसबाट कारोबारको एक-एक परीक्षणमा जोड दिनुपर्ने कुराको संकेत गर्दछ। सो अड्डाले गर्ने कार्यमध्ये तेजारथ सापटी असुल गर्ने, बेरुजू तथा घरेलु तर्फको सरकारी बाँकी बापतको रकम असुल गर्ने, अन्य सरकारी बाँकी रकम असुल गर्ने लगायतका कार्य गर्ने गरी कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको नाममा उक्त कार्यालय अहिले पनि अस्तित्वमा रहेको छ भने वि.सं. २०१६ सालमा महालेखापरीक्षकको कार्यालय स्थापना भएपछि सरकारी कार्यालयको लेखापरीक्षणको जिम्मेवारी महालेखापरीक्षकको कार्यालयलाई दिइएको थियो।

सार्वजनिक लेखापरीक्षकको भूमिका

संवैधानिक व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले सर्वोच्च अदालत, संसदलगायत सबै वैधानिक निकाय, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीलगायत सबै संघीय एवं प्रदेश सरकारी कार्यालयहरू र स्थानीय तहको लेखा कानूनद्वारा निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी लेखापरीक्षण गर्ने, पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श दिने, लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तको सम्बन्धमा निर्देशन दिने, महालेखापरीक्षक र निजका सहायकहरूलाई लेखापरीक्षणको

सिलसिलामा लेखासम्बन्धी कागजपत्र हेर्न पाउने, लेखापरीक्षणका सिलसिलामा माग भएका कागजपत्र एवं जानकारी उपलब्ध गराउनुपर्ने, सरकारी कारोबारको लेखा ढाँचा स्वीकृत गर्ने, सम्बन्धित संस्थाको ऐनद्वारा महालेखापरीक्षकको कार्यालयद्वारा लेखापरीक्षण हुने गरी व्यवस्थित गरिएको छ। संविधानको धारा २९४ अनुसार महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस पर्ने र सो प्रतिवेदन व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने व्यवस्था छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा अन्य कुनै कुराको अतिरिक्त वर्षभरिमा लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षबाट देखिएको बेरुजूको स्थिति, बेरुजू फर्स्यौंट गर्न गरेको प्रयास र बेरुजू फर्स्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण उल्लेख गर्नुपर्ने र लेखापरीक्षण ऐन, २०७५ ले पनि महालेखापरीक्षकको काम कर्तव्यलाई स्पष्ट गरेको छ जसअनुसार लेखापरीक्षणसम्बन्धी तरिका निर्धारण गर्ने, एक-एक गरी वा बीच-बीचमा छड्के गरी वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, त्यसबाट प्राप्त भएका तथ्यहरू दर्शाउने, आलोचना गर्ने र प्रतिवेदन गर्ने, लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेमा आयोजनाको स्थिति तथा लेखा सम्बन्धी कागजात जनुसुकै बखत हेर्ने, सरकारी कामको ठेक्का लिने ठेकेदारसँग सम्बन्धित कागजात वा अन्य प्रमाण प्रस्तुत गर्न लगाउने, लेखापरीक्षणको काममा कुनै विशेषज्ञको सेवा उपलब्ध गर्न र आवश्यक परेमा उचित पारिश्रमिक दिई करारमा काम लगाउन सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा स्वीकृत बजेट, प्रचलित कानून, तोकिएको ढाँचाअनुरूप लेखा राखिएको, सम्पत्तिको उचित संरक्षण व्यवस्था मिलाएको, आन्तरिक नियन्त्रण व्यवस्था मिलाएको, कार्यालयको उद्देश्य, संगठन, व्यवस्थापन यथेष्ट र समुचित भएको सम्पादित कामको गुणस्तर, परिमाण र समय सन्तोषजनक भएको, अभिलेख व्यवस्थापन पर्याप्त भएको जस्ता विषयमा नियमिता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गर्ने, औचित्यको आधारमा परीक्षण गर्दा निकासाअनुसार खर्च गरेको भए तापनि बेमुनासिब तरिकाले चल अचल राष्ट्रिय धन बरबाद हुने गरी खर्च भएको, प्राकृतिक स्रोत साधनको बुद्धिमत्तापूर्वक उपयोग नगरेको, राजस्व वा चल अचल सम्पत्ति, राष्ट्रिय धनको दुरूपयोग भएको छ/छैन भनी परीक्षण गर्ने, पूर्ण स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने छ भने अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण सो संस्थासँग सम्बन्धित प्रचलित कानूनबमोजिम हुने व्यवस्था छ भने लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ। संगठित संस्थाको लेखापरीक्षणमा महालेखापरीक्षकले लेखापरीक्षणको प्रक्रिया र सिद्धान्त सम्बन्धमा निर्देशन दिने व्यवस्था छ। उक्त संवैधानिक तथा कानूनी व्यवस्थाको जिम्मेवारी पालना गर्ने सम्बन्धमा सार्वजनिक वित्तीय उत्तरदायित्व प्रवर्धन गराउने उद्देश्यले महालेखापरीक्षकले कार्यसम्पादन गर्ने भएकोले आर्थिक तथा वित्तीय सुशासन कायम गराउन महालेखापरीक्षकको भूमिका महत्त्वपूर्ण रहन्छ।

यस कार्यालयको "जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय संस्था" को रूपमा रहनु दूरदृष्टि रहेको छ भने "राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने" गन्तव्य रहेको छ। त्यसैगरी "निष्ठा, स्वतन्त्रता, व्यावसायिकता, पारदर्शिता र जवाफदेहिता" कायम राख्नु यस कार्यालयको मूल्य-मान्यता रहेको छ। सार्वजनिक स्रोतको उपयोग र उपलब्धि मूल्याङ्कन गरी लेखापरीक्षणबाट सुझाव सहितको प्रतिवेदन दिने भएकोले लेखापरीक्षणको मुख्य उद्देश्यमा सार्वजनिक जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्ने, सार्वजनिक स्रोतको परिचालनमा मितव्ययिता र कार्यदक्षता कायम गर्ने रहेको छ भने अन्य सहायक उद्देश्य सार्वजनिक निकायको प्रभावकारिता वृद्धि गर्ने, प्रशासनिक, वित्तीय र व्यवस्थापकीय कार्यप्रणालीको स्वच्छता सुनिश्चित एवं सुदृढ तथा सुधार गर्ने, प्रचलित कानूनको परिपालनामा सहयोग पुऱ्याउने, स्वविवेकीय कार्य

शैलीलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने, प्रचलित विधि, प्रक्रिया तथा कानूनी व्यवस्थाको कमी, कमजोरी औँल्याई सुधारका लागि व्यावहारिक सुझाव प्रदान गर्ने रहेको छ। महालेखापरीक्षकको कार्यालयले संघ तथा प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह एवं सार्वजनिक संस्थानहरूको वित्तीय तथा नियमितताको लेखापरीक्षण गरिरहेको छ भने महालेखापरीक्षकबाट छनौट भएका विषयमा तात्विक महत्त्वको आधारमा कार्यमूलक, सूचना प्रविधि, वातावरणीय तथा विशेष लेखापरीक्षण गर्दै आइरहेको छ। कार्यालयले वित्तीय, नियमितता र कार्यमूलक लेखापरीक्षणको माध्यमबाट मुलुकमा सार्वजनिक कोषको संरक्षण गर्ने साथै सरकारी आम्दानी र खर्चलगायत सरकारका काम कारबाहीको स्वतन्त्र तथा उद्देश्यमूलक लेखापरीक्षण गरी सोको प्रतिवेदन मार्फत् वित्तीय अनुशासन कायम गर्न सुझावहरू दिने गरेको छ।

व्यवस्थापिकाबाट पारित ऐन, नियम, नीति तथा कार्यक्रम एवं बजेटको कार्यान्वयन र सरकारका समग्र क्रियाकलापहरूका सम्बन्धमा महालेखापरीक्षकले परीक्षण एवं मूल्याङ्कन गरी दिएको प्रतिवेदन संघीय तथा प्रदेश सार्वजनिक लेखा समितिमा छलफल हुने भएकोले अन्तिम लेखापरीक्षणलाई सरकारको समग्र आर्थिक क्रियाकलापमा जिम्मेवारिता र जवाफदेहिता अभिवृद्धि गर्ने माध्यमको रूपमा समेत लिइन्छ। नेपालमा संघीय शासन व्यवस्था लागू भए पश्चात् स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको लेखा समितिमा छलफल हुने व्यवस्थाले लेखापरीक्षण प्रतिवेदनको प्रभावकारिता वृद्धि गर्न थप मद्दत पुगेको छ। सार्वजनिक निकायको सेवा प्रवाह, आर्थिक क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता प्रवर्धन तथा असल अभ्यासको स्थापनामा महालेखापरीक्षकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। महालेखापरीक्षकबाट जारी हुने लेखापरीक्षण प्रतिवेदनको नतिजामार्फत् संघीय संसदले आफूद्वारा स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयन र सरकारका समग्र क्रियाकलापहरू सम्बन्धमा संसदीय निगरानी गर्ने प्रचलन रहेको छ। यसबाट समग्र रूपमा वित्तीय अनुशासन कायम हुने विश्वास गरिएको छ।

वित्तीय अनुशासन कायम गर्ने/गराउने सम्बन्धमा लेखापरीक्षणमा मुख्यतः ३ आयामबाट मूल्याङ्कन गर्ने गरिन्छ। मितव्ययिता आयामअन्तर्गत राज्य सञ्चालनका लागि आवश्यक पर्ने स्रोत साधनहरू मुख्यतः आन्तरिक राजस्व, वैदेशिक अनुदान, ऋण, आन्तरिक ऋण तथा सरकारको प्राथमिकता, नीति, कार्यक्रम अनुसार आवश्यक पर्ने स्रोत साधन न्यूनतम लागतमा सङ्कलन गर्नु, सङ्कलन लागत घटाउनु, स्रोत साधनको उपयोग गर्दा वस्तु तथा सेवाको गुणस्तरमा ह्रास आउन नदिई लागत घटाउनु, न्यूनतम लागतमा अधिकतम उत्पादन गर्नु आदि पर्दछन्। कार्यदक्षता आयामअन्तर्गत स्रोत साधनको उपयोग गर्ने क्रममा निर्गत (Input) को तुलनामा आगत (Output) अत्यधिक बनाउनु, विधि प्रक्रियाको सरलीकरण गर्नु, जिम्मेवारिता र जवाफदेहिता वहन गर्नु, निर्णयका तहहरू घटाउनु, गुणस्तरमा ह्रास आउन नदिई वस्तु तथा सेवाको उत्पादन बढाउनु वा त्यतिकै उत्पादनका लागि स्रोत साधनको उपयोगमा कमी ल्याउनु हो। प्रभावकारिता आयामअन्तर्गत निश्चित उद्देश्य प्राप्ति गर्नु, आगत (Output) बढाउनु, उपयोग भएको स्रोत साधनको प्रभावकारिता पक्षबाट वास्तविक रूपमा परिवर्तनको अनुभूति गराउने, खर्चको सार्थक मूल्य प्राप्ति (Value of money) को सुनिश्चितता गर्दछ। सरकारी आर्थिक कारोबारमा पहुँच, लेखापरीक्षण, अभिलेखाङ्कन, आलोचनासहितको प्रतिवेदन, सुधारका उपायको प्रस्तुतीकरण जस्ता कार्यबाट वित्तीय विश्लेषणका लागि आवश्यक तथ्याङ्क, सूचना, जानकारी प्राप्त हुन्छ जुन आर्थिक तथा वित्तीय नीति तर्जुमा, बजेट तर्जुमा तथा खर्चको प्राथमिकता निर्धारण गर्न सघाउ पुग्दछ। चालु तथा पुँजीगत खर्चको स्थिति, ऋण तथा साँवा ब्याज भुक्तानी, वैदेशिक सहयोगको प्राप्ति तथा उपयोग, आन्तरिक ऋण, शेयर लगानी, प्रतिफल प्राप्तिको स्थिति सम्बन्धमा यथार्थ जानकारी गराई खर्चको सार्थक मूल्य (Value of money) प्राप्त भए/नभएको, भविष्यमा अवलम्बन गर्नुपर्ने सुधारका उपायको बारेमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनबाट अवगत गर्न सकिन्छ।

आयोजनाको छनौट, कार्यान्वयन, मर्मत सम्भार र दिगोपना प्राप्त भए/नभएको सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनमा विश्लेषण गरिने भएकोले आयोजनाको छनौट, प्राथमिकता क्रम निर्धारण, कार्यान्वयन एवं निर्माणमा लेखापरीक्षण प्रतिवेदनले पृष्ठपोषण (Feed back) प्रदान गर्दछ। सार्वजनिक पदाधिकारीहरूले सार्वजनिक खर्च गर्दा वा स्रोत उपयोग गर्दा प्रचलित कानूनको पालना गरे/नगरेको, समयानुकूल ऐन, नियमको सुधार वा संशोधन गरे/नगरेको सम्बन्धमा महालेखापरीक्षकको कार्यालयले Watch dog को रूपमा कार्य गर्ने भएकोले वित्तीय अनुशासन कायम गराउन यसको भूमिका महत्त्वपूर्ण रहन्छ।

महालेखापरीक्षकको कार्यालयले स्थापना कालदेखि हालसम्म संघीयतर्फ ६० वटा वार्षिक प्रतिवेदन पेस गरेको छ भने प्रदेशतर्फ ५ वटा प्रतिवेदन पेस गरिसकेको छ। साथै, ७५३ स्थानीय तहमा लेखापरीक्षण सम्पन्न पश्चात् तत्काल लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन उपलब्ध गराई सो प्रतिवेदनमा प्राप्त जवाफ, प्रमाण तथा पुष्ट्याईं समेतका आधारमा कायम/बाँकी रहेका व्यहोरा समेटी सबै स्थानीय तहमा लेखापरीक्षकको रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्ने व्यवस्था छ। महालेखापरीक्षकले संघीय तथा प्रदेश सरकारको लेखापरीक्षण गरी पेस गर्ने वार्षिक प्रतिवेदनमा लेखापरीक्षण गरेको विवरण, बेरुजूको स्थिति, प्रमुख व्यहोराहरू तथा मन्त्रालय/निकायगत व्यहोरा, विगतका प्रतिवेदन कार्यान्वयनको अवस्था, भविष्यमा गर्नुपर्ने सुधार स्पष्ट गरिएको हुन्छ। लेखापरीक्षणबाट प्रत्येक वर्ष करिब रु.३० अर्बको हाराहारीमा राज्यकोषमा योगदान हुने गरी असुलउपर गर्नुपर्ने बेरुजू कायम भएकोले राज्यकोषमा योगदान हुने गरेको अवस्था छ भने सैद्धान्तिक, अनियमित तथा समयमा पेश्की फर्स्यौट नभएका विषयहरू प्रतिवेदनमा उजागर गरी पुनः त्यही प्रकृतिका बेरुजू नदोहोरिने गरी वित्तीय सुशासन कायम गर्न गराउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (INTOSAI) र एसियाली लेखापरीक्षण संस्थाहरूको संगठन (ASOSAI) को सदस्यता प्राप्त गरेपछि नेपालको सक्रिय सहभागिता रहँदै आएको छ। "Mutual experience benefit all" भन्ने मूल मन्त्रसहित स्थापना भएको यस संगठनले लेखापरीक्षण मानदण्ड, मार्गनिर्देशन, तालिम, अनुभवको आदान-प्रदान, प्राविधिक सहायता जस्ता कुराहरूमा सहयोगको आदान प्रदान गरिरहेको छ। लेखापरीक्षणको स्तर वृद्धि, सहयोगको आदान प्रदान, तालिम आदिका माध्यमबाट आपसी सम्बन्ध विकासमा यो संगठनले योगदान पुऱ्याइरहेको छ। नेपालले यस्ता संगठनहरूमा आवद्धता कायम राखी लेखापरीक्षणको संगठनात्मक तथा कार्यात्मक स्वतन्त्रता, लेखापरीक्षणको गुणस्तर वृद्धि सार्वजनिक जवाफदेहिता र पारदर्शिता प्रवर्धन गराउने कार्यमा उल्लेखनीय सहयोग गरेको पाइन्छ। यसबाट लेखापरीक्षण कार्यमा संलग्न रहने कर्मचारीहरूका लागि तालिमको अवसरसमेत प्राप्त हुने गरेको छ।

निष्कर्ष

लेखापरीक्षण कार्यको प्रभावकारिता वृद्धि गरी वित्तीय सुशासन कायम गर्नका लागि उपलब्ध स्रोत साधन मितव्ययितापूर्वक उच्चतम उपयोग गर्ने, स्रोत साधन उपलब्ध गराई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, कर्मचारीहरूलाई विभिन्न तालिमहरू उपलब्ध गराई दक्ष बनाउने, उत्प्रेरणा, पुरस्कार, मान्यता (Recognization) का माध्यमबाट उत्प्रेरित गर्ने, अन्य निकायसँगको सम्बन्धलाई विस्तार गर्ने, सार्वजनिक लेखा समितिको क्षमता अभिवृद्धि गर्ने, सहकार्य गर्ने, कार्यमूलक लेखापरीक्षणमा विशेष ध्यान दिने, पद्धतिगत र नतिजाउन्मुख लेखापरीक्षणमा जोड दिने, लेखाप्रणाली र बजेट तर्जुमा प्रणालीलाई वैज्ञानिक बनाउने, लेखापरीक्षणका नवीन अवधारणाहरू क्रमशः कार्यान्वयन गर्दै जाने, अन्तर्राष्ट्रिय सम्पर्क एवं आवद्धताबाट बढीभन्दा बढी फाइदा लिने, रणनैतिक व्यवस्थापनको अवधारणाबाट लेखापरीक्षण कार्यलाई अघि बढाउने

जस्ता कार्यहरू गर्नुपर्ने देखिन्छ। प्रजातान्त्रिक शासन व्यवस्था भएका देशमा जनताबाट उठाएको कर र जनताका नाममा लिएको आन्तरिक तथा वैदेशिक ऋण सही उपयोग भएको छ/छैन भनी परीक्षण गर्नका लागि स्वतन्त्र लेखापरीक्षण संस्थाको स्थापना गरिन्छ र यस्तो संस्थाले दिएको प्रतिवेदनउपर सार्वभौम जनाताकै प्रतिनिधिले मूल्याङ्कन गर्ने व्यवस्था मिलाएको हुन्छ। नेपालमा पनि स्वतन्त्र र संवैधानिक अङ्गको रूपमा महालेखापरीक्षकको कार्यालयको स्थापना र सार्वजनिक लेखा समिति गठन गरिएको छ। यस्ता संस्थाहरूको काम, कर्तव्य र अधिकार संविधान एवं ऐनमा स्पष्ट उल्लेख छ। स्रोत साधनको कमी तथा राजनैतिक अस्थिरता एवं प्रतिबद्धताका कमीका कारण उक्त संस्थाको कार्य प्रभावकारी हुनसकेको छैन। विद्यमानमा देखिएका कमी कमजोरीहरूमा सुधार गर्दै आर्थिक तथा वित्तीय अनुशासन कायम गर्नु आजको प्रमुख आवश्यकता रहेको छ।

<u>सन्दर्भ सामग्री</u>

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- नेपालको संविधान, २०७२, कानून किताव व्यवस्था समिति
- लेखापरीक्षण ऐन, २०७५
- लेखापरीक्षण पत्रिका विभिन्न अङ्क, महालेखापरीक्षकको कार्यालय
- महालेखापरीक्षककको वार्षिक प्रतिवेदनहरू
- PEFA, Public Financial Management, and Good Governance, Jens Kromann Kristensen, Martin Bowen, Cathal Long, Shakira Mustapha, and Urška Zrinski, Editors 2019, World Bank group

लेखापरीक्षणमा प्रविधिको प्रयोग र कागजरहित अभ्यास

- बामदेव शर्मा अधिकारी
उप-महालेखापरीक्षक

पृष्ठभूमि

विश्व परिवेशमा अगुवा ट्रेन्ड सेन्टरका रूपमा हाल प्रविधिजन्य क्रान्ति देखिएको छ। यसैको परिणामस्वरूप शासन सञ्चालनमा विद्युतीय माध्यमको प्रयोग भई ई-गभर्नेन्सले स्थान र चर्चा पाएको छ। यसबाट सरकार, सरकार र नागरिक, सरकार र बजार तथा सरकार र राष्ट्रसेवकबीच पनि सम्बन्ध स्थापना भई शासन प्रक्रिया थप सशक्त र सिर्जनशील बन्दै गएको छ। दोहोरो सञ्चार कायम गर्ने गरी सूचना तथा तथ्याङ्कलाई पद्धतिमा ढाल्ने र मिल्दोजुल्दो कामलाई साझा प्लेटफर्ममा समेट्ने प्रयत्न भने यद्यपि प्रभावकारी हुन बाँकी रहेको छ। शासन व्यवस्थालाई सुशासनयुक्त र प्रभावकारी बनाउने सशक्त र एक बलियो माध्यमका रूपमा सूचना प्रविधियुक्त वातावरणमा काम गर्नुपर्ने अवधारणा विश्वका बिभिन्न मुलुकले अघि सारेका छन्। सूचना तथा सञ्चार प्रविधिलाई नागरिक र सरकारको बीचमा सम्पर्क सूत्रका रूपमा प्रयोग गर्ने कार्य विद्युतीय शासनले गर्दै आएको छ। विद्युतीय शासनको उद्देश्य भनेको सरकार, बजार र नागरिकका राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा रहेका सेवासँग जोडिएका प्रक्रियाहरूलाई सरलीकृत गर्नु हो। विद्युतीय शासन भनेको सुशासन स्थापनाको नवीनतम र गतिशील आयाम पनि हो। यसमा सेवा प्रवाहमा सुधारका विषय त समेटिन्छन् नै सँगसँगै वस्तु तथा सेवाको उत्पादन र वितरणलाई थप प्रभावकारी तुल्याउने काम पनि पर्दछन्।



विद्युतीय शासनले पूर्णता पाउनका लागि संस्थागत वातावरण सहितको स्पष्ट सोच र नीति, विद्युतीय शासनका लागि तयारी र सोको समीक्षा, सफ्टवेयर/हार्डवेयर विकास र व्यवस्थापन, सीपयुक्त र समर्पित जनशक्ति, सरोकारवालाबीच एउटै बुझाइ, निरन्तरको इनोभेसन, एक-आपसमा सञ्जालीकरण र निरन्तर अद्यावधिक गर्ने कुरा पर्दछन्। विद्युतीय शासन स्थापनाका लागि यो विषयहरूका अलावा नेतृत्वको इच्छाशक्ति पनि महत्त्वपूर्ण हुन आउँछ। माग पक्षको रुचि र प्राथमिकता पहिचान गर्दै प्रभावकारी सेवा उपलब्ध गराउने विषयले मात्र सुशासन प्राप्त हुन सक्छ जसका लागि आईसीटीको प्रयोग अपरिहार्य रहेको छ।

सूचना प्रविधि लेखापरीक्षण

प्रविधिलाई आर्थिक कारोबारको परीक्षणसँग जोड्दा लेखाको स्वतन्त्र, निष्पक्ष एवं उद्देश्यमूलक रूपमा गरिने परीक्षण, चेकजाँच र सोको मूल्याङ्कन गरी प्रविधिको विश्लेषण गर्ने कार्य सूचना प्रविधि लेखापरीक्षण हो। प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि, नर्म्स, सम्झौता, निर्णय, संसदीय समितिका निर्णय, तर्जुमा गरिएका नीति, रणनीति, कार्ययोजना, मानदण्ड, मार्गदर्शन एवं निर्देशिकाहरूका आधारमा महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्ने कार्य गर्दै आए पनि सूचना प्रविधिको प्रयोगबाट यी कार्य

व्यवस्थापनको शुरुवात भने भर्खर शुरु भएको छ। लेखापरीक्षणका आधारभूत सिद्धान्त, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यासको आधारमा जोखिम पहिचान र मूल्याङ्कन गरी योजना तर्जुमा गर्ने, लेखापरीक्षणको क्रममा पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन गर्न नमूना छनौट एवं विस्तृत परीक्षण गर्ने, सोको लागि मुख्यतः भौचिङ्ग, स्थलगत निरीक्षण, प्रश्नावली, सोधपुछ, छलफल आदि माध्यमबाट जानकारी, सूचना, विवरण प्राप्त गरी सारभूत परीक्षण, विश्लेषणात्मक परीक्षण, नियन्त्रण परीक्षण, परीपालनाको परीक्षण बिधि तथा पद्धति अवलम्बन गर्ने गरिएकोमा सूचना प्रविधिको प्रयोग भएका कारोवार र अन्य आर्थिक कृयाकलापको सूचना प्रविधिको माध्यमले परीक्षण हुँदा पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलनमा पनि सूचना प्रविधिको प्रयोग गर्नुपर्ने गरी लेखापरीक्षणको कार्यसम्पादन आयम नै परिवर्तन भएको छ।

मानव जीवनका विभिन्न आयामलाई सूचना प्रविधिसँग जोड्न सकिएन भने त्यसले उत्पादकत्वमा असर गर्छ। उत्पादकत्व कम हुनु भनेको विकासमा पछि पर्नु हो। अतः सरकारले पनि सूचना प्रविधिलाई नागरिकको जीवनसँग जोड्ने र उपयोग गर्ने वातावरणको निर्माण शुरु गरिसकेकोले लेखापरीक्षणका हरेक आयामलाई प्रविधिसँग जोडेर महालेखापरीक्षकको कार्यसम्पादनलाई कागजरहित बनाउने थालनी भएको छ। प्रविधिको ब्यापक प्रयोगबाट कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ। यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्ने एउटा सशक्त पूर्वाधारको रूपमा समेत स्थापित भएको छ। विश्वव्यापी रूपमा फैलिएको कोभिडको कारणले प्रविधिको प्रयोग एवं भौतिक रूपमा उपस्थिति भै गर्ने कार्यलाई क्रमशः फेसलेस पद्धतिबाट सम्पादन गर्ने कार्यले व्यापकता पाइसकेकोले सम्पादित व्यहोराको मूल्याङ्कन गर्ने पद्धतिको रूपमा लिइएको लेखापरीक्षणलाई पनि प्रविधिमैत्री बनाउने कार्य महालेखापरीक्षकको कार्यालयले पनि क्रमशः अघि बढाएको छ।

विद्युतीय सुशासन

नेपालमा सुशासन, विद्युतीय सुशासनको चर्चा हुन लागेको दुई दशक बितिसकेको भए पनि अभ्यासको लेखाजोखा गर्दा सूचनालाई प्रविधिसँग आबद्ध गर्दै गुणात्मक ऊर्जाशील एवं प्रभावकारी नतिजाको प्रत्याभूति गर्न सबै निकाय उद्यत देखिए पनि केही मात्र कार्यालय वा सङ्गठनहरू मात्र सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा चुस्त र सफल देखिन्छन् भने कतिपयले प्रयोगमा ल्याएका सूचना तथा सञ्चार प्रविधि प्रणालीहरू अपूरा र असुरक्षित छन्। सूचना प्रविधि भन्ने बित्तिकै कम्प्युटर, मोबाइल, इन्टरनेट, सोसल मिडिया, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायतका उपकरण र सुविधाहरू हाम्रो मानसपटलमा आइपुग्छन्। सुरक्षामा ध्यान नपुग्दा र एकै व्यक्ति एवं सेवा प्रदायकका सफ्टवेयर प्रयोग गर्दा, कपी गरिएका सफ्टवेयर प्रयोग गर्दा सुरक्षा चुनौती बढ्दै गएकोछ। प्रविधिमा हुने लगानीलाई पूर्णत सुरक्षित बनाउने, डाटाको सुरक्षा, संरक्षण, संग्रहमा पर्याप्तता हुने गरी व्यवस्थापन भइसकेको छैन। शासकीय व्यवस्थामा सुधारका लागि आवश्यक ठानिएका सहभागिता, पारदर्शिता, अनुमान योग्यता र जवाफदेहिता प्रवर्द्धनमा सूचना तथा सञ्चार प्रविधि सहयोगी हुने देखिएको छ।

शासन सञ्चालक वा शासन प्रणालीप्रति नागरिक विश्वास अभिवृद्धि गर्न विद्युतीय शासन सहयोगी देखिएको छ। काम कारबाहीमा पारदर्शिता र जवाफदेहिता मात्र हैन विश्वसनीयतासमेत बढाउँदै गएको छ। यसका साथै सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सार्वजनिक क्षेत्रमा हुने गरेका अनियमितता र चुहावट

घटाउन, सरोकारवालाबीच मात्र हैन कि सेवाग्राही र सेवा प्रदायकबीचको अन्तरक्रिया बढाउन र सार्वजनिक सेवामा कारोबारको लागत तथा समय घटाउँदै, मानवीय व्यवहार र स्वभावजन्य त्रुटिहरू न्यून गराउन समेत भूमिका खेलेको छ। निर्णय निर्माणका क्रममा सूचना प्रशोधनको तह घट्ने, अनुगमन मूल्याङ्कन प्रक्रिया सरल एवं प्रभावकारी बन्ने, एउटै स्थानबाट धेरै सेवा प्रवाह सम्भव हुने, घरमै बसेर सेवा प्राप्त गर्न सकिने जस्ता परिणाम पनि देखा परेका कारणले प्रविधिसँग मानव जीवन एक सहयात्रीको अंश भइसकेको छ।

सन् १९९६ देखि सन् २०२० को अवधिमा एक सय ७० वटा देशको तथ्याङ्कका आधारमा भएको अध्ययनले जहाँ इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या बढी हुन्छ उक्त देशमा चाहे जस्तोसुकै शासन प्रणाली अपनाइएको भए पनि कुशल र स्थायी शासन भएको निश्कर्ष निकालेको थियो। इन्टरनेटले सूचनामा पहुँच बढाउने, एकभन्दा बढी स्रोतहरूबीच सामाञ्जस्यता ल्याउने र राजनैतिक संवादको लागि मञ्च तयार गर्दै नेतृत्व तहलाई पारदर्शी र जवाफदेही बनाउन पनि इन्टरनेटले सहयोग पुऱ्याउने हुँदा इन्टरनेटको सन्जाललाई थप चरणका रूपमा समावेश गर्न सिफारिससमेत गरेको छ। नवीन अवधारणालाई आत्मसाथ गर्ने प्रयोजनमा सशक्त रूपमा सूचना प्रविधिको शुरुवात भएसँगै यसको अवस्था र प्रभाव विश्लेषण गर्न सार्वजनिक तथा स्वतन्त्र रूपमा गरिने लेखापरीक्षणलाई पनि समय सापेक्ष बनाउँदै लैजानु परेको छ।

आईसीटीको प्रयोगलाई व्यापक र प्रभावकारी बनाउनका लागि खास गरी शासकीय व्यवस्थाका सबै पक्षहरू जस्तो कि सरकार, नागरिक, निजी क्षेत्र र संलग्न जनशक्ति सबैमा आईसीटी मैत्री व्यवहार आवश्यक पर्दछ। आईसीटीको सुरक्षित प्रयोगबाट सेवामा पहुँच बढ्न गई सामाजिक समावेशीकरणमा टेवा पुगेको, सूचना प्रवाहको मात्रा बढेको र सेवाको लागत घटेको र गुनासो समाधान सरल भएको अध्ययनहरूले देखाएका छन्। सुगम र दुर्गम वा सहर र ग्रामीण क्षेत्रमा देखिएको आईसीटी प्रयोगको अन्तरलाई डिजिटल डिभाइड हुन गई एउटा नयाँ खालको असमानताको सिर्जना भएको छ। यसको समाधानका लागि पूर्वाधारमा लगानी, डिजिटल साक्षरता र सुविधाको सबै शासकीय तहमा विस्तार आवश्यक देखिन्छ।

विद्युतीय सुशासनको प्रभाव

कोभिडपश्चात्को परिस्थितिमा विद्युतीय माध्यमबाट हुने कारोबारमा पाँच सय प्रतिशतसम्म वृद्धि भएको एक सर्वेक्षणले देखाएको छ। ई-कमर्स अपनाउँदा कारोबारको लागत घट्ने, सुरक्षा बढ्ने, नगद छाप्न लाग्ने लागत र जोगाई राख्नमा रहेको जोखिम हटेर जान्छ। ई-कमर्स प्रारम्भ गर्न ठूलो लगानी आवश्यक नपर्ने तर पूर्ण सफलताका लागि सर्वसाधारणहरू नै डिजिटल साक्षर हुनु जरुरी हुन्छ। त्यसै गरी, ई-पेमेन्टका लागि तत्पर र इच्छुक भएमा मात्र ई-कमर्सको समेत बढोत्तरी हुँदै जान्छ। ई-कमर्स कुनै देशभित्र सीमित हुनु नपर्ने हुँदा यस खाले व्यापारिक मोडका कारण एउटा कुनै स्थानमा प्रारम्भ गरिएको उत्पादनको विश्व बजारमा फराकिलो पहुँच वृद्धि सम्भव छ। त्यसो त पर्याप्त तयारीका साथ गरिएको ई-कमर्स आफैंमा औपचारिक बजारको पात्र बन्न पुग्दछ। सूचना प्रविधिको प्रयोग परीक्षण र विश्लेषण सरकारी क्षेत्रमा मात्र होइन यसलाई निजी तथा साझेदारी मोडेलबाट अघि बढाउन जरुरी भएको छ।

कारोबारपछिको सूचना तथा तथ्याङ्कको सजिलै प्राप्ति सम्भव हुन्छ। उपभोक्तालाई उपलब्ध हुन सेवा र आपसी सम्बन्धमा थप प्रगाढता आउने हुन्छ। सरसर्ती हेर्दा बजार सक्रिय देखिए तापनि यसको समग्र व्यवस्थापन र नियमनका लागि सरकारी, निजी र सर्वसाधारण नागरिकको पनि आ—आफ्नै भूमिका हुने र हुनुपर्ने देखिन्छ। खास गरी भिडभाड हुनु जोखिमको विषय हुने कोभिड र यस्तै अन्य महामारीका बखत सुरक्षित किनबेचको मोडलका रूपमा ई-कमर्स एउटा राम्रो विकल्प हुने देखिन्छ। राज्यका तर्फबाट

र व्यापारिक छाता सङ्गठनको दायित्वको दृष्टिकोणबाट समेत व्यवसायलाई औपचारिक र पहिचानयुक्त बनाउने एउटा कडी ई-कमर्स हो। हुन त यसले अवसरसँगै चुनौती पनि थप गरेको छ। यो सीमाविहीन हुन्छ। नेपालले ढिलै भए पनि ई-कमर्स रणनीति र कानूनको मस्यौदा तयार गरेको छ। विधेयकलाई अन्तिम रूप दिनुअघि ई-कमर्सका विज्ञ र सञ्चालकसँग पटक-पटक छलफल गरी अन्तिम रूप दिनुपर्दछ ताकि कानून आउनासाथ कार्यान्वयनमा समस्या नपरोस्। कानून एउटा पूर्वाधार हो। सचेतना, सकारात्मक मानसिकता पनि ई-कमर्सका लागि आवश्यक सर्त हुन्।

सूचना तथा सञ्चार प्रविधिको उचित प्रयोगबाट उपलब्ध स्रोत साधन र सम्भावनाहरूको सही पहिचान हुने, सदुपयोग हुने मात्र नभई रोजगारी र आय बढ्ने तथा वितरण तथा पुनः वितरण सरल एवम् वैज्ञानिक भई असमानता र बेमेल हटेर जाने जस्ता राम्रो परिणाम निस्कन्छन्। आर्थिक समृद्धिसँगै स्वतन्त्रताको अभ्यास, बौद्धिक तथा सिर्जनात्मक कार्यहरू सम्भव हुने,प्रयोगमा आउने आईसीटी सुरक्षित र विश्वसनीय हुन जाँदा कारोबार लागत घट्ने र लगानी वातावरण तयार गर्न सहयोगी हुन जान्छ।

सूचना प्रविधिको प्रयोग अपरिहार्य छ यसको सुरक्षित प्रयोगका लागि तत्काल सम्भव देखिएका साइबर सुरक्षाका सबै खाले उपायहरू अवलम्बन गरेर आईसीटीको प्रयोगलाई सर्वसाधारणको जीविकासँग जोड्न र मुलुकको उत्पादकत्व बढाउन सक्ने गरी सरकारी, निजी र सामुदायिक क्षेत्रले आपसी समन्वयमा काम गर्नुपर्ने देखिन्छ। डाटा सेक्युरिटीलाई ध्यान दिँदै विद्युतीय र डिजिटल डाटालाई अनधिकृत पहुँचबाट सुरक्षित राख्नका लागि गरिने सुरक्षात्मक उपाय गोपनीयता, सम्पूर्णता र उपलब्धताको अवलम्बन गर्नु पनि आजको आवश्यकता हो।

सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य, आवश्यकता एवं महत्त्व


लेखापरीक्षणमा परीक्षण गरिने कागजात तथा प्रमाण र व्यवस्थापकीय सक्षमता, कोष सञ्चालनको अवस्था, प्रचलित कानूनमा भएका व्यवस्थालगायतका विषयहरूलाई समेट्दा सामान्यतया भूल, त्रुटि वा गल्ती पत्ता लगाई आवश्यक सुझाव तथा सिफारिस गर्ने, लेखाको शुद्धता जाँच गर्ने, आर्थिक ऐन, नियमको पालना गरे/नगरेको परीक्षण गर्ने, सार्वजनिक जवाफदेहिता कायम गर्ने, कारोबारको हिसाबलाई पारदर्शी वनाउन, साधन स्रोतको प्रभावकारी परिचालन र प्रशासनिक दक्षता, प्रभावकारिता, कार्यकुशलताको लागि नीति, प्रक्रिया तथा सङ्गठनात्मक संरचना र व्यवस्थापनमा सुधार गर्न आवश्यक सुझाव दिने लेखापरीक्षणको उद्देश्य रहेको हुन्छ। लेखापरीक्षणले नतिजामा जोड दिन नसकी ऐन, नियम तथा कार्यविधिको पालना भए/नभएको विषयमा अत्यधिक ध्यान दिएको, प्रक्रियामुखी लेखापरीक्षण, लेखा राख्ने एवं अद्यावधिक गर्ने तथा संरक्षण गर्ने पाटो कमजोर रहेको, प्रोदभावी लेखा प्रणाली अवलम्बन गर्न नसकिएको, अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम लेखा राख्न नसकिएको, कर्मचारीको दण्ड पुरस्कार प्रणाली वस्तुनिष्ठ हुन नसकेको, लेखा प्रशासनको नेतृत्व तथा कर्मचारीहरूमा आर्थिक अनुशासन तथा सदाचार कम रहेको, लेखापरीक्षक कर्मचारीलाई उत्प्रेरणाको तथा तालिम तथा प्रशिक्षणको कमी रहेको, अन्तिम लेखापरीक्षण पनि नियमिततामै सीमित रहेको, लेखापरीक्षण नीति, मापदण्डको प्रभावकारी कार्यान्वयन हुन नसकेको, लेखापरीक्षणमा सरोकारवालासँग विश्वासपूर्ण र सुमधुर सम्बन्ध नभएको, जनमुखी लेखापरीक्षण हुन नसकेको लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन तथा पालना हुने नगरेको, लेखापरीक्षणको दायरामा सबै सार्वजनिक कोष समेटिन नसकेको जस्ता टिप्पणी भएकोले लेखा प्रणालीमा सूचना प्रविधिको प्रयोग गरी यसलाई स्वचालित बनाउँदै लेखापरीक्षणको प्रभावकारिता बढाउन कार्य वातावरणमा सुधार ल्याउन आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था मिलाई यस्ता पूर्वाधारलाई सूचना प्रविधिमैत्री बनाउने लेखा प्रणालीमा सूचना प्रविधिको

कमजोर प्रयोगका कारण यसलाई स्वचालित बनाउन नसकिएको, लेखापरीक्षणमा प्राविधिक विशेषज्ञहरूको संलग्नता बढाउने र सूचना प्रविधिको प्रयोगबाट लेखापरीक्षण प्रक्रिया सरल, मितव्ययी र छरितो बनाउने नीति अवलम्बन गर्दै लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न सूचना प्रविधि लेखापरीक्षण व्यवस्थापनको रूपमा नेपाल अडिट मेनेजमेन्ट सिस्टम NAMS को कार्यान्वयनमा सूचना प्रविधि लेखापरीक्षणको उद्देश्यसँग सामन्जस्यता गर्दै जानुपर्ने आवश्यकता रहेको छ।

नेपाल लेखापरीक्षण व्यवस्थापन सिस्टम (NAMS)

लेखापरीक्षणलाई समय सापेक्ष र वस्तुपरक बनाउन एवं प्रविधिसँगै लैजानका लागि यो सिस्टमको शुरुवात सन् २०२० देखि भएको हो। यसले Compliance Management, Risk Assessment, Document Management, Workflow Automation, Reporting and Analytics Collaboration Tools Integration User Access Controls Security Features र लेखापरीक्षणका सूचनाका लागि Mobile Accessibility को समेत काम गर्दछ।

यो पद्धतिले लेखापरीक्षण गर्ने निकायका सबै सूचना तथा विवरण सिस्टममा राख्नका लागि इन्टिटी मेनेजमेन्ट र अफिस मेनेजमेन्ट फिल्ड तथा अनर टिमको व्यवस्थापन जोखिममा आधारित समष्टिगत मन्त्रालयगत र कार्यलयगत योजना तयारी बनाउने कार्य गर्दछ।



लेखापरीक्षण कार्यान्वयन अन्तर्गत जोखिममा आधारित चेकलिष्टहरूको सहायताबाट लेखापरीक्षण गर्ने चेक लिष्टमा सबै व्यहोराको क्राइटेरियाहरू समावेश गरिने हुँदा परीक्षण र विश्लेषणमा एकरूपकता कायम हुने सुपरभाइजरले समेत लेखापरीक्षणको वस्तुस्थिति लेखापरीक्षणकै चरणमा प्राप्त हुँदा दोहोरो सम्वाद भइ गुणस्तर कायम गर्न समेत सघाउ पुग्ने देखिन्छ। सो को साथसाथै अनुगमन परीक्षण पनि लाइभ भएकोले कागजात बोकेर महालेखापरीक्षकको कार्यालयसम्म आइरहनुपर्ने पद्धतिको समेत अन्त्य भएको छ। कम्युनिकेसन कर्मचारी व्यवस्थापन डकुमेन्ट मेनेजमेन्ट जस्ता पक्षले लेखापरीक्षणसँग सम्बन्धित कागजात तथा अडिट इभिडेन्स सङ्कलनमा समेत यो प्रणाली एकदम भरपर्दो भएको छ। यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता रहेको छ।

निष्कर्ष

वर्तमान अवस्थामा सूचना तथा सञ्चार प्रविधिले मानवीय जीवन तथा समुदाय, सङ्गठन, आर्थिक, सामाजिक, विविध क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै पक्षहरूमा व्यापक प्रभाव पारेको हुँदा विविध विषयगत निकायहरूमा भएका सूचना तथा सञ्चार प्रविधिमार्फत् प्रदत्त सेवा सुविधाहरूलाई प्रवर्द्धन गर्न र प्राविधिक रूपमा सहयोग गर्न समेत सबै क्षेत्र समेटी एकीकृत नीतिको तर्जुमा गर्दै कार्यक्रम समेत सञ्चालन गर्ने भएको छ। लेखापरीक्षणलाई मुलतः नतिजामूलक, प्रक्रियामूलक र समस्या केन्द्रित परिवर्तनमा आधारित बनाउन नवीन प्रविधिको प्रयोग गरी पेपरलेस, फेसलेस तथा रिमोट विधिबाट सम्पन्न गरेर तथ्य दर्शाउनु आजको आवश्यकता हो। लेखापरीक्षण तथा प्रतिवेदनको गुणस्तरीयता अभिवृद्धिका लागि सरकारले शुरु गरेको प्रविधिसँग लेखापरीक्षणको लागि प्रयोग भएको सफ्टवेयरले समेत तालमेल गर्नु जरुरी छ किनकि यो

सफ्टवेयर र यसले दिने नतिजा भनेको पनि लेखापरीक्षकको अतिरिक्त सरकारका जिम्मेवार पदाधिकारीले यसको प्रभावकारी परिचालन गर्नु हो। सरकारी क्षेत्रमा प्रयोग भइरहेका आर्थिक गतिविधि समेटने प्रविधिसँग तथ्याङ्कहरू आदान प्रदान गरेर अघि बढने कार्यले गति लिई नसकेको परिवेशमा सफ्टवेयरको नियमित सञ्चालन र निरन्तरताको अतिरिक्त कर्मचारीले प्रयोगमा लिने अपनत्वले यसको प्रभाव बढ्न गई समग्र लेखापरीक्षणको गुणस्तर सुधारमा सघाउ पुऱ्याउँदछ।

सन्दर्भ सामग्री

- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय
- सूचना प्रविधि लेखापरीक्षण निर्देशिका, २०८०, महालेखापरीक्षकको कार्यालय
- नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन र सञ्चालन) निर्देशिका, २०७८ महालेखापरीक्षकको कार्यालय

पूर्वाधार निर्माणमा प्राविधिक पक्षको परीक्षण

- पदमराज पौडेल
उप-महालेखापरीक्षक

पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासको शुरुवात वि.सं २०१३ सालदेखि भएको हो। शुरुका वर्षहरूमा योजनाबद्ध विकासद्वारा पूर्वाधार विकासमा प्राथमिकता दिइएको थियो। त्यसपछि विस्तारै एकीकृत ग्रामीण विकासका साथै अन्य विकासे कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरी स्थानीय स्वावलम्बन, गरिबी न्यूनीकरण, दिगो शान्ति, पुनर्निर्माण, पुनर्स्थापना र पुनः एकीकरणमा जोड दिइएकोले त्यसै अनुरूप विकास आयोजनाहरू अगाडि सारिएको थियो। मुलुकको समृद्धि र विकासका लागि सन् २००० को दशकपछि गरिबी निवारण, मानव विकास, दिगो विकास, वातावरण सन्तुलन आदि नामबाट विभिन्न किसिमका अवधारणाहरू कार्यान्वयनमा ल्याइएकाले आयोजनालाई त्यस्ता खाले नीति कार्यान्वयन र विषय क्षेत्रगत लक्ष्य हासिल गर्ने माध्यमको रूपमा लिने गरिएको पाइन्छ। विकास योजनाको एक अंशको रूपमा आयोजनालाई लिइन्छ।

विकास निर्माणका महत्त्वपूर्ण पक्षहरू खास गरी सार्वजनिक निर्माणकार्यमा कामको गुणस्तर कायम गरी आयोजनाको दिगोपन प्राप्त गर्न तथा लागतको प्रभावकारिता कायम गर्न प्राविधिक लेखापरीक्षणको आवश्यकता महसुस गरिएको छ। आशातीत लक्ष्य तथा कार्यक्रमअनुसार योजनाले वास्तविक कार्य गर्न सकेको छ/छैन भन्ने सम्बन्धमा पुष्टि गर्न तथा आयोजनाले तोकिएको कानूनी कार्यप्रक्रिया र ठेक्का सम्झौता अनुसार कार्य गरेको छ/छैन त्यसको मूल्याङ्कन गर्न प्राविधिक परीक्षण गरिन्छ। यसलाई "Technical audit (TA) is an audit performed by an auditor, engineer or subject-matter expert evaluates deficiencies or areas of improvement in a process, system or proposal. It covers the technical aspects of the project implemented in the organization. For this, an auditor should have a deep knowledge of development, design and security standards, user needs and ethical considerations, with latest algorithms updates" को रूपमा परिभाषित गरेको पाइन्छ। यसै तथ्यलाई ध्यानमा दिँदै आयोजनाको शुरुको अनुमानित लागत, तोकिएको मात्रा, परिमाण, गुणस्तर तथा प्राविधिकरूपमा योजनाको दिगोपनाको अवस्थालाई महत्त्व दिएर प्राविधिकबाट गरिने परीक्षण कार्यलाई प्राविधिक परीक्षण (Technical Audit) भनेर परिभाषित गरेको पाइन्छ।

आयोजनाको लागत, समय, गुणस्तर, लागतको प्रभावकारिता र प्राप्त उपलब्धिहरूको मूल्याङ्कन गर्नु नै प्राविधिक परीक्षणको उद्देश्य हो। यसमा आयोजनाको तर्जुमा, डिजाइन, निर्माण सामग्रीको उपयोग तथा श्रम र सीपको उपयोगलगायतका समग्र पक्षको प्राविधिकरूपमा मूल्याङ्कन गर्ने गरिन्छ। नेपाललाई आर्थिक तथा सामाजिक रूपमा रुपान्तरण गर्न समृद्ध नेपाल, सुखी नेपालीको नारा तय भएअनुसार पूर्वाधार विकास कार्यलाई उच्च महत्त्व दिनुपर्ने अवस्था सिर्जना हुँदै गएको छ।

प्राविधिक पक्षको परीक्षण

सार्वजनिक पूर्वाधारहरूको संरचनाहरूमा कामको गुणस्तर अभिवृद्धि गर्न प्राविधिक परीक्षण गर्ने कार्य सन् १९७० देखि नै सबैको सरोकारको विषयवस्तु बन्दै आएको थियो। सार्वजनिक निर्माणकार्यको गुणस्तर तथा खर्च गरिएको रकमको आधारमा प्राप्त सेवाहरूको उपलब्धि सम्बन्धमा प्रशासनिक सुधार आयोग र एसियाली विकास बैङ्कले सन् १९९० मा आवश्यकता रहेको प्रतिवेदनमा उल्लेख भएसँगै निर्माण तथा यातायात मन्त्रालयमा सन् १९९२ मा प्रमुख प्राविधिक परीक्षकको कार्यालय स्थापना गरियो। आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ मा नियम ६२क थप गरी पहिलो संसोधन (२०५८ सालमा) गर्दा राष्ट्रिय योजना आयोगमा प्राविधिक परीक्षण महाशाखाको स्थापना गर्ने व्यवस्था रहेको थियो। विश्व बैङ्कको सहयोगमा भौतिक योजना तथा निर्माण मन्त्रालयमा सञ्चालित सडक मर्मत तथा सुधार कार्यक्रमअन्तर्गत प्राविधिक लेखापरीक्षण युनिट स्थापना गरिएको थियो। यो युनिटले जुलाई ३१, २००३ मा सडक, खानेपानी तथा सरसफाई र आवाससम्बन्धी प्राविधिक लेखापरीक्षण मार्गदर्शन तयार गरेको थियो। तत्पश्चात् मन्त्रिपरिषद्को मिति २०६०।४।२८ को निर्णयानुसार राष्ट्रिय सतर्कता केन्द्रमा एक प्राविधिक परीक्षण महाशाखा गठन गरी प्रभावकारी रूपमा प्राविधिक परीक्षण गर्ने कार्यको शुरुवात भयो।

कार्यक्षेत्र

राष्ट्रिय सतर्कता केन्द्रले नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको तर्फबाट सञ्चालन गरिने कुनै पनि पूर्वाधार निर्माण कार्यको गुणस्तरता तथा आयोजनासँग सम्वन्धित विविध विषयको प्राविधिक परीक्षण गर्ने गर्दछ। यसमा आयोजना उद्देश्यअनुरूप कार्यान्वयन भएको छ/छैन, आयोजनाको लक्ष्य निर्धारण गरिएको छ/छैन र निर्धारण गरिएको भए लक्ष्यअनुरूप काम भएको छ/छैन, आयोजनाको प्रारूप तयार गर्दा, सम्भाव्यता अध्ययन गर्दा, सेवा वस्तु वा निर्माण सामग्रीको खरिद तथा प्रयोग गर्दा, आयोजनाको कार्यान्वयन गर्दा सार्वजनिक निर्माण निर्देशिका वा प्रचलित कानूनबमोजिम तोकिएको तरिका र गुणस्तरबमोजिम गरिएको छ/छैन, आयोजनाको लागि गरिएको बजेट व्यवस्था र निकासा ठीक छ/छैन, आयोजनाको लागि निर्धारण गरिएको समय तालिका ठीक छ/छैन र सोअनुरूप कार्यप्रगति भएको छ/छैन, आयोजनाबाट अपेक्षित उपलब्धि हासिल हुनसक्छ/सक्दैन, निर्माण कार्य पूर्वअनुमान गरिएको लागतभित्र सम्पन्न भएको छ/छैन, आयोजनाको डिजाइन ठिक छ/छैन, आयोजनामा सेवा, वस्तु वा निर्माण सामग्रीको खरिद वा प्राप्ति प्रक्रिया पारदर्शी छ/छैन, सम्पन्न भएको आयोजना अपेक्षित गुणस्तरको छ/छैन र त्यसले अपेक्षित सेवा दिन सक्छ/सक्दैन, लागतको प्रभावकारिता छ/छैन, आयोजनाको दिगोपन छ/छैन, सम्पन्न आयोजनाबाट के पाठ सिकियो लगायतका विषयको परीक्षण गर्ने गर्दछ।

प्राविधिक परीक्षणसम्बन्धी कानूनी व्यवस्थाः नेपालमा प्राविधिक परीक्षण गर्ने सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को परिच्छेद ६ मा प्राविधिक परीक्षणसम्बन्धी व्यवस्था छ। सोअनुसार राष्ट्रिय सतर्कता केन्द्रले सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन गरिने आयोजनाको आवश्यकतानुसार प्राविधिक परीक्षण गर्ने व्यवस्था छ। केन्द्रले आयोजनाको प्राविधिक परीक्षण गर्दा सोको लागत, समय, गुणस्तर, प्रभावकारिता र प्राप्त उपलब्धिसमेतलाई विचार गरी देहायका कुराहरूको परीक्षण गर्ने व्यवस्था छः

- प्राविधिक परीक्षणको कार्यलाई आयोजनाको अभिन्न कार्यको रूपमा राखे वा नराखेको,
- आयोजनाको डिजाइन उपयुक्त भए वा नभएको,

- आयोजनाबाट अपेक्षित उपलब्धि हासिल हुन सक्ने वा नसक्ने,
- आयोजनाको प्रभावकारिता र दिगोपना भए वा नभएको,
- आयोजनाको प्रारूप तयारी तथा सम्भाव्यता अध्ययन, सेवा, वस्तु वा निर्माण सामग्रीको खरिद तथा प्रयोग र आयोजनाको कार्यान्वयन गर्दा सार्वजनिक निर्माण निर्देशिका वा अन्य प्रचलित कानूनले तोकेको तरिका र गुणस्तरबमोजिम भए वा नभएको,
- आयोजनाको लागि गरिएको बजेट व्यवस्था र निकासा ठीक भए वा नभएको,
- आयोजनाको लक्ष्य निर्धारण भए वा नभएको र लक्ष्य निर्धारण भएकोमा तद्नुरूप काम भए वा नभएको,
- निर्धारित समयमा नै आयोजनाको काम शुरु भए वा नभएको,
- आयोजनाअन्तर्गत सम्पन्न हुने वा भएका कार्यहरूले अपेक्षाकृत सेवा दिन सक्ने नसक्ने,
- आयोजना सम्पन्न गर्नको लागि समय तालिका भए वा नभएको र समय तालिका भए सोअनुरूप कार्य प्रगति भए वा नभएको,
- आयोजना सम्पन्न गर्न र गुणस्तर कायम राख्ने सम्बन्धमा आयोजनासम्बन्धी करारमा आवश्यक व्यवस्था भए वा नभएको,
- निर्माण कार्य अनुमानित लागत अनुरूप सम्पन्न भए वा नभएको,
- आयोजना उद्देश्यअनुरूप कार्यान्वयन भए वा नभएको,
- आयोजना सम्पन्न भएपछि सोको सञ्चालन तथा मर्मत सम्भारको लागि आर्थिक तथा भौतिक व्यवस्था भए वा नभएको।

प्राविधिक परीक्षकको योग्यताः आयोजनाको प्राविधिक परीक्षण गराउनको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी इन्जिनियरिङ क्षेत्रमा कम्तीमा १० वर्ष सेवा वा व्यवसाय गरेको, नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको, प्रचलित कानूनबमोजिम प्राविधिक परीक्षक हुन अयोग्य नठहरिएको व्यक्तिलाई प्राविधिक परीक्षणसम्बन्धी तालिमको व्यवस्था गरी आयोजनाको प्राविधिक परीक्षण गर्नको लागि कुनै प्राविधिक परीक्षकलाई खटाउन सक्ने व्यवस्था छ।

प्राविधिक परीक्षकको काम कर्तव्य र अधिकारः प्राविधिक लेखापरीक्षण गर्न नियुक्त प्राविधिकले आयोजना प्रमुखलाई आवश्यक कागजात वा विवरण पेस गर्न लगाउन वा त्यस्तो प्रमुख वा आयोजनासँग सम्बन्धित अन्य कर्मचारी वा व्यक्तिको लिखित स्पष्टीकरण लिन वा सोधपुछको लागि निजलाई केन्द्रसमक्ष उपस्थित गराउन सक्नेछ। आयोजनाको प्राविधिक परीक्षणको सिलसिलामा सम्बन्धित आयोजनाको कार्यालय वा निर्माणस्थल, निर्माण व्यवसायीको निर्माण सामग्री उत्पादन वा सङ्कलन गर्ने स्थल, आयोजनासँग सम्बन्धित मेसिनरी औजार तथा आयोजनाको प्रयोगशाला समेतको निरीक्षण एवं परीक्षण गरी प्राविधिक परीक्षणसम्बन्धी प्रतिवेदन पेस गर्नुपर्दछ। त्यसरी प्रतिवेदन पेस गर्दा आयोजनाको कमी कमजोरी, सम्बन्धित आयोजना प्रमुख वा कर्मचारीबाट आयोजना कार्यान्वयन गर्दा भएको लापरबाही वा अनियमितता, निजले गरेको बदनियतपूर्ण कार्य वा त्रुटि वा आयोजनाका कायम नगरिएको गुणस्तर वा आयोजना कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कुनै विषय पालना नगरिएको भए सो समेत खुलाउनु पर्नेछ। त्यसरी प्राप्त प्रतिवेदनका व्यहोरा जाँचबुझ गर्दा आयोजनामा गम्भीर त्रुटि भएको र त्यस्तो त्रुटि नसच्याई आयोजनाको कामलाई निरन्तरता दिंदा सो त्रुटिपूर्ण काम पछि सच्याउन वा पत्ता लगाउन नसक्ने देखिएमा वा आयोजनाको आयु वा गुणस्तरमा कमी आउने वा सार्वजनिक हानि नोक्सानी हुने देखिएमा केन्द्रले सो सम्बन्धमा सम्बन्धित आयोजना प्रमुखको प्रतिक्रिया लिई त्यस्तो त्रुटिपूर्ण अंश रोक्न वा सम्बन्धित निर्माण व्यवसायी वा

परामर्शदातालाई कारबाही गर्न सम्बन्धित मन्त्रालयको सचिव वा केन्द्रीय निकायको प्रमुखसमक्ष पठाउन सक्ने व्यवस्था छ।

प्राविधिक परीक्षण परामर्श समितिः प्राविधिक परीक्षणको कार्यलाई प्रभावकारी बनाउन राष्ट्रिय सतर्कता केन्द्र प्रमुखको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गर्न सक्ने र सो समितिले प्राविधिक परीक्षण गर्दा अपनाइने प्रक्रिया पुनरावलोकन गर्ने, प्राविधिक परीक्षकबाट प्राप्त प्रतिवेदनको मूल्याङ्कन गर्ने, प्राविधिक परीक्षणबाट देखिएका त्रुटि सुधार गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकाय वा विभागको प्रतिक्रिया लिई ती निकायबाट गरिएका काम कारबाहीको पुनरावलोकन गर्ने, प्राविधिक परीक्षणलाई उपलब्धिमूलक बनाउन केन्द्रलाई आवश्यक सुझाव दिने, प्राविधिक परीक्षणसम्बन्धी नीति परिमार्जन गर्न केन्द्रलाई परामर्श दिने, आयोजनाको गुणस्तर कायम गर्ने सम्बन्धमा प्राविधिक परीक्षणबाट देखिएका समस्या समाधान गर्न सहयोग नगर्ने केन्द्रीय निकायका पदाधिकारी, आयोजनाका प्रमुख तथा अन्य कर्मचारीलाई सम्बन्धित निकाय वा सार्वजनिक संस्थाबाट कारबाही भए/नभएको सम्बन्धमा अनुगमन गर्ने, प्राविधिक परीक्षण गर्दा आईपर्ने समस्या निराकरण गर्ने सम्बन्धमा आवश्यक परामर्श दिने, प्राविधिक परीक्षणको विषयमा केन्द्रले उपयुक्त सम्झेको अन्य विषयमा आवश्यक सल्लाह वा सुझाव दिने लगायतका कार्य गर्ने गर्दछ।

प्राविधिक परीक्षणको कार्यप्रक्रियाः प्राविधिक परीक्षण गर्दा योजनाहरूको सूची तयार गर्ने, प्राविधिक परीक्षकको चयन गर्ने, प्रतिवेदन लिने, भुक्तानी दिने आदि प्राविधिक परीक्षणको अन्तिम कार्य सम्पन्न गर्दा अवलम्वन गरिने विभिन्न चरणका कार्यहरू गर्दा आर्थिक वर्षको शुरु महिनासँगै विकास निर्माणसँग सम्बन्धित मन्त्रालय/विभागहरूसँग सो निकायबाट सम्पादन हुने योजनाहरूका साथै तिनीहरूको अवस्थाको विवरण लिई योजनाहरूको सूची तयार गर्ने, योजनाहरूको भौगोलिक अवस्थितिको आधारमा दुई वा दुईभन्दा बढी योजनाहरूको प्याकेजहरू बनाई कार्यविवरण तयार गर्ने, प्राविधिक परीक्षण कार्य गर्न प्रस्ताव आह्वान गर्ने, प्राप्त प्रस्तावहरूको आवश्यक मूल्याङ्कन गरेर सर्वोत्तम प्रस्तावहरूको आधारमा छनौट गरी सम्बन्धित प्रस्तावदातासँग कार्य विवरण उल्लेख भएको करारनामा गरी प्राविधिक परीक्षण गर्न लगाउने र प्राप्त प्रतिवेदन उपर योजनाहरूसँग प्रत्यक्ष सम्बन्ध रहने व्यक्तिहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालयलगायतका प्रतिनिधिहरूको उपस्थितिमा केन्द्रमा सम्बन्धित उक्त योजनाको प्राविधिक परीक्षकबाट प्रतिवेदन सम्बन्धमा प्रस्तुतीकरण गर्न लगाई प्राप्त सुझावसमेतका आधारमा प्रतिवेदनलाई अन्तिमरूप दिई आवश्यक कार्यान्वयनका लागि पठाउने व्यवस्था छ।

प्राविधिक परीक्षणबाट हुने उपलब्धि- पूर्वाधारको गुणस्तरमा अभिवृद्धि तथा सुधार, सार्वजनिक निर्माण निर्देशिकाको सुनिश्चितता, वस्तु तथा सेवाको पारदर्शी मितव्ययी खरिद प्रणाली, लागतको हेरफेरमा कमी र न्यूनतम निर्माण सामग्रीको प्रयोग, वार्षिक मर्मत सम्भार खर्चमा कमी, परियोजनाको आयु लम्व्याएर परियोजना चक्रको लागतमा कमी ल्याउने लगायतका प्रतिफल प्राप्त गर्न सकिन्छ। केन्द्रको २०७८।७९ को वार्षिक प्रतिवेदनअनुसार हालसम्म करिव १ हजार आयोजनाको प्राविधिक परीक्षण गरेको, परीक्षण कार्य ४ चरणहरू योजना तर्जुमा तथा डिजाइन चरण, खरिद प्रक्रियाको चरण, कार्यान्वयन चरण र सञ्चालन तथा सम्भार चरणमा गर्ने व्यवस्था गरेको, स्वतन्त्र र निष्पक्ष तवरबाट प्रमाण सङ्कलन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाएको अवस्था छ। प्राविधिक परीक्षण गरिएका आयोजना खास गरी राष्ट्रिय गौरवका आयोजना, सडक, भवन, पुल, सिँचाइ, एयरपोर्ट र अन्य महत्त्वपूर्ण योजनालाई यथासमयमा प्राविधिक परीक्षण गरी प्राविधिक त्रुटि सच्चाउन

र योजना कार्यान्वयन पक्षलाई तीव्रता दिन प्राविधिक समस्यालाई यथासमयमा उजागर गरी समाधान गर्न समेत यसले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

प्राविधिक परीक्षणमा देखिएका विषयहरू

- निर्माण र मर्मत कार्यको ठेक्कापट्टा सम्झौतामा निर्माण व्यवसायी, परामर्शदाता, ढुवानीकर्ताले कार्यतालिका पेस गर्नुपर्ने व्यवस्था गरिएको भए तापनि कार्यान्वयन नभएको,
- कार्यतालिकालाई समय सापेक्ष नगरिएकोले निर्माण कार्यको निर्माण अवधि बढाउँदै जाँदा समयमा योजना सम्पन्न हुने नगरेको,
- भेरिएसनको विषयमा योजनाको ठेक्कापट्टा हुनुअघि विस्तृत अध्ययन नगरीकन कार्यान्वयनमा गर्दा र भेरिएसन गर्न समस्या परेको,
- निर्माण सामग्रीको गुणस्तर कायम गर्न प्रयोगशालामा आवश्यक परीक्षण गराएर मात्र प्रयोग गर्नुपर्नेमा सो हुने नगरेको,
- विकास निर्माणसँग सम्बन्धित निकायहरूमा आवश्यक प्रयोगशाला, जाँच्ने उपकरण तथा जनशक्तिको अभाव रहेको,
- योजनाको कार्यान्वयन गर्दा सम्झौतामा तोकिएबमोजिम र संख्यामा ल्याब टेष्ट गर्ने नगरेको,
- आयोजनाको आकार, कार्यबोझ, निर्माण गर्नुपर्ने संरचना र भौगोलिक अवस्थितिको आधारमा ठेक्काको म्याद निर्धारण गर्ने नगरेको,
- वातावरणीय अध्ययन गर्दा जलवायु अनुकूललाई प्राथमिकता दिनुपर्नेमा स्थानीय परिवेशलाई बढी जोड दिएको र
- भौतिक संरचना निर्माण गर्न बेञ्चमार्क निर्धारण गरी सोअनुरूप निर्माण कार्य गर्नुपर्ने लगायतका विषय औंल्याएको पाइन्छ।

समग्रमा आयोजनाको कमजोरीमा तर्जुमा र तयारी प्रभावकारी नहुनु, आयोजनाको छनौट र विश्लेषण त्रुटिपूर्ण हुनु, आयोजनाको संरचना कमजोर र त्रुटिपूर्ण हुनु, आयोजना शुरु गर्नै समस्या हुनु, आयोजनाको कार्यान्वयन, सञ्चालन र सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन पर्याप्त र प्रभावकारी नहुनु, आयोजनाको बाह्य तथा सरोकारवालासँगको सम्पर्क तथा समन्वय अपर्याप्त हुनु र आयोजनाको उपलब्धि तथा प्रतिफलको वितरण प्रभावकारी नहुनु जस्ता कारणले आयोजना सहजरूपमा सम्पन्न हुन सकेका छैनन्।

प्राविधिक परीक्षणबाट वित्तीय लेखापरीक्षणमा हुने सहयोगः वित्तीय लेखापरीक्षण आर्थिक कारोबारसँग सम्बन्धित लेखाको स्वतन्त्र, निष्पक्ष एवं उद्देश्यमूलक रूपमा गरिने परीक्षण, चेकजाँच र सोको मूल्याङ्कन तथा विश्लेषण गर्ने कार्य हो। लेखापरीक्षणले सबै सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानूनद्वारा तोकिएको संस्था वा निकायको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण गर्ने गर्दछ। वित्तीय लेखापरीक्षणको कार्यलाई प्राविधिक लेखापरीक्षणबाट मूलतः आयोजनाको जोखिम पहिचानमा सहजता हुने, ठेक्कापट्टाको रकम भुक्तानीमा गर्नुपर्ने कट्टी तथा भुक्तानी रकम यकिन गर्न सहजता हुने, प्राविधिक पक्षको परीक्षण हुने हुँदा लेखापरीक्षकको श्रम, समय र जनशक्तिको उपयोगमा बचत हुने, योजनाको ठेक्कापट्टादेखि आयोजनाको दिगोपनासम्बन्धी धारणा बनाउन सहजता हुने र आर्थिक हिनामिना वा मस्यौट भएमा समयमा पत्ता लगाउन सहयोग पुगेको हुन्छ।

निष्कर्ष

नेपालमा आयोजनाको तर्जुमादेखि कार्यान्वयसम्म गर्नुपर्ने कार्यहरूमा विभिन्न कमी कमजोरी रहेको पाइन्छ। आयोजना चक्रलाई परिपालना नगरिनु, आयोजना निर्माण कार्यमा ढिलाइ गर्नु, नीति निर्माण र योजना तर्जुमा गर्ने निकायहरूबीच समन्वय नहनु, स्थानीय सम्भाव्यता र प्राविधिक पक्षको विश्लेषण नगरिनु, जोखिम पक्षको सही विश्लेषण र व्यवस्थापन नगरिनु, ठेक्का व्यवस्थापन पक्ष कमजोर हुनु, कार्यान्वयनको जिम्मेवारी लिन नचाहने प्रवृत्ति बढ्दै जानुले पनि आयोजनाको सञ्चालनमा कठिनाइ भएको देखिन्छ। सार्वजनिक स्रोत र साधनको सदुपयोगका सन्दर्भमा सार्वजनिक निर्माणकार्यको गुणस्तर कायम गर्न आयोजनाको दिगोपना प्राप्तिका लागि प्राविधिक परीक्षणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। प्राविधिक परीक्षण साध्य होइन साधन मात्र हो। नेपाललाई विकासशील राष्ट्र बनाउन, बहुआयामिक गरिबीबाट मुक्त गराउन, मध्यम आय भएको अर्थतन्त्रमा स्तरोन्नति गर्न, प्राथमिकता प्राप्त कार्यक्रमदेखि मेगा परियोजनासम्म लगानी गर्न, लक्ष्यबमोजिम आर्थिक वृद्धि गर्न, निजी क्षेत्रलाई विकासको साझेदार बनाउन, निजी, सार्वजनिक र साझेदारीको अवधारणालाई कार्यान्वयनमा ल्याउने सन्दर्भमा आयोजनाको कार्यान्वयन प्रभावकारीरूपमा गर्नुपर्दछ। वित्तीय लेखापरीक्षण र प्राविधिक परीक्षण गर्ने कार्यलाई समन्वयात्मक रूपमा अगाडि बढाउन सकेमा विकास निर्माणका कार्यमा हाल देखिएका समस्या समाधान गर्न एक महत्त्वपूर्ण कोशेढुंगाको रूपमा परिणत गराउन सकिन्छ।

<u>सन्दर्भ सामग्री</u>

- राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५
- राष्ट्रिय सतर्कता केन्द्रको १९औं वार्षिक प्रतिवेदन आ.व. २०७७।७८
- राष्ट्रिय सतर्कता केन्द्रको छानविन प्रतिवेदन टुकुचा खोलामा भएको निर्माण कार्यको गुणस्तर सम्बन्धमा छानबिन प्रतिवेदन, २०७७
- राष्ट्रिय सतर्कता केन्द्रको प्राविधिक परीक्षणसम्बन्धी निर्देशिका
- प्राविधिक लेखापरीक्षणसम्बन्धी विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरू
- राष्ट्रिय सतर्कता केन्द्रको सूचनाको हक कार्यान्वयन र प्रगतिसम्बन्धी प्रतिवेदन, २०८०

लेखापरीक्षण पद्धति, प्रतिवेदन प्रणाली र कार्यान्वयन अवस्था

- श्रीकुमार राई
नायब महालेखापरीक्षक


विषय प्रवेश

कानूनबमोजिम राजस्व र खर्चको व्यवस्थापन प्रभावकारी रूपमा भएको छ भन्ने आश्वस्तता सुनिश्चित गर्न स्थापना गरिने स्वतन्त्र सार्वजनिक निकायलाई सर्वोच्च लेखापरीक्षण संस्था (Supreme Audit Institution, SAI) भनिन्छ । शासकीय प्रणालीमा शक्ति पृथकीकरण तथा सन्तुलन र नियन्त्रणको सिद्धान्तको व्यावहारिक अभ्यास पछि यस्ता निकायहरू राज्यका मुख्य ३ शक्तिहरूको सहयोगी तथा पृथक र काम कारबाहीमा स्वतन्त्र रहने गरी स्थापना गर्ने चलन आएको देखिन्छ। राज्य सञ्चालनमा राजस्व र देवस्वको हिनामिना गर्नु हुँदैन, सार्वजनिक स्रोत साधनको उपयोग प्रभावकारी रूपमा कानूनसम्मत हुनुपर्दछ भन्ने अवधारणाबाट सर्वोच्च लेखापरीक्षण संस्थाहरूको स्थापना गरिएको हुन्छ। सन् १९७७ मा सर्वोच्च लेखापरीक्षण गर्ने संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) ले लिमा घोषणाले सर्वोच्च लेखापरीक्षण संस्थाहरू संस्थागत स्वतन्त्रता, संस्थाका सदस्य तथा पदाधिकारीहरूको स्वतन्त्रता र वित्तीय स्वतन्त्रता सम्बन्धी ३ प्रकारको स्वतन्त्र हुनुपर्दछ भन्ने उल्लेख गरेको छ। विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरू वेस्टमिनिस्टर वा संसदीय मोडल, आयोग वा बोर्ड मोडल र अदालत मोडल गरी तीन मोडलमा स्थापना वा गठन गरिएका हुन्छन्। लिमा घोषणामा उल्लिखित स्वतन्त्रताको अवस्था र संस्थाहरूको मोडलले तिनीहरूको कार्यप्रणाली, कार्य पद्धति, प्रतिवेदन कार्यान्वयनलाई प्रत्यक्ष र परोक्ष प्रभाव पार्दछन् ।

नेपालमा सर्वप्रथम वि.सं. २०१६ सालमा पहिलो पटक महालेखापरीक्षकको नियुक्ति भई वि.सं. २०१८ सालदेखि निरन्तर आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुखसमक्ष पेस गर्ने गरेको छ । नेपालको संविधानको धारा २४० मा महालेखापरीक्षकको नियुक्तिसम्बन्धी र धारा २४१ मा महालेखापरीक्षकको काम, कर्तव्य अधिकारसम्बन्धी संवैधानिक व्यवस्था छ। महालेखापरीक्षकले कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयहरूको लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श गर्नुपर्दछ। लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकबाट लेखापरीक्षण हुने निकाय, लेखापरीक्षणसम्बन्धी तरिका, लेखापरीक्षण गर्ने विषय, औचित्यको दृष्टिकोणमा परीक्षण गर्ने कुराहरू, लेखापरीक्षणको पुनरावलोकन, विशेषज्ञ लिन सक्ने, वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन, महालेखापरीक्षकले निर्देशन दिन सक्ने, मापदण्ड वा निर्देशिका जारी गर्न सक्ने लगायतका व्यवस्था गरिएका छन्। यिनै संवैधानिक तथा कानूनी व्यवस्थाको आधारमा महालेखापरीक्षकले वर्षेनी सरकारी कार्यालयहरूको लेखापरीक्षण गर्ने, प्रतिवेदन जारी गर्ने, प्रतिवेदनका व्यहोरा कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने गरेको छ। लेखापरीक्षण चक्र, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, लेखापरीक्षण पद्धति, प्रतिवेदन प्रणाली र प्रतिवेदनका व्यहोरा कार्यान्वयनमा देखिएका संक्षिप्त विषयहरूको जानकारी दिने मनसायले यो लेख तयार गरिएको छ ।

लेखापरीक्षण चक्र

लेखापरीक्षण कार्य सम्पन्न गर्न विभिन्न चरणहरू पार गर्नु पर्दछ । यसरी प्रत्येक आर्थिक वर्षको लागि दोहोरिरहने कार्य प्रक्रिया भएकोले यसका समग्र चरणहरूको एक पूर्ण वृत्तलाई लेखापरीक्षण चक्र भनिन्छ । लेखापरीक्षण सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास, नीतिगत व्यवस्था तथा व्यावहारिक अभ्यासको आधारमा लेखापरीक्षण चक्रमा पाँच चरण हुन्छ । तिनै चरणहरूबमोजिम सर्वोच्च लेखापरीक्षण संस्थाहरूले आफ्नो कार्य सम्पादन गर्ने गरेका छन् । लेखापरीक्षण चक्रका ५ चरणहरूलाई रेखाचित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।



माथि रेखाचित्रमा देखाइएको लेखापरीक्षणका चरणहरूअनुसार महालेखापरीक्षकको कार्यालयले आफ्नो वार्षिक लेखापरीक्षण नीति तथा योजना तर्जुमा गर्ने, योजनामा लेखापरीक्षण पद्धति तय गर्ने, लेखापरीक्षण कार्यान्वयनको लागि लेखापरीक्षण टोली परिचालन गर्ने, लेखापरीक्षणबाट देखिएका व्यहोरा सम्बन्धित निकायसँग छलफल पश्चात् प्रतिवेदनको रूपमा जारी गर्ने, प्रतिवेदन जारी गर्नु पूर्व र जारी पश्चात् गुणस्तर आश्वस्तता परीक्षण गर्ने र प्रतिवेदनमा उल्लिखित व्यहोराहरूको अनुगमन तथा सम्परीक्षण गर्ने गरिएको छ। यी सबै कार्यहरू सम्पादन गर्न महालेखापरीक्षकले संविधान र लेखापरीक्षण ऐन, २०७५ का अतिरिक्त विभिन्न अवधिमा तर्जुमा गरी कार्यान्वयन गरेको रणनीतिक योजना, लेखापरीक्षण मानदण्ड, निर्देशिकाहरू तथा कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयन गरेको छ। लेखापरीक्षण पद्धति र प्रक्रियालाई गुणस्तरीय र विश्वसनीय बनाई लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न विभिन्न विकास साझेदार निकायसँगको सहकार्यमा सुधार तथा सुदृढीकरण परियोजनासमेत कार्यान्वयन गरेको देखिन्छ। यसै सिलसिलामा भर्खरै विश्व बैङ्कसँगको साझेदारीमा एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सुधार परियोजना सम्पन्न भएको छ। यस परियोजनाबाट वित्तीय लेखापरीक्षण, परिपालनाको लेखापरीक्षण र कार्यमूलक लेखापरीक्षण मार्गदर्शन लगायत विभिन्न १३ वटा लेखापरीक्षण निर्देशिकाहरू जारी गरिएका छन्। त्यसैगरी लेखापरीक्षण कार्यलाई सूचना प्रविधिमा आबद्ध गर्न नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System, NAMS) विकास गरी विगत ३ वर्षदेखि कार्यान्वयनमा रहेको छ। त्यस्तै यस

परियोजनाबाट कार्यालयलाई आवश्यक पर्ने सूचना प्रविधिका हार्डवेयर र सफ्टवेयरको परिपूर्तिका साथै कर्मचारीहरूलाई क्षमता विकास तालिम प्रदान गरिएको छ। यी सबै गतिविधिहरूलाई लेखापरीक्षण चक्र वा प्रणालीसँग आबद्ध गरी सिलसिलेवार रूपमा सम्पादन गर्ने गरेको देखिन्छ।

वार्षिक लेखापरीक्षण नीति तथा लेखापरीक्षण योजना

महालेखापरीक्षकले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गरिसकेपछि आन्तरिक रूपमा आगामी वर्षको लागि लेखापरीक्षण नीति तथा योजना तर्जुमा गर्ने गर्दछ। महालेखापरीक्षकले गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण गर्ने नीति तथा कार्ययोजना बनाई मुख्यसचिवमार्फत् सबै मन्त्रालयका लेखा उत्तरदायी अधिकृत तथा जिम्मेवार पदाधिकारीहरूलाई पठाउने गर्दछ। लेखापरीक्षण नीतिमा लेखापरीक्षण गरिने कार्यालय, बक्यौताको लेखापरीक्षण, जोखिममा आधारित लेखापरीक्षणको तरिका, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण, कार्यमूलक तथा विशेष, सूचना प्रविधि, वातावरणीय लेखापरीक्षणका विषयहरू, संगठित संस्थाहरूको लेखापरीक्षण, औचित्यको दृष्टिकोणबाट तथा हानि-नोक्सानीको लेखापरीक्षणका विषयवस्तुहरू समावेश गरिएको हुन्छ। लेखापरीक्षण नीति तथा कार्यक्रममा विभिन्न चरणमा लेखापरीक्षण टोली खटाइने जिल्लाहरू, लेखापरीक्षण सम्बद्ध प्रक्रियागत कुराहरू, एकीकृत वित्तीय विवरण तथा अन्य विवरणलगायत पेस गर्नुपर्ने कागजातहरू, लिखित व्यवस्थापन प्रतिनिधित्व अनुबन्धपत्र, फारामहरू प्रयोग, लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन र सोउपरको कारबाही, बेरुजूको लगत, प्रवेश तथा वहिर्गमन बैठकलगायत अनुगमन लेखापरीक्षण तथा सम्परीक्षण जस्ता कार्यविधि तथा प्रक्रियाहरूको बारेमा संक्षिप्त रूपमा उल्लेख गरिएको हुन्छ। यसको साथै लेखापरीक्षण कार्यतालिका सम्पादन गरिने कामको विवरणका साथै समय सीमासमेत संघीय सरकारको लागि मुख्यसचिव तथा प्रदेश सरकारहरूको लागि सम्बन्धित प्रदेशका प्रमुख सचिवहरूमार्फत् सबै निकायहरूलाई लेखापरीक्षण नीति तथा कार्यतालिका पठाउने गरिन्छ।

वार्षिक लेखापरीक्षण नीति तथा कार्ययोजना तयार गरी जारी भइसकेपछि वा सो सँगसँगै वार्षिक लेखापरीक्षण योजना तर्जुमा गरी महालेखापरीक्षकबाट स्वीकृत गराई लागू गर्ने गरिन्छ। वार्षिक लेखापरीक्षण योजनामा अघिल्लो वर्षको वार्षिक लेखापरीक्षण योजनाको संक्षिप्त समीक्षा गरिएको हुन्छ। प्रत्येक वर्ष महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजनाको मूल उद्देश्य सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझावसहितको प्रतिवेदन जारी गर्नु तोकिएको हुन्छ। यसका अतिरिक्त वित्तीय लेखापरीक्षण, परिपालनाको लेखापरीक्षण, कार्यमूलक लेखापरीक्षण र विशेष लेखापरीक्षण गर्ने बेग्लाबेग्लै विशिष्ट उद्देश्यहरू लेखापरीक्षण योजनामा समावेश गरिएका हुन्छन्। योजनामा लेखापरीक्षणको क्षेत्रसमेत तोक्ने गरिएको छ। वार्षिक लेखापरीक्षण योजनामा संघीय तथा प्रदेश मन्त्रालय तथा निकायहरू, समिति तथा संस्थानहरू, स्थानीय तहहरू, कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिने विषयहरू र नेपाल सरकारका पूर्ण स्वामित्व भएका संगठित संस्थाहरूलाई लेखापरीक्षण गरिने निकायको रूपमा लिने गरिन्छ। महालेखापरीक्षकको कार्यालयमा लेखापरीक्षण योजना तीन तहबाट स्वीकृत हुने गर्दछ। महालेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण योजना (Annual Audit Plan, AAP) स्वीकृत भएपश्चात् उप-महालेखापरीक्षक (विशिष्ट श्रेणीको कर्मचारी) बाट निकायगत वा मन्त्रालयगत योजना (Entity Level Plan, ELP) स्वीकृत गरिन्छ । त्यसपछि नायब महालेखापरीक्षक (राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी) बाट कार्यालयगत योजना (Office Level Plan, OLP) स्वीकृत गर्नुपर्दछ। यसो गर्नुको पछाडि लेखापरीक्षणको नीति, पद्धति, जोखिमको व्यवस्थापन आदिमा गुणस्तरियता कायम गरी लेखापरीक्षण कार्यलाई विश्वसनीय बनाउनु नै हो।

वार्षिक लेखापरीक्षण योजनामा लेखापरीक्षण पद्धति, लेखापरीक्षण कार्यनीति, लेखापरीक्षणका आधारहरू, लेखापरीक्षणका सीमा तथा मान्यतासमेत समावेश गरिएको हुन्छ। निकायगत योजना (Entity Level Plan, ELP) तर्जुमाको लागि ढाँचा तथा स्वीकृति प्रक्रिया, जोखिम रजिष्टरको प्रयोग, निकायगत सूचना सङ्कलन, उच्च महत्वका विषय तथा कर्मचारीहरूको कार्यबाँडफाँटलाई मध्यनजर दिने गरी मार्गदर्शन गरिएको हुन्छ। त्यसैगरी कार्यालयगत योजना (Office Level Plan, OLP) तर्जुमाको लागि ढाँचा तथा स्वीकृति, नमूना छनौट, आयोजना हिसाब, लेखापरीक्षण योजना परिमार्जन आदि विषयहरू मार्गनिर्देश गरिएका हुन्छन्। वार्षिक लेखापरीक्षण योजनामा लेखापरीक्षण कार्यान्वयन, प्रतिवेदन, गुणस्तर आश्वस्तता पुनरावलोकन तथा सम्परीक्षण के र कस्तो हुने भन्ने बारेमा समेत मिहिन तरिकाले समावेश गरिएको हुन्छ। लेखापरीक्षणमा केन्द्रित गरिने विषयहरूसमेत वार्षिक लेखापरीक्षण योजनामा समावेश गरिन्छ। महालेखापरीक्षकको कार्यालयले योजना राम्रो भएमा आधा काम सम्पन्न भएको मानिन्छ भन्ने भनाइलाई मनन गर्दै गत विगतका योजना, कार्यान्वयन तथा प्रतिवेदन प्रणाली आदिको मिहिन समीक्षा गर्दै वार्षिक लेखापरीक्षण योजना बैशाखदेखि असारसम्म करिब ३ महिना निरन्तर छलफल तथा अध्ययन गरी तर्जुमा गर्ने गर्दछ।

लेखापरीक्षण पद्धति तथा लेखापरीक्षण कार्यान्वयन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने र महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षकको प्रतिवेदनलाई समेत आधार लिनु पर्ने कानूनी व्यवस्था छ। सोही ऐनको दफा ३६ मा कारोबारको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नुपर्ने तथा सोधिएको लेखापरीक्षण प्रश्नको जवाफ सम्बन्धित पदाधिकारी तथा जिम्मेवार व्यक्तिको कर्तव्य हुने समेत व्यवस्था छ। यिनै कानूनी व्यवस्थाअनुसार महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण गर्ने कार्यविधि वा पद्धति निर्धारण गर्नेछ। लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा लेखापरीक्षणसम्बन्धी तरिकामा लेखापरीक्षण गरिने निकाय वा अन्तर्गतका कुनै एकाइहरू छनौट गरी आर्थिक कारोबार र त्यससँग सम्बन्धित अन्य क्रियाकलापहरूको एक-एक गरी वा बीच-बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएको तथ्य दर्शाउन, त्यसमा विवेचना र आलोचना गर्न र आर्थिक विवरणउपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा ५(२) मा लेखापरीक्षण गर्ने विधि, तरिका, क्षेत्र, अवधि, परीक्षण र प्रतिवेदन गर्ने कुराहरू महालेखापरीक्षकले तोकेबमोजिम हुने व्यवस्था छ। सोही ऐनको दफा ८ मा महालेखापरीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी आवश्यकताअनुसार लेखापरीक्षण गर्ने ३१ वटा विषयहरू तोकिएको छ। उल्लिखित कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय प्रचलनले लेखापरीक्षण जोखिममा आधारित (Risk Based) नमूना छनौट (Sample Selection) बाट प्राप्त गरिने वित्तीय सूचनाहरूको परीक्षण हो भन्ने बुझिन्छ। महालेखापरीक्षकको कार्यालयले पनि वर्षेनी सम्पादन गरिने लेखापरीक्षण कार्यहरू यसै प्रकृतिमा सम्पादन गरिरहेको छ। जोखिम वर्गीकरणको आधारमा उच्च जोखिम तथा न्यून जोखिमका कार्यालय पहिचान गरी सोहीअनुसार विस्तृत लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्ने गरेको छ। लेखापरीक्षणको सिद्धान्त र मान्यताअनुरूप जोखिममा आधारित नमूना छनौटको लेखापरीक्षणबाट उचित आश्वस्तता (Reasonable Assurance) मात्र प्रदान गर्ने गरेको छ।

जोखिम मूल्यांकन गरी पहिचान भएका विषयहरूको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त, सान्दर्भिक प्रमाण सङ्कलन गर्न लेखापरीक्षणको कार्यालयगत योजनामा नियन्त्रणको परीक्षण (Test of Control, TOC) कार्यविधि अपनाउने गरिएको छ। यसले निकाय वा कार्यालयको आन्तरिक नियन्त्रणको सक्षमताको जाँच गर्दछ र निकायले कुनै क्रियाकलाप सञ्चालन गर्दा हानि-नोक्सानीलाई न्यून गर्न वा सच्याउन नियन्त्रणको संरचना वा कार्यविधि वा वातावरण मिलाए नमिलाएको, मिलाएको अवस्थामा प्रभावकारी भए/नभएको परीक्षण गर्दछ। महालेखापरीक्षकको कार्यालयले नियन्त्रणको परीक्षणपछि जोखिमहरूको परीक्षणका लागि गहन कार्यविधि (Substantive Procedure) अवलम्बन गर्ने गरेको छ। आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भई लेखापरीक्षक विश्वस्त हुन सकेमा कम र नसकेमा बढी मात्रामा गहन कार्यविधि अवलम्बन गरिन्छ। यसमा विश्लेषणात्मक कार्यविधि (Analytical Procedure) र विस्तृत विवरणको परीक्षण (Test of Detail) विधिहरूको प्रयोग गर्ने गरिएको छ। विश्लेषणात्मक कार्यविधि (Analytical Procedure) मा आर्थिक कारोबार र सोसँग सम्बन्धित तथ्याङ्कहरूको अनुपात विश्लेषण, प्रवृत्ति विश्लेषण, तर्कसंगत विश्लेषण गरी असाधारण आइटम तथा अनपेक्षित उतारचढाव पहिचान गर्ने गरिन्छ । विस्तृत विवरणको परीक्षण (Test of Detail) मा बढी जोखिमयुक्त कारोबारहरूको परीक्षण गर्न आर्थिक कारोबारसँग सम्बन्धित प्रत्येक आइटमलाई लेखापरीक्षणका विधिहरू तुलना, गणना, कागजात पुनरावलोकन, पुष्टीकरण, भिडान, अवलोकन, निरीक्षण, प्रश्नावली, सोधपुछ, छलफलमध्ये एक वा सोभन्दा बढी विधि वा तरिका अपनाइन्छ।

लेखापरीक्षण योजना तर्जुमा, जोखिम विश्लेषण गर्ने चेकलिष्टको छनौट, लेखापरीक्षण टोलीका सदस्यहरूलाई कार्य बाँडफाँट, लेखापरीक्षण गराउने कार्यालयलाई पत्राचार, कार्यालयको आवश्यक कागजात प्राप्ति, लेखापरीक्षण प्रवेश तथा वहिर्गमन बैठकको सूचना, चेकलिष्टको परीक्षण र रायसहितको प्रतिवेदन तयारी, सुपरिवेक्षक वा पुनरावलोकनकर्ताको सल्लाह वा सुझाव, कार्यालयको प्रारम्भिक प्रतिवेदन पश्चातको प्रतिक्रिया, सम्परीक्षणसम्बन्धी पत्राचार आदि सबै विषयवस्तुहरू विगत ३ वर्षदेखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमा (NAMS) बाटै गर्ने गरिएको छ । यसले लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित तथा कागजरहित र अनुहाररहित (Paperless and Faceless) बनाउनमा सहयोग पुग्ने दिशामा महालेखापरीक्षकको कार्यालय अगाडि बढेको छ। अझ यसको प्रभावकारिता र सहजताको लागि सरकारी वित्तीय प्रणालीमा रहेका सूचना प्रविधि प्रणालीहरू (IT Systems) सँग आबद्ध गर्दै लगेको देखिन्छ ।

लेखापरीक्षण प्रतिवेदन प्रणाली

माथि उल्लेखित पद्धति तथा कार्यप्रक्रियाबमोजिम लेखापरीक्षणको मोटामोटी सम्बन्धित स्रेस्ता तथा लेखासँग कागज प्रमाण हेर्ने कार्य सम्पन्न भएको तत् समयसम्म देखिएका सालाखाला व्यहोराहरूको बारेमा जिम्मेवार व्यक्ति वा सम्बन्धित पदाधिकारीहरूको सहभागितामा बहिर्गमन बैठक बसी घनीभूत रूपमा सम्भाव्य बेरुजूहरूको विषयमा छलफल गरिन्छ। यस छलफलको लागि उपलब्ध गराइने प्रतिवेदनलाई लेखापरीक्षण प्रतिवेदन मस्यौंदा भनिन्छ। सो मस्यौदामा उल्लेख भएका बेरूजूहरूको सम्बन्धमा कुनै प्रमाण कागजात पेस गर्ने आधार भए लेखापरीक्षण गराउनेले आवश्यक पर्ने समय माग गरी सो समयभित्र बेरुजू रहनु नपर्ने प्रमाणकागज उपलब्ध गराउने वा असुलउपर गर्न सम्भव भए सो समेत गराई सोको प्रमाण लेखापरीक्षकलाई दिनुपर्दछ। त्यसपछि सम्पादित लेखापरीक्षण मस्यौदा लेखापरीक्षण टोलीले अन्तिम रूप दिई गुणस्तर नियन्त्रण तथा सुपरीवेक्षणको लागि सुपरिवेक्षकसमक्ष पेस गरिन्छ। सुपरिवेक्षकले प्रतिवेदनमा उल्लेख भएका दफावार बेरुजूहरू अध्ययन गरी आवश्यक सुझाव दिने वा अस्पष्टता भए स्पष्ट हुने वा गराउने गर्दछ। त्यसपछि पनि पुनरावलोकन गर्नुपर्ने भएमा विशिष्ट श्रेणीका अधिकृतसमक्ष सो प्रतिवेदन पठाउने गरिन्छ।

आवश्यक र सम्भव भएसम्म प्रारम्भिक प्रतिवेदनहरू माथि नमूना परीक्षणको आधारमा पुनरावलोकनकर्ताले सो प्रतिवेदनको गुणस्तर परीक्षण गरी सुधारका सुझावहरू दिने गर्दछन्। त्यस पश्चात् सुपरिवेक्षण र पुनरावलोकनकर्ताको सुझावहरूलाई समेटेर लेखापरीक्षण प्रतिवेदनलाई अन्तिम रूप दिई सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिलाई सो प्रतिवेदन पठाइन्छ । प्रारम्भिक प्रतिवेदनमा बेरुजूहरूका अतिरिक्त सम्बन्धित निकायको कार्यालय प्रमुख र लेखा प्रमुखको नाम तथा कार्यरत अवधि समेत उल्लेख गरिन्छ। प्रतिवेदनलाई एकरूपता (Uniformity) दिनलाई वार्षिक लेखापरीक्षण योजनामा नै प्रारम्भिक प्रतिवेदनको ढाँचा उल्लेख गरिएको हुन्छ। यी सबै क्रियाकलापहरू हाल नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) बाटै हुने गर्दछ। यसको अलावा विशिष्ट प्रकृतिका कार्यालयहरू जस्तै स्थानीय तहहरूको लागि लेखापरीक्षण गर्दा नै एकरूपताको लागि पूर्वनिर्धारित टेम्पेल्टहरूमा लेखापरीपरीक्षण गर्न तथा प्रतिवेदन तयार गर्न निर्देशन दिइन्छ। यो भने प्रणाली बाहिरबाट दिशा निर्देश गरिन्छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराको प्रकृतिअनुरूप सैद्धान्तिक र लगती बेरुजू हुन्छन्। प्रणालीगत सुधार गर्न वा उपयुक्त नीति निर्माण गर्न वा व्यवस्थापनमा सुधार ल्याउन प्रेरित गर्ने उद्देश्यले पहेलो ट्राफिक बत्तीको संकेतको रूपमा सैद्धान्तिक बेरुजू लेखिन्छ। प्रणालीगत वा नीतिगत सुधार पश्चात् यस्ता बेरुजू स्वत: फस्यौंट हुने मानिन्छ। लगती बेरुजूमा रकम कलम उल्लेख गरिने यस्ता बेरुजू असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने वा प्रमाण पेस गर्नुपर्ने खालका हुन्छन्। यस्ता बेरुजूहरू प्रमाण पेस गरी फस्यौंट गरिन्छन्। बेरुजूको प्रकार वा वर्गीकरणलाई वस्तुगत तथा एकरूपता ल्याउन महालेखापरीक्षकको कार्यालयबाट जारी गरिएको बेरुजू वर्गीकरण निर्देशिका, २०७६ को लेखापरीक्षकहरूले पालना गर्नुपर्दछ । बेरुजू ५ सीहरू (5Cs: Criteria, Conditions, Causes, Consequences, Corrective Action) आधार, अवस्था, कारण, प्रभाव र सुझावको आधारमा तयार गर्नुपर्दछ। सबै प्रकारको बेरुजूमा ५ सी नभए पनि 3Cs: Criteria, Conditions र Corrective Action हुनै पर्ने व्यवस्था छ । कार्यमूलक लेखापरीक्षण प्रतिवेदनको बेरुजू लेख्न कम्तिमा ३Es: Economy, Efficiency, Effectiveness पक्षको विश्लेषण गर्ने गरिन्छ।

प्रारम्भिक प्रतिवेदन जारी गर्दा सम्बन्धित निकायको कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखलाई पठाइने र सोको जानकारी सम्बन्धित कार्यालयको तालुक निकाय वा मन्त्रालय, विभाग एवं सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक इकाईलाई समेत दिने गरिन्छ। स्थानीय तहहरूको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जानकारी दिइन्छ। यसरी महालेखापरीक्षकको कार्यालयबाट प्राप्त भएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ मा बेरुजूको सूचना प्राप्त भएको पैतीस दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फस्यौंट गरी सम्परीक्षणको लागि महालेखापरीक्षकसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पैतीस दिनभित्र फस्यौंट तथा सम्परीक्षण गर्न नसकेमा मनासिब माफिकको कारण उल्लेख गरी थप म्यादको लागि जिम्मेवार व्यक्तिले महालेखापरीक्षकलाई अनुरोध गर्नुपर्ने र महालेखापरीक्षकले एक महिनासम्मको म्याद थप गर्न सक्ने व्यवस्था छ।

सो थप समयमा समेत बेरुजू फस्यौंट वा सम्परीक्षण नगराएमा महालेखापरीक्षकले लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराउने व्यवस्था छ। लेखा उत्तरदायी अधिकृतले जानकारी पाएपछि कार्य सम्पादनको जिम्मेवारी उसैको हुने र नगरेमा विभागीय मन्त्री वा राज्यमन्त्रीलाई सोको जानकारी गराई महालेखापरीक्षकले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्न सक्ने कानूनी व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७ मा रहेको छ। लेखापरीक्षण ऐन, २०७५ को

दफा १९ मा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको लेखापरीक्षण सम्पन्न गरिसकेपछि रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र पेस गरिने प्रतिवेदनमा महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, लेखापरीक्षण कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार र अन्य आवश्यक कुराहरू खुलाउने पर्ने कानूनी व्यवस्था छ। यिनै कानूनी व्यवस्थाबमोजिम महालेखापरीक्षकले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नु पहिले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले तोकेको प्रक्रियाहरू पूरा गरी प्रतिवेदन जारी गर्ने गरेको छ। अन्तमा लाखौं दफाहरूमध्येबाट सारभूत रूपमा बढी सम्वेदनशील देखिने बेरुजूहरू समावेश गरेर अन्य बेरुजूहरूको अङ्क रकम मात्र राखेर महालेखापरीक्षकको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने गरिन्छ। यससँगै प्रदेश सरकारहरूको प्रदेशगत वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष र स्थानीय तहहरूको आ-आफ्नो प्रतिवेदन प्रमुख वा अध्यक्षहरूसमक्ष पेस गरिन्छ।

लेखापरीक्षण प्रतिवेदन तर्जुमा तथा जारी र प्रतिवेदनसँग जिम्मेवार निकायहरूमा सम्पादन हुने गतिविधिको आधारमा लेखापरीक्षण प्रतिवदन चक्रलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः



लेखापरीक्षण प्रतिवदनमा गुणस्तर आश्वस्तता

महालेखापरीक्षकले गर्ने समग्र लेखापरीक्षण क्रियाकलापहरू योजना, कार्यान्वयन, प्रतिवेदन तथा सम्परीक्षणलाई गुणस्तरीय बनाउन उच्चस्तरी लेखापरीक्षण सल्लाहकार समिति गठन गरी नियमिम रूपमा सुझाव लिने गरिन्छ। प्राविधिक विषयहरूमा आवश्यकताअनुसार विषयविज्ञहरूसँग परार्श लिने गरिन्छ। राष्ट्रिय चाहना तथा अन्तर्राष्ट्रिय अभ्यासबमोजिम विविध क्षेत्र वा विषयको लेखापरीक्षण गर्न निर्देशिका, मानदण्ड तथा मार्गदर्शहरूको निर्माण तथा परिमार्जन नियमित रूपमा गरिन्छ। कार्यमूलक लेखापरीक्षणलाई उद्देश्य र

परिणाममुखी बनाउन लेखापरीक्षणका चरणहरूमा नागरिक समाजका संस्थाहरूलाई सहभागी गराउने गरिन्छ। लेखापरीक्षणको गुणस्तर नियन्त्रण गर्न लेखापरीक्षणका सबै चरणमा माथिल्लो पदाधिकारीहरूबाट नियमित रूपमा लेखापरीक्षकहरूको काम र आचारसंहिताको अनुगमन तथा सुपरीवेक्षण गर्ने गरिन्छ। त्यसैगरी इन्टोसाईको मापदण्डबमोजिम प्रत्येक वर्ष कम्तीमा पनि १८ घण्टा बराबरको निरन्तर पेशागत तालिम दिने गरिन्छ। लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनहरू जारी गर्नु पूर्व र जारी पश्चात् गरेर नमूना छनौट गरी गुणस्तर आश्वस्तता परीक्षण गरिन्छन्। कार्यालयमा बेग्लै गुणस्तर आश्वस्तता परीक्षण निर्देशनालयको व्यवस्था रहेको छ। वार्षिक प्रतिवेदन तयारी गर्ने क्रममा विभिन्न प्रकारका समितिहरू जस्तैं वाचन समिति, सम्पादन समिति आदि गठन गरी प्रतिवेदनको गुणस्तर नियन्त्रण तथा परीक्षण गरिन्छ।

लेखापरीक्षण प्रतिवेदनका प्रमुख व्यहोरा

राष्ट्रपतिसमक्ष पेस गरिने वार्षिक लेखापरीक्षण प्रतिवेदनमा सामान्यतः लेखापरीक्षण गरिएका निकायहरूको संख्यात्मक विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति र समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, भविष्यमा गर्नुपर्ने सुधारका कुराहरू खुलाइएको हुन्छ। लेखापरीक्षण प्रतिवेदनका प्रमुख व्यहोरा वा बेरुजूको स्थिति तहगत सरकारको रूपमा एकमुष्ट वा मन्त्रालय वा निकायगत रूपमा त्यस वर्ष उल्लेखनीय देखिएका बेरुजूहरूको विवरणहरू हुन्। मुख्यतः वार्षिक प्रतिवेदनको यो खण्ड बेरुजूहरूको परिच्छेद वा खण्ड हुने भएकोले यो लामो र विस्तृत पनि हुने गर्दछ। लेखापरीक्षण ऐनको दफा ४ ले लेखापरीक्षण प्रतिवेदनमा मुख्यतः तथ्यहरू दर्शाउने, ती तथ्यहरूमाथि सकारात्मक वा नकारात्मक समीक्षासहितको विवेचना गर्ने, आलोचना गर्ने र राय दिने वा भविष्यमा गर्नुपर्ने सुझाव दिने कुरासमेत उल्लेख गरेको छ। तथ्यहरूको आलोचना गरिएको विषय नै सामान्यतः बेरुजू हुन्। महालेखापरीक्षकले साठिऔं वार्षिक प्रतिवेदनमा महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहितालाई शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक प्रशासन र सुशासन, सार्वजनिक वित्त व्यवस्थापन, विकास व्यवस्थापन र जिम्मेवारी र जवाफदेहिता गरी ६ खण्डमा वर्गीकरण गरी आफ्नो प्रतिवेदनको सारांशको पनि सारांशको रूपमा प्रस्तुत गरेको छ। ती ६ मध्ये सार्वजनिक वित्त व्यवस्थापन खण्डअन्तर्गतका मुख्य व्यहोराहरू निम्नानुसार रहेका छन्:

- बजेट तर्जुमा गर्दा स्रोतको प्राप्ति र उपयोगको यथार्थ आँकलन हुन नसकेको,
- न्यून राजस्व, बढी ऋण र विनिमय दरले स्रोत परिचालनमा प्रभाव पारेको,
- बजेट अवण्डा राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने प्रवृत्ति रहेको,
- संगठित संस्थामा निष्क्रिय मौज्दात रहेतापनि सरकारले ऋण लिनु परेको,
- राजस्व छुट दिने प्रवृत्ति बढ्दै गएको तर नागरिक सहुलियतको मापन नभएको,
- प्रदेश तथा स्थानीय तहको आन्तरिक आय परिचालन प्रभावकारी नभएको,
- संस्थानहरूको सम्पत्ति, शेयर र ऋण लगानीको हिसाब यथार्थपरक नरहेको,
- अनुदानको रकम उद्देश्यअनुसार उपयोग भएको सुनिश्चित नगरेको,
- वैदेशिक सहायताको प्रतिवद्धता, प्राप्ति र उपयोगबीच अन्तर रहेको,
- अन्त्पादक तथा वितरणमुखी क्षेत्रमा बजेट खर्च गर्ने प्रवृत्ति बढ्दै गएको,
- एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली लागू नगरेको,
- विभाज्य कोषमा सङ्कलित राजस्व समयमै बाँडफाँट हुन नसकेको,
- लेखापरीक्षकको सुझाव कार्यान्वयन र बेरुजू फर्स्यौटमा ध्यान नदिएको।

त्यस्तैं जिम्मेवारी र उत्तरदायित्व खण्डअन्तर्गतका मुख्य व्यहोराहरू निम्नानुसार रहेका छन्:

- वित्तीय अनुशासन पालना नगर्ने पदाधिकारीलाई जवाफदेहि बनाउन नसकेको,
- मितव्ययिता कार्यविधि र माफदण्ड पूर्णरूपमा पालना नभएको,
- नेपाल वित्तीय प्रतिवेदनमान र नेपाल सार्वजनिक क्षेत्र लेखामान पूर्णरूपमा कार्यान्वयन नगरेको,
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सबै सम्पत्तिको अभिलेख नरहेको,
- आर्थिक अनुशासन पालनालाई कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्न नसकिएको,
- वित्तीय निर्णयमा सम्बद्ध पदाधिकारीलाई जिम्मेवार बनाउन नसकिएको,
- आन्तरिक नियन्त्रण प्रणालीको पालना नभएको,
- शासन सञ्चालनमा नागरिक सहभागिताले प्राथमिकता पाउन नसकेको,
- सार्वजनिक सुनुवाई तथा समाजिक परीक्षण उद्देश्यमूलक हुन नसकेको,
- अधिकारप्राप्त अधिकारीलाई सेवाग्राहीप्रति उत्तरदायी बनाउन नसकिएको।

माथि उल्लिखित व्यहोरालगायत अन्य व्यहोराहरू समग्रमा सालबसाली रूपमा दोहोरिएर आइरहेका छन्।

लेखापरीक्षण प्रतिवदनका व्यहोरा कार्यान्वयन अवस्था

लेखापरीक्षण ऐनको दफा २१(१) मा महालेखापरीक्षकले जारी गरेको प्रतिवेदन कार्यान्वयन गर्नु सम्बन्धित पदाधिकारीको गर्ने व्यवस्था छ। सोही ऐनको दफा २१(२) मा जारी गरेको प्रतिवेदनमा उल्लेख भएको विषयमा सुधार भए नभएको र सुझाव कार्यान्वयन भए नभएको सुनिश्चित गर्न लेखापरीक्षण निकायबाट भएका कारबाहीको प्रतिवेदन लिने, जवाफ लिने, कार्यान्वयनका लागि समयावधि तोक्ने, पुनःजाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने लगायतका कार्य गर्न सक्ने व्यवस्था छ। त्यस्तै लेखापरीक्षण ऐनको दफा २२ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको आय-व्यय तथा अन्य रकम कलमको लेखापरीक्षण गर्दा देखिएका त्रुटि तथा बेरुजूमा सम्बन्धित निकायले कानूनबमोजिम कारबाही गर्नुपर्ने व्यवस्था छ। त्यस्तैं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३६ देखि दफा ४३ सम्म देहायका विषयहरूमा स्पष्ट कानूनी व्यवस्था रहेको छः

- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनउपरको कारबाही सूचना पाएका पैतिसभित्र सम्बन्धित कार्यालयले फर्स्यौंट गर्नुपर्ने,
- पैतीस दिनभित्र फर्स्यौंट गरी सम्परीक्षण गर्न नसकेमा थप एक महिनाको समय माहालेखापरीक्षसँग माग गर्न सक्ने र मनासिवमाफिक कारण भएमा म्याद थप हुन सक्ने,
- थप म्यादभित्र पनि फर्स्यौंट वा सम्परीक्षण हुन नसकेका बेरुजूहरू लेखा उत्तरदायी अधिकृतलाई जानकारी दिनुपर्ने,
- लेखा उत्तरदायी अधिकृतले तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्न नसकेमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी गराई महालेखापरीक्षकले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्ने,

- बेरुजूको लगत राख्ने, अध्यावधि गर्ने, सम्परीक्षण गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय र निकायहो हुने,
- बेरुजू फर्स्यौंट तथा फरफारख गर्ने उत्तरदायित्व लेखा अधिकृतको हुने,
- सार्वजनिक लेखा समितिमा बेरुजहरूउपर छलफल गर्दा उपस्थित हुने, राय प्रतिक्रिया दिने, लिखित धारणा दिने जिम्मेवारी पनि लेखा उत्तरदायी अधिकृतको हुने,
- सामान्य प्रक्रियाबाट फर्स्यौंट हुन नसेकेका बेरुजू फर्स्यौंट गर्न नेपाल सरकारले लेखा समिति र महालेखापरीक्षकको राय लिई राजपत्रमा सूचना प्रकाशन गरी बेरुजू फर्स्यौंट समिति गठन गर्न सक्ने।

उल्लिखित व्यवस्थाहरूको वावजुद महालेखापरीक्षणको लेखापरीक्षण साठिऔं वार्षिक प्रतिवेदन अनुसार लेखापरीक्षण कार्यान्वयन स्थिति निम्नानुसार रहेको छः

- लेखापरीक्षण गर्दा कुल बेरुजू रु. १ खर्ब २९ अर्ब ५५ करोड देखिएकोमा रु. ९ अर्व ७८ करोड अर्थात् ७.५५ प्रतिशत मात्र फर्स्यौंट गरी ठूलो मात्रामा बेरुजू कायम भएको,
- सम्बन्धित निकायहरूले बेरुजू लगत अद्यावधिक नगरेकोले यथार्थ बेरुजूको विवरण नरहेको,
- विगतदेखिको बेरुजू रु. ४ खर्ब ६७ अर्ब ५६ करोड रहेकोमा साठीऔं प्रतिवेदनमा रु. १ खर्ब १९ अर्ब ७७ करोड थप हुँदा रु. ५ खर्ब ८७ अर्ब ३३ करोड हुन पुगेको,
- स्थानीय तहको कानून बनाउने, बजेट बनाउने तथा कार्यान्वयन गर्ने, बेरुजू नियमित गर्ने व्यक्ति तथा निकाय उहि रहेकोले स्वार्थ बाझिएको,
- लेखापरीक्षणमा देखिएका व्यहोरा कार्यान्वयन कार्ययोजना धेरै निकायहरूले तर्जुमा नगरेको तथा बनाएकाहरूको कार्यान्वयन प्रभावकारी नभएको,
- सार्वजनिक लेखा समितिहरूमा बेरुजू प्रतिवेदनउपरको दफावार छलफलले प्राथमिकता नपाएको र धेरैजसो प्रदेश सभाका लेखा समितिमा प्रतिवेदन पेस नै नभएको आदि।

उल्लिखित प्रतिनिधि केही तथ्यहरूको आधारमा महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनमा सम्बन्धित जिम्मेवारी तथा उत्तरदायी पदाधिकारीहरूले तदारूकतासाथ प्राथमिकता देखिँदैन। यसबाट लेखापरीक्षण प्रतिवेदनहरूको कार्यान्वयन फितलो देखिन्छ। जिम्मेवार पदाधिकारी तथा लेखा उत्तरदायी अधिकृतहरू नै आफ्नो उत्तरदायित्व र जिम्मेवारीबाट पञ्छिन बढी रूचाएको देखिन्छन्।

निष्कर्ष

वर्षैपिच्छे महालेखापरीक्षकको प्रतिवेदन जारी भएपछि विभिन्न सञ्चार माध्यमहरूमा बाक्लैसँगले केही दिन हो हल्ला हुने गर्दछ। प्रतिवेदनका व्यहोरा कार्यान्वयनमा जटिलताभन्दा नजरअन्दाज गर्ने प्रवृत्ति बढी देखिन्छ। सोभन्दा पहिला लेखापरीक्षण र बेरुजू श्राद्धमा बिरालो बाँध्ने परम्परा जस्तै लेखापरीक्षकहरूको जागिर खाने मेलोको रूपमा बुझ्ने गरिन्छ। बेरुजू तथा सोको फर्स्यौंटसम्बन्धी जिम्मेवार तथा लेखा उत्तरदायी अधिकृतहरूको सामान्य दायित्व तथा जिम्मेवारी त तोकिएको छ तर सो जिम्मेवारी वा दायित्व पूरा नगर्दा के-कस्तो दण्ड भोग्नुपर्ने सो सम्बन्धमा कुनै कानूनी व्यवस्था छैन। गत साल मात्र सम्पन्न भएको स्थानीय तहको निर्वाचनको आचारसंहितामा व्यक्तिगत बेरुजू हुने नागरिक उम्मेदवार हुन नपाउने व्यवस्था मात्रैले पनि ठूलो मात्रामा असूलउपर बेरुजूहरू असुल भइ लगत कट्टा भएका थिए। छिमेकी सानो मुलुक भुटानमा कुनै कर्मचारी वा राजनीतिक कार्यकर्ताको नाममा वा नामसँग सम्बन्धित कुनै प्रकारको बेरुजू देखिएमा

तोकिएको समयमा तुरुन्त फर्स्यौंट गर्नुपर्ने नत्र कर्मचारी भए सरूवा बढुवा हुन नपाउने व्यवस्था छ भने निर्वाचनमा भाग लिन चाहने उम्मेदवारले उम्मेदवार नै हुन पाउँदैन।

तसर्थ, लेखापरीक्षण प्रतिवेदनलाई सानो र संकुचित दायराबाट होइन राज्य सञ्चालनको लागि रक्तसञ्चारको रूपमा रहने वित्तीय सुशासनको लागि शून्य बेरुजू तथा बेरुजू फर्स्यौंटलाई प्राथमिकतामा राख्नु पर्दछ। बेरुजूलाई कर्मचारीहरूको कार्यसम्पादनसँग प्रत्यक्ष रूपमा आबद्ध गर्नुपर्दछ। कर्मचारी व्यवस्थापन कानून, सार्वजनिक खरिद कानून र निर्वाचन कानूनहरूमा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन वा बेरुजू सम्बन्धमा स्पष्ट व्यवस्था गर्न सकेमा माथि भनिए झै वा महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भए झै सार्वजनिक वित्तीय अनुशासन उल्लङ्घन हुन सक्दैन। साथै बेरुजू आफै न्यूनीकरण हुँदै जाने, देखिएका बेरुजूहरू समयमै फर्स्यौंट गर्ने, आर्थिक क्रियाकलाप र प्रतिवेदन कार्यान्वयन गर्ने व्यक्ति वा निकायहरू आफै सक्रिय हुने देखिन्छ। बेरुजू भनेको सार्वजनिक वित्त व्यवस्थापन गतिविधिमा कही न कही नियम (Rule), प्रक्रिया (Process) र परिणाम (Result) मा लक्ष्यअनुसार वा सामान्य आधार वा मानअनुसार पालना नहुनु वा प्राप्त नहुनु वा रूजु नहुनु हो। सबै बेरुजू भ्रष्टाचार होइनन् तर धेरै बेरुजू कानूनी शासनको लागि राम्रा सूचक होइनन्। बेरुजू हुनु भनेको कानूनको उल्लङ्घन हुनु हो। कानूनको उल्लङ्घन हुनु भनेको सदाचारिताबाट विमुख बन्दै जानु हो। कालान्तरमा यसले भ्रष्टाचारको डरलाग्दो रूप लिन पुग्दछ। त्यसैले कानूनको अभाव वा फितलो भएकोमा दरिलो कानून बनाउनुपर्दछ। कानूनको पालनामा कडाइ गर्नुपर्दछ। सबै संवैधानिक तथा राज्यका अङ्गहरू गुणात्मक र परिणाम दिने गरी कामयावी हुनुपर्दछ।

<u>सन्दर्भ सूचीहरू</u>

- नेपालको संविधान, २०७२, कानून किताब व्यवस्था समिति
- लेखापरीक्षण ऐन, २०७५, कानून किताब व्यवस्था समिति
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ कानून किताब व्यवस्था समिति
- लेखापरीक्षण पत्रिकाकाका विभिन्न अङ्कहरू, महालखापरीक्षकको कार्यालय
- महालेखापरीक्षक कार्यालयका विभिन्न वर्षका वार्षिक लेखापरीक्षण योजनाहरू
- https://www.issai.org
- https://oag.gov.np

लेखापरीक्षणमा बदनियत र लापरवाही



वैकुण्ठबहादुर अधिकारी[*]

पृष्ठभूमि

आर्थिक कारोबारको हिसाब किताब जाँच गरी राय वा मन्तव्यसहितको प्रतिवेदन दिने कार्य लेखापरीक्षकले गर्दछ। लेखापरीक्षण आन्तरिक र बाह्य गरी दुई स्तरको हुन्छ। व्यवस्थापनकै अङ्गको रूपमा गरीने लेखापरीक्षण आन्तरिक हो भने व्यवस्थापनबाट स्वतन्त्र निकायले गर्ने लेखापरीक्षण बाह्य वा अन्तिम लेखापरीक्षण हो। आन्तरिकभन्दा अन्तिम लेखापरीक्षणको कानूनी दायरा विस्तृत हुन्छ। व्यवस्थापन वा कुनै निकायले गर्ने सेवा प्रवाह र अन्य कार्य मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिताको दृष्टिकोणबाट गरिने लेखापरीक्षणलाई कार्यमूलक, व्यवस्थापन, कार्यसञ्चालन, मूल्य अभिवृद्धि लेखापरीक्षण जस्ता नामले संवोधन गरिन्छ। नियमितता र औचित्यको दृष्टिकोणमा पनि लेखापरीक्षकले लेखापरीक्षण गर्दछ। यस सम्बन्धी काम, कर्तव्य र अधिकार नेपालको संविधानले सरकारी क्षेत्रको लेखापरीक्षण गर्ने राज्यको संवैधानिक अङ्गको रूपमा रहेको महालेखापरीक्षकलाई प्रदान गरेको छ। गैरसरकारी र निजी क्षेत्रको लेखापरीक्षण भने नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट मान्यता प्राप्त लेखापरीक्षकले गर्दछ। लेखापरीक्षक वा निजका सहायक कर्मचारीले बदनियतपूर्वक लेखापरीक्षण कार्य गरेमा सजायको भागीदार बन्नुपर्ने हुन्छ। बदनिययतपूर्वकको लेखापरीक्षण कार्य भ्रष्टाचार जन्य कसुर हो भन्ने कुरा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ ले उल्लेख गरेको विषय हो।

लेखापरीक्षण गर्ने अधिकार प्राप्त व्यक्ति, कर्मचारी वा लेखापरीक्षकले बदनियतपूर्वक कार्य गरेकोमा कानूनी कारबाही गर्दा उक्त कारबाही गर्ने तथा कारबाहीको लागि छानबिन गर्ने निकाय वा व्यक्तिले लेखापरीक्षणमा बदनियतपूर्वक कार्य भएको भनेर निक्यौंल गर्न सकिने गरी यथेष्ट प्रमाण जुटाउनुपर्ने हुन्छ। बदनियतपूर्वकको कार्य गर्नेलाई एथेष्ट प्रमाणको आधारमा कानूनी कारबाहीको दायरामा ल्याउन सजिलो बनाउने, असल नियतले कार्य गर्नेलाई कुनै त्रुटि नगरीकन वा सामान्य त्रुटि गरेको कारणले अनावश्यक रूपमा झन्जट व्यहोर्न नपरोस् भन्ने सोचलाई कार्यान्वयनमा ल्याउन सरलता प्रदान गर्ने, लेखापरीक्षण गर्ने व्यक्तिहरूमा सजगता र आत्मबल वृद्धि गराउने साथै लेखा र लेखापरीक्षणसम्बन्धी नीति निर्माणकर्तालाई समेत सुझाव दिने मनसायले यो लेख तयार गरिएको छ।

लेखापरीक्षण सम्बन्धी मानहरू

विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन इन्टोसाई (INTOSAI or International Organization of Supreme Audit Institutions) र लेखा व्यवसायीहरूको अन्तर्राष्ट्रिय संगठन आइफ्याक (IFAC or International Federation of Accountants) ले लेखापरीक्षण र परीक्षकसँग सम्बन्धित आचरण, व्यवहार, सिद्धान्त र मान्यतालाई समेटेर लेखापरीक्षणसम्बन्धी मानहरू जारी गर्दछन्। तिनै मानहरूबाट

[*] सीए सीपीएफ्ए - नायब महालेखापरीक्षक, महालेखापरीक्षकको कार्यालय

विश्वका लेखापरीक्षण कार्य निर्देशित हुन्छन। तर सम्बन्धित देशको कानूनमा लेखापरीक्षण सम्बन्धमा स्पष्ट लेखिएको कुरा उक्त कानूनअनुसार हुने र बाँकी कुराहरू लेखापरीक्षणमानअनुसार हुनुपर्ने व्यहोरा स्वयम् लेखापरीक्षणमानले स्वीकार गरेको हुन्छ। यो विश्वव्यापी मान्यता हो।

लेखापरीक्षण आश्वस्तता प्रदान गर्ने सेवा

लेखापरीक्षण नगरिएको भन्दा लेखापरीक्षण गरिएको वित्तीय विवरण तथा कारोबारप्रति सरोकारवालाहरू आश्वस्त हुन्छन्। यसैले लेखापरीक्षण गर्नुपरेको हो। लेखापरीक्षण गर्दा नमुना छनौटको आधारमा गरिने, लेखापरीक्षण गरिने निकायको व्यवस्थापन वा व्यवस्थापनमा संलग्न व्यक्तिले कसैले पत्ता लगाउन नसक्ने वा कठिन हुने गरी जालसाजी गरेको र त्यसलाई लुकाएको हुन सक्ने, लेखापरीक्षकले सङ्कलन गरेका प्रमाणहरूको आधारमा मन्तव्य वा राय व्यक्त गर्ने तर ती प्रमाणहरू कुनै घटनाको निचोड दिने खालको भन्दा बढी मात्रामा आभाष दिने खालको हुने, लेखापरीक्षकको व्यक्तिगत सोचबाट उसका मन्तव्य वा राय प्रभावित हुन सक्ने जस्ता कारणले लेखापरीक्षकले प्रदान गरेको सेवाबाट अकाट्य अर्थात् पूर्णरूपको आश्वस्तता प्रदान हुन सक्दैन भन्ने मान्यता रहेको छ। तर लेखापरीक्षकले मनासिब माफिकको र उच्च तहको आश्वस्तता भने प्रदान गर्दछ। लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा पत्ता लागेका व्यहोराहरू लुकाउनु हुँदैन तर लेखापरीक्षणको कारणले जलसाजी र भ्रष्टाचारको पत्तो लाग्छ नै भन्ने ठोकुवा कदापि हुँदैन। तैपनि जालसाजी र भ्रष्टाचारलगायत गम्भीर त्रुटि हुने अवस्थामा सुधार ल्याई आर्थिक अनुशासनमा सुधार गरेर सुशासन कायम गराउन लेखापरीक्षणले ठूलो सहयोग गरेको हुन्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ।

आश्वस्तताको प्रकार र लेखापरीक्षकको जिम्मेवारी

आश्वस्तता सेवाको किसिम र त्यसमा लेखापरीक्षकले वहन गर्ने जिम्मेवारी यस प्रकार रहेको हुन्छः

पूर्ण आश्वस्तता (Absolute Assurance): जाँचपड्ताल, विश्लेषण, परीक्षण, निरीक्षण, पुनरावलोकन र समालोचना जस्ता कार्यबाट निकालिएको निचोड अकाट्य वा यथार्थ हुन्छ र त्यसलाई कसैले चुनौती दिन सक्ने अवस्था रहँदैन भने त्यस्तो खालको निचोडबाट अकाट्य, पूर्ण वा यथार्थ आश्वस्तता प्राप्त हुन्छ। तर लेखापरीक्षण सेवाले यसो गर्न नसक्ने विश्वव्यापी मान्यता रहेको चर्चा माथि गरिसकिएको छ। दीर्घकालसम्मको वा गहिरो अनुसन्धान, विकास र विश्लेषणबाट निकालिएको निचोडले मात्र यस्तो आश्वस्तता प्रदान गर्न सक्ने अवस्था रहन्छ। यसबाट शतप्रतिशत सत्य यही नै हो भन्ने सन्देश प्राप्त हुन्छ र सरोकारवालाले पनि सोही रूपमा उक्त सन्देशको ग्रहण गर्दछ। लेखापरीक्षणबाट यस्तो आश्वस्तता सम्भव छैन।

मनासिब आश्वस्तता (Reasonable Assurance): लेखापरीक्षण सेवाबाट मनासिब माफिकको आश्वस्तता प्राप्त हुने विश्वव्यापी मान्यता रहेको छ। लेखापरीक्षण प्रतिको विश्वास र भरोसा अनि लेखापरीक्षक प्रतिको सम्मान यही मान्यतामा अडेको छ। पूर्ण वा अकाट्यभन्दा कम तर पनि धेरै हदसम्मको आश्वस्तताको स्तरलाई मनासिब माफिकको आश्वस्तता भनिन्छ। जस्तो वित्तीय विवरणको लेखापरीक्षण गर्दा लेखापरीक्षकले प्रतिवेदनमा "हाम्रो विचारमा वित्तीय विवरणहरू सारभूत रूपमा सान्दर्भिक वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएका छन्"। भन्ने जस्ता वाक्य प्रयोग गरेर मन्तव्य व्यक्त गर्दछ। यस्तो मन्तव्य वा रायबाट

लेखापरीक्षणले मनासिब माफिकको आश्वस्तता मात्र प्रदान गर्न सकेको हुन्छ। यसो हुनुको कारणहरू माथि नै चर्चा भै सकेको छ।

सीमित आश्वस्तता (Limited Assurance): मनासिब आश्वस्तताभन्दा कम तर आश्वस्तता हुँदै नभएको स्थितिभन्दा बढी आश्वस्तता हुनुलाई सीमित आश्वस्तता भनिन्छ। समालोचना वा पुनरावलोकन (Review) को कार्यबाट यस्तो आश्वस्तता प्रदान हुन्छ। पुनरावलोकनकर्ताले शङ्कास्पद अवस्था महसुस गरेको अवस्थामा बाहेक लेखापरीक्षकले जति नै प्रयास र उपयुक्त प्रमाण सङ्कलन गर्नको लागि श्रम र समय लगायतका स्रोतसाधनको प्रयोग गर्दैन। वित्तीय विवरणको पुनरावलोकनकर्ताले आफ्नो प्रतिवेदनमा "वित्तीय विवरणहरू सारभूत रूपमा सान्दर्भिक वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको अविश्वास गर्नुपर्ने अवस्थाहरू हाम्रो जानकारीमा आएनन्"। भन्ने जस्ता वाक्य प्रयोग गरेर मन्तव्य व्यक्त गर्दछ। यस्तो मन्तव्य वा रायबाट पुनरावलोकनकर्ताले सीमित माफिकको आश्वस्तता मात्र प्रदान गर्न सकेको हुन्छ।

बेमनासिब आश्वस्तता: लेखापरीक्षकको बदनियत र लापरवाही वा गम्भीर हेलचेक्राईपूर्वकको कार्यबाट लेखापरीक्षण प्रतिवेदनमा यस्तो किसिमको आश्वस्तताको उपज हुन्छ। लेखापरीक्षण प्रतिवेदनमा नभएका कुरा देखाउने वा भए गरेका तथ्यहरू लोप गर्ने अवस्था यही हो। कार्यपालिका, व्यवस्थापिका र सामान्य नागरिक लगायतका सरोकारवालाहरूले लेखापरीक्षण सेवालाई गर्ने विश्वास र भरोसा अनि लेखापरीक्षकलाई गर्ने सम्मान प्रतिको बेइमानी पनि यही हो। यस्तो कार्य गर्नु भनेको लेखापरीक्षणसम्बन्धी अपराध हो र यस्तो स्थितिमा लेखापरीक्षकलाई प्रचलित कानूनअनुसार कारबाही गर्नु जरुरी हुन्छ।

लेखापरीक्षकलाई कानूनी कारबाहीको व्यवस्था

भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ मा भ्रष्टाचारको कसुर र सजाएसम्बन्धी व्यवस्था छ। उक्त परिच्छेदको दफा १९ (१) मा सरकारी निकाय वा सार्वजनिक संस्थामा लेखापरीक्षण गर्ने अख्तियारी पाएको राष्ट्रसेवक वा अन्य व्यक्तिले बदनियतपूर्वक कारोबारमा नभएका कुरा देखाउने वा भए गरेका तथ्यहरू लोप गरी लेखापरीक्षण प्रतिवेदन तयार गरेमा ३ महिनादेखि १ वर्षसम्म कैद र १० हजार देखि ५० हजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था छ। नीजि क्षेत्रको लेखापरीक्षण सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा १४ अनुसार लेखापरीक्षकले ऐन नियम र आचारसंहिताको उल्लङ्घन गरेमा लेखा व्यवसायमा रोक लगाउने र पेशागत प्रमाण पत्र वा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको सदस्यता रद्द गर्नेसम्मको प्रावधान छ। महालेखापरीक्षकले जारी गरेको सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७० को दफा ७ अनुसार महालेखापरीक्षकको कार्यालयका पदाधिकारी तथा कर्मचारीले निजामती सेवा ऐन, २०४९, नियमावली, २०५०, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०५९ लगायत अन्य प्रचलित कानूनमा भएका आचरणसम्बन्धी व्यवस्थाको पालना गर्नुपर्दछ। निजामती कर्मचारीले आचरणसम्बन्धी कुराहरू उल्लङ्घन गरेमा नसिहत दिने, तलब वृद्धि रोक्ने, बढुवा रोक्ने, सरकारी सेवाबाट हटाउने जस्ता निजामती सेवा ऐनको परिच्छेद ९ मा उल्लिखित प्रावधानहरू नेपाल लेखापरीक्षण सेवाका निजामती कर्मचारीलाई पनि स्वतः लागू हुन्छन्।

लेखापरीक्षणमा बदनियत, लापरवाही र त्रुटि

लेखापरीक्षकले सेवाग्राहीसँग रिसवत लिने वा पेशागत मर्यादा विपरीत आर्थिक लाभ लिने वा अन्य कुनै स्वार्थ सिद्ध गर्ने जस्ता कार्य गरी गलत प्रतिवेदन तयार पार्ने, लेखापरीक्षणको सिलसिलामा देखिएका

जालसाजी, गम्भीर त्रुटि र कानून विपरीतको कार्यहरू गुपचुप राख्ने जस्ता कार्यहरू बदनियतपूर्वकका कार्य हुन्। लेखापरीक्षकको कुनै गलत मनसाय नभैकन तर सामान्य बुद्धि तथा पेशागत विवेक प्रयोग नगरी, आफ्नो क्षमताले नभ्याउने कार्य स्वीकार गरी, गुणस्तरयुक्त कार्य गर्नमा ध्यान नपुऱ्याई, लेखापरीक्षण योजनामा उल्लेख गरेका मुख्य विषय वस्तु छुटाई लेखापरीक्षण प्रतिवेदन गलत तयार गरेमा तथा अन्य कुनै कानून वा मानदण्ड वा सामान्य सिद्धान्तको पालनामा चुकेको जस्ता अवस्थामा लापरवाहीपूर्वकको कार्य हुन जान्छ। लेखापरीक्षकले लेखापरीक्षण योजना तथा सामान्य सिद्धान्तमा उल्लिखित मुख्य कुरामा सारभूत रूपमा फरक नपर्ने गरी कार्य गरेको तर प्रक्रियागत रूपमा गल्ती भएको छ भने त्यो सामान्य त्रुटि हो।

बदनियतपूर्वको कुनै कार्यभन्दा लापरवाहीपूर्वकको कार्यको नकारात्मक असर वढी हुने अवस्था पनि रहन सक्दछ। परिमाणात्मकरूपमा सामान्य त्रुटिहरू धेरै भएमा त्यसको नकारात्मक असर कुनै लापरवाही पूर्वकको कार्यको जति नै वा सोभन्दा बढी हुने अवस्था पनि रहन सक्दछ। संक्षेपमा के भन्न सकिन्छ भने कुनै गम्भीर प्रकृतिको नकारात्मक कार्य भएको अवस्थामा उक्त कार्य गर्नुको पछाडि गलत मनसाय थियो भनेर पुष्टि हुन सक्छ भने त्यो कार्य बदनियतपूर्वक अन्यथा लापरवाहीपूर्वक भएको मानिन्छ। अति न्यून असर पुऱ्याउने खालका वा सारभूत रूपमा खासै असर नपुऱ्याउने खालका सानातिना कमजोरीको कारणले हुने गल्तीलाई भने सामान्य त्रुटि गरेको मानिन्छ। कुन कार्यलाई लापरवाही वा कुन कार्यलाई बदनियतपूर्वक भएको मान्ने भन्ने कुराको निक्र्यौल सम्बन्धित विषयवस्तु, परिस्थिति र निर्णयकर्ताको विवेकले प्रभावित हुनसक्छ। यसर्थ, पेशागत विवेक तथा निर्णयको प्रयोग यसमा महत्त्वपूर्ण हुने गर्दछ।

लेखापरीक्षकबाट हुने बदनियत तथा लापरवाहीको निर्धारण र कारबाही

लेखापरीक्षण अर्धप्राविधिक (Semi technical) प्रकृतिको कार्य हो। लेखापरीक्षकले के-कस्तो कार्य गर्न छुटाएमा वा नचाहिँदो कार्य गरेमा बदनियतपूर्वक गरेको वा लापरवाहीपूर्वक गरेको मान्ने? के-कस्तो कार्यलाई लेखापरीक्षकको सामान्य त्रुटि मान्ने? भन्ने विषयको निक्र्यौल गर्न लेखापरीक्षणको कानूनी, सैद्धान्तिक र व्यवहारिक ज्ञानको जरुरी पर्दछ। यस्तो ज्ञान भएको अनुसन्धानकर्ताले लेखापरीक्षणसम्बन्धी अपराधको आरोप छानबिन गर्दा सही निक्र्यौल प्राप्त हुन सक्ने देखिन्छ। अन्यथा ठीक किसिमले लेखापरीक्षण गर्ने व्यक्ति पनि कारबाहीमा पर्न सक्ने र लेखापरीक्षणसम्बन्धी अपराध गर्ने व्यक्तिले उन्मुक्ति पाउने सम्भावना प्रबल रूपमा रहन्छ।

बदनियत पूर्वकको कार्यमा मात्र लेखापरीक्षण सम्बन्धमा भ्रष्टाचार ऐनअन्तर्गतको कसुर मानिएको छ। लापरवाहीपूर्वकको कार्य गर्नेलाई भने आचरण पालना नगरेको सम्बन्धमा निजामती कर्मचारी भएमा निजामती सेवा ऐन तथा नियमावलीअन्तर्गत र पेशावाला लेखापरीक्षक भएमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन तथा नियमावलीअन्तर्गत छानबिन गरी कानूनी कारबाही गर्नुपर्ने हुन्छ। लेखापरीक्षकले सामान्य त्रुटि गरेको अवस्थामा भने खासै कानूनी कारबाही हने व्यवस्था छैन तर त्रुटि सच्याउने कार्य हुनु भने स्वभाविक मानिन्छ।

निष्कर्ष

लेखापरीक्षण आश्वस्तता प्रदान गर्ने सेवा हो। यसबाट पूर्ण रूपको आश्वस्तता नभै मनासिब माफिकको आश्वस्तता प्रदान हुन्छ। अन्तर्राष्ट्रिय स्तरमा इन्टोसाई र आइफ्याकले जारी गरेको लेखापरीक्षण मानबाट विश्वका लेखापरीक्षण सेवा निर्देशित हुन्छन्। तर लेखापरीक्षणमानभन्दा माथि सम्बन्धित देशको कानून

हुन्छ। कानूनमा स्पष्ट लेखिएका कुरा कानूनबमोजिम र बाँकी सबै कुराहरू लेखापरीक्षणमानअनुसार पालना गर्नुपर्ने हुन्छ। लेखापरीक्षणमा गुणस्तर, विश्वास र व्यावसायिकता अभिवृद्धिको लागि बदनियतपूर्वक र लापरवाहीपूर्वक कार्य गर्ने लेखापरीक्षकलाई कानूनी कारबाही गर्नु महत्त्वपूर्ण हुन्छ। यसको लागि सम्बन्धित ऐन नियमहरूमा व्यवस्था भएको पनि पाइन्छ। बदनियतपूर्वकको कार्य र लापरवाहीपूर्वकको कार्य दुवैमा सजायको किसिम भने फरक-फरक हुन्छ। सामान्य त्रुटि गरेको अवस्थामा त्रुटि सच्याउने खालको कार्य बाहेक कुनै दण्ड सजाए हुने व्यवस्था गरेको पाइँदैन। लेखापरीक्षण गर्दा हुने सामान्य त्रुटि, लापरवाही र बदनियतपूर्वकको कार्य के कस्तो अवस्थालाई भन्ने ? त्यसको निक्यौंल गर्न पेशागत, सैद्धान्तिक र व्यावहारिक ज्ञानको जरुरी पर्दछ। लेखापरीक्षकलाई कानूनी कारबाही गर्ने सवालमा यी व्यहोराहरू विचारणीय छन्।

सन्दर्भ सामग्री

- नेपालको संविधान, नेपाल कानून आयोग
- लेखापरीक्षण ऐन, २०७५, नेपाल कानून आयोग
- भ्रष्टाचार निवारण ऐन, २०५९, नेपाल कानून आयोग
- नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३, नेपाल कानून आयोग
- नेपाल सरकारी लेखापरीक्षणमान, २०७७, महालेखापरीक्षकको कार्यालय
- सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०, महालेखापरीक्षकको कार्यालय

आर्थिक अनुशासनमा संस्थागत व्यवस्था

- घनश्याम पराजुली
नायब महालेखापरीक्षक

विषय प्रवेश

कुनै खास लक्ष्य प्राप्तिका लागि संस्थागत व्यवस्था गरिएको हुन्छ। संस्थाभित्र कामको विभाजन, एक अर्काको कामबीच समन्वय, अधिकार र दायित्व किटान गरी उद्देश्य प्राप्ति हुने गरी संस्थालाई माध्यम बनाइएको हुन्छ। संस्थालाई प्रभावकारी बनाउन उद्देश्य निर्धारण गरी ती उद्देश्य प्राप्ति हुने गरी विस्तृत क्रियाकलापहरू निर्धारण गरी त्यस्ता क्रियाकलापहरू उपयुक्त व्यक्तिलाई प्रदान गरिएको हुन्छ। लेखा र लेखापरीक्षणलाई व्यवस्थित गर्न विभिन्न संस्थाहरू गठन गरिएका छन्। अन्तर्राष्ट्रियस्तरमा स्थापना भएका संस्थाले राष्ट्रियस्तरका संस्थाहरूको काम कारबाहीलाई मार्गनिर्देश गरेको पाइन्छ। विभिन्न सम्झौता तथा समझदारी अनुरूप अन्तर्राष्ट्रियस्तरका संस्थाको मार्गदर्शन पालना गर्नुपर्ने हुन्छ।

संस्थाको परिचय

संस्थाका विभिन्न अङ्गहरूलाई एकीकृत गर्ने कार्य संगठन संरचना र ढाँचाले बनाएको हुन्छ। यसले काम, कर्तव्य र जिम्मेवारीलाई व्यवस्थित पार्दछ। संस्थाका उद्देश्य प्राप्तिको लागि योग्य व्यक्ति छनौट गर्ने खालको कार्य ढाँचा तयार गरी विभिन्न संरचना बनाई हरेक व्यक्ति अधिकार, दायित्व र जिम्मेवारी किटान गरिएको हुन्छ। संस्थाका उद्देश्य प्राप्तिका लागि विभिन्न व्यक्तिहरूलाई एकै ठाँउमा ल्याएको हुन्छ। हरेक संस्थाको आफ्नै संरचना हुन्छ जुन प्रत्यक्ष रूपमा नदेखिए पनि संगठनका हरेक व्यक्तिले काम गर्ने, कामको प्रतिवेदन गर्ने, कामको सुपरिवेक्षण भइरहेको हुन्छ। संस्थाका लक्ष्य प्राप्तिका लागि तोकिएका कामको आधारमा संरचना खडा गरिएको हुन्छ। संस्थाको उद्देश्य निर्धारणपछि क्रियाकलापहरूको पहिचान र वर्गीकरण गरी क्रियाकलापहरूलाई विभिन्न समूहमा विभाजन गरिएको हुन्छ। यस्ता क्रियाकलाप गर्न तोकिएका व्यक्तिलाई काम गर्ने अख्तियारी प्रदान गरी कार्य सम्पादनको समन्वय र सुपरिवेक्षण गरिएको हुन्छ। प्रस्तुत लेखमा नेपालमा लेखा तथा लेखापरीक्षण सम्बन्धमा जिम्मेवारी तोकिएका संस्थाहरूको अधिकार क्षेत्र, कानूनी व्यवस्था, कार्य सम्पादन अवस्थाको विश्लेषण गर्ने प्रयास गरिएको छ।

राष्ट्रिय संस्था

नेपालमा लेखा र लेखापरीक्षणसम्बन्धी जिम्मेवारी तोकिएका निकायहरू निम्न रहेका छन्:

१. **सार्वजनिक लेखा समितिः** नेपालको संविधानको धारा ९७ मा संघीय कानूनबमोजिम समितिहरू गठन गर्न सकिने व्यवस्थाअनुसार प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ मा सार्वजनिक लेखा, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र सम्बद्ध विषय तथा निकायलाई सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा समेटिएको छ। सोही नियमावलीको नियम १७८(८) मा सार्वजनिक लेखा समितिले सभामा पेस गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजूको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका कामकारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने

कामकारबाही कानूनसम्मत र औचित्यपूर्ण तवरबाट भए/नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने अधिकार तोकिएको छ। समितिलाई नेपालको संविधान र प्रतिनिधि सभा नियमावलीले दिएको कार्य क्षेत्रअनुसारका कार्य सम्पादन गरी हालसम्म २१ वटा प्रतिवेदन पेस गरिसकेको छ।

नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले नियमावलीबमोजिम आवश्यकताअनुसार समिति गठन गर्न सक्ने व्यवस्था अनुसार सार्वजनिक लेखासम्बन्धी विषय र महालेखापरीक्षकको प्रतिवेदनसम्बन्धी कार्यक्षेत्र रहने गरी सबै प्रदेशमा सार्वजनिक लेखा समिति गठन गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति गठन गर्न सक्ने व्यवस्थाअनुसार स्थानीय तहमा लेखा समिति गठन भएका छन्।

२. **महालेखापरीक्षकः** नेपाल सरकारको वैधानिक कानून, २००४ को धारा ६२ मा प्रधान जाँचकी तथा नेपालको अन्तरिम विधान, २००७ को धारा ३३ मा नियन्त्रक महालेखापरीक्षकको व्यवस्था भए पनि कार्यान्वयनमा आउन सकेको थिएन। नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ६१ मा महालेखापरीक्षकको नियुक्ति हुने व्यवस्थाअनुसार संवत् २०१६ आषाढ १५ गते महालेखापरीक्षकको नियुक्ति भएपछि नेपालमा महालेखापरीक्षकसम्बन्धी व्यवस्था कार्यान्वयनमा आएको पाइन्छ। यस्तो व्यवस्थालाई नेपालको संविधान, २०१९ को धारा ७५, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९९, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२२ तथा नेपालको संविधानको धारा २४० ले निरन्तरता दिएको छ।

महालेखापरीक्षकको काम, कर्तव्य र अधिकार जारी भएका सबै संविधानमा उल्लेख भएको पाइन्छ। नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ ले सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था तथा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी सङ्घीय कानूनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी लेखापरीक्षण हुने प्रावधान छ।

नेपालको संविधानको धारा २४१(४) मा महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने लेखा संघीय कानूनबमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था रहेको छ। त्यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा २३ मा सरकारी कार्यालयको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र ढाँचा स्वीकृत गराउने तथा लागू गर्ने, गराउने कर्तव्य महालेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था रहेको छ।

महालेखापरीक्षकले सर्वप्रथम संवत् २०२० आश्विन ३१ मा पहिलो प्रतिवेदन पेस गरेकोमा हालसम्म ६० औं प्रतिवेदन पेस गरिरसकेको छ।

३. **महालेखा नियन्त्रक कार्यालयः** नेपालमा संवत् २००८ पुस १ मा महालेखापालको स्थापना भएकोमा संवत् २०३२ मा महालेखापाललाई महालेखा नियन्त्रक कार्यालयमा परिणत गरेको पाइन्छ। यो कार्यालय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र यो ऐन अन्तर्गत बनेको

नियमको अधीनमा रही सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने, चल, अचल सरकारी सम्पत्तिको अभिलेख राखी प्रतिवेदन गर्ने, आर्थिक प्रशासन सञ्चालन, निर्देशन, नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण गर्ने/गराउने तथा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने गराउने निकायको रूपमा रहेको छ। यो कार्यालय मातहत रहने गरी आर्थिक वर्ष २०३८।३९ देखि स्थापना भएका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रूपमा जिल्लास्थित कार्यालयको आर्थिक कारोबारको रेखदेख, निरीक्षण गर्ने, कार्यालयलाई महालेखा नियन्त्रक कार्यालयको नीति, निर्देशन र प्रचलित कानूनको अधीनमा रही राय सल्लाह दिने लगायतका काम, कर्तव्य र जिम्मेवारी तोकिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा नेपाल सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता,कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालय मातहत हाल ८१ कोष तथा लेखा नियन्त्रक कार्यालय, निवृत्तिभरण व्यवस्थापन कार्यालय र कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय रहेका छन्।

४. **प्रदेश लेखा नियन्त्रक कार्यालयः** प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, प्रदेशको आर्थिक प्रशासन सञ्चालन गर्न निर्देशन दिने, प्रदेश लेखा तयार गर्ने वा गराउने, प्रदेश मातहतका कार्यालयको आन्तरिक लेखापरीक्षण गर्ने वा गराउने तथा प्रदेशको एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकसमक्ष पेस गर्न हरेक प्रदेशमा प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना गरिएको छ।

५. **लेखा उत्तरदायी अधिकृतः** आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन सञ्चालन गर्ने, वार्षिक बजेट तयार गर्ने र बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, लेखा राख्ने वा राख्न लगाउने, वित्तीय विवरण तयार गर्ने वा गराउने, विनियोजन, राजस्व, धरौटी र जिन्सीसमेतको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने, बेरुजू नियमित गर्ने वा गराउने, असुलउपर गर्ने, गराउने, मिनाहा गर्ने वा गराउने र बजेट तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्यअनुरूपको प्रतिफल प्राप्त गर्ने वा गराउने जिम्मेवारी रहेको प्रशासकीय प्रमुखको रूपमा कार्यरत सचिवलाई लेखा उत्तरदायी अधिकृत मानिएको छ।

६. **जिम्मेवार व्यक्तिः** लेखा उत्तरदायी अधिकृतबाट प्राप्त अख्तियारीबमोजिम वा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम निर्धारित कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक वा अन्तिम लेखापरीक्षण गराई बेरुजू फर्स्यौट गर्ने/गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने/गराउने तथा दाखिला गर्ने/गराउने कर्तव्य भएको व्यक्ति र सरकारी कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फर्स्यौट गर्ने जिम्मेवारी भएको गैरसरकारी व्यक्तिलाई जिम्मेवार व्यक्ति मानिएको छ।

७. **बेरुजू फर्स्यौट समितिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४२ मा सामान्य प्रक्रियाबाट फर्स्यौट हुन नसकेका बेरुजू फर्स्यौट गर्न सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको राय लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रतिनिधि सभाको सार्वजनिक

लेखा समितिले तोकेको समितिको सदस्यको अध्यक्षतामा महालेखापरीक्षकले तोकेको उप-महालेखापरीक्षक वा नायब महालेखापरीक्षक, अर्थ मन्त्रालयको सचिव वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत, महालेखा नियन्त्रक वा निजले तोकेको महालेखा नियन्त्रक कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत सदस्य र कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको प्रमुख सदस्य-सचिव रहेने गरी नेपाल सरकारले बेरुजू फस्यौंट समिति गठन गर्न सक्ने व्यवस्था छ। यसरी गठन हुने समितिको कार्य क्षेत्र नेपाल सरकारले तोकिदिएबमोजिम हुने तथा समितिले आफ्नो बैठकसम्बन्धी कार्यविधि आफैं निर्धारण गर्ने अधिकार छ। समितिलाई लेखापरीक्षणबाट देखिएका मस्यौंट, हिनामिना र असुलउपर गर्नुपर्ने ठहरिएको बेरुजू बाहेक नियमित प्रक्रियाबाट फस्यौंट तथा सम्परीक्षण हुन नसकेका कुनै संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय, सचिवालय, विभाग, अदालत वा कार्यालयअन्तर्गतका बेरुजू सम्बन्धित संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय वा सचिवालयबाट सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको पुष्ट्याइँसहित फस्यौंटको निमित्त सिफारिस भई आएमा औचित्यको आधारमा त्यस्तो बेरुजू नियमित वा मिनाहा गरी बेरुजूको लगत कट्टा गर्ने तथा फस्यौंटको निमित्त समितिमा सिफारिस भई आएका बेरुजू फस्यौंट गर्न नमिल्ने भएमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय वा सचिवालयलाई बेरुजू रकम नियमित वा असुलउपर गर्न लेखी पठाउने काम, कर्तव्य र अधिकार तोकिएको भए पनि समिति हालसम्म गठन हुन सकेको छैन।

८. **बेरुजू फस्यौंट अनुगमन समितिः** कार्यालयले गरेको बेरुजू फस्यौंटको अनुगमन गरी बेरुजू फस्यौंट सम्बन्धी काम कारबाहीमा प्रभावकारिता ल्याउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९३ मा बेरुजू फस्यौंट अनुगमन समिति रहने व्यवस्था छ। समितिमा नेपाल सरकारका मुख्य सचिव अध्यक्ष तथा अर्थ मन्त्रालयका सचिव र महालेखा नियन्त्रक सदस्य रहने व्यवस्था छ। समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्ने तथा समितिको सचिवालय अर्थ मन्त्रालयमा रहेको छ।

समितिलाई मन्त्रालय, केन्द्रीय निकाय, विभाग वा कार्यालयले गरेको बेरुजू फस्यौंटसम्बन्धी कामकारबाहीको लेखाजोखा तथा मूल्याङ्कन गर्ने, कायम भएको बेरुजू कम फस्यौंट गर्ने वा फस्यौंट नगर्ने मन्त्रालय, केन्द्रीय निकाय वा वा विभागको प्रमुखलाई समितिमा उपस्थित गराई छलफल गर्ने, कायम भएको बेरुजू फस्यौंट नगर्ने वा नगराउने कार्यालय प्रमुख र कर्मचारीलाई मूल्याङ्कनको आधारमा कारबाहीको लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने र यसरी दिइएको निर्देशन माथि कारबाही नगरेको पाइएमा लेखा उत्तरदायी अधिकृतउपर विभागीय कारबाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने, सम्बन्धित मन्त्रालय, केन्द्रीय निकाय वा विभागलाई बेरुजू फस्यौंट गर्न आवश्यक निर्देशन दिने र बेरुजू फस्यौंटसम्बन्धी कारबाही शुरु गरे वा नगरेको वा असुलउपर गर्नुपर्ने भनी ठहऱ्याएको बेरुजू तोकिएको समयभित्र असुलउपर गरे नगरेको तथा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाए नपठाएको सम्बन्धमा अनुगमन गर्ने, बेरुजू फस्यौंटसम्बन्धी काम कारबाहीको सम्बन्धमा प्रत्येक तीन महिनामा सम्बन्धित मन्त्रालय, केन्द्रीय निकाय वा विभागबाट असुलउपर वा नियमित भएको र पेस्की बेरुजूको अङ्क समेत खुलाई प्रगति विवरण माग गरी तोकिएको ढाँचामा अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सङ्घीय संसदको सार्वजनिक लेखा समितिमा पेस गर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ।

समितिले समितिको सचिवालयको नियमित काम काज गर्न र बेरुजू अङ्क बढी हुने केन्द्रीय निकायमा बेरुजू फस्यौंटसम्बन्धी कार्य गर्नको लागि अर्थ मन्त्रालयको सहमतिमा स्वीकृत अस्थायी दरबन्दीमा विषय विशेषज्ञसहित आवश्यकताअनुसार करारमा कर्मचारी नियुक्त गर्न सक्छ। समितिले आफ्नो बैठकसम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्ने व्यवस्था गरिएको छ।

९. **कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयः** नेपालमा संवत् १८२८ वैशाख ६ मा सरकारी अड्डाको हिसाब तथा असुली गर्ने उद्देश्यले कुमारीचोक अड्डाको स्थापना भएको पाइन्छ। राणाकालमा कुमारीचोक अड्डा तहसिलको रूपमा रहेको र तहसिलअन्तर्गत देवानी, कोतवाली, फौजदारी र कुमारीचोक गरी चार फाँट रहेका थिए। तहसिललाई सरकारी बाँकी रकम असुलउपर गर्ने जिम्मेवारी तोकिएको थियो। संवत् २०१८ मा सबै तहसिलहरूलाई एकीकरण गरी सबै खाले सरकारी बाँकी रकम असुलउपर गर्न स्रेस्ता अदालतको स्थापना गरियो। संवत् २०३२ मा सबै सरकारी बाँकी रकमहरू असुलउपर गर्ने जिम्मेवारी तोकी स्रेस्ता अदालतलाई केन्द्रीय तहसिल कार्यालयमा रुपान्तरण गरिएकोमा संवत् २०५० मा कुमारीचोक अड्डा र केन्द्रीय तहसिल कार्यालय एकीकरण गरियो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४९ मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र अन्य प्रचलित कानूनबमोजिम जिम्मेवार व्यक्तिबाट असुलउपर गर्नुपर्ने रकम तथा नेपाल सरकारसँग गरेको शर्तनामाअनुसार बुझाउनुपर्ने रकम नबुझाएको वा सरकारी नगदी तथा जिन्सी सम्पत्ति हिनामिना गर्ने व्यक्तिबाट त्यस्तो रकम असुलउपर लागि सम्बन्धित निकायबाट लेखी आएमा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले जिम्मेवार व्यक्तिबाट त्यस्तो रकम असुलउपर गर्न लगत कायम गरी लगत कायम भएको रकम असुलउपर गर्ने दायित्व कार्यालयलाई तोकिएको छ।

कार्यालयमा लगत कायम रहेको असुलउपर गर्नुपर्ने रकम सम्बन्धित प्रदेश वा स्थानीय तहबाट असुलउपर गर्न सहज हुने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई लगत हस्तान्तरण गरी असुलउपर गर्न गराउन सकिन्छ।

प्रचलित कानूनबमोजिम प्रदत्त अधिकार प्रयोग गरी अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसलाबमोजिमको दण्ड जरिबाना तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले त्यस्तो दण्ड जरिबाना नतिरे नबुझाएमा सम्बन्धित अर्धन्यायिक निकाय वा अधिकारी वा त्यस्तो अर्धन्यायिक निकायको प्रमुखले त्यस्तो दण्ड जरिबानाको विवरण उल्लेख गरी दण्ड जरिबाना असुलउपर गर्नको लागि यस कार्यालयमा पठाउनुपर्दछ। यसबमोजिम विवरण प्राप्त हुन आएमा कार्यालयले सो विवरण बमोजिम लगत कसी सम्बन्धित व्यक्तिबाट त्यस्तो फैसला वा आदेशबमोजिमको दण्ड जरिबाना सरकारी बाँकी सरह असुलउपर गरी सञ्चित कोषमा जम्मा गर्नुपर्दछ। यस अनुसारको जरिबाना असुलउपर भएपछि कार्यालयले त्यसको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा सम्बन्धित अर्धन्यायिक निकायको प्रमुखलाई दिनुपर्दछ।

कार्यालयले असुलउपर गर्नुपर्ने रकम असुलउपर गर्दा सम्बन्धित व्यक्ति, संस्था वा पदाधिकारीसँग आवश्यक प्रमाण बुझ्ने, बयान गराउने, साक्षी झिकाउने लगायत प्रचलित कानूनको अधीनमा रही थुनामा राखी कारबाही गर्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्दछ। कार्यालयले असुलउपर गर्नुपर्ने ठहरी लगत कसिएको बेरुजू वा दण्ड जरिबाना असुलउपर

गर्दा कार्यालय आफैले वा अन्य कार्यालयद्वारा असुलउपर गराउन सक्दछ। कार्यालयले असुलउपर गर्ने कार्यमा सहयोग गरिदिन लेखी आएको अवस्थामा सम्बन्धित कार्यालयले आवश्यक सहयोग उपलब्ध गराई दिनुपर्दछ।

कार्यालयलाई सरकारी बाँकी असुलउपर गर्नुपर्ने व्यक्तिले कुनै सरकारी निकायबाट तलब, भत्ता, निवृत्तभरण, उपदान वा अन्य कुनै प्रकारको भुक्तानी पाउने रहेछ भने त्यस्तो भुक्तानी रोक्का गरी असुलउपर गर्नुपर्ने रकम कट्टा गर्न वा सम्बन्धित व्यक्तिको बैङ्क खाता तथा सम्पत्ति रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउने, सरकारी बाँकी तिर्नुपर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाम र बाँकी रकमको लगत प्रत्येक वर्ष अद्यावधिक गरी सम्बन्धित केन्द्रीय निकायमा पठाउने, सरकारी रकम असुलउपर गर्नुपर्ने व्यक्ति वा निजको जमानी बस्ने व्यक्तिले जेथा जमानी दिएको भए त्यस्तो जायजेथा खोजतलास गरी रोक्का राख्न लगाउने, कुनै विदेशी नागरिक, अन्तर्राष्ट्रिय फर्म, संस्था, कम्पनीबाट सरकारी बाँकी असुल गर्नुपर्ने भएमा सो असुलउपर गर्न प्रचलित कानूनबमोजिम परराष्ट्र मन्त्रालयमार्फत् सम्बन्धित विदेशी मुलुक वा निकायमा लेखी पठाउने थप काम, कर्तव्य र अधिकार समेत दिइएको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।६।११ को निर्णयले आर्थिक वर्ष २०५९।६० सम्मको बेरुजूको लगत राखी सोमध्ये सरकारी हानि नोक्सानी वा मस्यौट भएको बाहेक अन्य बेरुजू सम्बन्धित मन्त्रालयका सचिव वा अधिकार प्राप्त निकायका प्रमुखले गरेको फछ्यौंटका आधारमा लगत कट्टा गर्ने र सोको विवरण चौमासिक रूपमा महालेखापरीक्षकको कार्यालय, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने तथा सो कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्ने गरी जिम्मेवारी तोकिएको छ। यसैगरी कार्यालयलाई बेरुजू फस्यौंट समितिको सचिवालयको रूपमा समेत काम गर्ने जिम्मेवारी दिइएको छ।

१०. **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाः** राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखाको महत्त्व तथा लेखा व्यवसायीको आर्थिक तथा सामाजिक उत्तरदायित्व प्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिवृद्धि गर्न र लेखा व्यवसाय एवं लेखाको महत्त्वप्रति लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र संवर्द्धन गर्न अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित र संगठित संस्थाको रूपमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अनुसार २०५३ साल माघ १७ गते स्थापना भएको हो। संस्थाको उद्देश्यहरू राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखा व्यवसायको सुदृढीकरण गरी विकसित गर्दै लैजान सदस्यलाई आचारसंहिताको परिधिभित्र रही लेखा व्यवसाय गर्न उत्प्रेरित गर्ने नियमनकारी निकाय (रेगुलेटरी बडी) को भूमिका निर्वाह गर्ने, लेखाको महत्त्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्वप्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता एवं विश्वास अभिवृद्धि गर्ने, लेखा व्यवसाय र लेखाको महत्त्वप्रति लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र संवर्द्धन गर्ने र लेखा व्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन लेखा व्यवसायीको दर्ता, योग्यता तथा परीक्षा प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुरूप विकसित गर्ने रहेका छन्।

परिषद्लाई लेखा व्यवसायमा प्रवेश गर्नेहरूको लागि परीक्षा सञ्चालन गर्ने, संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त सदस्यमा नाम दर्ता गर्ने सम्बन्धी कार्यविधि निर्धारण गर्ने, निर्धारित

योग्यता पुगेको व्यक्तिलाई सदस्यता प्रदान गर्ने, उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी लेखा व्यवसायको समन्वयात्मक विकास गर्ने, लेखा व्यवसायको विकासको लागि दक्ष जनशक्तिको लागि चाहिने योग्यता निर्धारण गर्ने, सदस्यता प्राप्त गर्न आवश्यक पर्ने योग्यता हासिल गर्नको लागि आवश्यक पाठ्यक्रम र व्यवहारिक तालिमको निर्धारण गर्ने, विश्वविद्यालय वा अन्य शैक्षिक संस्थाको सहयोगमा वा संस्था स्वयंले विभिन्न शिक्षण तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने, लेखा व्यवसाय गर्नको निमित्त सदस्यहरूलाई पेशागत प्रमाणपत्र दिने, सदस्यहरूलाई वृत्ति विकासका अवसरहरू प्रदान गरी निजहरूको दक्षतामा अभिवृद्धि गराउने, सदस्य तथा पेशागत प्रमाणपत्र प्राप्त सदस्यले व्यवसायिक आचारसंहिताअनुरूप काम गरे/नगरेको अनुगमन गर्ने र सो विपरीत काम गरेको पाइएमा अनुशासन समितिको सिफारिसअनुरूप कारबाही गर्ने, लेखा र लेखापरीक्षणका विविध पक्षमा सैद्धान्तिक वा व्यवहारिक निर्देशन र मार्गदर्शन दिने तथा व्यावसायिक विकासका काम गर्ने, लेखामान बोर्ड तथा लेखापरीक्षणमान बोर्डद्वारा व्यवस्थित वा सिफारिस गरिएका लेखा तथा लेखापरीक्षणमान पालना गर्ने, गराउने र सोको पालना भए/नभएको नियमन गर्ने, सदस्यहरूको हकहितको सुरक्षा एवं प्रतिष्ठाको संरक्षण तथा संवर्द्धन गर्ने, उद्योग, वाणिज्य, अर्थ, राजस्व तथा लेखा व्यवसायसँग सम्बन्धित विषयका विभिन्न प्रचलित कानूनहरूको सुधार गर्न सरकारलाई राय सुझाव दिने, अन्तर्राष्ट्रिय लेखा व्यवसायी महासंघ तथा क्षेत्रीय र उपक्षेत्रीय महासंघहरूको सदस्यता ग्रहण गर्ने तथा अन्य मुलुकका लेखा व्यवसायी संस्थाहरूसँग सम्पर्क स्थापना गर्ने, विश्वविद्यालय तथा अन्य शिक्षण संस्थासँग समन्वय राखी लेखा शिक्षाको उपयुक्त शैक्षिक मापदण्ड सिफारिस गर्ने, दर्तावाला लेखापरीक्षकहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम, गोष्ठी र सेमिनार सञ्चालन गर्ने, सेवारत लेखा जनशक्तिको भलाइका लागि अल्पकालीन वा दीर्घकालीन तालिम, गोष्ठी आदि सञ्चालन गर्ने, लेखा व्यवसायसँग सम्बन्धी सामग्री प्रकाशन तथा पुस्तकालय सञ्चालन गर्ने, परिषद्ले गठन गरेका समितिहरूको कार्यविधि निर्धारण गर्ने, संस्थाको बजेट स्वीकृत गर्ने तथा कोषको प्रबन्ध गर्ने, संस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरू नियुक्त गर्ने र निजहरूको पारिश्रमिक तथा अन्य सुविधा तोक्ने, सदस्यको लागि अनवरत व्यावसायिक शिक्षाको व्यवस्था गर्ने, लेखा प्राविधिज्ञ तयार गर्न शिक्षा प्रणालीको विकास र तत्सम्बन्धी आवश्यक कार्य गर्ने, चार्टर्ड एकाउन्टेन्ट्स ऐनको उद्देश्य पूरा गर्न आवश्यक पर्ने तथा सो ऐन र सो अन्तर्गत बनेका नियम, विनियममा उल्लेख भएका अन्य काम गर्ने लगायतका काम कर्तव्य र अधिकार तोकिएको छ।

परिषद्को काम कारबाहीलाई व्यवस्थित गर्न परिषद् मातहत ४ वटा स्थायी समिति (अनुशासन समिति, परीक्षा समिति, कार्यकारिणी समिति, पेशागत विकास समिति) तथा १२ वटा अस्थायी समिति (आचरण समिति, मान कार्यान्वयन पुनरावलोकन समिति, लेखापरीक्षण समिति, सार्वजनिक वित्त र नेपसास समिति, उद्योगमा सदस्य समिति, दर्तावाल लेखापरीक्षक सदस्य क्षमता विकास समिति, महिला नेतृत्व समिति, वित्त, कर तथा अनुसन्धान समिति, सूचना प्रविधि समिति, सल्लाहकार समिति, दिगोपना प्रतिवेदन समिति, अनुगमन तथा वित्तीय प्रतिवेदन पुनरावलोकन समिति) एवम् अध्ययन परिषद्, लेखा प्राविधिज्ञ परिषद्, गुणस्तर आश्वस्तता परिषद्लगायतका समितिहरू रहेका छन्। परिषद्मा चार्टर्ड एकाउन्टेन्ट्स सदस्य १२७३ र दर्तावाला लेखापरीक्षक २८५१ (ख वर्गका १३७०, ग वर्गका ५५४ र घ वर्गका ९२७) सदस्य रहेका छन्।

११. **लेखापरीक्षण मान बोर्डः** लेखा व्यवसाय र लेखापरीक्षणलाई सुव्यवस्थित र नियमन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को परिच्छेद ३ख मा नेपाल सरकारले लेखापरीक्षणमान

बोर्डको गठन गर्ने व्यवस्थाअनुसार २०५९ फागुन २६ मा लेखापरीक्षणमान बोर्डको गठन भएको हो।

बोर्डलाई लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षणमान (इन्टरनेशनल स्टैण्डर्स अन अडिटिङ) समेतको आधार लिई लेखापरीक्षणमानको व्यवस्था गर्ने, लेखापरीक्षणमानको विकास गर्न उपयुक्त विधि तयार गर्ने र लेखापरीक्षणमानसम्बन्धी सामग्री प्रकाशन गर्ने, लेखापरीक्षणमानको संशोधन, सुधार र परिमार्जन गर्ने, लेखापरीक्षणमानको व्याख्या गर्ने र लेखापरीक्षणमानसम्बन्धी अन्य काम गर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ।

बोर्डको कामलाई सहज, सामयिक छिटो छरितोबाट सम्पादन गरी बोर्डका उद्देश्य हासिल गर्न बोर्डमा नेपाल लेखापरीक्षणमान तथा आश्वस्ततामान पुनरावलोकन, संशोधन तथा विकास प्राविधिक समिति, अन्तर्राष्ट्रिय सम्बन्ध, रणनीतिक योजना, तालिम र क्षमता विकास समिति, लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन र नियुक्ति समिति, सल्लाहकार समिति तथा नीति, कार्यक्रम र बजेट तर्जुमा समितिलगायतका समिति रहेका छन्। बोर्डले हालसम्म ४८ वटा मान स्वीकृत गरेको छ।

१२. **लेखामान बोर्डः** लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को परिच्छेद ३क अनुसार नेपाल सरकारले लेखामान बोर्डको गठन गर्ने व्यवस्थाअनुसार २०५९ असार २४ मा लेखामान बोर्डको गठन भएको हो। बोर्डलाई लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्न अन्तर्राष्ट्रिय लेखामान (इन्टरनेशनल एकाउन्टिङ स्टैण्डर्स) समेतको आधार लिई लेखामानको व्यवस्था गर्ने, लेखामानको विकास गर्न उपयुक्त विधि तयार गर्ने र लेखामानसम्बन्धी सामग्री प्रकाशन गर्ने, लेखामानको संशोधन, सुधार र परिमार्जन गर्ने, लेखामानको व्याख्या गर्ने र लेखामानसम्बन्धी अन्य काम गर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ।

बोर्डको कामलाई सहज, सामयिक छिटो छरितोबाट सम्पादन गरी बोर्डका उद्देश्य हासिल गर्न बोर्डमा सल्लाहकार समिति, मान विकास र पुनरावलोकन प्राविधिक समिति, नेपाल लेखामान व्याख्या समिति, पेशागत विकास समिति, लेखापरीक्षण समिति, बजेट तर्जुमा समिति, रणनीतिक योजना तर्जुमा कार्यदल, प्रकाशन समिति, एसियन ओसिइनमान तर्जुमाकार समूह (AOSSG) बैठक तयारी समिति, नीति तथा विनियम तर्जुमा समिति, बारम्बार सोधिने प्रश्न तयारी समिति, साना तथा मझौला निकायका लागि नेपाल वित्तीय प्रतिवेदनमान पुनरावलोकन र संशोधन उपसमिति, साना निकायका लागि लेखामान पुनरावलोकन र संशोधन उपसमिति, नाफा नकमाउने संस्थाका लागि लेखामान पुनरावलोकन र संशोधन उपसमितिलगायतका समिति गठन गरिएको छ।

बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान ६२ वटा (नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) १७, नेपाल लेखामान (NAS) २५, नेपाल वित्तीय प्रतिवेदन मान व्याख्या (IFRIC १८ र SIC ५), एनएफआरएस फर एसएमईज २०१७, एनएसए फर एमईज २०१८, एनएसए फर एनपीओज २०१८ तथा नेपाल वित्तीय प्रतिवेदन मान लागू गर्न पाइने छुट (Carve-out) जारी गरेको छ।

१३. **लेखापरीक्षण समितिः** कम्पनी ऐन, २०६३ को दफा १६४ र १६५ मा लेखापरीक्षण समितिको व्यवस्था गरिएको छ। तीन करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएका सूचीकृत कम्पनी वा

नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका कम्पनीले कम्पनीको दैनिक कार्यसञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको सञ्चालकको अध्यक्षतामा कम्तीमा तीन जना सदस्य रहेको लेखापरीक्षण समिति गठन गर्नुपर्दछ। यसरी गठन हुने समितिले कम्पनीको लेखा तथा वित्तीय बिवरणहरू (फिनान्सियल स्टेटमेन्ट) को पुनरावलोकन गरी त्यस्तो विवरणहरूमा उल्लिखित तथ्यको सत्यता यकिन गर्ने, कम्पनीको आन्तरिक वित्तीय नियन्त्रण प्रणाली (इन्टरनल फिनान्सियल कन्ट्रोल सिष्टम) तथा जोखिम व्यवस्थापन प्रणाली (रिस्क म्यानेजमेन्ट सिष्टम) को पुनरावलोकन गर्ने, कम्पनीको आन्तरिक लेखापरीक्षणसम्बन्धी कार्यको सुपरिवेक्षण तथा पुनरावलोकन गर्ने, कम्पनीको लेखापरीक्षकको नियुक्तिका लागि सम्भावित लेखापरीक्षकहरूको नाम सिफारिस गर्ने, लेखापरीक्षकको पारिश्रमिक तथा नियुक्तिका शर्तहरू निर्धारण गरी अनुमोदनका लागि साधारण सभामा पेस गर्ने, कम्पनीको लेखापरीक्षकले लेखापरीक्षणसम्बन्धी कार्य गर्दा प्रचलित कानूनअनुसार अधिकारप्राप्त निकायले निर्धारण गरेका आचरण, मापदण्ड तथा निर्देशिका पालन गरे वा नगरेको कुराको रेखदेख तथा पुनरावलोकन गर्ने, प्रचलित कानूनअनुसार अधिकार प्राप्त निकायले तयार गरेका आचरण, मापदण्ड तथा निर्देशिकाको आधारमा लेखापरीक्षकको नियुक्ति तथा छनौटका सम्बन्धमा कम्पनीले अवलम्बन गर्नुपर्ने नीति तय गर्ने, कम्पनीको लेखासम्बन्धी नीति तयार गरी लागू गर्ने/गराउने, नियमनकारी निकायले कम्पनीको लेखापरीक्षण प्रतिवेदनमा खुलाउनुपर्ने विस्तृत विवरण (लंग फम अडिट रिपोर्ट) को व्यवस्था गरेको भए त्यस्तो विवरण तयार गर्न आवश्यक शर्तहरू पूरा गर्ने, कम्पनीको लेखा, वित्तीय व्यवस्था तथा लेखापरीक्षणका सम्बन्धमा सञ्चालक समितिले तोकिदिएका कार्य गर्ने काम, कर्तव्य तथा अधिकार तोकिएको छ।

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ३४ मा लेखापरीक्षण समितिको गठन गर्ने व्यवस्था रहेको छ। समितिलाई बैङ्कको लेखा, बजेट तथा लेखापरीक्षण कार्यविधि र नियन्त्रण व्यवस्थाका सम्बन्धमा आफ्नो प्रतिवेदन तथा सुझाव पेस गर्ने, बैङ्कको आवधिक वासलात तथा अन्य कागजातको लेखापरीक्षण र त्यस्ता कागजात ठीकसँग तयार भए नभएको यकिन गर्ने, बैङ्कले अपनाएको उपयुक्त जोखिम व्यवस्था कार्यान्वयनको सुपरिवेक्षण गर्ने लगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ।

बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६० मा बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समितिले गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा तीन सदस्य भएको लेखापरीक्षण समिति गठन गर्नुपर्दछ। समितिले बैङ्क वा वित्तीय संस्थाको लेखा, बजेट तथा आन्तरिक लेखापरीक्षण कार्यविधि, आन्तरिक नियन्त्रण व्यवस्था उपयुक्त भए नभएको र भएमा सोको पालना भए/नभएको अनुगमन तथा सुपरिवेक्षण गर्ने, बैङ्क वा वित्तीय संस्थाको लेखा र बहीखाताको आन्तरिक लेखापरीक्षण गराउने र त्यस्ता कागजात प्रचलित कानून, राष्ट्र बैङ्कको नियमन तथा निर्देशनबमोजिम ठीकसँग तयार भए/नभएको बारे यकिन गर्ने, बैङ्क वा वित्तीय संस्थामा लागू भएको प्रचलित कानून पूर्ण रूपमा पालना भएको छ भनी विश्वस्त हुन बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन र सञ्चालकको नियमित व्यवस्थापकीय तथा कार्य सम्पादनको परीक्षण गर्ने, गराउने, बैङ्क वा वित्तीय संस्थामा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन वा सो ऐनअन्तर्गत बनेको नियम, विनियम, नीति वा दिइएको निर्देशनबमोजिम कामकारबाही भए नभएको अनुगमन गर्ने र सोको प्रतिवेदन सञ्चालक समितिसमक्ष पेस गर्ने, बाह्यय लेखापरीक्षकको नियुक्तिको लागि तीन जना लेखापरीक्षकको नाम सिफारिस गर्ने

तथा सञ्चालक समितिबाट माग गरिएको विषयमा राय दिने लगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ।

सहकारी ऐन, २०७४ को दफा ४८ मा सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न योग्यता पुगेका एक जना संयोजक र दुई जना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नुपर्दछ। समितिलाई लेखासम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षणसम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभासमक्ष पेस गर्ने लगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ।

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ४२ मा निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको सदस्यको संयोजकत्वमा लेखापरीक्षण समिति रहने व्यवस्था छ। लेखापरीक्षण समितिलाई कोषको लेखा, बजेट तथा लेखापरीक्षण कार्यविधि र नियन्त्रण व्यवस्थाका सम्बन्धमा आफ्नो प्रतिवेदन तथा सुझाव समितिमा पेस गर्ने, कोषको आवधिक वासलात, वित्तीय विवरण तथा अन्य कागजातको लेखापरीक्षण र त्यस्ता कागजात ठीकसँग तयार भए/नभएको बारे यकिन गर्ने, कोषले अपनाएको उपयुक्त जोखिम व्यवस्था कार्यान्वयनको सुपरिवेक्षण गर्ने, कोषमा लागू भएको प्रचलित कानून पूर्णरूपमा पालना भएको छ भनी विश्वस्त हुन कोषको प्रशासन र सञ्चालनको नियमित व्यवस्थापकीय तथा कार्यसम्पादनको लेखापरीक्षण गर्ने र प्रचलित कानून तथा अन्तर्राष्ट्रिय लेखा मापदण्डअनुरूप कोषको आर्थिक प्रशासन तथा लेखापरीक्षण कार्यको निमित्त विनियमको मस्यौदा गरी स्वीकृतिको लागि समितिसमक्ष पेस गर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ।

बीमा ऐन, २०७९ को दफा २३ मा बीमा प्राधिकरणको सञ्चालक समितिले समितिप्रति उत्तरदायी हुने गरी समितिले तोकेको एक जना सञ्चालकको संयोजकत्वमा समितिले तोकेको सम्बन्धित विषयको विज्ञ एक जना सदस्य रहेको लेखापरीक्षण समिति गठन गर्न सक्ने व्यवस्था छ। समितिको सचिवको रूपमा प्राधिकरणको आन्तरिक लेखापरीक्षण हेर्ने विभागीय प्रमुखले कार्य गर्नुपर्ने व्यवस्था छ।

यसैगरी सोही ऐनको दफा ८५ मा इजाजतपत्र प्राप्त बीमकले बीमा व्यवसाय प्रारम्भ गरेको तीस दिनभित्र सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको संयोजकत्वमा तीन सदस्यीय लेखापरीक्षण समिति गठन गर्नुपर्दछ। यसरी गठन हुने समितिमा बीमकको अध्यक्ष, कार्यकारी प्रमुख, लेखा प्रमुख वा निजको नातेदार सदस्य हुन नपाउने व्यवस्था छ। लेखापरीक्षण समितिलाई बीमकको वित्तीय विवरणको समीक्षा गरी त्यस्ता विवरणमा उल्लिखित सूचनाको आधार, सत्यता र यथार्थतामा यकिन गर्ने, बीमकको लेखा, बजेट, आन्तरिक नियन्त्रण प्रणाली उपयुक्त भए/नभएको, अनुगमन गरी यकिन गर्ने, बीमकको खरिद प्रणाली उपयुक्त र मितव्ययी भए वा नभएको सम्बन्धमा निरीक्षण र अनुगमन गर्ने, बीमकको बहीखाता, आन्तरिक लेखापरीक्षण प्रणालीको अभिलेखका कागजात वा विद्युतीय अभिलेख उपयुक्त ढङ्गबाट राखिएको छ, छैन यकिन गर्ने, बीमा जोखिमाङ्कन, बीमा दाबी, लगानी, पुनर्बीमा सम्बन्धी कार्य ठिक ढङ्गबाट भए वा नभएको र सो सम्बन्धी अधिलेख उपयुक्त ढङ्गमा राखिएको वा नराखिएको यकिन गर्ने, बीमकको लेखा, लेखापरीक्षण, वासलात वा वित्तीय विवरण बीमा ऐन वा बीमा ऐनअन्तर्गत बनेको नियमावलीबमोजिम प्राधिकरणबाट जारी भएको निर्देशन वा बीमकको नियमावलीबमोजिम भए वा नभएको यकिन गर्ने,

बीमकको लेखापरीक्षक नियुक्तिका लागि तीन जना लेखापरीक्षकको नाम सिफारिस गर्ने, बीमकको सञ्चालक समितिले माग गरेको विषयमा राय तथा परामर्श दिने, बीमकले बीमा प्राधिकरणले दिएको निर्देशन पालना गरे वा नगरेको यकिन गर्ने लगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ। लेखापरीक्षण समितिले आफ्नो काम कारबाहीको प्रतिवेदन बीमकको सञ्चालक समितिमा पेस गर्नुपर्दछ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा २३क मा आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कर्मचारी सञ्चय कोषमा लेखापरीक्षण समिति रहेको छ।

अन्तर्राष्ट्रिय संस्था

अन्तर्राष्ट्रिय क्षेत्रमा लेखा र लेखापरीक्षणलाई व्यवस्थित गर्न महत्त्वपूर्ण योगदान गर्ने निकायहरू निम्न रहेका छन्:

१. **सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनः** सन् १९५३ नोभेम्बर ४ मा क्युवाको सर्वोच्च लेखापरीक्षण संस्थाका अध्यक्ष इमिलियो फरनान्डेज क्यामसको प्रयासमा क्युवाको हवानामा भएको सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सम्मेलनमा सहभागी ३४ देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरूले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (International Organization of Supreme Audit Institution, INTOSAI) को स्थापना गरी हरेक ३ वर्षमा सम्मेलन गर्ने निर्णय भएको थियो। संगठन स्वायत्त, स्वतन्त्र, गैरराजनीतिक, गैरसरकारी, व्यावसायिक एवम् सरकारी लेखापरीक्षण समुदायको छाता संगठनको रूपमा रहेको छ। संगठन संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद् (ECOSOC) को सल्लाहकारी निकायको रूपमा रहेको छ। संगठनले सर्वोच्च लेखापरीक्षण संस्थाहरूबीच ज्ञानको आदान-प्रदान गर्न, सरकारी लेखापरीक्षणमा सुधार गर्न, पेशागत क्षमता अभिवृद्धि गर्न संस्थागत सहयोग गर्दछ। संगठनको सचिवालय अष्ट्रियाको भियनामा रहेको छ। संगठनको मूल नारा आपसी सहयोगले सबैलाई फाइदा (Mutual Experience Benefits All, Experientia Mutua Omnibus Prodost) भन्ने रहेको छ।

संगठन सन् १९९२ सम्म निर्णय (Standing Order) को आधारमा सञ्चालन हुँदै आएकोमा सन् १९९२ देखि विधान (Statutes) अनुसार कार्य सञ्चालन गरिरहेको छ। संगठनका सम्बन्धमा संयुक्त राष्ट्रसंघ (UN General Assembly Resolution A/66/209 on SAI Independence) ले समेत मान्यता प्रदान गरेको छ। संगठनका १९५ पूर्ण (Full) सदस्य र ५ आबद्ध (Associate) सदस्य तथा १ Affiliate सदस्य रहेका छन्। संगठनका मुख्य अंग (Organ) ५ वटा (Congress or INCOSAI), Governing Board, General Secretariat, INTOSAI Goal Committee, Supervisory Committee on Emerging Issues, SCEI) रहेका छन् भने स्वतन्त्र कानूनी निकायमा २ वटा (International Journal of Government Auditing (IJGA), INTOSAL Development Initiative - IDI) र क्षेत्रीय संगठन ७ वटा (AFROSAI, ARABOSAI, ASOSAI, CAROSAI, EUROSAI, OLACEFS, PASAI) रहेका छन्। संगठनको लक्ष्य समिति (INTOSAI Goal Committee) मा संगठनको रणनितिक योजनामा उल्लेख भएका ४ वटा लक्ष्यअनुसार ४ वटा मुख्य समिति तथा १ फोरम (Goal 1: Professional Standard Committee (PSC), Goal 2: Capacity Building Committee (CBC), Goal 3: Knowledge Sharing Committee (KSC), Goal 4:

Policy, Finance and Administration Committee (PFAC), Forum for INTOSAI Professional Pronouncement (FIPP) रहेका छन्।

संगठनका ४ वटा लक्ष्य समिति मध्ये लक्ष्य १ को समिति (PSC) मातहत ४ वटा उपसमिति (Financial Audit and Accountancy Subcommittee (FAAS), Compliance Audit Subcommittee (CAS), Performance Audit Subcommittee (PAS), Subcommittee on Internal Control Standards - ICS), लक्ष्य २ को समिति (CBC) मातहत २ उप समिति (Subcommittee on Cooperative Audits, Subcommittee on Peer Reviews), २ कार्य समूह (Task Forces) हरू (Task Force INTOSAI Auditor Professionalization (TFIAP), Task Force on Citizen Participation and Civil Society Engagement (TFCP), तथा ६ कार्य निकाय (Work Streams) हरू (SAI Performance Measurement Framework (SAI PMF), SAI Self-Assessment of Integrity (IntoSAINT), Auditing in Complex and Challenging Context (ACCC), Peer-to-peer Cooperation (P2P), Audit of Donor Funds, Regional Forum for Capacity Development - RFCD) रहेका छन्। यसै गरी लक्ष्य ३ अन्तर्गतको समिति (KSC) मातहत १२ कार्य समूह (Working Groups) हरू (Working Group on Public Debt (WGPD), Working Group on IT Audit (WGITA), Working Group on Environmental Auditing (WGEA), Working Group on the Fight Against Corruption and Money Laundering (WGFACML), Working Group on SDGs and Key Sustainable Development Indicators (WGSDG KSDI), Working Group on Value and Benefits of SAI (WGVBS), Working Group on Financial and Economic Stability (WGFES), Working Groups on Audit of Extractive Industries (WGEI), Working Group on Evaluation of Public Policies and Programs (WGEPPP), Working Group on Public Procurement Audit (WGPPA), Working Group on Big Data (WGBD), Working Group on Impact of Science and Technology on Auditing (WGISTA) र चौथो लक्ष्य समिति (PFAC) मातहत २ वटा (INTOSAI-Donor Steering Committee (IDSC), Task Force INTOSAI Communication (TFIC) समिति रहेका छन्।

२. **लेखा व्यवसायीहरूको अन्तर्राष्ट्रिय महासंघः** सन् १९७७ को अक्टोबर ७ मा अफ्रिका र मध्यपूर्व क्षेत्रका ६ वटा, एसिया क्षेत्रका १३ वटा, अस्ट्रेलिया र ओसेनिया क्षेत्रका ४ वटा, युरोप क्षेत्रका २५ वटा, ल्याटिन अमेरिका र क्यारेवियन क्षेत्रका ११ वटा र उत्तर अमेरिकी क्षेत्रका ४ वटा गरी ५१ देशका ६३ वटा लेखा व्यवसायीहरूको जर्मनीको म्युनिखमा भएको ११ औं विश्व सम्मेलन (World Congress of Accountants) ले सार्वजनिक हितका लागि विश्वव्यापी रूपमा लेखा व्यवसायलाई सुदृढ गर्न लेखा व्यवसायीहरूको अन्तर्राष्ट्रिय महासंघ (International Federation of Accountants, IFAC) को स्थापना गरेको देखिन्छ। महासंघमा शुरुमा ६३ वटा लेखाव्यवसायी संस्थाहरू संस्थापक सदस्य रहेकोमा जून २०२३ सम्ममा १३५ देश (Jurisdictions) का १८० लेखाव्यवसायी संगठनहरू (Professional Accountancy Organisations, PAOs) सदस्य रहेका छन्। महासंघको सभा र परिषद्को पहिलो बैठकले महासंघका समितिहरूका पहिलो ५ वर्षका क्रियाकलापहरूलाई निर्देशित गर्न १२ बुँदे कार्य यो जना (12 point work program) विकास गरी कार्य सञ्चालन गरेकोमा ती बुँदाहरू हालसम्म पनि महासंघको मार्गदर्शक बुँदाको रूपमा रहेको पाइन्छ। महासंघ नाफा नकमाउने संस्थाको रूपमा स्वीस देवानी संहिता अनुसार दर्ता भई अवछिन्न निकायको रूपमा महासंघको विधान र विनियमावलीबमोजिम कार्यसञ्चालन गरिरहेको छ। महासंघको मुख्य कार्यालय संयुक्त राज्य अमेरिकाको न्युयोर्क शहरमा रहेको छ।

महासंघको परिषद्मा हरेक सदस्यबाट एक जनाले प्रतिनिधित्व गरेका हुन्छन्। त्यस्तै महासंघमा अध्यक्ष र उपाध्यक्ष समेत बढीमा २२ जना अतिरिक्त सदस्य रहेको बोर्ड रहेको छ।

महासंघअन्तर्गत विभिन्न क्षेत्रीय समूहहरू रहेका छन्। उदाहरणको लागि एसिया प्यासिफिक क्षेत्रमा (Confederation of Asia and Pacific Accountatnts, CAPA) तथा दक्षिण एसियामा (South Asian Federation of Accountants, SAFA) रहेका छन्। यस्ता क्षेत्रीय समूहमा कार्य क्षेत्रभित्रका सदस्यहरू रहेका छन् भने समूहका उच्च कार्यकारी तहबाट विभिन्न समितिहरू गठन भएका छन्।

बोर्डले लेखापरीक्षण समिति लगायतका समितिहरूको गठन गर्ने गरेको छ। महासंघले गठन गरेका बोर्ड तथा समितिहरू निम्न रहेका छन्।

क) सार्वजनिक हित निगरानी निकाय (Public Interest Oversight Authority, PIOA): स्वतन्त्र मान तर्जुमा बोर्ड, मनोनयन समितिहरू तथा स्वतन्त्र मान तर्जुमा बोर्डका मनोनयन समिति र बोर्डले गठन गरेका अन्य समूहहरूले सम्पादन गर्ने सार्वजनिक हितका क्रियाकलापहरू उपर निगरानी गर्न निगरानी निकायहरू गठन गरिएका छन्। यस्ता निकायहरूमध्ये अन्तर्राष्ट्रिय लेखापरीक्षण तथा आश्वस्तता मान बोर्ड (IAASB) र लेखा व्यवसायीका लागि अन्तर्राष्ट्रिय आचार संहिता मान बोर्ड (IESB) को निगरानी गर्ने निकायलाई सार्वजनिक हित निगरानी बोर्ड (Public Interest Oversight Board, PIOB) र अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान बोर्ड (IPSASB) को निगरानी गर्ने निकायलाई सार्वजनिक हित समिति (Public Interest Committee, PIC) नामाकरण गरिएको छ।

ख) **स्वतन्त्र मान तर्जुमा बोर्डः** महासंघले अन्तर्राष्ट्रियस्तरका विभिन्न मान तर्जुमा गर्न गठन गरेका स्वतन्त्र निकाय (Independent Standard-Setting Boards, SSB) हरू निम्न रहेका छन्:

ख१) **अन्तर्राष्ट्रिय लेखापरीक्षण तथा आश्वस्तता मान बोर्डः** अन्तर्राष्ट्रियस्तर रूपमा प्रयोगमा आउने उच्च गुणस्तरका लेखापरीक्षण मान, पुनरावलोकन मान, आश्वस्तता मान, सम्बद्द सेवा तथा गुणस्तर व्यवस्थापन मानहरू तर्जुमा गर्न अध्यक्ष र उपाध्यक्ष सहित लेखा व्यवसायमा सँलग्न रहेका र नरहेका गरी १८ सदस्य रहने गरी महासँघको मनोनयन समितिको सिफारिस तथा सार्वजनिक हित निगरानी बोर्ड (PIOB) को स्वीकृतिमा महासँघको बोर्डले अन्तर्राष्ट्रिय लेखापरीक्षण तथा आश्वस्तता मान बोर्ड (International Auditing and Assurance Standards Boards, IAASB) को नियुक्ति गर्दछ। यो बोर्ड सन् १९७८ मार्चमा अन्तर्राष्ट्रिय लेखापरीक्षण अभ्यास समिति (International Auditing Practice Committee, IAPC) को नामबाट स्थापना भएको हो। समितिले सन् १९९१ सम्म मार्गदर्शन (IAPS's Guidelines) तथा सन् १९९१ पछि अन्तर्राष्ट्रिय लेखापरीक्षण मान (ISAs) मा रुपान्तरण गरेको पाइन्छ। सन् २००२ मा समिति (IAPC) बोर्ड (IAASB) मा परिणत भएकोमा सन् २०२३ पछि आचारसंहिता र लेखापरीक्षण प्रतिष्ठान (International Foundation for Ethics and Audit) को मातहत रुपान्तरण भएको छ।

बोर्डको कामको अनुगमन तथा मूल्याङ्कन सार्वजनिक हित निगरानी बोर्ड (PIOB) ले गर्दछ। बोर्डले मान तर्जुमा गर्दा निगरानी बोर्डको परामर्श लिई इच्छुक सबैले सहभागी हुन पाउने सहभागितामूलक प्रक्रिया (Due Process) अवलम्बन गर्दछ। बोर्डलाई सल्लाह दिने कार्य सल्लाहकारी

समूह (IAASB Consultative Advisory Group, CAG) ले गर्दछ। बोर्डको कार्य प्रक्रियाको प्रभावकारिता महासँघले कम्तीमा ३ वर्षमा एक पटक गर्ने गरेको छ।

बोर्डले अन्तर्राष्ट्रिय लेखापरीक्षणमान (International Standards on Auditing,ISAs), अन्तर्राष्ट्रिय पुनरावलोकन अनुबन्धमान (International Standards on Review Engagements, ISREs), अन्तर्राष्ट्रिय आश्वस्तता अनुबन्धमान (International Standards on Assurance Engagements, ISAEs), अन्तर्राष्ट्रिय सम्बद्ध सेवामान (International Standards on Related Services, ISRSs) तथा अन्तराष्ट्रिय गुणस्तर व्यवस्थापनमान (International Standards on Quality Management, ISQM, formally International Standards on Quality Control, ISQCS) जारी गर्दछ। बोर्डले २०२३ अक्टोबरसम्मा अन्तर्राष्ट्रिय लेखापरीक्षणमान ३७ वटा, अन्तर्राष्ट्रिय पुनरावलोकन अनुबन्धमान २ वटा, अन्तर्राष्ट्रिय आश्वस्तता अनुबन्धमान ५ वटा, अन्तर्राष्ट्रिय सम्बद्ध सेवामान २ वटा तथा अन्तराष्ट्रिय गुणस्तर व्यवस्थापन मान २ वटा जारी गरेको छ भने अन्तर्राष्ट्रिय दिगोपन अनुबन्ध मान (International Standard on Sustainability Assurance, ISSA) तयार गर्ने क्रममा रहेको छ।

ख२) **अन्तर्राष्ट्रिय लेखा शिक्षामान बोर्डः** अन्तर्राष्ट्रिय शिक्षा मान जारी गर्न महासँघको मनोनयन समितिको सुझाव एवम् बोर्डको प्रस्तावमा सार्वजनिक हित निगरानी बोर्ड (PIOB) ले स्वीकृत गरी बढीमा १८ सदस्य रहेको अन्तर्राष्ट्रिय लेखा शिक्षामान बोर्ड (International Accounting Education Standards Boards, IAESB) को गठन गरिएको छ। बोर्डले हासम्म ८ वटा अन्तर्राष्ट्रिय लेखा शिक्षामान (International Education Standards, IESs) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। बोर्डलाई सल्लाह दिन सल्लाहकारी समूह (IAESB Consultative Advisory Group, CAG) रहेको छ।

ख३) **अन्तर्राष्ट्रिय आचारसंहिता मान बोर्डः** लेखा व्यवसायमा रहेका लेखा व्यवसायीका लागि आचारसंहिता जारी गर्न सन् १९७७ मा आचारसंहिता समिति (Ethics Committee) को रूपमा गठन भई हाल लेखा व्यवसायीका लागि अन्तर्राष्ट्रिय आचार संहितामान बोर्ड (International Ethics Standards Boards for Accountants, IESBA) को गठन गरिएको छ। बोर्डमा अध्यक्ष र उपाध्यक्षसहित १८ सदस्य रहेका छन्। बोर्डको काम कारबाहीमा सल्लाह दिन सल्लाहकारी समूह (IESBA Consultative Advisory Group, CAG) को व्यवस्था छ। बोर्डले २०२३ IESBA Handbook of International Code of Ethics for Professional Accountants जारी गरेको छ। बोर्डको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन सार्वजनिक हित नियमन बोर्ड (Public Interest Oversight Board, PIOB) ले गर्दछ।

ख४) **अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान बोर्डः** सन् १९८६ को मे मा सार्वजनिक वित्त व्यवस्थापन र जवाफदेहिता सुधारका कार्यक्रम विकास गर्न सार्वजनिक क्षेत्र समिति (Public Sector Committee, PSC) को नामबाट स्थापना भएकोमा सन् १९९६ मा सार्वजनिक क्षेत्रका लागि अन्तर्राष्ट्रिय लेखामान तर्जुमा गर्ने निकायको रूपमा परिणत भएको हो। समितिले सर्वप्रथम सन् २००० मा सार्वजनिक क्षेत्रका लागि लेखामानको मस्यौदा तयार गरेको थियो। सन् २००४ को नोभेम्बर १० मा समितिको नाम परिवर्तन भई अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान बोर्ड (International Public Sector Accounting Standards Board, IPSASB) कायम भएको हो। यो

सार्वजनिक क्षेत्रका लागि अन्तर्राष्ट्रिय लेखा मान तर्जुमा गर्ने स्वतन्त्र बोर्डको रूपमा रहेको छ। बोर्डको काम कारबाहीको नियमन सार्वजनिक हित समिति (Public Interest Committee,PIC) ले गर्दछ। सार्वजनिक हित समितिमा IMF, INTOSAI, OECD, World Bank Group का पदाधिकारी समेत रहेका छन्। बोर्डमा मनोनयन समितिको सुझाव तथा सार्वजनिक हित समितिको सल्लाहमा बोर्डले नियुक्त गरेका अध्यक्ष र उपाध्यक्ष समेत १८ सदस्य रहेका छन्।

बोर्डले अन्तर्राष्ट्रिय लेखापरीक्षणमान तथा विभिन्न देशले अवलम्बन गरेका मार्गदर्शनहरूको आधारमा सार्वजनिक क्षेत्रका लागि नगद तथा प्रोदभावी लेखा प्रणालीका लेखामान (IPSAS) जारी गर्ने तथा जारी भएका लेखामानलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने काम गर्दछ। यसका अतिरिक्त सार्वजनिक क्षेत्रको वित्तीय प्रतिवेदनका सम्बन्धमा मार्गदर्शन दिन आवश्यक दस्तावेजहरू प्रकाशन गर्ने एवम् समय सापेक्ष प्रतिवेदन (Occasional Papers) हरू समेत प्रकाशन गर्दछ। बोर्डका काम कारबाहीमा सल्लाह दिन सल्लाहकार समूह (IPSASB Consultative Advisory Group, CAG) रहेको छ। बोर्डले मान तर्जुमा गर्दा मानको तर्जुमा गर्न प्रस्तावित मानको खाका तयार गर्दा देखिनै सबै सरोकारवालाहरूको राय एवम् सुझाव लिन सहभागितामूलक विधि (Due process) अवलम्बन गर्दछ। बोर्डले लेखामान तर्जुमा गर्दा अन्तर्राष्ट्रिय लेखामानले जारी गरेका लेखामान, विभिन्न देशका लेखा मान तर्जुमा गर्ने निकाय, नियामक निकाय, लेखासम्बन्धी पेशागत निकाय तथा सार्वजनिक क्षेत्रका लागि वित्तीय प्रतिवेदनसँग सम्बन्धित अन्य निकायहरूले जारी गरेका मार्गदर्शनहरूलाई आधार लिने गरेको छ। बोर्डले २०२३ अक्टोबरसम्म प्रोदभावी लेखा आधारका ४९ वटा (IPSASs) र नगदमा आधारित १ वटा (Financial Reporting Under the Cash Basis of Accounting) तथा ३ वटा अभ्यास मार्गदर्शन (Recommended Practice Guidelines, RPG) जारी गरेको छ।

ग) **सल्लाहकारी समूहः** बोर्डलाई तोकिएका जिम्मेवारीहरू पूरा गर्न तोकिएका क्षेत्रमा सल्लाह र सुझाव प्रदान गर्न सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका विज्ञहरूलाई महासंघका सदस्यले गरेको मनोनयन उपर मनोनयन समितिको सुझावअनुसार बोर्डले विभिन्न सल्लाहकारी समूह (IFAC Advisory Groups) हरू गठन गर्ने गरेको छ। हाल महासंघमा सन् २०१९ मा स्थापित International Panel on Accountancy Education, Nominating Committee, सन् १९७७ मा गठित Management Accounting Committee **पछि** Financial and Management Accounting Committee रुपान्तरित र हाल कायम रहेको Professional Accountants in Business (PAIB) Advisory Group, सन् २००५ मा गठित Professional Accountancy Organisation Development and Advisory Group, सन् २००० मा गठित Transnational Auditors Committee (TAC), सन् २००५ मा गठित Small and medium Practices (SMPs) Advisory Group, Forum of Firms (FoF) लगायतका सल्लाहकारी समूह रहेका छन्।

३. **अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान प्रतिष्ठानः** अन्तर्राष्ट्रिय लेखामान समिति (International Accounting Standards Committee) ले सन् १९९९ डिसेम्बरमा प्रतिष्ठानका ट्रष्टी छनौट गर्न मनोनयन समिति गठन गरेअनुसार सन् २००० मे २२ मा ट्रष्टी मनोनयन गरेको थियो। सन् २००० मे २४ मा मनोनयन समितिले स्वीकृत गरेको विधानअनुसार सन् २००१ फेब्रुअरी ६ मा अन्तर्राष्ट्रिय लेखामान समिति प्रतिष्ठान (International Accounting Standards Committee Foundation, IASCF) स्थापना

भएकोमा सन् २०१० मा समिति अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान प्रतिष्ठान (International Financial Reporting Standards Foundation, IFRS Foundation) मा परिणत भएको हो। प्रतिष्ठानका ट्रष्टीको रूपमा विभिन्न भौगोलिक क्षेत्रको प्रतिनिधित्व गर्ने २२ ट्रष्टी (एसिया-ओसिनियाबाट ६, युरोपबाट ६, अमेरिकाबाट ६, अफ्रिकाबाट १ र भौगोलिक सन्तुलन हुने गरी जुनसुकै क्षेत्रबाट ३) रहेका छन्। ट्रष्टीको नियुक्ति र पुनर्नियुक्ति अनुगमन बोर्डले गर्दछ। ट्रष्टीको पदावधि ३ वर्षको हुने र एक पटक पुर्ननियुक्ति हुन सक्दछ। ट्रष्टीहरूमध्येबाट एक जना अध्यक्ष र दुई जनासम्म उपाध्यक्ष अनुगमन बोर्डको स्वीकृतिमा ट्रष्टीले गर्दछन्। ट्रष्टीकोको बैठक वर्षको दुईपटक बस्दछ। प्रतिष्ठान नाफा नकमाउने निजी क्षेत्रको स्वतन्त्र सार्वजनिक हित (Public Interest) प्रबर्द्धन सम्बन्धी काम गर्ने संस्थाको रूपमा अमेरिकी कानूनअनुसार दर्ता भएको हो। यसले एकै प्रकारका उच्च गुणस्तरीय (High-quality), सबैले बुझ्न सकिने (Understandable), कार्यान्वयन हुन सक्ने (Enforceable) र विश्वव्यापी रूपमा मान्य हुने (Globally accepted) **लेखापालन** (Accounting) र दिगोपन खुलाशा (Sustainability disclosure) मानहरू स्वीकृत गर्दछ र यी मानहरूलाई अवलम्बन (Adoption) गर्न सहजीकरण एवम् प्रबर्द्धन गर्दछ।

प्रतिष्ठानको सञ्चालन गर्ने मुख्य जिम्मेवारी ट्रष्टी र ट्रष्टीले नियुक्त गरेका अन्य कार्यकारी निकायबाट हुन्छ। प्रतिष्ठान सञ्चालन गर्न तीन तहका संरचनाको व्यवस्था गरिएको छ। संरचनाको सबैभन्दा उच्च तहमा सार्वजनिक जवाफदेहिता बहन गराउन अनुगमन बोर्ड रहेको छ। त्यस्तै प्रतिष्ठानको सञ्चालन र नियमन गर्ने कार्य प्रतिष्ठानका ट्रष्टिले गर्दछन्। प्रतिष्ठानले आफ्नो कार्य सञ्चालन प्रतिष्ठानको विधान (IFRS Foundation Constitution) र उचित प्रक्रिया हातेपुस्तिका (Due Process Handbook) अनुसार गर्दछ।

प्रतिष्ठानका ट्रष्टीले अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान व्याख्या समिति (IFRS Interpretations Committee, formaly International Financial Reporting Standards Intrepretations Committee, IFRIC) को गठन गरेका छन्।

क) **अनुगमन बोर्डः** प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा अनुगमन बोर्ड (IFRS Foundation Monitoring Board) रहेको छ। बोर्ड ट्रष्टीको नियुक्तिमा प्रत्यक्ष रूपमा संलग्न रहेको हुन्छ। बोर्डले ट्रष्टी र सार्वजनिक निकायबीच औपचारिक सम्पर्क संयन्त्रको रूपमा काम गर्दछ। बोर्डमा युरोपियन कमीशनको सदस्य, अन्तर्राष्ट्रिय धितोपत्र आयोग (IOSCO) को Emerging Market Committee को अध्यक्ष, अन्तर्राष्ट्रिय धितोपत्र आयोग (IOSCO) को प्राविधिक समितिको अध्यक्ष, जापान वित्त सेवा एजेन्सीको आयुक्त तथा अमेरिकी धितोपत्र तथा विनिमय बजार आयोगको अध्यक्ष सदस्यको रूपमा रहने र बैङ्किङ्ग सुपरिवेक्षणका लागि वासेल समितिको अध्यक्ष पर्यवेक्षकको रूपमा रहेका छन्।

ख) **स्वतन्त्र मान तर्जुमा बोर्डः** प्रतिष्ठान मातहत रहेका मान तर्जुमा गर्न गठन भएका स्वतन्त्र बोर्डहरू निम्न रहेका छन्:

ख१) **अन्तर्राष्ट्रिय लेखामान बोर्डः** सन् १९७३ जून २९ मा अष्ट्रेलिया, क्यानाडा, फ्रान्स, जर्मनी, जापान, मेक्सिको, नेदरल्याण्ड, संयुक्त अधिराज्य र आयरल्याण्ड तथा संयुक्तराज्य अमेरिकाका लेखा व्यवसायी संस्थाबीच भएको सम्झौताअनुसार अन्तर्राष्ट्रिय लेखामान समिति बोर्ड (International Accounting Standards Committee, IASC Board) र बोर्ड अन्तर्गत अन्तर्राष्ट्रिय लेखामान समिति

(International Accounting Standards Committee, IASC) को स्थापना भएको पाइन्छ। सन् २००१ अप्रिल १ बाट समिति (IASC) लाई अन्तर्राष्ट्रिय लेखामान बोर्ड (International Accounting Standards Board,IASB) मा परिणत गरिएको हो। बोर्डले अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (International Financial Reporting Standards, IFRSs) को जारी गर्ने तथा विगतमा तर्जुमा भएका लेखामान (Accounting Standards, IAS) लाई वित्तीय प्रतिवेदन मानमा रुपान्तरण गर्दै लाने जिम्मेवारी तोकिएको छ। अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मानहरूले कम्पनीले वित्तीय विवरण तयार गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया तोकेको छ। बोर्डको कार्यालय लण्डनमा रहेको छ। हाल अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) १६ वटा र लेखामान (IAS) २५ वटा, अभ्यास मार्गदर्शन (Practice Statements) २ वटा र साना निकायका लागि अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS for SMEs) कार्यान्वयनमा रहेका छन्।

बोर्डमा विधानमा तोकिएका शर्त (८ वटा) पूरा गरेका ट्रष्टीले नियुक्त गरेका पार्ट टाइम काम गर्ने ३ जना र बाँकी पूर्णकालीन गरी १४ जना (एसिया-ओसिनियाबाट ४ जना, युरोपबाट ४ जना, अमेरिकाबाट ४ जना, अफ्रिकाबाट १ र भौगोलिक सन्तुलन कायम हुने गरी जुन सुकै क्षेत्रबाट १ जना) सदस्य रहेका छन्। बोर्डको अध्यक्ष र बढीमा २ जना उपाध्यक्ष ट्रष्टीले नियुक्त गर्दछन्। बोर्डका सदस्यको पदावधि ५ वर्षको हुने र बढीमा ५ वर्षको लागि थप हुन सक्दछ।

बोर्ड मातहत प्रतिष्ठान र बोर्डको व्याख्या गर्ने निकायको रूपमा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान व्याख्या समिति (IFRS Interpretation Committee, IFRS IC) रहेको छ। व्याख्या समितिले बोर्डले तर्जुमा गरेका वित्तीय प्रतिवेदन मानहरूको व्याख्या गर्दछ। यो समिति सन् १९७७ मा अन्तर्राष्ट्रिय लेखामान समिति अन्तर्गत गठन भएको व्याख्या समिति (Standing Interpretation Committee, SIC) लाई सन् २००२ मा प्रतिस्थापन गरी कायम रहेको छ। बोर्डमा ट्रष्टीले नियुक्त गरेका १४ जना सदस्य रहेका छन्। सदस्यको पदाबधि ३ वर्षको हुने व्यवस्था छ। समितिले प्रचलनमा रहेका वित्तीय प्रतिवेदन मानको व्याख्या गर्ने तथा अस्पष्ट भएका विषयहरूमा मार्गदर्शन स्वीकृत गरी लागू गर्दछ। यसरी व्याख्या गर्दा वा स्पष्ट पार्दा विज्ञीय प्रतिवेदन मानको संरचनाका आधारमा गर्दछ। समितिले तयार पारेका व्याख्यालाई बोर्डले पारित गरेपछि वित्तीय प्रतिवेदन मान सरह लागू हुने र सम्बन्धित वित्तीय प्रतिवेदन मानमा समावेश भएपछि वा नयाँ मान जारी भएसम्म लागू हुन्छन्। शुरुको समिति (SIC) ले स्वीकृत गरेका ३१ मध्ये ५ वटा र हालको समिति (IFRS IC) ले स्वीकृत गरेकामध्ये १५ वटा व्याख्या प्रचलनमा रहेका छन्।

ख२) **अन्तर्राष्ट्रिय दिगोपन मान बोर्ड (International Sustainability Standards Board, ISSB):** ट्रष्टीले तोकिएका शर्त (८ वटा) पूरा गरेका घटीमा ८ देखि बढीमा १४ (३ जना एसिया-ओसिनिया, ३ जना युरोप, ३ जना अमेरिका, १ जना अफ्रिका र भौगोलिक सन्तुलन कायम हुने गरी जुन सुकै क्षेत्रबाट) जना सदस्य रहेको अन्तर्राष्ट्रिय दिगोपनमान बोर्ड रहेको छ। बोर्डले अन्तर्राष्ट्रिय दिगोपन खुलासा मानहरू (IFRS Sustainability Disclosure Standards) जारी गर्दछ। बोर्डले जारी गर्ने मानले विश्वव्यापी रूपमा पुँजी बजारसँग सम्बन्धित खुलाशाहरू गराउने लगानीकर्ताहरूलाई निर्णय गर्न आवश्यक दिगोपनासम्बन्धी खुलासाहरूको जानकारी गराउने काम

गर्दछ। यी मानहरूले कम्पनीले सूचनाहरू र दिगोपनासम्बन्धी तत्वहरू खुलासा गर्नुपर्ने सम्बन्धमा मार्गनिर्देश गर्दछ।

यसको माध्यमबाट कम्पनीले गरेका खुलासाहरूमा विश्वसनीयता (Confidence) र विश्वास (Trust) बढाउने काम गर्दछ। यसले जलवायुसँग सम्बन्धित जोखिमहरू एवम् अवसरहरू समेतको खुलासा गर्दछ। बोर्डले जून २०२३ मा दुईवटा मान (IFRS S1- General requirements for Disclosure of Sustainability-related Financial Information, IFRS S2 Climate related Disclosures) जारी गरेको छ। पहिलो मानअनुसार कम्पनीले अल्पकाल मध्यकाल र दीर्घकालमा सामना गर्नुपर्ने दिगोपनासँग सम्बन्धित जोखिमहरू र अवसरहरू लगानीकर्ताहरूलाई जानकारी गराउने व्यवस्था गरेको छ भने दोस्रो मानले पहिलो मान कार्यान्वयनको लागि विशेष खालका जलवायुसँग सम्बन्धित खुलासाहरू निर्धारण गरेको छ। कम्पनीले वित्तीय विवरणमा नै दिगोपनासँग सम्बन्धित सूचनाहरू खुलासा गराउने गरी डिजाइन भएका छन्। बोर्डका काम कारबाहीमा सल्लाह एवम् परामर्श दिन विभिन्न सल्लाहकारी निकाय (Task Force on Nature-related Financial Disclosures (TNFD), Sustainability Standards Advisory Forum (SSAF) हरूको गठन गरिएको छ।

ग) **सल्लाहकारी निकायः** प्रतिष्ठान तथा ट्रष्टीलाई सल्लाह दिन गठन गरिएका निकाय निम्न रहेका छन्:

ग१) **रणनीतिक सल्लाहकार समूह (Strategic Advisory Group):** रणनीतिक सल्लाहकार समूहमा देहायका निकायहरू रहेका छन्:

ग१क) **अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान सल्लाहकार परिषद्:** प्रतिष्ठानका ट्रष्टि तथा अन्तर्राष्ट्रिय लेखामान बोर्ड एवम् अन्तर्राष्ट्रिय दिगोपन मान बोर्डलाई औपचारिक रूपमा सल्लाह र परामर्श दिन अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान सल्लाहकार परिषद् (IFRS Advisory Council) रहेको छ। परिषद्ले रणनीतिक सहयोग र सल्लाह प्रदान गर्दछ। परिषद्को बैठक वर्षको दुई पटक दुई दिनका दरले लन्डनमा बस्दछ। विधानअनुसार परिषद्मा ३० वा सोभन्दा बढी सदस्यहरू ट्रष्टीले नियुक्त गर्न सक्ने व्यवस्थाअनुसार लगानीकर्ता, वित्तीय विश्लेषक र वित्तीय विवरणका उपयोगकर्ता, वित्तीय विवरणका तयारीकर्ता, प्राज्ञिक, लेखापरीक्षक, नियामक, पेशागत लेखा व्यवसायी र मान तर्जुमाकारहरूमध्ये हाल ५१ संस्थाका ५७ जना परिषद्मा सदस्य रहेका छन् भने ३ वटा संस्थाहरू (European Commission, Japan Financial Service Agency, US Securities and Exchange Commission) पर्यवेक्षक सदस्य रहेका छन्। सदस्यहरूको पदावधि ३ वर्षको हुने व्यवस्था छ। परिषद्को अध्यक्षमा ट्रष्टीले मान बोर्डका सदस्य वा कर्मचारी बाहेकबाट नियुक्त गर्ने व्यवस्था छ।

ग१ख) **एकीकृत प्रतिवेदन र सञ्जाल परिषद्:** अन्तर्राष्ट्रिय लेखामान बोर्ड तथा अन्तर्राष्ट्रिय दिगोपनमान बोर्डका आवश्यकताहरू पूरा गर्ने गरी एकीकृत प्रतिवेदन र सञ्जाल परिषद् (Integrated Reporting and Connectivity Council) को गठन गरिएको छ। यो परिषद्ले प्रतिवेदन प्रणालीलाई एकीकृत गर्ने र एकीकृत प्रतिवेदन संरचनाका अवधारणा र सिद्धान्तलाई प्रयोग गर्ने सम्बन्धमा मार्गदर्शन प्रदान गर्दछ।

ग२) **अन्तर्राष्ट्रिय लेखामान बोर्ड सल्लाहकार समूहः** अन्तर्राष्ट्रिय लेखामान बोर्डलाई सल्लाह दिन अन्तर्राष्ट्रिय लेखामान सल्लाहकार समूह (IASB Advisory Group) को गठन गरिएको छ। यस्ता सल्लाहकार समूहमा लेखामान सल्लाहकार फोरम (Accounting Standards Advisory Forum) मुख्य सल्लाहकार निकायको रूपमा रहेको छ भने स्थायी प्रकृतिका सल्लाहकार समूहमा Capital Markets Advisory Committee, Emerging Economies Gropus, Global Preparers Forum, IFRS Taxonomy Consultative Group, Islamic Finance Consultative Group, SME Implementation Group रहेका छन् भने आयोजनगत सल्लाहकार समूहमा Consultative Group for Rate Regulation, Management Commentary Consultative Group रहेका छन्।

ग३) **अन्तर्राष्ट्रिय दिगोपन मान बोर्ड सल्लाहकार समूहः** अन्तर्राष्ट्रिय दिगोपन मान बोर्डलाई सल्लाह दिन अन्तर्राष्ट्रिय दिगोपन मान सल्लाहकार समूह (ISSB Advisory Group) को गठन गरिएको छ। यस्ता सल्लाहकार समूहमा Sustainability Standards Advisory Forum, ISSB Invester Advisory Group, ISSB Technical Reference Group, Sustainability Consultative Committee रहेका छ भने स्थायी प्रकृतिका सल्लाहकार समूहमा IFRS Taxonomy Consultative Group रहेको छ भने संक्रमणकालीन कार्यान्वयन समूहमा Transition Implementation Group on IFRS S1 and IFRS S2 रहेको छ।

४. **आन्तरिक लेखापरीक्षकहरूको संस्थाः** सर्वप्रथम सन् १९४१ मा Victor Z. Brink ले आन्तरिक लेखापरीक्षणसम्बन्धी पुस्तक लेखेको पाइन्छ। त्यसपछि John B. Thurston, Robert B. Milhe तथा Victor Z. Brink मिलेर आन्तरिक लेखापरीक्षण सम्बन्धी स्वतन्त्र निकाय गठन प्रक्रिया अगाडि बढाएका र शुरुमा २४ जना सदस्य मिलेर सन् १९४१ मा स्थापना गरेकोमा हाल २३०००० भन्दा बढि सदस्य रहेका छन्। यो आन्तरिक लेखापरीक्षण सम्बन्धी अन्तर्राष्ट्रिय पेशागत संगठन (The Institute of Internal Auditors, The IIA) को रूपमा रहेको छ। यसले विश्वभर लागू हुने आन्तरिक लेखापरीक्षणसम्बन्धी मानदण्ड तर्जुमा, प्रमाणीकरण, शिक्षा, अनुसन्धान र प्राविधिक मार्गदर्शन तयार गर्दछ। यस संस्थाका सदस्यहरूले आन्तरिक लेखापरीक्षण, जोखिम व्यवस्थापन, शासकीय व्यवस्था, आन्तरिक नियन्त्रण, सूचना प्रविधि लेखा परीक्षण, शिक्षा र सुरक्षासम्बन्धी कार्य गर्दछन्। संस्थाले आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्तर्राष्ट्रिय संरचना (International Professional Practices Framework, IPPF) स्वीकृत गरी जारी गर्दछ। यसरी जारी हुने संरचना निम्न रहेका छन्

१. **अनिवार्य रूपमा पालन गर्नुपर्ने मार्गदर्शन (Mandatory Guidance):** संस्थाको कार्यविधि (due diligence process) पूरा गरी स्वीकृत गरिन्छ। यसका लागि मस्यौदा प्रकाशन गरी सरोकारवालाहरूको राय समेत लिइन्छ। हाल अनिवार्य रूपमा लागू हुने मार्गदर्शनहरूमा Core Principles for the Professional Practice of Internal Auditing, Definition of Internal Auditing, Code of Ethics, International Standards for the Professional Practice of Internal Auditing रहेका छन्।

२. **सिफारिस गरिएका मार्गदर्शन (Recommended Guidance):** यसले अनिवार्य रूपमा पालन गर्नुपर्ने मार्गदर्शनको कार्यान्वयन गर्न मार्ग निर्देश गर्दछ। यिनीहरू संस्थाले औपचारिक प्रक्रिया पूरा गरी निर्माण गर्दछ। यस्ता मार्गदर्शनहरूमा कार्यान्वयन मार्गदर्शन र सहयोगी मार्गदर्शन रहेका छन्। कार्यान्वयन मार्गदर्शन (Implementation Guidance) ले मानदण्ड र आचारसंहिता पालन

गर्न सहयोग गर्दछन्। यस्ता मार्गदर्शनहरूमा Internal Audit Strategy and best practices-17, General best practices-13, Global Technology audit Guide (GTAGS)-20, Financial Service practice Guide-7, Public sector practice Guide-6, other supplement Guidance-2 रहेका छन्। यसैगरी सहयोगी मार्गदर्शन (Supplemental Guidance) ले लेखापरीक्षण मानदण्डहरूको विकास गर्ने, जारी गर्ने, परिमार्जन गर्ने तथा प्रबर्द्धन गर्ने कार्य गर्दछ।

संस्थाले मार्गदर्शन तर्जुमा गर्ने प्रक्रियाको मूल्याङ्कन गरी सल्लाह दिन IPPF Oversight Council को गठन गरिएको छ। यसमा IFAC, INTOSAI, OECD, GNDI, NACD, IIA World Bank का प्रतिनिधिहरू सदस्य रहेका छन्।

५. **अन्य संस्थाहरूः** उपरोक्त संस्थाहरूका अतिरिक्त लेखा र लेखापरीक्षण क्षेत्रमा Financial Stability Forum (FSF), International Forum of Independent Audit Regulators (IFIAR), Asian-Oceanian Standard-Setters Group (AOSSG), Centre of Excellence for Developing Country (COEDC), Global Network of Director Institute (GNDI), National Association of Corporate Directors (NACD), European Financial Reporting Advisory Group (EFRAG), American Institute of Certified Public Accountants (AICPA), Association of Charted Certified Accountants (ACCA), Association of Government Accounts Organizations of Asia (AGAOA), International Forum on Government Auditing (IFGA), Association of Government Accountatnts (AGA), Big Four (Deloitte, Ernst & Young, KPMG, Pricewaterhouse Coopers) जस्ता संस्थाहरू समेत कृयाशिल रहेका छन्।

निष्कर्ष

संस्थाभित्र संगठन संरचना तयार गर्दा रेखा संगठन, रेखा तथा कर्मचारी संगठन, कार्यात्मक संगठन, समिति संगठन, ब्युह (Matrix) संगठन आदिमध्ये कुनै व्यवस्था गरिएको हुन्छ। यस्ता संगठन औपचारिकको अलवा अनौपचारिक समेत हुन सक्दछन्। संस्थाका कार्य, प्रदान गर्ने सेवा, कार्य क्षेत्र, सेवा ग्राहीको प्रकृति, समय, कार्य प्रक्रियाले संस्थालाई प्रभावकारी बनाएको हुन्छ। संस्थाका संगठन संरचनालाई प्रभावकारी बनाउन संस्थाका उद्देश्य निर्धारण, उद्देश्य प्राप्तिका लागि व्यवस्थित योजना, काम गर्ने अधिकार प्रदान एवम् अधिकारको सदुपयोगको अनुगमन हुनुपर्दछ। समय र परिस्थितिअनुसार परिमार्जन गर्दै लानुपर्दछ।

नेपालमा लेखा र लेखापरीक्षण सम्बन्धमा विभिन्न निकायहरूको स्थापना भएको भए पनि सार्वजनिक लेखाको स्पष्ट परिभाषा दिएको देखिँदैन। संसदबाट पारित ऐनबमोजिम स्थापना भएका स्वायत्त निकायहरूलाई संसदप्रति उत्तरदायी बनाउने गरी लेखाको ढाँचा तोक्ने र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट भई ती निकायको लेखा तथा लेखापरीक्षण प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा हुने व्यवस्था गरिएको छैन। नेपालको सार्वजनिक क्षेत्रको आन्तरिक लेखापरीक्षणलाई व्यवस्थित गर्न स्पष्ट कानूनी एवम् नियमन संरचना तयार नभएकाले निकायअनुसार आन्तरिक लेखापरीक्षकको नियुक्ति एवम् आन्तरिक लेखापरीकको प्रतिवेदन लगायतका विषयमा एकरूपता रहेको छैन। नेपालमा व्यावसायिक क्षेत्रको लेखा व्यवसायलाई व्यवस्थित गर्न लेखा तथा लेखापरीक्षण मान तर्जुमा गर्ने संयन्त्र भएपनि सार्वजनिक क्षेत्रको लागि लेखा तथा लेखापरीक्षण मान तयार गर्ने निकाय गठन हुन बाँकी रहेको छ। सरकारी कार्यालयले राख्नुपर्ने लेखाको ढाँचा स्वीकृत गर्ने र गराउने तथा लागू गर्ने जिम्मेवारी तोकिएको भए पनि सार्वजनिक क्षेत्रका सङ्गठित संस्था वा कानूनद्वारा स्थापना वा गठन भएका सरकारी व्यवसायिक प्रतिष्ठान (Government Business Enterprises, GBEs) का लागि लेखा ढाँचा तयार गरी स्वीकृत गराउने तथा लागू गराउने जिम्मेवारी तोकिएको छैन। सार्वजनिक

लेखा समितिले महालेखापरीक्षकको प्रतिवेदन उपर समितिमा छलफल गर्ने कार्यविधि तयार गर्न सकेका छैनन भने स्थानीय तहका लेखा समितिको कार्य क्षेत्र एवम् कार्य सञ्चालन कार्यविधि तयार भएको छैन।

अन्तमा नेपालमा सार्वजनिक लेखा तथा लेखापरीक्षणलाई प्रभावकारी बनाउन सार्वजनिक लेखा समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि तथा कार्य सञ्चालनमा रहेका निकायहरूको संस्थागत सुदृढीकरण तथा ती निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ। हाल कायम रहेका लेखामान बोर्ड र लेखापरीक्षण मान बोर्डलाई सरकारी व्यवसायिक प्रतिष्ठानको लेखा र लेखापरीक्षणलाई नियमन गर्ने निकायको रूपमा अलग ऐनबाट व्यवस्थित गर्नुपर्दछ। कम्पनी ऐनअन्तर्गत दर्ता भएका तथा अन्य कानूनद्वारा स्थापना भएका सरकारी व्यवसायिक प्रतिष्ठानको लेखा र लेखापरीक्षणको नियमन गर्ने संयन्त्र एवम् कार्यविधि कम्पनी ऐन वा सम्बन्धित विषयगत ऐनमा समावेश गर्नुपर्दछ। विभिन्न कानूनद्वारा स्थापना भएका वा हुने सरकारी व्यवसायिक प्रतिष्ठानको निकायको स्थापना वा गठन गर्दा एनएफआरएस वा नेपसासमध्ये कुन लेखामान लागू हुने हो सो समेत स्पष्ट गर्दै लेखा राख्ने तरिका, लेखा ढाँचा स्वीकृती, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने, गराउने व्यवस्था एवम् लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनको नियमन गर्ने व्यवस्था हुनु पर्दछ। स्थानीय तहमा गठन भएका लेखा समितिका पदाधिकारीको क्षमता अभिवृद्धि तथा समितिको कार्य सञ्चालन कार्यविधि र लेखापरीक्षण प्रतिवेदन उपर गर्नुपर्ने काम कारबाही सम्बन्धी कार्यविधि तयार हुनुपर्दछ। लेखा उत्तरदायी अधिकृतले राखेको वा राख्न लगाएको लेखाका सम्बन्धमा लेखापरीक्षणबाट बेरुजू वा कैफियत देखाएको अवस्थामा सो बेरुजू आँफैले नियमित गर्दा तथा स्थानीय तहका कार्यपालिकाले खर्च गरेको रकममा लेखापरीक्षणबाट बेरुजू वा कैफियत देखाएको अवस्थामा सो बेरुजू नियमित गर्दा हुन सक्ने स्वार्थ बाझिने अवस्थालाई न्यूनीकरण गर्ने वैकल्पिक उपाय खोजी गर्नुपर्दछ।

<u>सन्दर्भ सामग्री</u>

- नेपाल ऐन सङ्ग्रह खण्ड १ देखि १७ सम्म, कानून किताब व्यवस्था समिति
- नेपाल नियम सङ्ग्रह खण्ड १ देखि १७ सम्म, कानून किताब व्यवस्था समिति
- लेखा तथा लेखापरीक्षणबारे ऐन नियमको व्यवस्थासम्बन्धी पाठ्य सामग्रीको सँगालो, लेखापरीक्षणमान बोर्ड २०६६
- नेपाल सरकार, अर्थ मन्त्रालय, सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०७९ (संक्षिप्त झलक)
- महालेखापरीक्षकका वार्षिक प्रतिवेदनहरू, महालेखापरीक्षकको कार्यालय।
- www.rajpatra.dop.gov.np, www.lawcommission.gov.np, www.ifac.org, www.ifrs.org, www.intosai.org, www.ican.org.np, www.absnepal.gov.np, www.ausb.gov.np

नेपालमा योजनाबद्ध विकासका उपलब्धि



- टीकानाथ अर्याल

निर्देशक, महालेखापरीक्षकको कार्यालय

१. विषय प्रवेश

योजनाबद्ध विकासको थालनी सर्वप्रथम सन् १९२८ मा तत्कालीन सोभियत संघबाट भएको हो। उक्त राष्ट्रले कृषिमा आधारित अविकसित अर्थतन्त्रलाई आधुनिक समाजवादी औद्योगिक मुलुकमा रूपन्तारण गर्ने ध्येयले पञ्चवर्षीय योजनाको प्रारम्भ गरेको थियो। योजनाबद्ध विकासलाई अवलम्बन गरेकै कारणले सन् १९३० को आर्थिक महामन्दीले समेत सोभियत संघमा कम प्रभाव पारेको थियो। त्यसकारण दोस्रो विश्वयुद्ध पश्चात् तेस्रो विश्व अर्थात् अविकसित राष्ट्रहरूले समेत आफ्नो अर्थतन्त्रमा सुधारका लागि योजनागत विकासलाई आत्मसात गरेको पाइन्छ। यसै सन्दर्भमा नेपालले पनि जहानियाँ राणा शासनको अन्त भएको करिब ६ वर्षपछि विक्रम सम्वत् २०१३ (सन् १९५६) बाट योजनाबद्ध विकासको प्रारम्भ गरेको थियो।

नेपालमा ६ दशकभन्दा लामो योजनावद्ध विकासको अवधिमा ९ वटा पञ्चवर्षीय योजना र ५ वटा त्रिवर्षीय योजना कार्यान्वयन भइसकेका छन्। आर्थिक वर्ष २०७६।७७ देखि शुरुवात भएको पन्ध्रौं योजना समेत कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। यस अवधिमा मुलुकमा राजनीतिक क्षेत्रमा युगान्तकारी परिवर्तन भए तापनि आर्थिक, सामाजिक र आधुनिक यातायात तथा पूर्वाधार विकासको क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। जातीय, लैंगिक, वर्गीय विभेद, वहिष्करण र असमानता पूर्ण रूपमा समाप्त हुन सकेको छैन। यद्यपि शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा यस अवधिमा उल्लेख्य उपलब्धि हासिल भएका छन्। साथै पूर्वाधार क्षेत्र अन्तर्गत सडक यातायात, सञ्चार तथा सूचना प्रविधि र शहरी पूर्वाधारमा उल्लेख्य विकास भए तापनि अधिकांश पूर्वाधारको गुणस्तर सुनिश्चित हुन सकेको छैन। जलविद्युत, हवाइ सेवा लगायतका अन्य पूर्वाधार निर्माणमा थप प्रयासको खाँचो छ। निरपेक्ष गरिबीमा उल्लेख्य कमी आएको भए तापनि अझै पनि जनसंख्याको ठूलो हिस्सा (करिब १५ प्रतिशत) गरिबीको रेखामुनि रहेको अवस्था छ। स्वदेशमा रोजगारीको अभावले युवा श्रमशक्ति रोजगारीका लागि विदेशिने क्रम यथावत् छ। अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान अत्यन्त न्यून रहेको र वैदेशिक व्यापार घाटा तीव्र रूपमा बढिरहेको अवस्था छ। विप्रेषण आयले अर्थतन्त्रको आकारमा वृद्धि भएको र विदेशी मुद्राको सञ्चितिमा यसको राम्रो योगदान रहे तापनि आर्थिक वृद्धि, उत्पादन र उत्पादकत्व, औद्योगिकीकरण, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, स्वच्छ र प्रदुषणमुक्त वातावरण र सुशासन लगायतका क्षेत्रमा विगतका आवधिक योजनाले लिएका लक्ष्यहरू अपेक्षित रूपमा हासिल हुन सकेका छैनन्।

यस लेखमा विकास योजनाको अवधारणा, आवश्यकता तथा नेपालमा हालसम्म भएका योजनाबद्ध विकासका प्रयासहरू, तिनमा रहेका कमी-कमजोरी, सुधारका उपाय तथा विगतका योजनाहरूका लक्ष्य र प्राप्त उपलब्धि स्थितिको समीक्षा गर्ने प्रयास गरिएको छ।

२. योजना के हो ?

सीमित स्रोत, साधनको समुचित परिचालन गरी निर्धारित समयमा लक्षित उपलब्धिहरू हासिल गर्नका लागि गरिने व्यवस्थित खाका नै योजना हो। (A Plan is a framework that details the methods and tasks that are to be implemented in order to achieve a desired Goal) यसमा के गर्ने, कसले गर्ने, कहिले गर्ने, कसरी गर्ने, कति स्रोत परिचालन गर्ने भन्ने प्रश्नहरूको जवाफको श्रृंखला समावेश हुन्छ। यो खास गन्तव्यतर्फ जाने मार्गचित्र (Roadmap) हो। अर्को शब्दमा कुनै निश्चित उद्देश्य, निर्धारित समयावधि, कोषको निश्चितता, साधन स्रोत सहितको क्रियाकलापहरूको श्रृंखला नै योजना हो।

योजनालाई विभिन्न विद्वानले फरक फरक किसिमले परिभाषित गरेका छन्। अमेरिकी अर्थशास्त्री M. P. Todaro का अनुसार "आर्थिक योजना भन्नाले पूर्व निर्धारित आर्थिक उद्देश्यहरू हासिल गर्न दीर्घकालीन आर्थिक निर्णय गर्ने, समन्वय गर्ने तथा राष्ट्रका प्रमुख आर्थिक पक्षका स्तर तथा वृद्धिलाई असर पार्न तथा निर्देशित गर्न र कुनै कुरामा नियन्त्रण गर्न गरिने सरकारी प्रयत्न" लाई बुझिन्छ।

यसै गरी मार्क्सवादी धारका समाजवादी अर्थशास्त्री H. D. Dickison को भनाइमा योजना भनेको "सम्पूर्ण अर्थ व्यवस्थाको सर्वेक्षण तथा विश्लेषण गरी विवेकशील आर्थिक निर्णय गर्नु" हो।

त्यस्तै विश्व बैंकका अनुसार योजना भन्नाले "राष्ट्रमा उपलब्ध स्रोत, साधनको आधारमा के, कस्ता विकास निर्माणका क्रियाकलाप के, कस्तो क्रममा कार्यान्वयन गर्ने हो, सो सम्बन्धी निर्णय प्रक्रिया" भन्ने बुझिन्छ। अतः योजना भनेको उपलब्ध साधनको कुशल र प्रभावकारी उपयोगद्वारा तोकिएको निश्चित समयावधिभित्र निर्धारित उद्देश्य हासिल गर्ने एउटा अनुशासित कार्य पद्धति हो।

२.१. विभिन्न सैद्धान्तिक दृष्टिकोणमा योजना

(क) **समाजवादी दृष्टिकोण (Socoalistic View)** – स्रोत/साधन परिचालन, सामाजिक न्याय र आर्थिक विकास गर्ने एकलौटी अधिकार सरकारसँग रहन्छ। त्यसका लागि योजना चाहिन्छ।

(ख) **पुँजीवादी दृष्टिकोण (Capitalistic View)** - आर्थिक मन्दी र व्यापार चक्र सुस्त भएको बेला योजना चाहिन्छ। अर्थतन्त्र पुनर्संरचना गर्ने मात्र होइन, खुला बजार संयन्त्रलाई क्रियाशील गराउनुपर्दछ।

(ग) **मिश्रित अर्थतन्त्र (Mixed Economy)** - सार्वजनिक, निजी र गैर सरकारी क्षेत्रको भूमिका र योगदानलाई सन्तुलित ढंगले अगाडि बढाउँदै आर्थिक विकास र समृद्धि हासिल गर्न योजना आवश्यक पर्दछ।

३. योजनाको आवश्यकता

उपलब्ध स्रोत, साधनको कुशल र प्रभावकारी उपयोग गर्न, विकासको प्राथमिकता निर्धारण गरी सन्तुलित तथा द्रुत आर्थिक वृद्धि गर्न, एकीकृत रूपमा विना पूर्वाधार विकासको खाका तयार गर्न, विकासका साझेदारहरूबीच संयोजन गरी तिनका कार्यक्षेत्र निर्धारण गर्न, वैदेशिक सहायताको महत्तम (Optimum) उपयोग गर्न र कमजोर नागरिकहरूको संरक्षण गर्न व्यवस्थित योजनाको आवश्यकता पर्दछ। नेपाल जस्तो स्रोत, साधनको न्यूनता भएको अति कम विकसित अर्थतन्त्रलाई आफ्ना धेरै कार्यक्रम तथा आयोजनाहरूको

प्राथमिकीकरण गर्दै उच्च प्राथमिकताका आयोजनाहरू सञ्चालन गरी रोजगारीको सिर्जनाद्वारा जनताको जीवनस्तर अभिवृद्धि गर्न विकास योजनाको आवश्यकता पर्दछ। योजनाको आवश्यकता तथा महत्वलाई निम्नलिखित थप बुँदाहरूले अझ उजागर गर्दछन्:-

- दुर्लभ र सीमित स्रोत, साधनलाई व्यवस्थित तवरले प्राथमिकता प्राप्त क्षेत्रहरूमा परिचालन गर्न,
- कृषि तथा औद्योगिक क्षेत्रमा रहने सामाजिक तथा आर्थिक शिरोभारको व्यवस्थापन गर्न,
- विकास निर्माणमा जनसहभागिता अभिवृद्धि गर्न,
- सार्वजनिक-निजी साझेदारीलाई बढावा दिन,
- वैदेशिक सहायतालाई आकर्षित गरी राष्ट्र विकासमा उपयोग गर्न,
- अन्तरक्षेत्रगत समन्वय र सहकार्य अभिवृद्धि गर्न,
- कमजोर वर्ग तथा समुदायको हित संरक्षण गर्दै समावेशी र दिगो विकास प्रक्रियालाई आत्मसात गर्न,
- रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी निवारण गर्न,
- लोक कल्याणकारी राज्यको आदर्श प्राप्त गर्न,
- जनताको जीवनस्तर सुधार गरी राष्ट्रिय आय वृद्धि गर्दै समृद्धि हासिल गर्न,
- सन्तुलित आर्थिक विकास गर्न।

४. नेपालमा कार्यान्वयन भएका विकास योजनाहरू तथा प्राप्त उपलब्धि

विश्वमा योजनाबद्ध विकासको थालनी गर्ने तत्कालीन सोभियत संघले कृषिमा आधारित अर्थतन्त्रलाई आधुनिक समाजवादी औद्योगिक अर्थतन्त्रमा रुपान्तरण गर्ने सफलता हासिल गरेकै कारण दोस्रो विश्वयुद्ध पश्चात् तेस्रो विश्व अर्थात् अविकसित राष्ट्रहरूले समेत आफ्नो अर्थतन्त्रमा सुधारका लागि योजनाबद्ध विकासलाई देशको आर्थिक विकासको प्रमुख साधनको रूपमा आत्मसात गरेको पाइन्छ।

यसै परिप्रेक्ष्यमा नेपालले पनि राणा शासनबाट स्वतन्त्र भएको करिब ६ वर्षपछि सम्वत् २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयन गरेको थियो। त्यसबेला नेपालको आर्थिक विकासको अवस्था लगभग शुन्यको अवस्थामा रहेको थियो। सोभन्दा अगाडि राणा प्रधानमन्त्री जुद्ध शम्सेरको पालामा एक २० वर्षीय आर्थिक योजना तर्जुमा गर्ने घोषणा र सम्वत् २००५ मा मोहन शम्सेरको पालामा १५ वर्षीय योजना तर्जुमा गर्ने उद्देश्यले एक योजना आयोग समेत गठन भएको थियो। तर ती योजना व्यवहारमा कार्यान्वयनमा ल्याइएनन्।

नेपालमा योजनाको प्रारम्भिक अवस्थामा आवश्यक तथ्यांकहरूको अभाव, निजी क्षेत्रको न्यून विकास, योजना तर्जुमा गर्ने विज्ञको कमी र योजना कार्यान्वयन क्षमताको कमी, राजनैतिक अस्थिरता जस्ता कारणले प्रथम योजनाको कार्यान्वयन त्यति सफल हुन सकेन तथापि नेपालका योजनावद्ध विकासको प्रयासमा यसले आधारशीला खडा गर्ने कार्य भने गऱ्यो। नेपालमा प्रथम योजनादेखि सातौँ योजनासम्म एक प्रकारले मिश्रित अर्थतन्त्रको अवधारणा अनुरूप योजना तर्जुमा गरिएका थिए भने योजना तर्जुमा प्रक्रियामा माथिबाट तलतिरको विधि (Top-Down Approach) अपनाइएको थियो। सातौँ योजनासम्मका योजनाहरू एक प्रकारका निर्देशित योजना थिए भने आठौँ योजनादेखि सांकेतिक योजना (Indicative Planning) बनाउने प्रचलन शुरु भएको पाइन्छ। सन् ९० को दशकको शुरुदेखि विश्वमा चलेको आर्थिक उदारीकरणको लहरले आठौँ योजनादेखि

सरकारको भूमिकामा परिवर्तन भई सहजकर्ता र उत्प्रेरकको रूपमा रहन गयो। तत्पश्चात् विकास प्रक्रियामा सरकारी, निजी र सहकारी क्षेत्रको सहभागिता र सहकार्य स्थापित गर्न थालियो।

नवौं र दशौं योजना २० वर्षे दीर्घकालीन विकासको अवधारणामा आधारित भई तर्जुमा तथा कार्यान्वयन गरिएका थिए। ती दुवै योजनाको एक मात्र उद्देश्य गरिबी निवारण गर्नु थियो। हालको चालु पन्ध्रौं योजना २५ वर्षे दीर्घकालीन विकासको अवधारणामा आधारित भई तर्जुमा गरेको पाइन्छ। नेपालमा हालसम्म १४ वटा आवधिक योजनाहरू कार्यान्वयन भइसकेको र हाल १५ औं योजना पनि कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। ती योजनाबद्ध विकासका प्रयास, कार्यान्वयन अवस्था तथा उपलब्धि सम्बन्धमा देहायअनुसार संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

४.१ **प्रथम योजना (२०१३-१८) -** विक्रम सम्वत् २०१३ मा तत्कालीन प्रधानमन्त्रीको अध्यक्षतामा योजना आयोग स्थापना भएकोमा पछि २०२५ सालमा राष्ट्रिय योजना आयोग गठन भयो। प्रथम योजना शुरु हुनु पूर्व साक्षरता दर २ प्रतिशत, उच्च शिक्षा हासिल गरेका जनशक्ति १५० जना, मोटरबाटो ५२४ कि.मी., सिँचाइ सुविधा भएको जमिन १४,७०० हेक्टर, ५ वटा हवाई मैदान, १२४ हुलाक, २८ आ. वा. स्टेशन र विद्युत उत्पादन २.१ मेगावाट मात्र रहेको थियो। कोलम्बो प्लानको बैठकमा नेपाललाई सहायता उपलब्ध गराउने क्रममा विकासको खाका प्रस्तुत गर्ने क्रममा प्रथम पञ्चवर्षीय योजनाको प्रादुर्भाव भएको पाइन्छ। यस योजनाका उद्देश्य तथा प्राथमिकताहरू निम्नानुसार रहेका थिएः-

(क) उद्देश्य - प्रथम योजनामा उत्पादन र रोजगारी वृद्धि गर्ने, जनताको जीवनस्तरमा सुधार ल्याउने, योजनाको पूर्वाधार र सरकारी संस्था खडा गर्ने तथा भावी योजनालाई आवश्यक पर्ने आर्थिक आधार खडा गर्ने र आवश्यक तथ्यांक एकीकृत गर्ने उद्देश्य लिइएको थियो।

(ख) प्राथमिकता - उत्पादन र राष्ट्रिय आम्दानी बढाउने, कर्मचारीलाई तालिमको व्यवस्था गर्ने, प्रशासकीय व्यवस्था सुदृढ गर्ने, जनताको आर्थिक उन्नति गर्ने प्रवृत्तिलाई प्रोत्साहित गर्ने, योजना अन्तर्गतका क्रियाकलापहरूमा समन्वय ल्याउने, आवश्यक तथ्यांक संकलन गर्न वैज्ञानिक अनुसन्धान गर्ने।

(ग) लगानी अनुमान तथा खर्च - प्रथम पञ्चवर्षीय योजना अवधिमा रु. ३३ करोड खर्च गर्ने लक्ष्य रहेकोमा रु. २१ करोड ४४ लाख अर्थात् ६५ प्रतिशत मात्र खर्च भएको थियो।

(घ) योजनाको उपलब्धि स्थिति – प्रथम पञ्चवर्षीय योजना अवधिमा ग्रामीण विकास, शिक्षा, स्वास्थ्य क्षेत्रमा केही प्रगति भए तापनि समष्टिगत उपलब्धि निराशाजनक नै रहेको थियो। सडक, बिजुली, उद्योग आदि क्षेत्रहरूमा खास प्रगति हुन सकेन। राजनीतिक संक्रमण तथा अस्थिरता, आवश्यक तथ्यांकको अभाव, योजना कार्यान्वयनमा अनुभव र दक्षताको कमी, निजी क्षेत्रको न्यून सहभागिता जस्ता पक्ष यस योजनाका प्रमुख कमजोरी थिए। यस योजना अवधिमा सडक, विद्युत, उद्योग आदि क्षेत्रहरूमा पनि केही आयोजना शुरू गरियो। यो योजना योजनाबद्ध विकासको आधारशीला खडा गर्न भने सफल भयो। सम्वत् २०१७ सालमा तत्कालीन राजा महेन्द्रबाट चालिएको राजनीतिक कदम (दलविहीन पञ्चायती व्यवस्थाको घोषणा) र त्यसबाट सिर्जित राजनैतिक संक्रमणका कारण आर्थिक वर्ष २०१८।१९ योजनाविहीन वर्ष (Plan Holiday) को रूपमा रहन गयो।

४.२ **दोस्रो योजना (२०१९-२२) -** यो योजना ३ वर्षको लागि तर्जुमा गरिएको थियो। यसका उद्देश्य तथा प्राथमिकताहरू निम्नानुसार रहेका थिएः-

(क) उद्देश्य - बढ्दो जनसंख्याको माग पूरा गर्न कृषि तथा औद्योगिक उत्पादन वृद्धि गर्ने, मूल्य स्थिरता कायम गरी विकासको वातावरण सिर्जना गर्ने, श्रममूलक प्रविधि प्रयोग गरी रोजगारीका अवसर बढाउने तथा न्यायोचित सामाजिक व्यवस्था कायम गर्ने।

(ख) प्राथमिकता - यातायात र सञ्चार, कृषि, सिँचाइ र वन, सामाजिक सेवा, उद्योग तथा पर्यटन, विद्युत, तथा सर्भे, तथ्यांक र तालिम।

(ग) लगानी अनुमान तथा खर्च - दोस्रो योजना अवधिमा रु. ६० करोड खर्च गर्ने लक्ष्य रहेकोमा रु. ५९ करोड ६५ लाख अर्थात् ९९ प्रतिशत खर्च भएको।

(घ) योजनाको उपलब्धि स्थिति - दोस्रो त्रिवर्षीय योजना अवधिमा ९९ प्रतिशत खर्च भएकोले खर्च गर्ने क्षमताको आधारमा यो योजना सफल भएको मान्न सकिन्छ। योजना अवधिमा पूर्व-पश्चिम राजमार्ग तथा काठमाडौँ-कोदारी राजमार्ग समेत २ प्रमुख आयोजनाको निर्माण प्रारम्भ भएको।

४.३ **तेस्रो योजना (२०२२-२७) -** पाँच वर्षे अवधिको यस योजनाका उद्देश्य तथा प्राथमिकताहरू निम्नानुसार रहेका थिएः-

(क) उद्देश्य - कृषिमा सुधार ल्याउने, खाद्यान्न उत्पादन वृद्धि गर्ने, आधारभूत क्षेत्रहरू विकास गर्दै लैजाने, औद्योगिक विकासको पूर्वाधार खडा गर्ने, वैदेशिक व्यापारमा विविधता ल्याउने तथा सामाजिक आवश्यकता पूरा गर्दै जाने।

(ख) प्राथमिकता - कृषि, यातायात, विद्युत, औद्योगिक विकास तथा सामाजिक सेवा।

(ग) स्रोत, लगानी अनुमान तथा खर्च - यस योजनामा सरकारी, पञ्चायती र निजी गरी ३ क्षेत्रमा स्रोतको बाँडफाँड गरिएको थियो। सरकारी क्षेत्रबाट जम्मा रु. १ अर्ब ७४ करोड, पञ्चायती क्षेत्रबाट रु. २४ करोड तथा निजी क्षेत्रबाट रु. ५२ करोड गरी कूल रु. २ अर्ब ५० करोड खर्च हुने अनुमान गरिएको थियो।

(घ) योजनाको उपलब्धि स्थिति - तेस्रो योजना अवधिमा विकास कार्यक्रमअन्तर्गत पहिलो तीन वर्षमा भएको यथार्थ खर्च, २०२५।२६ को संशोधित अनुमान र २०२६।२७ को अनुमानसमेत गरी करिब १ अर्ब ७८ करोड (७१ प्रतिशत) सरकारी क्षेत्रमा खर्च भएको अनुमान गरिएको थियो। उक्त योजना अवधिमा पञ्चायत र गैर सरकारी क्षेत्रहरूमा भएको खर्चसम्बन्धी तथ्याङ्क उपलब्ध हुन नसकेको व्यहोरा चौथो योजनामा अघिल्लो योजनाको समीक्षा गर्दा उल्लेख गरेको देखिन्छ।

४.४ **चौथो योजना (२०२७-३२) -** यस योजनाले विकासका लागि नयाँ उद्देश्य, लक्ष्य, नीति र कार्यक्रमभन्दा चालु आयोजनाहरूलाई नै उपयोगी र उत्पादनशील तुल्याउने तथा योजना तर्जुमा कार्यलाई बढी व्यावहारिक र प्रभावकारी बनाउनेतर्फ ध्यान दिएको थियो। यस योजनाले मूलतः निम्न उद्देश्य तथा प्राथमिकताहरू अंगीकार गरेको थियो।

(क) उद्देश्य - उत्पादन वृद्धिमा अधिकतम जोड दिने, आधारभूत आवश्यकता पूरा गर्दै लैजाने, व्यापार विविधीकरण र विस्तारमा महत्व प्रदान गर्ने, आर्थिक स्थिरता र विकासमा गतिशीलता ल्याउने, श्रमशक्तिको अधिकतम उपयोग गर्ने, जनसंख्या नियन्त्रणतर्फ ध्यान दिने तथा शोषणरहित समाज सिर्जनाको आधार तयार पार्ने।

(ख) प्राथमिकता - यातायात र सञ्चार, कृषि, भूमिसुधार तथा वन, उद्योग, वाणिज्य, विद्युत तथा खानी, पञ्चायत, शिक्षा स्वास्थ्य र अन्य सामाजिक सेवाहरू र तथ्यांक।

(ग) स्रोत, लगानी अनुमान तथा खर्च - यस योजनामा कूल रु. ३ अर्ब ५४ करोड खर्च हुने अनुमान गरिएको थियो। यसमध्ये सरकारी क्षेत्रबाट जम्मा रु. २ अर्ब ५५ करोड, पञ्चायती क्षेत्रबाट रु. १२ करोड तथा निजी क्षेत्रबाट रु. ८६ करोड खर्च गरिने अनुमान थियो। उक्त खर्च अनुमानमध्ये रु. ३ अर्ब ३१ करोड अर्थात् ९३.५ प्रतिशत खर्च भएको थियो।

(घ) योजनाको उपलब्धि स्थिति - चौथो योजनामा राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि गर्ने उद्देश्यलाई सर्वोपरि महत्व दिइएको थियो। यो योजना खर्च प्रतिशतको आधारमा सन्तोषजनक देखिए तापनि राष्ट्रिय उत्पादन औसतमा वार्षिक ४ प्रतिशतका दरले वृद्धि हुने लक्ष्य राखिएकोमा वार्षिक औषत २.६५ प्रतिशतका दरले मात्र वृद्धि भएको देखिन्छ।

४.५ पाँचौं योजना (२०३२-३७) - पाँचौं योजना निर्धारित गरिएका साधनको परिचालन, लगानीको ढाँचा र बाँडफाँड, विकास नीति, लक्ष्य, कार्यक्रम आदि न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना गर्ने राज्यको मूलभूत उद्देश्यसँग आवद्ध गरी तयार गरिएको पाइन्छ।

(क) उद्देश्य - यस योजनाका ३ प्रमुख उद्देश्य रहेका थिएः- (१) जनसाधारणको लागि आवश्यक पर्ने उत्पादन वृद्धिमा जोड दिने, (२) श्रमशक्तिको अधिकतम उपयोग गर्ने र (३) प्रादेशिक सन्तुलन कायमा गरी प्रादेशिक एकीकरणमा जोड दिने।

(ख) प्राथमिकता - कृषि, भूमिसुधार, सिँचाइ, वन तथा भू—संरक्षण, यातायात र सञ्चार, उद्योग, वाणिज्य, विद्युत तथा खानी, सामाजिक सेवाहरू।

(ग) स्रोत, लगानी अनुमान तथा खर्च - यस योजनामा क्षेत्रगत कार्यक्रमहरूको लागि अधिकतम तथा न्यूनतम खर्च किटान गरिएको पाइन्छ। जस अनुसार न्यूनतम खर्च रु. ९ अर्ब २० करोड र अधिकतम खर्च रु. ११ अर्ब ४० करोड अनुमान गरिएको थियो। यस योजनामा आन्तरिक स्रोतबाट ५५ प्रतिशत र वाह्य क्षेत्रबाट ४५ प्रतिशत खर्च जुटाउने लक्ष्य राखिएको थियो।

(घ) योजनाको प्रगति स्थिति - यस योजना अवधिमा राष्ट्रिय उत्पादन वृद्धिदर २.२ प्रतिशत रहेको, प्रति व्यक्ति आयमा केही कमी हुन गएको, वचत र लगानी राष्ट्रिय उत्पादनको क्रमशः ४.८ र ९.३ प्रतिशतबाट बढेर ७.४ र १३.५ प्रतिशत हुन आएको, विकास खर्च वार्षिक १३.५ प्रतिशतका दरले वृद्धि भएको र मूल्य वृद्धि वार्षिक ५.२ प्रतिशत रहन गएको पाइन्छ।

४.६ **छैटौं योजना (२०३७-४२) -** यस योजनामा गरिबीको तथ्यांक पहिलो पटक उल्लेख गरियो। जस अनुसार २०३७ सालमा गरिबीको रेखामुनिको जनसंख्या ३४ प्रतिशत थियो। यस योजनाका उद्देश्य तथा प्राथमिकता निम्नलिखित रहेको पाइन्छः-

(क) उद्देश्य - यस योजनाका ३ प्रमुख उद्देश्य थिएः (१) उत्पादन दरमा वृद्धिमा ल्याउने, (२) उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गर्ने र (३) जनताका न्यूनतम आधारभूत आवश्यकता पूरा गर्ने।

(ख) प्राथमिकता - कृषि, सिँचाइ तथा वन, उद्योग, खानी र विद्युत, सामाजिक सेवाहरू तथा यातायात र सञ्चार।

(ग) स्रोत, लगानी अनुमान तथा खर्च - यस योजनामा आन्तरिक स्रोतबाट ४० प्रतिशत र वाह्य क्षेत्रबाट ६० प्रतिशत खर्च जुटाउने लक्ष्य राखिएको थियो। योजना अवधिमा रु. ३३ अर्ब ९४ करोड खर्च हुने अनुमान रहेकोमा सोको ४५.९ प्रतिशत मात्र खर्च भएको देखिन्छ।

(घ) योजनाको प्रगति स्थिति - छैटौं योजना अवधिमा राष्ट्रिय उत्पादन वार्षिक ४.३ प्रतिशतले बढाउने लक्ष्य तोकिएकोमा उत्पादन वृद्धि दर ३.४ प्रतिशत रह्यो। कृषि क्षेत्रको वृद्धि ३.२ प्रतिशत र गैह्र कृषि क्षेत्रको उत्पादन वृद्धि ३.४ प्रतिशत का दरले हुन गएको देखिन्छ।

४.७ **सातौं योजना (२०४२-४८) -** यस योजनाका उद्देश्य तथा प्राथमिकता निम्नलिखित रहेका थिएः-

(क) उद्देश्य - यस योजनाका ३ प्रमुख उद्देश्य थिएः (१) उत्पादन दरमा वृद्धिमा ल्याउने, (२) उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गर्ने र (३) जनताका न्यूनतम आधारभूत आवश्यकता पूरा गर्दै लैजाने।

(ख) प्राथमिकता - कृषि, सिँचाइ, तथा वन, उद्योग, र विद्युत, सामाजिक सेवा तथा यातायात र सञ्चार।

(ग) नीतिहरू - कृषि क्षेत्रको विकासलाई सर्वोपरि प्राथमिकता दिने, वन सम्पदाको विकास र भू-संरक्षणमा जोड दिने, जलस्रोतको विकासमा जोड दिने, उद्योगहरूको विकासमा जोड दिने, निकासी व्यापारको विकासमा जोड दिने, पर्यटन विकासमा जोड दिने, जनसख्यांको वृद्धिदरलाई नियन्त्रण गर्ने, राष्ट्रिय आर्थिक एकीकरणको जगलाई बलियो पार्दै लग्ने, आर्थिक व्यवस्थापनको विकेन्द्रीकरण गरी अर्थतन्त्रको सञ्चालनलाई सक्षम बनाउने।

(घ) स्रोत, लगानी अनुमान तथा खर्च - यस योजना अवधिमा राष्ट्रिय उत्पादन वार्षिक ४.५ प्रतिशतका दरले बढाउन रु. ४० अर्ब ९६ करोडको लगानी हुनु पर्ने उल्लेख थियो। कूल लगानी रकम मध्ये सरकारी क्षेत्रबाट रु. १७ अर्ब ५५ करोड र गैह्र-सरकारी क्षेत्रबाट रु. २३ अर्ब ४१ करोड लगानी हुने अनुमान थियो। गैह्र सरकारी क्षत्रबाट हुने लगानी मध्ये पञ्चायत क्षेत्रबाट रु. २ अर्ब तथा निजी क्षेत्रबाट रु. २१ अर्ब ४१ करोड खर्च गरिने अनुमान थियो।

(ङ) योजनाको प्रगति समीक्षा - सातौं योजनाको अन्ततिर गरीबीको रेखामुनिको जनसंख्या करीब ४९ प्रतिशत रहेको अनुमान थियो। निर्दलीय पञ्चायत व्यवस्थाको अन्तसम्ममा आर्थिक

संरचनामा खास परिवर्तन आएन। आर्थिक वर्ष २०२१।२२ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको हिस्सा करीब ६५ प्रतिशत थियो। आर्थिक वर्ष २०४६।४७ सम्मको २५ वर्षको अवधिमा सो अनुपातमा केही परिमाणले मात्र घट्न गई ६१ प्रतिशत रहन गयो। विकासको क्रममा औद्योगिकीकरणको साथ साथै कुल गार्हस्थ उत्पादनमा गैर कृषिक्षेत्रको अंश बढ्दै जानुपर्नेमा आर्थिक वर्ष २०२१।२२ मा यस क्षेत्रको योगदान ३५ बाट केही मात्र वृद्धि भई २०४६।४७ मा ३९ प्रतिशत मात्र पुगेको पाइन्छ। यसबाट देशको समष्टिगत अर्थतन्त्रको संरचनामा उल्लेखनीय परिवर्तन हुन नसक्नुका साथै उत्पादनको आधार पनि परम्परागत नै रह्यो।

(च) **प्रजातन्त्र पुनर्स्थापना अघिका ७ आवधिक योजनाको समीक्षात्मक टिप्पणी** - प्रजातन्त्र पुनर्स्थापना (२०४७ साल) अघि एउटा त्रिवर्षीय र ६ वटा पञ्च वर्षीय योजना तर्जुमा भई कार्यान्वयन गरिए। आवधिक योजनाहरूलाई विकासको संयन्त्रको उपयोग गरी देशको तीव्र विकास गर्ने अभिप्राय हुँदा हुँदै पनि अर्थतन्त्रले वाञ्छित प्रगति गर्न सकेन। यसो हुनुमा विगतका योजनाहरूको उद्देश्य, प्राथमिकता, रणनीति एवं कार्यक्रमहरूबीचको अन्तर्सम्बन्धलाई स्पष्ट रूपमा स्थापित गर्न नसक्नु एक प्रमुख कारण थियो। कुनै एक उद्देश्य हासिल नहुँदै अर्को नयाँ उद्देश्य निर्धारण गर्ने प्रवृत्तिले उद्देश्यहरूको छनौट एवं पहिचानमा नै निरन्तरता र दूरगामी विश्लेषणको अभाव देखियो। आवधिक योजनाहरूमा अपनाइएका नीति, कार्यनीति तथा कार्यक्रमबीचको विसङ्गति र कार्यान्वयनमा फितलोपनाको स्थिति तत्कालीन योजना विकास प्रक्रियाको चरित्रको रूपमा देखा परे। यस अवधिको प्रमुख आर्थिक एवं भौतिक सूचकाङ्कहरूको मूल्याङ्कन गर्दा निराशाजनक स्थिति देखा पर्दछ। पञ्चायती व्यवस्थाको यस अवधिमा यातायात, सञ्चार सुविधा, स्वास्थ्य, खानेपानी, साक्षरता तथा विद्यार्थी भर्ना दर जस्ता क्षेत्रहरूमा केही सुधार एवं विस्तार भए तापनि समष्टिगत रूपमा अर्थतन्त्रको उपलब्धिहरू अस्पष्ट र निराशाजनक रहे। बहुसंख्यक जनताको जीवनस्तरमा तात्त्विक परिवर्तन हुन सकेन।

उच्च जनसंख्या वृद्धिको अनुपातमा कूल गार्हस्थ उत्पादनमा खास वृद्धि नभएबाट आर्थिक वर्ष २०२१।२२ देखि २०४६।४७ सम्मको अवधिमा प्रतिव्यक्ति आयमा केवल सीमान्त वृद्धि भएको पाइन्छ। उक्त अवधिमा कुल गार्हस्थ उत्पादनको वृद्धिदर ३.४ प्रतिशत रह्यो, जब कि प्रतिव्यक्ति आय वृद्धि केवल ०.८ प्रतिशत मात्र रह्यो। परिमाणात्मक दृष्टिले हेर्दा आर्थिक वर्ष २०२१।२२ मा प्रतिव्यक्ति आय रु. १,३०४ थियो भने २०४६।४७ मा रु. १,६०५ मात्र रह्यो। यसरी २५ वर्षको अवधिमा प्रतिव्यक्ति आयमा केवल रु. ३०१ मात्र थप भएको देखिन्छ। यसप्रकार प्रतिव्यक्ति आय वृद्धिमा भएको सुस्तताको फलस्वरूप विश्वका अति निर्धन राष्ट्रहरूको पंक्तिमा पनि नेपाल निकै तल उभिन पुग्यो। न्यून आर्थिक वृद्धिदर र बढ्दो आर्थिक एवं पुँजीको असमानताको कारणले बहुसंख्यक जनता गरीबीको रेखामुनि धकेलिँदै जाने प्रक्रिया तीव्र भयो। सातौं योजनाको अन्ततिर करीब ४९ प्रतिशत जनसंख्या गरीबीको रेखामुनि रहेका थिए।

आर्थिक वर्ष २०१८।१९ मा कूल ३१ लाख ५२ हजार मे. टन खाद्यान्न उत्पादन भएकोमा आर्थिक २०४६।४७ मा ५६ लाख ९८ हजार मे. टन उत्पादन भई प्रति वर्ष

सरदर २.१ प्रतिशतले मात्र खाद्यान्न उत्पादन वृद्धि भएको पाइन्छ। यो वृद्धि मुख्यतया उत्पादत्त्व वृद्धिभन्दा पनि कृषि भूमिको विस्तारले गर्दा भएको थियो। खाद्यान्न आपूर्ति वृद्धिदर जनसंख्या वृद्धिदरभन्दा कम भएको कारणले प्रतिव्यक्ति खाद्यान्न उपलब्धिमा पनि असर पर्न गयो। सिँचाइको क्षेत्रमा हेर्ने हो भने २०४६।४७ सम्ममा कूल ५ लाख ५० हजार ४६७ हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुन सकेको थियो जुन खेतीयोग्य भूमिको करीब २१ प्रतिशत मात्र थियो।

विगतमा उद्योग क्षेत्रको विकासमा केही प्रोत्साहन दिइएको भए तापनि यो क्षेत्र प्रारम्भिक अवस्थामा नै रह्यो। घरेलु उद्योग समेत मिलाएर उद्योग क्षेत्रको योगदान कूल गार्हस्थ उत्पादनमा करिब ५ प्रतिशत रहेको र कूल श्रमशक्तिको करीब २ प्रतिशतलाई मात्र यसले रोजगारी प्रदान गर्न सक्यो। यो क्षेत्रमा पनि गतिशीलताको अभाव देखियो र अन्य क्षेत्रसँग यसले वृद्धिदर अभिप्रेरित गर्ने खालको अगाडि र पछाडिको सम्बन्ध (Backward & Forward Linkage) राख्न सकेन। यस क्षेत्र अन्तर्गतका कुनै पनि उपक्षेत्रले स्वदेशी वा विदेशी लगानीकर्ताहरूलाई आकर्षित पार्न सकेन।

४.८ **आठौं योजना (२०४९-५४)** - २०४६ सालमा भएको ऐतिहासिक जनआन्दोलनपछिको राजनीतिक परिवर्तन र नयाँ संविधान निर्माण, संसदीय निर्वाचन तथा प्रजातान्त्रिक सरकार गठनको अवधिको संक्रमणकालका कारण आर्थिक वर्ष २०४८।४९ प्लान होलिडेको रूपमा रही कुनै योजना तर्जुमा भएन।

ऐतिहासिक जनआन्दोलनको सफलताबाट देशमा प्रजातन्त्र पुनर्स्थापना भई प्रजातान्त्रिक शासन व्यवस्था स्थापना भएको स्थिति र ३० वर्षे पञ्चायती व्यवस्थाले सिर्जना गरेका विसंगतिपूर्ण आर्थिक एवम् प्रशासनिक परिवेश साथै देशको वस्तुगत स्थिति र अन्तर्राष्ट्रिय क्षेत्रमा देखा परेका आर्थिक परिवर्तन समेतबाट विकासप्रतिको दृष्टिकोणमा नवीनता ल्याउनु जरुरी थियो। यस योजनामा राज्यले केवल सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गरी उत्पादन वृद्धि, रोजगारीको सिर्जना र आर्थिक तथा सामाजिक दृष्टिकोणले कमजोर रहेका र विकासको मूलप्रवाहमा पछाडि परेका जनसाधारणको आर्थिक उन्नतिको लागि विशेष कार्यक्रमहरूद्वारा देशमा सामाजिक र आर्थिक न्याय दिलाउने सोच राखेको थियो। साथै विगत ३० वर्षदेखि राज्यले अपनाउँदै आएको राज्य निर्देशित एवम् नियन्त्रित अर्थ व्यवस्थालाई क्रमशः समाप्त गरी स्वतन्त्र बजारोन्मुख उदार अर्थ व्यवस्था अवलम्बन गर्ने नीति लिएको थियो।

आठौं योजनाका उद्देश्य तथा प्राथमिकता निम्नलिखित रहेका थिएः-

(क) उद्देश्य - यस योजनाको मुख्य उद्देश्य गतिहीन अर्थतन्त्र, बढ्दो गरीबी, संरचनात्मक विसङ्गति, बिग्रँदो वातावरण र जनसंख्याको तीव्र वृद्धिजस्ता समस्याहरूसँग जुधेर देशका नागरिकहरूको सामाजिक तथा आर्थिक उत्थान गर्नको निमित्त देशलाई एक निश्चित दिशा निर्देश गर्नुरहेको र यी समस्याहरू एउटा पञ्चवर्षीय योजनाभित्रै समाधान गर्न नसकिने खालका रहेको उल्लेख भएको पाइन्छ। आठौं योजनाले हासिल गर्न खोजेका प्रमुख उद्देश्यहरू निम्न प्रकार थिएः-

(१) दिगो आर्थिक वृद्धि हासिल गर्ने,

(२) गरीबी घटाउने र

(३) क्षेत्रीय असन्तुलन घटाउने।

(ख) प्राथमिकता - यस योजनामा प्राथमिकता दिइएका कार्यक्रमहरू निम्नलिखित थिएः-

(१) कृषिमा सघनता र विविधीकरण
(२) ऊर्जा विकास
(३) ग्रामीण पूर्वाधारको विकास
(४) रोजगारी सिर्जना तथा जनशक्ति विकास
(५) जनसंख्या वृद्धिमा नियन्त्रण
(५) औद्योगिक विकास तथा पर्यटन प्रवर्द्धन
(७) निकासी प्रवर्द्धन तथा विविधीकरण
(८) समष्टिगत आर्थिक स्थायित्व
(९) विकास प्रशासनमा सुधार
(१०) अनुगमन तथा मूल्याङ्कन

(ग) स्रोत, लगानी अनुमान तथा खर्च - आठौं योजना अवधिमा आर्थिक वर्ष २०४८।४९ को स्थिर मूल्यमा साधारण खर्च रु. ५३ अर्ब ७६ करोड र विकास खर्च रु. १ खर्ब १३ अर्ब ४८ करोड गरी जम्मा रु. १ खर्ब ६७ करोड २४ करोड खर्च हुने अनुमान गरिएको थियो। सो मध्ये रु. ६४ प्रतिशत निजी क्षेत्रबाट र ३६ प्रतिशत सरकारी क्षेत्रबाट लगानी हुने अनुमान थियो। साधारण तर्फ कुल रु. ६८ अर्ब ३४ करोड खर्च भई लक्ष्यभन्दा बढी खर्च भएको थियो भने विकास तर्फ रु. जम्मा रु. ८७ अर्ब ८ करोड अर्थात् लक्ष्यको ७६.७४ प्रतिशत मात्र खर्च भएको थियो।

(घ) योजनाको प्रगति समीक्षा - आठौं योजना अवधिमा आर्थिक वृद्धिदर प्रतिवर्ष औसत ५.१ प्रतिशत गर्ने लक्ष्य राखिएको थियो। योजनाले तोकेको लक्ष्यअनुसार ५.१ प्रतिशत विन्दुले नै प्रगति भएको पाइन्छ भने कुल गार्हस्थ उत्पादन (फ्याक्टर कस्टमा) ४.९ प्रतिशतका दरले वृद्धि भएको अनुमान छ। यस अवधिमा कृषि क्षेत्रको वृद्धिदर औसत ३.० प्रतिशत रहेको थियो भने गैर-कृषि क्षेत्रको औसत वृद्धिदर ६.३ प्रतिशत रहेको थियो।

यस्तै योजना अवधिमा राष्ट्रिय बचत कुल गार्हस्थ उत्पादनको १५ प्रतिशत पुग्ने अनुमान रहेकोमा १४.८ प्रतिशत पुगेको देखिन्छ। योजना अवधिमा भौतिक पूर्वाधारको क्षेत्रमा लक्ष्यको तुलनामा कम र आर्थिक सेवा र सामाजिक सेवामा लक्ष्यभन्दा बढी खर्च भएको थियो।

४.९ **नवौं योजना (२०५४-५९)-** विगतमा केही क्षेत्रगत दीर्घकालीन विकास कार्यक्रम तर्जुमा भई कार्यान्वयन भए तापनि दीर्घकालीन विकासको समष्टिगत प्रारूपको अभावमा मुलुकको आर्थिक-सामाजिक विकासको लागि स्पष्ट दिशा पहिल्याउन नसकिएको उल्लेख गर्दै नवौं योजनाले दीर्घकालीन विकासको अवधारणा लिएको थियो। जस अनुसार दीर्घकालीन विकासको अवधारणा, रणनीति तथा लक्ष्य देहाय अनुसार रहेका थिएः-

(क) **दीर्घकालीन विकासको मूल उद्देश्य -** दीर्घकालीन विकासको मूल उद्देश्य हाल व्याप्त रहेको व्यापक गरिबीको स्तरलाई कम गरी एक सुसंस्कृत, आधुनिक एवं सीपयुक्त उन्नतोन्मुख समाजको सिर्जना गर्नु रहेको थियो।

(ख) **दीर्घकालीन विकासको लक्ष्य -** गरिबी निवारण।

आठौं योजनाको अन्त्यमा कूल जनसंख्याको ४२ प्रतिशत जनसंख्या गरिबी रेखामुनि रहेको अनुमान गर्दै उच्च आर्थिक वृद्धिदर तथा गरिबी निवारणका लागि क्षेत्रगत र अन्य विशेष कार्यक्रमहरूको कार्यान्वयनबाट आगामी २० वर्षमा गरिबी रेखामुनिको जनसंख्यालाई १० प्रतिशतमा झार्ने लक्ष्य राखिएको।

(ग) **आर्थिक वृद्धि -** नवौं योजनामा कुल गार्हस्थ उत्पादन वार्षिक ६.० प्रतिशतले बढ्ने अनुमान रहेकोमा बाह्रौं योजनामा यो वृद्धिदर ८.३ प्रतिशत हुन गई २० वर्षको अवधिमा वार्षिक औसत वृद्धिदर ७.२ प्रतिशत रहन जाने अनुमान गरिएको थियो।

(घ) **नवौं योजनाको उद्देश्य** - यस योजनाले राष्ट्रको विकासक्रम अगाडि बढाउँदै लाने क्रममा २० वर्षे दीर्घकालीन विकास अवधारणासँग तादात्म्यता कायम गरी राष्ट्रका सामु प्रमुख चुनौतीको रूपमा रहेको गरिबीको समस्यालाई कम गर्न गरिबी निवारणलाई एक मात्र उद्देश्यको रूपमा अङ्गीकार गरेको।

(ङ) **प्राथमिकता** - कृषि तथा वन, जलस्रोत, मानव संसाधन, सामाजिक विकास, औद्योगिकीकरण, पर्यटन विकास र अन्तर्राष्ट्रिय व्यापार, भौतिक पूर्वाधार।

(च) **स्रोत, लगानी अनुमान तथा खर्च** - नवौं योजनाको आर्थिक वृद्धिदर ६.० प्रतिशत रहने अनुमानका आधारमा योजनावधिको कूल स्थिर पुँजी लगानी २०५३।५४ को मूल्यमा रु. ३ खर्ब ७२ अर्ब ७१ करोड हुनुपर्ने अनुमान गरिएको थियो।

(छ) **योजनाको प्रगति समीक्षा** - गरिबी निवारण गर्ने एक मात्र उद्देश्य राखिएको नवौं योजनाको अन्त्यसम्ममा यसलाई ३२ प्रतिशतमा झार्ने लक्ष्य राखिएको जनसंख्या ३८ प्रतिशतसम्म मात्र झार्न सफल भएको देखिन्छ।

४.१० **दशौं योजना (२०५९-६४) -** नवौं योजनामा अवलम्बन गरिएको दीर्घकालीन अवधारणाका प्रमुख लक्ष्यहरू सहस्राब्दी विकास लक्ष्य (MDG) अनुरूप रहेका थिए। विकासमा सम्बद्ध सबै पक्षको सहभागिता अभिवृद्धि गर्न सरकार, स्थानीय निकाय, निजी क्षेत्र र नागरिक समाजको भूमिकालाई स्पष्ट पार्दै अन्य क्षेत्रलाई विकास सेवाहरूको भूमिकामा क्रियाशील रहने अनुकूल वातावरण सिर्जना गर्न तथा न्यायोचित विकास एवम् सामाजिक दायित्वका क्षेत्रहरूमा सरकारको भूमिका अझै दह्रो बनाउन आवश्यक रहेको कुरा दशौं योजनामा उल्लेख गरिएको थियो।

दीर्घकालीन लक्ष्य अन्तर्गत १२ औं योजनासम्ममा गरिबीको रेखामुनि रहेका जनसंख्यालाई १० प्रतिशतमा झार्ने, आर्थिक वृद्धिदर ८.३ प्रतिशत पुऱ्याउने, साक्षरता शत प्रतिशत पुऱ्याउने, सबै जिल्ला सदरमुकाममा सडक पुऱ्याउने, सबैलाई खानेपानी सुविधा पुऱ्याउने, ८० प्रतिशत जनतामा विद्युत सुविधा पुऱ्याउने लगायत थिए।

दशौं योजनाका सम्पूर्ण लक्ष्य, नीति, रणनीति, प्राथमिकता तथा कार्यक्रमहरू गरिबी निवारणको एक मात्र ध्येयमा केन्द्रित गरिएकोले यसलाई गरिबी निवारण रणनीति पत्र (Provery Reduction Strategic Paper-PRSP) को रूपमा लिइएको थियो। साथै यसै योजनाबाट मध्यमकालीन खर्च संरचना पनि लागू गरिएको थियो।

(क) मूल उद्देश्य - देशमा विद्यमान गरिबीको स्थितिबाट उन्मुक्ति सहित एक सुसंस्कृत, आधुनिक, एवम् प्रतिस्पर्धात्मक क्षमतायुक्त समाजको सिर्जना गर्ने।

(ख) उद्देश्य - सरकार, स्थानीय निकाय, गैरसरकारी क्षेत्र र निजी क्षेत्र र नागरिक समाजको संयुक्त सहभागितामा स्रोत साधनहरूको समुचित परिचालन गर्दै आर्थिक अवसर एवम् रोजगारीका क्षेत्रहरू विस्तार गर्ने र सशक्तीकरण, मानवीय विकास, सुरक्षा तथा लक्षित कार्यक्रमहरू मार्फत् महिला, दलित, दुर्गम क्षेत्रका बासिन्दा लगायत अति विपन्न एवम् पिछडिएका वर्गको साधन तथा आर्थिक उपलब्धिमा समान पहुँच वृद्धि गर्दै आर्थिक, मानवीय एवम् सामाजिक परिसूचकहरूको सुधार गरी गरिबी घटाउने।

(ग) लक्ष्य - गरिबीको रेखामुनि रहेका जनसंख्यालाई ३० प्रतिशतमा झार्ने, अपेक्षित आर्थिक वृद्धिदर ६.२ प्रतिशत हुने तर शान्ति सुरक्षाको अवस्थामा सुधार हुन नसकी लगानीको वातावरण सुधार नभएमा आर्थिक वृद्धिदर ४.३ प्रतिशत हुने अनुमान रहेको।

(घ) रणनीति - उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास, लक्षित कार्यक्रम, सुशासन कायम गर्ने।

(ङ) विशेष जोड दिइएका क्षेत्र - कृषि विकास, ग्रामीण पूर्वाधारको विकास तथा ग्रामीण कर्जा, जनसंख्या व्यवस्थापन, सामाजिक सेवा र आधारभूत सामाजिक सुरक्षा, निजी क्षेत्रको भूमिकामा पर्यटन, जलस्रोत, सूचना प्रविधि तथा औद्योगिक एवम् व्यापारिक क्षेत्रको विकास, सुशासनको प्रत्याभूति र अभिवृद्धि, वातावरण संरक्षण तथा प्रवर्द्धन, राष्ट्रिय तथा क्षेत्रस्तरका पूर्वाधारको विकास, दलित, जनजाति एवम् विपन्न वर्गको उत्थान एवम् रोजगारी तथा आधारभूत सुरक्षाको लागि विशेष कार्यक्रम, मानव संसाधन विकास र महिला सशक्तीकरण, स्थानीय निकाय तथा गैर सरकारी एवम् सामुदायिक संस्थाहरूको सुदृढीकरण।

(च) दशौं योजनाका विशेषता - यो योजना खासगरी द्वन्द्वकालमा तर्जुमा एवम् कार्यान्वयन गरिएकोले २ वटा लक्ष्य निर्धारण गरियोः सामान्य अवस्था र विशेष अवस्था। यसलाई गरिबी निवारण रणनीति पत्रको रूपमा ल्याइयो। यो योजना MDG मा आधारित थियो साथै मध्यमकालीन खर्च संरचना समेत लागू गरियो जस अनुसार आयोजनाहरूलाई प्राथमिकताको आधारमा P1, P2 & P3 गरी ३ वर्गमा विभाजन गरियो। गरिबीलाई ३ आयामबाट मापन गर्न प्रारम्भ गरियोः (१) आयमूलक (२) मानवीय र (३) वञ्चितीकरणबाट हुने गरिबी। साथै नतिजा सूचक पनि यसमा समावेश गरिएको थियो।

(छ) दशौं योजनाको उपलब्धि समीक्षा - नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६०।६१ का अनुसार विगत ८ वर्षको अवधिमा निरपेक्ष गरिबी ४२ प्रतिशतबाट ११ प्रतिशत विन्दुले घटी ३१ प्रतिशतमा झरेको अनुमान गरिएको थियो। तर, यस अवधिमा आय वितरणको असमानता दर्शाउने Gini Co-efficient ०.३४ बाट ०.४१ पुगेको, त्यसैगरी मानव विकास

प्रतिवेदन, २०६३ अनुसार नेपालको मानव विकास सूचकाङ्क अघिल्लो वर्षको तुलनामा केही बढेर ०.५२७ पुगे तापनि नेपाल दक्षिण एसियामै सबैभन्दा कम मानव विकास भएको मुलुकको रूपमा रही विश्व सूचीमा १३८ औं स्थानमा रहेको थियो। योजना अवधिमा आर्थिक वृद्धि दरको सामान्य लक्ष्य ४.३ प्रतिशत रहेकोमा ३.४ प्रतिशतले मात्र आर्थिक वृद्धि भएको थियो।

दशौं योजनामा कुल स्थिर पुँजी लगानी रु ४५७.३ अर्बको प्रक्षेपण गरिएको थियो। यसमा सरकारी क्षेत्रको लगानी रु. १२९.४ अर्ब हुने र यसको लागि कुल विकास खर्च रु. १७८.४ अर्ब हुनुपर्ने अनुमान गरिएको थियो। योजना अवधिमा पुँजी लगानी रु. ५३२.१ अर्ब रहेको देखिन्छ।

४.११ **एघारौं त्रिवर्षीय अन्तरिम योजना (२०६४-६७) -** नेपालमा चलेको करिब एक दशक लामो सशस्त्र द्वन्द्वको समाप्ति र २०६२।६३ मा भएको जनआन्दोलनको सफलतापछिको राजनीतिक संक्रमणकालको लागि यो अन्तरिम योजना तर्जुमा गरी लागू गरिएको थियो।

(क) दीर्घकालीन सोच - सम्वृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्ने।

(ख) लक्ष्य - सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू तथा अति कम विकसित मुलुकहरूको उत्थान कार्य योजना अनुरूपका लक्ष्यहरू प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्ने, सामाजिक वञ्चितीकरणलाई हटाउँदै आम नेपालीको जीवन स्तरमा सुधार ल्याउने र दिगो आर्थिक वृद्धि मार्फत यस योजनाको अन्त्यमा गरीबी दरलाई २१ प्रतिशतमा पुऱ्याउने,

(ग) प्रमुख उद्देश्य - रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरीबी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउने।

(ग) रणनीति - उपर्युक्त उद्देश्य र लक्ष्य हासिल गर्न देहायका रणनीति तय गरिएका थिएः-

१. राहत, पुनःनिर्माण र पुनःएकीकरणमा विशेष जोड दिने,
२. रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धि गर्ने,
३. सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउने,
४. भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने,
५. सामाजिक विकासलाई जोड दिने,
६. समावेशी विकास र लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने।

(घ) प्राथमिकताका क्षेत्र - द्वन्द्वकालमा क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनःनिर्माण र पुनर्स्थापना गर्नुका साथै द्वन्द्व प्रभावितलाई राहत, पुनर्स्थापना तथा सामाजिक एकीकरण र समायोजन गर्ने, विकासका सबै संरचना, क्षेत्र र प्रक्रियाहरूमा उपेक्षित समुदाय, क्षेत्र र लिङ्गको समावेशीकरण गरी विकासमा टेवा पुऱ्याउन लगानी बढाइने, राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउन कृषि, पर्यटन तथा उद्योगलाई टेवा पुग्ने विद्युत विकास, सडक, सिँचाइ तथा सञ्चार जस्ता भौतिक पूर्वाधारमा लगानी बढाइने, मानव संसाधन विकासको लागि शिक्षा स्वास्थ्य तथा खानेपानी र सरसफाइको क्षेत्रमा लगानी बढाइने।

(ङ) **एघारौं योजनाको उपलब्धि समीक्षा** - नवौं योजनादेखि गरीबी निवारणलाई प्रमुख उद्देश्य बनाएर योजनाहरू कार्यान्वयन गरिएको थियो। एघारौं त्रिवर्षीय योजना अवधिमा निरपेक्ष गरीबी ३१ प्रतिशतबाट २५.४ प्रतिशतमा झरेको अनुमान गरेको पाइन्छ। तर यस अवधिमा आय वितरणको असमानता दर्शाउने Gini Co-efficient ०.४१ बाट ०.४६ पुगेकोले धनी र गरिब बीचको अन्तर बढेको र आयको असमान वितरणमा वृद्धि भएको देखाउँछ। योजना अवधिमा वार्षिक औसतमा ४.५ प्रतिशतले मात्र वृद्धि भएको पाइन्छ जुन लक्ष्यभन्दा १ प्रतिशतले कम हो। कृषि क्षेत्रमा वार्षिक औसत वृद्धिदर ३.२ प्रतिशत र गैर कृषि क्षेत्रतर्फ वार्षिक औसत ५.१ प्रतिशतले मात्र वृद्धि भएको थियो।

४.१२ **बाह्रौं त्रिवर्षीय योजना (२०६७-७०) -** नेपालमा चलेको करिब एक दशक लामो सशस्त्र द्वन्द्वको समाप्ति र २०६२।६३ मा भएको जनआन्दोलनको सफलतापछिको जारी राजनीतिक संक्रमणकाल अन्त नभएकोले पुनः ३ वर्षको लागि यो योजना तर्जुमा गरी लागू गरिएको थियो।

(क) **दीर्घकालीन सोच** - आगामी दुई दशकभित्र नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रुपान्तरण गरी क्रमशः सम्बृद्ध, शान्त न्यायपूर्ण नेपाल बनाउने यस योजनाको दीर्घकालीन सोच रहेको थियो।

(ख) **प्रमुख उद्देश्य** - रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरीबी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउने।

(ग) **लक्ष्य** - सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू तथा अति कम विकसित मुलुकहरूको उत्थान कार्य योजना अनुरूपका लक्ष्यहरू प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्ने, सामाजिक वञ्चितीकरणलाई हटाउँदै आम नेपालीको जीवन स्तरमा सुधार ल्याउने र दिगो आर्थिक वृद्धि मार्फत यस योजनाको अन्त्यमा गरीबीलाई २१ प्रतिशतमा झार्ने।

(घ) **रणनीति -** यस योजनाले समष्टिगत रणनीतिमा रोजगारी केन्द्रित फराकिलो आर्थिक वृद्धि हासिल गर्ने, भावी संघीय प्रदेशहरू र क्षेत्रीय सन्तुलनलाई समेत ध्यानमा राख्दै विकासका पूर्वाधारहरू सिर्जना गर्ने, समावेशी तथा समन्यायिक विकास गर्ने, मुलुकको आर्थिक सामाजिक रुपान्तरणलाई सघाउ पुऱ्याउने सुशासन एवं सेवा प्रवाहलाई प्रभावकारी बनाउने र व्यापारलाई मूलप्रवाहीकरण गर्ने।

(घ) **प्राथमिकताका क्षेत्र** - द्वन्द्वकालमा क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनःनिर्माण र पुनर्स्थापना गर्नुका साथै द्वन्द्व प्रभावितलाई राहत, पुनर्स्थापना तथा सामाजिक एकीकरण र समायोजन गर्ने, विकासका सबै प्रक्रियाहरूमा उपेक्षित समुदाय, क्षेत्र र लिङ्गको समावेशीकरण, राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउन कृषि, पर्यटन तथा उद्योगलाई टेवा पुग्ने विद्युत विकास, सडक, सिँचाइ तथा सञ्चार जस्ता भौतिक पूर्वाधारमा लगानी बढाइने, मानव संसाधन विकासको लागि शिक्षा स्वास्थ्य तथा खानेपानी र सरसफाइको क्षेत्रमा लगानी बढाइने।

(ङ) **बाह्रौं योजनाको उपलब्धि समीक्षा** - यस योजनाले समष्टिगत आर्थिक वृद्धि दर वार्षिक औसत ५.५ प्रतिशत प्रक्षेपण गरेको थियो। तर योजना अवधिमा समष्टिगत आर्थिक वृद्धि दर

आधारभूत मूल्यमा वार्षिक औसत ४ प्रतिशत मात्र भयो। यसमध्ये कृषि क्षेत्रतर्फ ३.४ प्रतिशत र गैरकृषिततर्फ ४.२ प्रतिशत वृद्धि भएको पाइन्छ। त्यस्तै गरिबीको रेखामुनि रहेको जनसंख्या २१ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा योजना अवधिको अन्तमा २३.८ प्रतिशतमा झरेको देखिन्छ।

बाह्रौं त्रिवर्षीय योजनाको परिमाणात्मक लक्ष्य तथा प्रगति स्थितिः-

क्र.सं.	विवरण	१२ औं योजनाको लक्ष्य	हासिल भएको उपलब्धि
१	आर्थिक वृद्धि दर (प्रतिशतमा)	५.५	४.०
२	कृषि क्षेत्रको वृद्धि दर (प्रतिशतमा)	३.९	३.४
३	गैरकृषि क्षेत्रको वृद्धि दर (प्रतिशतमा)	६.४	४.२
४	गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशतमा)	२१.०	२३.८
५	रोजगारी वृद्धिदर (प्रतिशतमा)	३.६	२.९

४.१३ तेह्रौं योजना (२०७०।७१-२०७२।७३) - नेपालमा चलेको करिब एक दशक लामो सशस्त्र द्वन्द्वको समाप्ति र २०६२।६३ मा भएको जनआन्दोलनको सफलतापछि नयाँ संविधान जारी भइनसकेको र राजनीतिक स्थायित्व हासिल नभइसकेको परिप्रेक्ष्यमा पुनः ३ वर्षको लागि १३ औं योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको थियो।

(क) दीर्घकालीन सोच - वि.सं. २०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने।

(ख) प्रमुख उद्देश्य - देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने।

(ग) लक्ष्य - यस योजनाको प्रमुख लक्ष्य गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८ प्रतिशतमा झार्ने रहेको थियो। अन्य लक्ष्य वार्षिक औसत आर्थिक वृद्धि दर ६ प्रतिशत पुऱ्याउने, वार्षिक औसत रोजगारी वृद्धि दर ३.२ प्रतिशत, औसत आयु ७१ वर्ष, साक्षरता दर ९० प्रतिशत पुऱ्याउने लगायतका थिए।

(घ) रणनीति - उपर्युक्त उद्देश्य र लक्ष्य हासिल गर्न देहायका रणनीति तय गरिएका थिएः-

१. विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी समावेशी, फराकिलो र दिगो आर्थिक वृद्धि गर्ने,
२. भौतिक पूर्वाधारको विकास गर्ने,
३. सामाजिक सेवाका क्षेत्रहरूमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धि गर्ने,
४. सार्वजनिक तथा अन्य क्षेत्रहरूमा सुशासन अभिवृद्धि गर्ने,
५. लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि गर्ने,
६. जलवायु परिवर्तनसँग अनुकूलित हुनेगरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने।

(घ) प्राथमिकताका क्षेत्र - जलविद्युत तथा अन्य ऊर्जा विकास, कृषि क्षेत्रको उत्पादकत्त्व वृद्धि, विविधीकरण र व्यावसायीकरण, पर्यटन, उद्योग र व्यापार क्षेत्रको विकास, आधारभूत शिक्षा

तथा स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रको विकास, सुशासन प्रवर्द्धन, सडक तथा अन्य भौतिक पूर्वाधार विकास, प्राकृतिक स्रोत र वातावरण संरक्षण।

(ङ) पुँजी लगानी - योजना अवधिमा प्रक्षेपित आर्थिक वृद्धि दर हासिल गर्न २०६९।७० को स्थिर मूल्यमा कूल स्थिर पुँजी लगानी रू. १४ खर्ब ७१ अर्ब ५७ करोड हुने, यसमध्ये सरकारी क्षेत्रबाट कुल स्थिर पुँजी निर्माण रू.४ खर्ब ६४ अर्ब १ करोड हुनेछ भने निजी क्षेत्रबाट रू. १० खर्ब ०७ अर्ब ५६ करोड हुने प्रक्षेपण गरिएको थियो ।

(च) योजनाको उपलब्धि समीक्षा - तेह्रौं योजनामा कुल गार्हस्थ उत्पादन ६.० प्रतिशतले वृद्धि गर्ने लक्ष्य रहेकोमा २.९ प्रतिशतले मात्र वृद्धि भएको पाइन्छ। कृषि क्षेत्रको औसत वृद्धिदर औसत २.२ प्रतिशतले र गैर कृषि क्षेत्रको वृद्धि ३.४ प्रतिशत रहेको थियो।

तेह्रौं त्रिवर्षीय योजनाको परिमाणात्मक लक्ष्य तथा प्रगति स्थितिः-

क्र.सं.	विवरण	१३ औं योजनाको लक्ष्य	हासिल भएको उपलब्धि
१	आर्थिक वृद्धि दर (प्रतिशतमा)	६.०	२.९
२	कृषि क्षेत्रको वृद्धि दर (प्रतिशतमा)	४.५	२.२
३	गैरकृषि क्षेत्रको वृद्धि दर (प्रतिशतमा)	६.७	३.४
४	गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशतमा)	१८	२१.६
५	रोजगारी वृद्धिदर (प्रतिशतमा)	३.२	२.९

४.१४ **चौधौं योजना (२०७३।७४-२०७५।७६)** - नेपालमा चलेको करिब एक दशक लामो सशस्त्र द्वन्द्वको समाप्ति र २०६२।६३ मा भएको जनआन्दोलनको सफलतापछि नयाँ संविधान जारी भए तापनि तीन तहको निर्वाचन भई संघीयता संस्थागत नभइनसकेको परिप्रेक्ष्यमा पुनः ३ वर्षको लागि १४ औं योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको थियो।

यो योजना सङ्घीय स्वरूपको शासकीय व्यवस्थासहितको संविधान जारी भई त्यसमा अन्तर्निहित आर्थिक-सामाजिक सिद्धान्त कार्यान्वयन गर्ने पहिलो योजना थियो। सम्वत् २०७२ सालको विनाशकारी भूकम्पले पुऱ्याएको क्षतिको पुनःनिर्माण गर्दै उत्थानशील नेपालको निर्माण गर्ने र भारतीय नाकाबन्दीबाट राष्ट्रिय आपूर्ति व्यवस्था अस्तव्यस्त भई अर्थतन्त्रका विभिन्न पक्षहरूमा पर्न गएको असरबाट पाठ सिक्दै आगामी दिनहरूमा स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ यो योजना मुखरित रहेको थियो।

(क) सोच - स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवम् समृद्ध नेपाली।

(ख) लक्ष्य - सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मुलुकलाई मध्यम आय भएका मुलुकको स्तरमा पुऱ्याउने।

(ख१) परिमाणात्मक लक्ष्य - वार्षिक औसत आर्थिक वृद्धिदर ७.२, कृषि क्षेत्रको वृद्धिदर ४.७, गैरकृषि क्षेत्रको वृद्धिदर ८.४, मुद्रास्फीति ७.५, गरिबीको रेखामुनिको जनसङ्ख्या १७ प्रतिशत पुऱ्याउने जस्ता परिमाणात्मक लक्ष्य राखिएको थियो।

(ग) उद्देश्य - उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्ने।

(घ) रणनीति - उल्लिखित सोच, लक्ष्य र उद्देश्य हासिल गर्न निम्नानुसारका पाँच प्रमुख रणनीतिहरू अघि सारिएका थिएः-

(१) कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तारमार्फत् उत्पादन वृद्धि गर्ने।

(२) ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण-सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने।

(३) सामाजिक विकास र सामाजिक सुरक्षा एवम् सामाजिक संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने।

(४) आर्थिक, सामाजिक एवम् शासकीय सुधार, कुशल एवम् जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको संरक्षण र प्रवद्र्धन गर्दै समग्र सुशासन प्रवद्र्धन गर्ने।

(५) लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने।

(ङ) पुँजी लगानी - वार्षिक औसत ७.२ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त गर्न कुल स्थिर लगानी रु. २४ खर्ब २४ अर्ब ९६ करोड आवश्यक पर्ने, यसमध्ये सार्वजनिक क्षेत्रबाट रु. ९ खर्ब ५४ अर्ब ४२ करोड, निजी क्षेत्रबाट रु. १३ खर्ब २७ अर्ब ३० करोड र सहकारी क्षेत्रबाट रु. १ खर्ब ४३ अर्ब २४ करोड लगानी हुने अपेक्षा गरिएको थियो।

(च) चौधौं योजनाको उपलब्धि समीक्षा - योजना अवधिमा समष्टिगत आर्थिक वृद्धि दरको लक्ष्य ७.२ प्रतिशत रहेकोमा वार्षिक औसत ६.९ प्रतिशत मात्र रह्यो। यसमध्ये कृषि क्षेत्रतर्फ ४.३ प्रतिशत र गैरकृषितर्फ ८ प्रतिशत वृद्धि भएको पाइन्छ।

चौधौं योजनाको परिमाणात्मक लक्ष्य तथा प्रगति स्थितिः-

क्र.सं.	विवरण	योजनाको लक्ष्य	हासिल भएको उपलब्धि
१	आर्थिक वृद्धि दर (प्रतिशतमा)	७.२	६.९
२	कृषि क्षेत्रको वृद्धि दर (प्रतिशतमा)	४.७	४.२
३	गैरकृषि क्षेत्रको वृद्धि दर (प्रतिशतमा)	८.४	८.०
४	मुद्रा स्फीति दर (प्रतिशतमा)	७.५	४.२
५	प्रति व्यक्ति आय (GDP) (रु. हजारमा)	११६.५	११७.५
६	गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशतमा)	१७	१८.७
७	मानव विकास सूचकाङ्क (HDI)	०.५७०	०.५७४
८	लैङ्गिक सशक्तीकरण सूचकाङ्क (HDI)	०.५८०	०.५६८
९	अपेक्षित आयु (वर्ष)	७२	६९.७०

४.१५ पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१)

दीर्घकालीन सोच, २१००

संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भई मुलुकमा प्राप्त राजनीतिक स्थायित्वको जगमा तीव्र आर्थिक विकास र समृद्धिको लक्ष्य सहित आयवृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमहरूको न्यूनीकरण गर्दै सम्वत् २०७९ सम्ममा अति कम विकसित मुलुक (Least Developed Country) बाट विकासशील देश (Developing Country) मा स्तरोन्नति गर्ने र सम्वत् २०८७ सम्ममा दिगो विकास लक्ष्य (SDGs) लाई हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुक (Middle Income Country) मा स्तरोन्नति हुने गरी यस योजनाले दीर्घकालीन सोच तयार गरेको पाइन्छ।

योजना अवधिको पहिलो ३ वर्षभित्र नेपाललाई विकासशील राष्ट्र बनाउने, सम्वत् २०८७ (सन् २०३०) सम्ममा सबै नागरिकलाई निरपेक्ष र बहु आयामिक गरिबीको अवस्थाबाट मुक्त गर्दै दिगो विकासका लक्ष्य हासिल गर्ने तथा मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्ने र वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउन २५ वर्ष अवधिको दीर्घकालीन सोचका साथ यो योजना तर्जुमा गरिएको पाइन्छ।

सम्वत् २०४६ पश्चातको खुला राजनीतिक परिवेश र आर्थिक सुधार सम्बन्धी कार्यक्रमले आर्थिक गतिविधिमा केही विस्तार भएकोमा २०५२ पछिको करिब एक दशक लामो सशस्त्र द्वन्द्वका कारण मुलुकमा अपेक्षित विकास हुन सकेन। २०६२।६३ को ऐतिहासिक जनआन्दोलनबाट स्थापित संविधान सभाबाट जारी भएको नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै आर्थिक समृद्धिका लागि मार्ग प्रशस्त गरेको छ।

संघ, प्रदेश र स्थानीय तहको निर्वाचन पश्चात् राजनीतिक स्थायित्वको जगमा तीन वटै तहका सरकारहरू गठन भई संवैधानिक कार्य जिम्मेवारीका आधारमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको सम्बद्धन गर्दै नेपाललाई समृद्ध र समुन्नत बनाउने दायित्वबोध गर्दै संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वमा उल्लेखित प्रावधानहरूलाई कार्यान्वयन गरेर "समृद्ध नेपाल, सुखी नेपाली" बनाउने संकल्पलाई साकार पार्ने लक्ष्य राज्यले लिएको देखिन्छ।

यसै परिप्रेक्ष्यमा तीव्र र सन्तुलित आर्थिक विकास, समृद्धि, सुशासन र नागरिकले सुखको अनुभूति प्राप्त गर्ने दूरदृष्टि १५ औं योजनाले राखेको पाइन्छ। योजनाले संघीय संरचनामा ३ तहको अन्तरसरकारी वित्त व्यवस्थापन र निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँगको सहकार्यद्वारा लक्षित उद्देश्य हासिल गर्दै वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी समृद्धि र सुख प्राप्ति गर्ने र समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने उल्लेख छ। आयवृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमहरूको न्यूनीकरण गर्दै सम्वत् २०७९ सम्ममा अतिकम विकसित मुलुक बाट विकासशील देशमा स्तरोन्नति गर्ने र सम्वत् २०८७ सम्ममा दिगो विकास लक्ष्यलाई हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा पुग्ने गरी यो योजना तर्जुमा भएको पाइन्छ।

(क) दीर्घकालीन सोच - "समृद्ध नेपाल, सुखी नेपाली" : समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक।

(क१) दीर्घकालीन सोचका परिमाणात्मक लक्ष्यहरुः-

क्र. सं.	विवरण	एकाइ	आ. व. २०७४।७५ को अवस्था	आ. व. २१००।०१ को लक्ष्य
१	आर्थिक वृद्धि दर	प्रतिशत	६.८	१०.५
२	GDP मा कृषि तथा वन क्षेत्रको योगदान	प्रतिशत	२७	९
३	GDP मा उद्योग क्षेत्रको योगदान	प्रतिशत	१५.२	३०
४	GDP मा सेवा क्षेत्रको योगदान	प्रतिशत	५७.८	६१
५	प्रतिव्यक्ति कूलआय (GDP)	अ. डलर	१०४७	१२,१००
६	निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या	प्रतिशत	१८.७	०.००
७	बहु आयामिक गरिबीको रेखामुनि रहेको जनसंख्या	प्रतिशत	२८.६	३.०
८	सम्पत्तिमा आधारित Gini Coefficient	गुणक	०.३१	०.२५
९	बेरोजगारी दर	प्रतिशत	११.४	३.०
१०	जलविद्युत तथा सोलार ऊर्जा उत्पादन	मेगावाट	१०७४	४०,०००
११	विद्युतमा पहुँच	प्रतिशत	९०.७	१००
१२	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	५८	९८
१३	इण्टरनेट प्रयोगकर्ता	प्रतिशत	५५.४	१००
१४	मानव विकास सूचकांक (HDI)	सूचकांक	०.५७४	०.७६०
१५	लैङ्गिक सशक्तीकरण सूचकांक (GEI)	सूचकांक	०.९२५	१.००
१६	अपेक्षित आयु	वर्ष	६९.७	८०

(ख) २०८०।८१ सम्मको लक्ष्य - पन्ध्रौं योजना "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा रहने, सो बमोजिम समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रुपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने राष्ट्रिय लक्ष्य रहेको।

(ख१) परिमाणात्मक लक्ष्य - योजनाका परिमाणात्मक राष्ट्रिय लक्ष्य र गन्तव्य देहाय बमोजिम छन्:-

क्र. सं.	विवरण	एकाइ	२०७४।७५ को अवस्था	२०८०।८१ को लक्ष्य
१	आर्थिक वृद्धि दर	प्रतिशत	६.८	१०.३
२	GDP मा कृषि तथा वन क्षेत्रको योगदान	प्रतिशत	२७	२३
३	GDP मा उद्योग क्षेत्रको योगदान	प्रतिशत	१५.२	१८.१
४	GDP मा सेवा क्षेत्रको योगदान	प्रतिशत	५७.८	५८.९
५	प्रतिव्यक्ति कूलआय (GDP)	अ. डलर	१०४७	१५९५
६	निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या	प्रतिशत	१८.७	११
७	सम्पत्तिमा आधारित Gini Coefficient	गुणक	०.३१	०.२९
८	बेरोजगारी दर	प्रतिशत	११.४	६
९	अपेक्षित आयु	वर्ष	६९.७	७२
१०	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	५८	९८

११	जलविद्युत तथा सोलार ऊर्जा उत्पादन	मेगावाट	१०७४	५,०००
१२	विद्युतमा पहुँच	प्रतिशत	९०.७	९९
१३	इण्टरनेट प्रयोगकर्ता	प्रतिशत	५५.४	८०
१४	मानव विकास सूचकांक (HDI)	सूचकांक	०.५७४	०.७६०
१५	लैङ्गिक सशक्तीकरण सूचकांक (GEI)	सूचकांक	०.९२५	१.००

(ग) उद्देश्य - पन्ध्रौं योजनाका उद्देश्य देहायबमोजिम रहेका छन्:-

- सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशलि र मर्यादित रोजगारी वृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु,
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदुढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु,
- सामाजिक-आर्थिक रुपान्तरण तथा स्वाधीन अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु।

(घ) रणनीति - उल्लिखित उद्देश्य हासिल गर्न देहाय बमोजिमका रणनीति तय गरिएका छन्:-

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य र शिक्षाको सुनिश्चितता गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
- उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने,
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने,
- गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
- प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने,
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्वर्द्धन गर्ने।

(ङ) लगानी - यस योजनामा सीमान्त पुँजी उत्पादन अनुपात ४.९:१ रहने अनुमानको आधारमा औसत ९.६ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न कूल स्थिर लगानी रु. ९२ खर्ब २९ अर्ब २९ करोड आवश्यक पर्ने, यसमध्ये सार्वजनिक क्षेत्रबाट रु. ३५ खर्ब ९८ अर्ब ३२ करोड, निजी क्षेत्रबाट रु. ५१ खर्ब ३४ अर्ब ९ करोड र सहकारी क्षेत्रबाट ४ खर्ब ९६ अर्ब ८७ करोड लगानी हुने अनुमान गरिएको छ। कूल लगानीमा यी ३ क्षेत्रको लगानी क्रमशः ३९, ५५.६ र ५.४ प्रतिशत योगदान हुने अपेक्षा रहेको छ।

(च) पन्ध्रौं योजना अन्तर्गत २०७९।८० सम्मको परिमाणात्मक लक्ष्य तथा प्रगति स्थितिः- पन्ध्रौं योजना अवधिमध्ये ४ वर्ष अर्थात् ८० प्रतिशत समयावधि व्यतीत भइसक्दा देहायका सूचकहरूमा देहायअनुसार प्रगति हासिल भएको देखिन्छः-

क्र. सं.	विवरण	एकाइ	२०८०।८१ को लक्ष्य	२०७९।८० सम्मको प्रगति
१	आर्थिक वृद्धि दर	प्रतिशत	१०.३	२.१६
२	GDP मा कृषि तथा वन क्षेत्रको योगदान	प्रतिशत	२३	२४.१
३	GDP मा उद्योग क्षेत्रको योगदान	प्रतिशत	१८.१	१३.५
४	GDP मा सेवा क्षेत्रको योगदान	प्रतिशत	५८.९	६२.४
५	प्रतिव्यक्ति कूलआय (GDP)	अ. डलर	१५९५	१४१०
६	निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या	प्रतिशत	११	१५.१
७	सम्पत्तिमा आधारित Gini Coefficient	गुणक	०.२९	०.३०
८	बेरोजगारी दर	प्रतिशत	६	११.१२
९	अपेक्षित आयु	वर्ष	७२	७१.२
१०	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	९८	७६.२
११	जलविद्युत तथा सोलार ऊर्जा उत्पादन	मेगावाट	५,०००	२६६६
१२	विद्युतमा पहुँच	प्रतिशत	९९	९५
१३	मानव विकास सूचकांक (HDI)	सूचकांक	०.७६०	०.६०२
१४	लैङ्गिक सशक्तीकरण सूचकांक (GEI)	सूचकांक	१.००	०.९४२

उपसंहार

नेपालका योजनावद्ध विकासको क्रम शुरु भएपछि हालसम्म १४ वटा आवधिक योजनाहरू कार्यान्वयन भइसकेका र १५ औं योजना पनि कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। यस अवधिमा शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता सामाजिक क्षेत्र र सडक यातायात, सञ्चार तथा सूचना प्रविधि र शहरी पूर्वाधारमा सन्तोषजनक प्रगति भए तापनि उच्च आर्थिक वृद्धि मार्फत् समृद्धि हासिल गर्दै गरिबी निवारण गर्ने उद्देश्य आंशिक रूपमा मात्रै हासिल हुन सकेको छ। यस अवधिमा राजनीतिक स्थायित्व र सुशासनको अभाव, नीतिगत अस्थिरता, सशस्त्र द्वन्द्व तथा आन्दोलनहरू, विनाशकारी भुकम्प, कोभिड-१९ लगायत योजना तर्जुमा, छनौट तथा कार्यान्वयन प्रकृयमा रहेका विभिन्न कमी, कमजोरीका कारणले आवधिक योजनाहरूमा परिलक्षित सोच, लक्ष्य तथा उद्देश्यहरू अपेक्षाकृत रूपमा हासिल हुन नसकेको तीतो यथार्थ हाम्रा सामु छ।

२०६२।६३ को जनआन्दोलनबाट स्थापित ऐतिहासिक संविधानसभाबाट २०७२ सालमा जारी भएको नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै आर्थिक समृद्धिको लागि मार्ग प्रशस्त गरेको छ। साथै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही सुशासन, विकास र समृद्धि हासिल गर्ने राष्ट्रिय कार्यसूची समेत निर्धारण गरेको छ। साथै सबै प्रकारका विभेदहरू अन्त्य गरी समृद्धि, आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्ने मार्गदर्शन समेत संविधानले गरेको छ। तीन वटै तहको निर्वाचन पश्चात् राजनीतिक स्थायित्वको जगमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरू गठन भई संविधानको कार्यान्वयका लागि क्रियाशील छन्। तीन तहका सरकार उपर संवैधानिक कार्य जिम्मेवारीका आधारमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको सम्वर्द्धन गर्दै नेपाललाई समृद्ध र समुन्नत बनाउने दायित्त्व आएको छ। जनताको बढ्दो अपेक्षाको सम्बोधन गर्न र समृद्ध तथा समुन्नत राष्ट्रको रूपमा विकास गर्न अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजना तर्जुमा र प्राथमिकता निर्धारण गरी उपलब्ध स्रोत, साधनको उच्चतम परिचालन गर्दै सोको प्रभावकारी कार्यान्वयनमा यथाशक्ति लगाउनुपर्ने बेला आएको छ। संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्त्वमा उल्लेखित प्रावधानहरूलाई कार्यान्वयन गर्दै "समृद्ध

नेपाल, सुखी नेपाली" को राज्यको अभियानलाई साकार पार्न आज राजनीतिक प्रतिवद्धता, प्रशासनिक कटिबद्धता र नागरिक क्रियाशीलताको खाँचो छ।

<u>सन्दर्भ सामग्रीः</u>

- चौधौं र पन्ध्रौं योजना, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं।
- आर्थिक सर्वेक्षण २०७९।८०, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
- राष्ट्रसेवक दर्पण २०७१, नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समिति, काठमाडौं।
- https://npc. gov.np
- https://en.wikipedia.org

वातावरणीय लेखापरीक्षण व्यवस्थापन



- रमेश सुवेदी
निर्देशक, महालेखापरीक्षकको कार्यालय

विषय प्रवेश

वातावरण हाम्रो वरिपरि (Surrounding) रहेको अवस्था हो। जसमा प्राकृतिक, मानव तथा मानव सिर्जित जीव, वनस्पतिलगायतका सबैको सम्मिश्रण रहेका हुन्छन्। मानव जीवनको लागि वातावरणीय अवस्थाको सन्तुलन रहन जरूरी छ। यदि सन्तुलन बिग्रिन गयो भने वातावरण ह्रासको अवस्था सिर्जना हुन्छ। यस्तो अवस्था आउन नदिन राज्यले सोसँग सम्बन्धित कानूनको कार्यान्वयन एवं सन्तुलनको अवस्थाको परीक्षण गरी वातावरणीय अवस्थाको ह्रास आउन नदिन गरिने परीक्षण मूल्याङ्कन नै वातावरण परीक्षण हो। वातावरणीय सुशासन कायम गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूले वातावरण लेखापरीक्षण गर्दै आएका छन्। लेखापरीक्षकले वातावरणीय लेखापरीक्षण गर्नु पूर्व वातावरणको अवधारणा, औजारहरू तथा दिगो विकासको अवधारणाको जानकारी लिनु आवश्यक हुन्छ। मानव क्रियाकलापबाट सिर्जना हुने आर्थिक विकास, सामाजिक विकास र वातावरणीय विकासको समष्टिगत रूप नै दिगो विकासको लक्ष्यहरू हुन्। जुन सन् २०१५ देखि २०३० सम्मको साझा विश्वको संकल्पको रूपमा लिइएको छ। दिगो विकासको सन्दर्भमा वर्तमानमा उपलब्ध स्रोत साधन तथा सम्पदाको उपयोग गरी भावि पुस्ताको अधिकारमा कटौती हुन नपाउने गरी व्यवस्थापन गर्नु दिगो विकास हो भनी परिभाषित गरेको पाइन्छ। विश्वको सर्वोच्च लेखापरीक्षण संस्था (INTOSAI 2017-2022) को रणनीतिक योजनाले सर्वोच्च लेखापरीक्षण संस्थाहरूले दिगो विकासको लक्ष्यलाई प्राथमिकतापूर्वक परीक्षण र पुनरावलोकन गर्नुपर्ने गरी रणनीति तथा कार्यनीति तयार गरेको थियो। सोबमोजिम वातावरणीय लेखापरीक्षणको समेत शुरुवातसमेत भइसकेको छ।

वातावरण सम्बन्धमा केही साझा अवधारणाहरू

वातावरण संरक्षण तथा व्यवस्थापन भन्नाले गुणस्तरीय वातावरण संरक्षण, मानव स्वास्थ्यको संरक्षण एवं प्राकृतिक स्रोत साधनको विवेकपूर्ण उपयोगलाई जनाउँछ। राज्यले नीति निर्माण गर्दा ती विषयमा ध्यान दिएको छ कि छैन भनी लेखापरीक्षकले अध्ययन गर्नुपर्दछ भने केही सिद्धान्तहरूको समेत ध्यान दिनुपर्दछ। यस्ता वातावरणसँग सम्बन्धित केही सिद्धान्तहरू देहायबमोजिम प्रस्तुत गरिएको छः

- The precautionary principle (सावधानीको सिद्धान्त): सावधानी सिद्धान्त एक जोखिम व्यवस्थापन उपकरण हो जुन मानव स्वास्थ्य वा वातावरणमा कुनै निश्चित कार्य वा नीतिबाट उत्पन्न हुने संदिग्ध जोखिमको बारेमा वैज्ञानिक अनिश्चितता हुँदा प्रयोग गर्न सकिन्छ।
- The prevention principle and the rectification-at-source principle (रोकथाम सिद्धान्त र स्रोतमा सुधार सिद्धान्त): रोकथाम सिद्धान्तले वातावरणीय क्षतिलाई रोक्नको लागि लक्ष्य राख्छ, जस्तै संरक्षित प्रजाति वा प्राकृतिक बासस्थान, पानी र माटोमा क्षति पुऱ्याउनुको सट्टा यसमा प्रतिक्रिया दिनु। [Source: European Parliament (2015)]

- The polluter pays principle (प्रदूषकले तिर्ने सिद्धान्त हो): प्रदूषक भुक्तान सिद्धान्तले समाजमा भएको क्षति वा प्रदूषणको स्वीकार्य स्तर (मानक) नाघेको अनुसार प्रदूषण कम गर्ने उपायहरूको लागत प्रदूषकले वहन गर्न आवश्यक छ। [Source: OECD (1972)]

- Public goods and ecosystem services सार्वजनिक वस्तुहरू ती हुन् जुन यदि एक व्यक्तिलाई उपलब्ध गराइयो भने स्वतः अरूलाई उपलब्ध हुन्छ। सार्वजनिक वस्तुहरू बाँडफाँड गर्दा घट्दैनन्। यी सामानहरूको प्रयोगले अरूलाई तिनीहरूको उपलब्धता कम गर्दैन र व्यक्तिहरूलाई प्रभावकारी रूपमा तिनीहरूको प्रयोगबाट बहिष्कृत गर्न सकिँदैन।

- Human Rights and Environment (मानव अधिकार र वातावरण): एक सुरक्षित, स्वच्छ, स्वस्थ र दिगो वातावरण जीवन, स्वास्थ्य, खाना, पानी र सरसफाइको अधिकारसहित मानव अधिकारको विस्तृत दायराको पूर्ण उपभोगको अभिन्न अंग हो। स्वस्थ वातावरण बिना, हामी हाम्रा आकांक्षाहरू पूरा गर्न असमर्थ छौं, मानव मर्यादाको न्यूनतम मापदण्डमा पनि पहुँच नहुन सक्छ।

- Public participation and access to environmental information and justice in relation to environmental matters (वातावरणीय मामिलामा नागरिकहरूको सूचना तथा न्यायमा पहुच): सार्वजनिक सहभागिता वातावरणीय शासनमा एक महत्त्वपूर्ण तत्त्व हो जसले उपयुक्त निर्णय लिनमा योगदान पुऱ्याउदै पारदर्शिता र जवाफदेहिता वढाउन मद्दत गर्दछ।

- सार्वजनिक निकायका अधिकारीहरूले आफ्नो क्षेत्रभित्र रहेको वातावरणीय पक्षको सूचना तथा जानकारीहरू सक्रिय रूपमा उपलब्ध गराउनुपर्दछ जुन दिगो विकास लक्ष्य १६ सँग सम्बन्धित पनि छ। लेखापरीक्षकहरूले उक्त लक्ष्यलाई मध्यनजर राखी वातावरणीय लेखापरीक्षण गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ।

वातावरण संरक्षणसम्बन्धी विश्व सम्मेलन (Environment Summit/Conference)

वातावरणको संरक्षण विश्वको साझा मुद्दाको रूपमा लिई संयुक्त राष्ट्रसँघले विभिन्न समयमा वातावरण सम्बन्धी विश्व सम्मेलन आयोजना गर्दै आएका छन्।

- UN Conference on the Human Environment, 1972
- UN Conference on Environment Development, 1992
- World Summit on Sustainable Development, 2002
- UN Conference on Sustainable Development, 2012
- UN Sustainable Development Submit, 2015
- UN Framework Generation on Climate Change, 2015
- UN Climate Action Summit, 2019

वातावरणीय सुशासनको औजारहरू

वातावरणीय लेखापरीक्षणलाई व्यवस्थित गर्न निश्चित विधि, प्रक्रिया तथा मूल्याङ्कनका औजारहरू (Tools) प्रयोग तथा अवलम्बन गर्नुपर्ने हुन्छ। यस्ता औजारहरूलाई वातावरणीय सुधारका औजारको रूपमा समेत लिने गरिन्छ। मुख्यत: वातावरणीय लेखापरीक्षणमा प्रयोग हुने औजारहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ:

- Environmental policy instruments (वातावरणीय नीति औजार): राज्यले अन्तर्राष्ट्रिय सम्झौता तथा विभिन्न कानूनको माध्यमबाट नियन्त्रण, प्रोत्साहन गर्ने, निगरानी गर्ने नीति लिई वातारणीय प्रभावहरूको सम्बोधन गरेको हुन्छ। सरकारले नागरिक व्यवहार र कम्पनीको निगरानी गर्न विभिन्न अन्तर्राष्ट्रिय औजारहरूको प्रयोग गर्ने गरेका हुन्छन्। जस्तै वातावरणीय प्रभाव मूल्याङ्कन Environmental Impact Assessment, उपलब्ध उत्तम प्रविधि Best available technique/technology (BAT) तथा निगरानी र नियन्त्रणका Monitoring and control उपायहरू प्रयोग गरी नागरिक तथा व्यवसायीहरूलाई वातावरण संरक्षणमा आबद्ध गराउन खोजिएको छ।

- Market based instruments (बजारमा आधारित उपकरण): यस उपायहरूमा कर शुल्क निक्षेप फिर्ता प्रणाली अनुदान तथा दायित्व योजनाहरूको कारणबाट नागरिकलाई/उपभोक्ताहरूलाई उपभोगलाई घटाएर प्राकृतिक स्रोत साधनको अझ प्रभावकारी उपभोगको उपायहरू अपनाउन सकिन्छ। वातावरणीय ह्रास हुन नदिन विद्यमान स्रोत साधन र सम्पदाको उपयोग गरी सन्तुलित विकासमा ध्यान दिनुपर्दछ।

- Voluntary Instruments (स्वैच्छिक उपकरणहरू): निकाय तथा व्यावसायीहरूले आफ्नो कार्यस्थलमा वातावरण व्यवस्थापन प्रणाली (Environmental Management System ISO 14001) जस्ता उपायहरूको प्रयोग गरी वातावरणीय सुशासनमा सहयोग पुयाउन सकिन्छ।

वातावरणीय लेखापरीक्षणका विषयवस्तु

सान्दर्भिक कानूनी व्यवस्था एवं आन्तरिक आवश्यकताको पालना स्थिति तथा प्राकृतिक स्रोत साधनको उपयोग कार्य वातावरणमैत्री ढङ्गले भए/नभएको, वातावरणमा पर्ने सक्ने असर न्यूनीकरणका उपायहरू अवलम्बन एवं सोको पर्याप्त र प्रभावकारी अनुगमन सम्बन्धमा मूल्याङ्कन गरी वातावरणीय अध्यासमा व्यवस्थापकीय नियन्त्रण प्रभावकारी बनाउन योगदान पुऱ्याउन गरिने परीक्षण, विश्लेषण र मूल्याङ्कन वातावरणीय लेखापरीक्षण हो। मूलतः यसका विषय वस्तु निम्न रहेका हुन्छन्:

क) वातावरणीय कानूनी ढाँचा
ख) वातावरणीय मापदण्ड
ग) वातावरणीय स्वास्थ्य र सुरक्षा व्यवस्था
घ) प्राकृतिक स्रोतको दिगो योग

वातावरणीय लेखापरीक्षण चक्र तथा विधि

वातावरणीय लेखापरीक्षणको मुख्य उद्देश्य वातावरणीय अवस्थाको विश्लेषण गर्नु, वातावरणीय कानून एवं अन्य व्यवस्थाको कार्यान्वयनको मूल्याङ्कन गरी सुझावसहितको प्रतिवेदन दिनु हो। वातावरणीय लेखापरीक्षणलाई सफलतापूर्वक सम्पन्न गरिँदा लेखापरीक्षकलाई उपयुक्त स्रोतहरूको साथ सान्दर्भिक मुद्दाहरू हेर्न मद्दत गर्दछ। पर्यावरणीय समस्याहरूको सान्दर्भिकता र मापन बुझ्नको लागि प्रकृतिमा हुने प्रक्रियाहरू र पर्यावरणीय चक्रबीचको सम्बन्धहरूको बुझाई आवश्यक रहन्छ। वातावरणीय लेखापरीक्षणले पनि कार्यमूलक लेखापरीक्षणको विधि प्रक्रिया अपनाउने हुदाँ त्यस सम्बन्धमा लेखापरीक्षकको ज्ञान आवश्यकता पर्दछ।

क) वातावरणीय लेखापरीक्षणको मुख्य-मुख्य चरणहरूलाई ISSAI 300 मा देहायअनुसार उल्लेख गरिएको छ:

१. लेखापरीक्षण योजनाको चरण (Audit Planning Phase)

- Survey (सर्वेक्षण): सम्भावित विषयको सूची तयार गर्न, जोखिमका क्षेत्रहरूको सर्वेक्षण गरी अध्ययन गर्ने, यसरी सर्वेक्षण गर्दा राज्यका कानूनी प्रबन्ध, अन्तर्राष्ट्रिय प्रतिबद्धता, समाचारमा प्रकाशित लेख, नागरिक समाजले विभिन्न फोरम तथा समाजिक सञ्जालमा उठाएको आवाज आदिको आधारमा सर्वेक्षण गरिन्छ।
- Selection of Topic: (विषयको छनौट), सर्वेक्षणबाट प्राप्त भएको सूचीको आधारमा उपयुक्त विषयहरूको प्रारम्भिक सूची तयार गरिन्छ।
- Risk Analysis (जोखिम विश्लेषण): तयार भएको सूचीको सम्भावित जोखिमको तथ्य तथ्याङ्कको उपलब्धता, प्राकृतिक तथा मानव स्वास्थ्यमा जोखिमको अवस्था, उपलब्ध विशेषज्ञतालगायतको आधारमा विश्लेषण गरी अन्तिम सूची तयार गरिन्छ।
- Audit Design Matrix (लेखापरीक्षणको डिजाइन): कसरी कुन विधि कुन औजारको प्रयोग गरी लेखापरीक्षण कसरी गर्ने लेखापरीक्षणको सम्पूर्ण योजना बनाइन्छ।

२. लेखापरीक्षण कार्यान्वयनको चरण (Audit Execution/Conducting phase)

- Study System Documents (दस्तावेजको अध्ययन): विषयवस्तुसँग सम्बन्धित दस्तावेज तथा कानूनी प्रबन्ध, प्रकाशित तथ्य तथ्याङ्क, प्रश्नावली तयार गरी सरोकारवालाको बुझाइको विश्लेषणलगायतको विषयमा अध्ययन गरिन्छ।
- Field work: स्थलगत भ्रमण गरी विद्यमान अवस्थाको मूल्याङ्कन गरिन्छ।
- Evidence Collection (प्रमाणको संकलन): आवश्यकता अनुसारको औजार तथा उपकरकणको प्रयोग गरी प्रमाणहरूको सङ्कलन, सम्बन्धित व्यक्तिको गुनासो तथा सुझाव सङ्कलन गरिन्छ।
- Analysis of Evidence: सङ्कलित सूचना, जानकारीको कानूनी प्रावधानको आधारमा विश्लेषण गरिन्छ।

३. प्रतिवेदन चरण (Reporting Phase)

- Findings (प्राप्ति): लेखापरीक्षणको क्रममा सङ्कलन भएको तथ्य र सूचनाको विश्लेषण गरी देखिएका समस्याहरूको सूची तयार गरिन्छ।
- Conclusions: लेखापरीक्षणको क्रममा प्राप्त भएका अनियमिताहरूको निक्यौंल गरी निष्कर्ष तयार गरिन्छ।
- Recommendations सुझावहरू: लेखापरीक्षण क्रममा औंल्याइका त्रुटिहरूको आधारमा सम्बन्धित निकाय वा सरकारलाई सुझाव दिइन्छ।

४. सम्परीक्षणको चरण (Follow up Audit)

- Post Audit Activities: लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराए पश्चात् व्यवस्थापनद्वारा सो विषयमा गरेका सुधार सम्बन्धमा केही समयको अन्तरालमा गरिने पुनः परीक्षण नै फलोअप अडिट हो। साथै लेखापरीक्षणमा औँल्याइएका विषयहरूको सन्दर्भमा अडिटीले प्रमाण र कागजात पेस गरी सम्परीक्षण गराउने विषयसमेत हो।

वातावरणीय लेखापरीक्षण गर्दा कार्यमूलक लेखापरीक्षणको विधि प्रक्रिया तथा गाइडलाइनको प्रयोग गरिने हुँदा यसबाट समेत 3-E, Economy (Focus on Input) लागतको न्यूनता, Efficiency (Focus on Output) उत्तम प्रतिफल प्राप्त गर्न र Effectiveness (focus on outcome) तोकिएको नतिजा लाभग्राहीलाई प्राप्त भयो/भएन भनेर अध्ययन गरिन्छ। यसरी अध्ययन विश्लेषण गर्दा समय र गुणस्तरमा कमी आउन नदिने व्यवस्थाको सुनिश्चितता गरिएको हुन्छ।

लेखापरीक्षणकले INTOSAI (2019) ISSAI 300 Performance Audit Principles, INTOSAI (2019) Guide 3920 Performance Audit Process एवं INTOSAI IDI (2019): Performance Audit: ISSAI Implementation Handbook को अध्ययन गर्दै INTOSAI Subject Matter Specific Guideance (Environment Audit)

GUID 5200 Activities with an environmental Prospective

GUID 5201 Environmental auditing in the context of financial and compliance audit

GUID 5202 Sustainable development: the role of supreme audit institution

GUID 5203 Cooperation on audits of international environment accords को समेत अध्ययन गर्नु पर्दछ।

ख) Joint and Cooperation Audits (संयुक्त र सहकार्य लेखापरीक्षण)

वातावरणीय समस्याहरू प्राय देशको भौगोलिक सीमापार तथा क्षेत्रिय हुने भएकोले कतिपय देशहरूले संयुक्त र सहकार्य सहितको लेखापरीक्षण समेत गर्ने गरेको उदाहरणहरू छन्। जस्तै EUROSAI- Joint report on air quality, 2019 AFROSAI Joint environmental audit on saving lake chard, 2015

लेखापरीक्षणको विषय छनौट

क. सान्दर्भिकता (Relevance)

लेखापरीक्षण विषयहरू छनोट गर्ने मुख्य औजार विभिन्न कोणबाट पत्ता लागेका समस्याहरूको विश्लेषण गर्नु र पत्ता लागेका समस्याहरूको परिणाम तथा स्वरूप हानि वा नोक्सानको सम्भावनालाई नाप्नु हो। विषय छनौटको लागि तलको आधारलाई ध्यान दिनुपर्दछ।

- वातारणीय समस्याको कारणले पारेको प्रभावको मात्रा,
- सार्वजनिक चासो,
- मानिसको संख्या र समस्याबाट प्रभावित वा जोखिममा परेको क्षेत्रको मापन,
- त्यसमा लगानी वा खर्च भएको रकमको मात्रा।

लेखापरीक्षणको विषय छनोट गर्दा लेखापरीक्षकले आवश्यक अन्य विभिन्न पक्षमा विचार गर्नुपर्ने हुन्छ जस्तैः

- मुद्दा लेखापरीक्षण योग्य छ?
- आफ्नो अधिकार क्षेत्रभित्र पर्दछ के हामीसँग सिफारिस गर्ने अधिकार रहेको छ? कसलाई?
- लेखापरीक्षणको समय उपयुक्त हो?
- उक्त विषयको लेखापरीक्षणको लागि आवश्यक क्षमता छ?
- के हामीसँग आवश्यक ज्ञान छ?
- के हामीले उक्त विषयको विशेषज्ञहरूलाई आवद्ध गराउन सक्छौ तथा विषयविज्ञको उपलब्धता रहेको छ?

ख. (Value Added) मूल्य अभिवृद्धि

माथिको चेकलिस्टमा रहेका प्रश्नहरूको जवाफ दिएपछि, लेखापरीक्षकहरूले लेखापरीक्षणबाट अभिबृद्धि भएको मूल्य पनि परिभाषित गर्नुपर्छ। तसर्थ, वातावरणीय लेखापरीक्षकले निम्नलाई नियन्त्रण प्रश्नहरूको रूपमा प्रयोग गर्न सकिन्छः

- लेखापरीक्षणले के नयाँ ज्ञान उत्पादन गर्छ?
- लेखापरीक्षणले विभिन्न क्षेत्रका समस्याहरूबीच सम्बन्ध जोड्ने क्षमता राख्छ?
- सम्बन्धित विषयमा लेखापरीक्षकहरूले सिफारिसहरू गर्न सक्षम हुनेछन्?

माथिको सान्दर्भिकता र मूल्य अभिवृद्धिको प्रश्नहरूको अध्ययन पश्चातमात्र लेखापरीक्षकले प्रारम्भिक अध्ययन चरणमा पहिचान गरिएका वातावरणीय समस्याहरूलाई ध्यान दिन र ध्यान केन्द्रित गरी लेखापरीक्षण योजना शुरु गर्न तयार हुन्छ।

विधि तथा जानकारी स्रोतहरू

लेखापरीक्षण विधिहरूमा सोधपुछ, छलफल, तुलना, गणना, भिडान, अवलोकन, विश्लेषणलगायतका विधिहरू प्रयोग गरिन्छ। त्यस्तै लेखापरीक्षकले वातावरणीय समस्याहरू खोज्न विभिन्न विधिहरू प्रयोग गर्न सकिन्छ। प्रारम्भिक अध्ययन चरणमा उपयोगी साबित भएका केही जानकारीका स्रोतहरू निम्नानुसार रहेका छन्:

- इन्टरनेट, जस्तै सान्दर्भिक कुञ्जी शब्दहरूको खोज,
- मिडिया समीक्षा, उदाहरण मिडिया च्यानलहरूमा खोजी गर्दै निरन्तर मिडिया निगरानी,
- अन्य संस्थाहरूबाट कागजातहरू अध्ययन,
- सेमिनार र कार्यशालाहरूमा भाग लिने र सान्दर्भिक विषयहरूमा सामग्री/प्रस्तुतीकरणहरू सङ्कलन,
- गैरसरकारी संस्थाहरू, हित समूहहरू (जस्तै क्षेत्रीय संघहरू) सँग बैठकहरू,
- अन्तर्राष्ट्रिय अनुभवको अध्ययन, जस्तै नेपालमा UN, WHO, आदिका सामग्रीहरू खोज्दै - वातावरणीय एजेन्सी, विश्वविद्यालयहरू र थिंक-ट्याङ्कहरू, ASOSAI WEGA को लक्षित कार्यक्रमहरू,
- लेखापरीक्षकहरू, सरोकारवालाहरू, आदिसँगको अन्तर्वार्ता, उनीहरूलाई अद्यावधिक जानकारीको लागि सोध्ने, नियमहरूमा परिवर्तनहरू, सञ्चालन गरिएका परियोजनाहरू,
- विभिन्न क्षेत्रको स्क्यानिङ र कागजात र रिपोर्टहरूको लागि तथ्य तथ्याङ्कको (Disaggregated Statistics) खोजी,
- धेरै लगानी वा खर्चको सबैभन्दा ठूलो वातावरणीय कार्यक्रमहरू विश्लेषण,

- अघिल्लो (वित्तीयसहित) लेखापरीक्षणको समीक्षा,
- सार्वजनिक सर्वेक्षण, जस्तै वातावरणीय मुद्दाहरूमा नागरिकहरूको रायमा सार्वजनिक सर्वेक्षण,
- लक्षित समूहहरूको निर्धारण र व्यवस्थापन,
- Whistle Blowing गर्दै।

वातवरणसम्बन्धी समस्याको पहिचान गर्ने तरिका

वातावरणीय अवस्थाका सम्बन्धमा समस्या पहिचान गर्ने सन्दर्भमा मुख्यत: देहायका २ विधि प्रयोग गरिन्छः

क. Control Environment: यसमा वातावरणीयसम्बन्धी ऐन, कानून, आवश्यक विधि प्रक्रिया तथा पूर्वाधार र स्रोत सामग्रीसँग सम्वन्धित कार्य परीक्षण विश्लेषण गरिन्छ।

ख. Control Activities: यसमा उपयुक्त ऐन कानून नीति तथा स्रोत साधनको व्यवस्थापन अवस्थाको मूल्याङ्कन गरिन्छ। यसमा मुख्यतः लेखापरीक्षकले सर्वप्रथम वातावरणीय समस्याको पहिचान कसरी गर्ने उपायहरू प्रारम्भिक अध्ययनको क्रममा, एक लेखापरीक्षकले निम्न पक्षहरूमा ध्यान केन्द्रित गर्नुपर्दछः

- वातावरणको अवस्था बारे (अनुगमन) डाटा उपलब्धता के छ?
- त्यहाँ राम्रो वातावरणीय स्थितिको लागि मापदण्डहरू के के छन्?
- कुनै मापदण्ड नाघेको छ? यदि भएको भए कुन चाहिँ? यदि कुनै मापदण्डहरू अवस्थित छैनन् भने त्यहाँ प्रदूषणको कुनै अन्य संकेतहरू छन्?
- कुनै औद्योगिक तथा जग्गा विकाससम्बन्धी कार्य भएको सूचना तथा जानकारी छ?
- औद्योगिक वा भूमि विकासले वातावरणमा प्रभाव परेको गुनासोको अवस्था,
- यी गतिविधिहरूलाई नियमन गर्ने कुनै रणनीतिक कागजात वा कानूनहरू छन्? त्यहाँ कुनै लक्ष्यहरू छन्?
- कानून कार्यान्वयन भैरहेको छ?

सरोकारवालाको नक्साङ्कन (Stakeholder Mapping)

प्रारम्भिक अध्ययनको क्रममा, लेखापरीक्षकहरूले लेखापरीक्षणको विषय वस्तुको अध्ययन पश्चात् उक्त विषयसँग सबै क्षेत्रका सरोकारवालाहरू, तिनीहरूको भूमिका र जिम्मेवारीहरूको राम्रो बुझाई प्राप्त गर्न आवश्यक छ। सरोकारवालाहरूले योगदानकर्ता वा लाभग्राहीको रूपमा यस क्षेत्रमा भूमिका खेल्ने सबै संस्था र अन्य पक्षहरू समावेश गर्दछ। उदाहरणको लागि इँट्टाभट्टाले वातावरणमा पारेको असरको लेखापरीक्षण गर्न देहायको सरोकारवालाको नक्साङ्कन गर्न सकिन्छः

- वातावरण मन्त्रालय - नियमहरू बनाउन, विभिन्न वातावरणसम्बन्धी वातावरणीय उद्देश्यहरू तयार गर्न जिम्मेवार,
- उद्योग मन्त्रालय (सङ्घीय तथा प्रदेश र स्थानीय तहमा उद्यम दर्ता गर्ने) नियमहरू बनाउन, उद्योग दर्ता नवीकरण र सुविधाको सिफारिस गर्न,
- भूमि व्यवस्था मन्त्रालय - नियमहरू बनाउन, भूमिको उपयोगको व्यवस्थापन गर्न,
- कृषि मन्त्रालय - नियमहरू बनाउन, कृषि उत्पादन र क्षेत्रगत विकासलाई समर्थन गर्न जिम्मेवार,

- वातावरणीय एजेन्सी - पर्यावरणीय अनुमति जारी गर्दै, वायु प्रदूषणको वातावरण संरक्षण गर्न जिम्मेवार निकायहरू,
- वातावरणीय निरीक्षणालय - नियन्त्रण गतिविधिहरू,
- वायुको गुणस्तर नियन्त्रण गर्ने परीक्षण गर्ने निकायहरू,
- इँट्टा उद्यमी व्यावसायी - उत्पान तथा वितरण उत्पादनमा रुचि,
- विश्वविद्यालयहरू - वायुको अवस्था र वातावरणको स्थिति र वायु प्रदूषणको प्रभावमा अनुसन्धान
- वातावरणीय एनजीओ/स्थानीय समुदायहरू - राम्रो वातावरणीय स्थिति र स्वच्छ जीवन वातावरणमा रुचि राख्छन्।

उपर्युक्तबमोजिमका विभिन्न निकायहरूसँग सम्बन्धित क्रियाकलाप कार्यान्वयन वा स्रोत साधन तथा प्राकृतिक स्रोतको उपयोग गर्ने सन्दर्भमा मुख्य निकाय र सोसँग सम्बन्धित अन्य सरोकारवाला निकायको कार्य, त्यसबाट वातावरणमा परेको प्रभाव र अपेक्षित उपलब्धिको आंकलन, मूल्याङ्कन गरी समन्वयात्मक रूपमा कार्य सम्पादन गर्ने विषयमा ध्यान दिनुपर्ने देखिएको छ।

निष्कर्ष

भावी पुस्तालाई सुरक्षित प्रकृति हस्तान्तण गर्ने साझा लक्ष्य प्राप्ति गर्न विश्व समुदायले प्रतिवद्धता जनाएका विषयहरूको विकास र प्रकृतिक सम्पदाबीचको अन्तरद्वन्द्वको कारणबाट सिर्जित समस्याहरूको सम्बन्धमा अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्था (INTOSAI) क्षेत्रीय संस्थाहरूले समेत चासो राखेको विषय वातावरणीय लेखापरीक्षण भएकोले Value for Money Audit को रूपमा समेत लिई सबै देशका सर्वोच्च लेखापरीक्षण संस्थाले वातावरण लेखापरीक्षणलाई महत्त्व दिएको छ। नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालय INTOSAI WEGA तथा ASOSAI WEGA को सदस्य भएकोले जलवायु परिवर्तन, स्वच्छ खानेपानी, फोहोरमैलाको व्यवस्थापन लगायतका विषय प्रत्येक वर्ष लेखापरीक्षण भइरहेको छ। लेखापरीक्षकको ज्ञान सीप र क्षमता विकास गर्न विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा भाग लिने (Online, Virtual, In-person) तथा अन्य देशको सर्वोच्च लेखापरीक्षण संस्थासँग आवद्ध भई संयुक्त र सहकार्य (Joint Cooperation Audit) लेखापरीक्षण जस्ता असल अभ्यासको आन्तरिकीकरणबाट नै लेखापरीक्षकको क्षमता विकास भई प्रतिवेदनको गुणस्तरतामा अभिवृद्धि हुँदै जानेछ।

<u>सन्दर्भ सामग्री</u>

- Online Crash Course on "Introduction to Environment Auditing in the public sector"
- ASOSAI WEGA Seminar on Environment Audit
- www.oag.gov.np
- https://www.environmental-auditing.org/regional/asosai-wgea/

वार्षिक बजेट, प्रतिबद्धता एवं खर्च व्यवस्थापन



जनकराज गौतम
पूर्व उप-महालेखापरीक्षक

पृष्ठभूमि

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ मा महालेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्षको संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा, विनियोजन, राजस्व धरौटी तथा अन्य कोषहरूसहितको अन्य लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षकको कार्यालयसमक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ। सोहीबमोजिम महालेखापरीक्षकको कार्यालयमा महालेखा नियन्त्रक कार्यालयबाट प्रत्येक आर्थिक वर्षमा केन्द्रीय लेखाको एकीकृत वार्षिक वित्तीय विवरण पेस हुँदै आएको छ।

नेपाल सरकार अर्थ मन्त्रालयले प्रचलित संघीय कानूनबमोजिमको आर्थिक दायित्व तथा विभिन्न सन्धि, सम्झौता, अदालतको निर्णय तथा आदेशबाट व्यहोर्नुपर्ने सम्भावित आर्थिक दायित्व वा राजस्वमा छुट दिन प्रतिबद्धता जनाइएको भएमा उक्त दायित्व बापतको रकमको स्पष्ट व्यहोरा देखिने गरी अभिलेख राख्नुपर्नेछ। तर अर्थ मन्त्रालयको पूर्व सहमति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउनु हुँदैन। सार्वजनिक खरिदअन्तर्गतका निर्माण कार्य, मालसामान आपूर्ति, परामर्श सेवा र अन्य सेवाको सम्झौताअन्तर्गत सिर्जना भएका दायित्व विशेष वा खास प्रतिबद्धता हो भने वा कर्मचारीको पारिश्रमिक तथा कार्यालयको विद्युत, टेलिफोन महसुल जस्ता दायित्व सामान्य वा नियमित प्रतिबद्धताको रूपमा लिइन्छ। प्रतिबद्धता रकमको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र तालुक कार्यालयमा पठाउनुपर्नेछ। आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रतिबद्धता जनाउँदा यस आर्थिक वर्ष र आगामी वर्षहरूको दायित्वको स्रोत सुनिश्चित गरेर मात्र वार्षिक बजेटको तय गर्नुपर्छ।

बजेट विनियोजन गर्दा सार्वजनिक खरिद गर्न सक्ने क्षमतासमेतको विचार गर्नुपर्ने छ। वार्षिक बजेट सहित प्रतिबद्धता रकमको तर्जमा संबन्धमा नयाँ स्रेस्ता ढाँचा, २०७६ बमोजिम मलेप फाराम र आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को अनुसूचीहरू भर्नुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी मुलुकसंग आर्थिक दायित्व सिर्जना हुने गरी सन्धि-सम्झौता गर्दा अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकार मन्त्री परिषद्को स्वीकृति लिनुपर्ने व्यवस्था छ। यस्तो स्वीकृति दिने निकायहरूले समेत औचित्य र क्षमताको आधारमा निर्णय गर्नेछ।

परिचय

प्रतिबद्धता रकम भन्नाले कुनै पनि आयोजना वा कार्यक्रमको स्थापनासहित निर्माण कार्यमा भविष्यमा भुक्तानी दिनुपर्ने गरी सिर्जना भएका दायित्वको लगत तथा अभिलेख अध्यावधिक राखी स्रोत परिचालनमा नियन्त्रणात्मक कार्य गर्नु हो। सार्वजनिक खरिदअन्तर्गतका निर्माण कार्य, मालसामान आपूर्ति, परामर्श सेवा र

अन्य सेवाको सम्झौताअन्तर्गत सिर्जना भएका दायित्व विशेष वा खास प्रतिबद्धता (Specific Commitment) र कर्मचारीको पारिश्रमिक तथा कार्यालयको विद्युत, टेलिफोन महसुल जस्ता दायित्व सामान्य वा नियमित प्रतिबद्धता (Regular Commitment) को रूपमा लिइन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सम्भावित दायित्व तथा प्रतिबद्धता व्यवस्थापनको बारेमा उल्लेख भएको छ। कुनै पनि खरिदको सम्बन्धमा प्रतिबद्धता अभिलेख (Commitment recording) को आवश्यकता पर्छ।

विगत र चालु आर्थिक वर्षमा सम्झौता भई बाँकी दायित्वमध्ये आगामी आर्थिक वर्षमा सम्झौताअनुसार खर्च हुने प्रतिबद्धता (Contractual Obligation) रकम यकिन गरी सम्बन्धित केन्द्रीय निकायमा उल्लिखित नियमावलीको अनुसूची-७ बमोजिमको ढाँचामा पठाउनुपर्ने छ। यस अनुसूचीमा कार्यक्रमको नामलगायत सम्झौता रकम मध्ये चालू वर्ष देखि योजनाको निर्माण अवधिसम्मको विचार गरी न्यूनत्तम तीन आर्थिक वर्ष अवधिसम्मको अनुमानित दायित्वका विवरण तथा खर्च प्रस्ताव गर्नेछ। सो बमोजिम मन्त्रालयले कार्यालयगत प्रतिबद्धताको रकम प्राप्त भएपछि अनुसूची–८ बमोजिम ढाँचामा मन्त्रालयगत प्रतिबद्धताको एकीकृत विवरण तयार गरी छलफलको क्रममा अर्थ मन्त्रालयमा पेस गर्नु पर्नेछ। कार्यस्थल (कार्यान्वयन इकाई) मा समयमै बजेट निकासा उपलव्ध गराउन विनियोजन गर्दा कै अवस्थामा समपूरक कोष (Counterpart Fund) मा आवश्यक रकम छुट्टयाउनु पर्नेछ। विकास निर्माणको कार्यहरू जस्तै चालु अवस्थामा रहेका र निर्माण कार्यको लागि ठेक्कापट्टा भैसकेका अघि बढ्न नसकी ठप्प हुने, उच्च प्राथमिकता अर्थात् राष्ट्रिय गौरबका आयोजना र रुपान्तरणकारी आयोजनाहरू पनि समयमा सम्पन्न नहुने अवस्था रहने छ।

स्वीकृति

अर्थ मन्त्रालयले प्रचलित संघीय कानूनबमोजिम सिर्जित आर्थिक दायित्व तथा विभिन्न सन्धि, सम्झौता, अदालतको निर्णय तथा आदेशबाट व्यहोर्नुपर्ने सम्भावित आर्थिक दायित्व वा राजस्वमा छुट दिन प्रतिबद्धता जनाइएको भएमा उक्त दायित्व बापतको रकमको स्पष्ट व्यहोरा देखिने गरी अभिलेख राख्नुपर्नेछ। तर अर्थ मन्त्रालयको पूर्व सहमति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउनु हुँदैन। सबै सरकारी निकायले आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा वा मन्त्रिपरिष्दमा प्रस्ताव पेस गर्दा अर्थ मन्त्रालयको सहमति लिएर गर्नुपर्नेछ। आर्थिक दायित्व सिर्जना हुने बिषयमा निर्णय गर्दा वा प्रतिबद्धता जनाउँदा संयोजन हुने दायित्वको स्रोत सुनिश्चित गरेर मात्र गर्नुपर्छ। अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी मुलुकसँग आर्थिक दायित्व सिर्जना हुने गरेर सन्धि सम्झौता गर्दा पूर्व सहमति गर्नुपर्नेछ। आयोजनाको नाम, सम्झौताको विवरण, जमानतको विवरण, भुक्तानी तालिका (Payment schedule), भुक्तानीको विवरण, भुक्तानी विधि जस्तै सोझै भुक्तानी, शोधभर्ना, नगद वा वस्तुगत, भुक्तानी गर्ने समय जस्तै मासिक, त्रैमासिक, अर्धवार्षिक आदि विषयमा स्पष्ट पार्नुपर्नेछ। तर कुनै कारणले भुक्तानी विधि फरक परेमा श्रावण महिनाभित्र परिमार्जन गर्नका लागि अर्थ मन्त्रालयमा पत्राचार गर्नुपर्ने व्यवस्था छ।

मध्यमकालीन खर्च संरचना (MTEF)

वार्षिक बजेटभन्दा अगाडि नै मध्यमकालीन खर्च संरचना (MTEF) प्रयोग गरी बजेटलाई यथार्थपरक, प्राथमिकतामा आधारित, अनुमान योग्य, आवधिक योजनाका लक्ष्य, बजेट खर्च तथा उपलब्धिका बीचमा कम खाडल (Narrow gap) बनाउन मध्यमकालीन खर्च संरचना, बजेट संरचनासँग त्रिवर्षीय खर्च प्रक्षेपणसँग मेलखाने परिपाटीको विकास गरी त्यसको कार्यान्वयनतर्फ अगाडि बढनुपर्छ। साथै, Mid-term Expenditure Framework

को आधारमा वितीय अनुशासन कायम राख्ने, स्रोतमा निरन्तरताको प्रतिबद्धता जनाउने, स्रोत साधनको बाँडफाँट र प्रभावकारी उपयोग हुने रणनीतिक प्राथमिकतापूर्वक कार्यान्वयनको व्यवस्थाको बारे ध्यान दिनुपर्ने व्यवस्था छ।

- नेपालमा ठूलो बजेट ल्याउने तर खर्च नगर्ने प्रवृत्ति हरेक आर्थिक वर्षमा देखिएको छ। सरकारले विगतमा झैं निश्चितता नभएको वैदेशिक सहयोग अर्थात् ऋण, अनुदान तथा वस्तुगत सहयोग रकमको ठूलो अंश देखाएर धेरै बजेट बनाउनाले जवाफदेहिता वहनमा कमी आएको कारण नेपालमा ठूलो बजेट घोषणा गर्ने, तर स्रोत जुटाउन, सोको परिचालन गर्न र त्यस्तै खर्च पनि गर्न नसक्ने प्रवृत्ति बढ्दो क्रममा रहेकोले यस्तो परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
- वैदेशिक वा आन्तरिक ऋणबाट तलब, भत्ता, पोशाक, पानी महसुल, जग्गा अधीग्रहण, वैदेशिक तालिम, अवलोकन भ्रमण आदि खर्चका लागि विनियोजन गर्नु हुँदैन। वैदेशिक सहयोग कार्यक्रम अन्तर्गत वैदेशिक ऋण तथा अनुदानलाई कार्यक्षेत्र र शर्तबमोजिम विकास साझेदारगत रूपमा रकम बाँडफाँड गरी बजेट उपलब्ध गराउने साथै नेपाल सरकारले समपूरक कोषको रकम खुलाउनु पर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

खरिद गर्ने क्षमता

सार्वजनिक निकायले मालसामान, परामर्श सेवा, सार्वजनिक निर्माण र अन्य सेवाको खरिद सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने सन्दर्भमा सम्झौता भएर कार्यादेश दिएपछि भुक्तानी गर्नुपर्ने दायित्व (Obligation) सिर्जना हुन्छ। वार्षिक बजेटको प्रस्ताव गर्दा नेपाल सरकारले व्यहोर्नुपर्ने सम्भावित आर्थिक दायित्व र प्रतिबद्धतासम्बन्धी अन्य व्यवस्थाको सम्बन्धमा निर्धारित प्रक्रियाको पालना तोकिएबमोजिम हुनेछ। बजेट प्रस्ताव गर्दा आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम सञ्चित कोष माथि व्ययभार पर्ने तलब भत्ता र प्रशासनिक खर्चलगायतको लागि पर्याप्त रकम छुट्याएर आयोजना तथा कार्यक्रमको लागि रकम प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। साथै बजेट विनियोजन गर्दा सार्वजनिक खरिद गर्न सक्ने क्षमतासमेतको विचार गर्नु पर्नेछ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ बमोजिम सार्वजनिक निकायले विनियोजित बजेटको सीमाभित्र रहेर अर्थ मन्त्रालयको स्वीकृति पछि मात्र दीर्घकालीन दायित्व सिर्जना हुने गरी नयाँ ठेक्का बन्दोबस्त गर्नुपर्ने व्यवस्था छ। अन्यथा स्वयम् पदाधिकारीले नै जिम्मेवारी लिनुपर्नेछ। उपर्युक्त व्यवस्थाबमोजिम खर्च गर्न सक्ने क्षमता सम्भावित आर्थिक दायित्व, अनिवार्य भुक्तानी गर्नुपर्ने रकम अतिरिक्त उपलव्ध हुने स्रोत साधन तथा आन्तरिक एवं वाह्य परिस्थितीहरू विचार गरी बजेट प्रस्ताव गर्ने तथा स्वीकृति गर्ने व्यवस्था कार्यान्वयन गरिनुपर्दछ।

वैदेशिक अनुदान

नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) तथा नेपाल सरकारको नयाँ लेखा ढाँचाअनुसार परिमार्जित नगदमा आधारित प्रणाली अपनाई लेखाङ्कन गर्दा सरकारी निकाय तथा आयोजनाहरूले सम्पत्ति, दायित्वको अलावा पुँजीगत प्रकृतिको अर्थात् साधारण प्रकृति बाहेकको रकमको प्रतिबद्धता खर्च समेतको लेखाङ्कन गर्नुपर्नेछ। विनियोजन बजेट र यथार्थ खर्चवीच तादात्म्य मिलाउन (Matching Concept) प्रतिबद्धताको हिसाब राख्नु पर्नेछ। दातृ निकायबाट नगद, शोधभर्ना, सोझै भुक्तानी हुने र वस्तुगत गरी ४ वटा शीर्षकमा अनुदान आउने गरेको पाइएको छ। प्रतिबद्धता रकमको लागि सबभन्दा पहिले वैदेशिक स्रोतबाट प्रतिबद्धता प्राप्त हुनेछ, सोही अनुसार

वार्षिक बजेटमा व्यवस्था भएपछि निकासा प्राप्त हुनेछ। सोही निकासा रकम र कार्यक्रम हेरी खर्च व्यवस्थापन गर्नुपर्दछ।

समय सीमा

केन्द्रीय निकायले आगामी वर्षको बजेट प्रस्ताव गर्दा सो आर्थिक वर्षमा खर्च हुने प्रतिबद्धतालाई बजेट विनियोजन गरिसके पछि मात्र अन्य कार्यक्रममा बजेट प्रस्ताव गर्नुपर्नेछ। यदि कुनै निकायले विना आधार र कारण प्रतिबद्धता रकमको विवरण (Schedule of Commitment Amount) नपठाएमा बजेटमा व्यवस्था भए तापनि थप बजेट बा बाँकी बजेट अर्थ मन्त्रालयले निकासा रोक्का गर्ने वा नपठाउन सक्नेछ।

प्रतिबद्धता र समयसीमा

विवरण	अवधि
१. प्रतिबद्धता रकमको वार्षिक विबरणसम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र तालुक कार्यालयमा पठाउनुपर्नेछ।	आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र
२. मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयमा एकीकृत प्रतिबद्धता रकमको विबरण पठाउनुपर्नेछ।	आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र
३. सम्झौता रकममध्ये चालु वर्षदेखि योजनाको निर्माण विचार गरी अनुमानित दायित्वका विवरण तथा खर्च प्रस्ताव गर्नेछ।	अवधि ३ वर्ष वा सोभन्दा परसम्मका आगामी आर्थिक वर्षहरू
४. आयोजनाको नामसहित अन्य विवरणका अतिरिक्त भुक्तानी तालिका (Payment schedule), भुक्तानीको विवरण, भुक्तानी विधि जस्तै सोझै भुक्तानी, शोधभर्ना, नगद, वस्तुगत, भुक्तानी गर्ने समय जस्तै मासिक, त्रैमासिक, अर्धवार्षिक आदि उल्लेख गर्नुपर्छ।	भुक्तानी विधि फरक परेमा श्रावण महिनाभित्र परिमार्जन गर्नका लागि अर्थ मन्त्रालयमा लेख्नु पर्नेछ।

प्रतिबद्धता खर्च व्यवस्थापन

प्रतिबद्धता खर्च व्यवस्थापन तथा नियन्त्रणसम्वन्धी विद्यमान नेपाल सरकारको लेखा ढाँचा, २०७६ र एकल कोष खाता प्रणाली सञ्चालन निर्देशिकालगायतले तोकिएको हुँदा निकायहरूले प्रतिबद्धता खर्च व्यवस्थापन गर्दा ती ब्यवस्था र कार्यविधिहरूको पालना गर्नु/गराउनुपर्नेछ। प्रतिबद्धता खर्च व्यवस्थापन तथा नियन्त्रणसम्वन्धी जिम्मेवारीको क्षेत्र र विवरण, आन्तरिक नियन्त्रणभन्दा बाहिर हुने सम्भावित जोखिमहरू, अवलम्वन गर्नुपर्ने नियन्त्रणका उपाय, सूचना तथा सञ्चार ब्यवस्था र सुपरिवेक्षण तथा अनुगमनका क्रियाकलाप पर्छन्। बैदेशिक सहायता र ऋण रकमको प्राप्ति शोधभर्ना प्रणालीमा आधारित भई सम्झौता भएपछि सरकारी कोषबाट भएका खर्च फिर्ता पाउन शोधभर्ना मागपत्रसहित प्रतिवेदनलगायत अन्य आधार पेस गरेर मात्र शोधभर्नाको कार्य शुरु हुन्छ। सरकारी कोषको स्थितिलाई सरल बनाउन केही दातृ निकायले नेपाल राष्ट्र बैङ्कमा विशेष र इम्प्रेष्ट खाता खोलेका छन्। आयोजनाले पेस गरेको विवरण दातृ निकायले चित्त बुझाएको जानकारी प्राप्त भएपछि खर्च भएको रकम दातृ निकायको सहमतिमा सरकारी पक्षबाट शोधभर्नाको माग भएको रकम झिक्न सक्नेछ। तसर्थ, एउटा लेखापरीक्षकले आयोजनाको भुक्तानी मागपत्रको परीक्षण गर्दा चौमासिकगत परीक्षण गरी के-के विषयहरूमा विशेष ध्यान दिएमा परीक्षणको क्रममा देखाएको बेरुजूले गर्दा शोधभर्ना माग गर्ने संबन्धमा देखिएका कैफियतलाई सुधार गर्न व्यवस्थापनलाई समयमा जानकारी गराएमा समस्या झेल्नु नपर्ने हुन्छ। साथै शोधभर्नाको लागि ग्राह्य नहुने प्रकृतिका खर्च पनि उल्लेख गर्नुपर्छ। बजेट प्रतिबद्धताअनुसार खर्च व्यस्थापन गरी देहायबमोजिम अभिलेख राख्ने व्यवस्था गरिएको छः

क्र.सं.	अनुसूची वा मलेप फारामको नाम	अनुसूची वा म.ले.प फाराम	कोलम संख्या	कैफियत
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७				
१	कार्यालयगत प्रतिबद्धता रकमको विवरण	अनुसूची-७	१२	सम्झौता गरेपछि सिर्जित दायित्वको प्रतिबद्धता रकमको अनुसूची तथा म.ले.प.को लेखा ढाँचामा प्रस्तुत गर्ने अभिलेख
२	मन्त्रालय वा निकयागत प्रतिबद्धता रकमको एकीकृत विवरण	अनुसूची-८	११	
नयाँ स्रेस्ता लेखा ढाँचा, २०७६				
३	कार्यक्रम वा आयोजनाको प्रतिबद्धता कार्यान्वयन व्यक्तिगत अभिलेख खाता	म.ले.प फाराम नं ३०९	१४	
४	कार्यक्रम वा आयोजनाको प्रतिबद्धता कार्यान्वयन अभिलेख खाता	म.ले.प फाराम नं ३१०	१३	

प्रतिबद्धता रकमको लेखापरीक्षण

महालेखापरीक्षकको कार्यालयबाट हुने लेखापरीक्षणमा लेखापरीक्षकले प्रतिबद्धता रकम सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसारको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनअनुसार अनुसूची र नयाँ स्रेस्ता प्रणाली, २०७६ को ढाँचाका म.ले.प फाराममा आयोजनाको स्रोत सुनिश्चितताका बारेमा आँकडा तथा विवरणको परीक्षण गर्नुपर्नेछ। खासगरी राष्ट्रिय गौरबका योजना (National Pride Projects) र रुपान्तरणका आयोजना (Transformation Projects) को लेखापरीक्षणमा सो सम्बन्धी विषयमा बिशेष ध्यान पुऱ्याउनुपर्ने उल्लेख छ। त्यस्तै, बहुवर्षीय आयोजना (Multi-year Projects) वा अन्य तरिकाबाट सिर्जना हुने दायित्व तथा प्रतिबद्धता रकम Commitment amount को लेखा राख्नुपर्नेछ। साथै, विकास सहायताको प्रतिबद्धता, यथार्थ प्राप्ति र उपयोगबीच ठूलो अन्तर देखिएकोले प्रतिबद्धताअनुसार विकास सहायता प्राप्त गर्न एवम् प्राप्त भएअनुसार उपलब्ध भएको सहायता रकमको सही परिचालनतर्फ क्रियाशील हुनुपर्नेछ।

प्रतिबद्धता रकमसम्बन्धी अभ्यास

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ उपनियम (१) अनुसार अनुसूची-७ मा प्रत्येक कार्यालयले वार्षिक बजेट तर्जुमा गर्दा आगामी आर्थिक वर्षमा सम्झौता अनुसार खर्च हुने प्रतिबद्धता (Contractual obligation) को रकम यकिन गरेर मात्र अनुमानित वार्षिक बजेट तालुक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र पेस गर्नुपर्नेछ। त्यस्तै, बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० अनुसार नेपाल सरकारले बहुवर्षीय आयोजनामा स्रोत सहमतिको लागि आयोजनालाई पहिलो आर्थिक वर्षको अनुमानित वार्षिक बजेट रकमको चार गुणासम्म स्रोत सहमति दिन पाइने, तर उक्त सहमतिको अवधि तीन आर्थिक वर्षसम्मको लागि मात्र प्रतिबद्धता दिन मिल्ने र सोभन्दा बढी अवधिको लागि हुन नहुने गरी वार्षिक बजेट विनियोजित गर्नुपर्ने नीति लिनुपर्ने उल्लेख छ।

मानौ, वागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८०।८१ देखि बजेट तयारीको क्रममा कुनै एउटा बहुवर्षीय आयोजनाको रूपमा छनौट भएको, प्रदेश आयोजना बैङ्कमा प्रविष्ट भएको, प्रदेश योजना आयोगबाट कार्यान्वयनको लागि स्वीकृत भएकोले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सुनिश्चिततासहित स्रोत सहमतिको लागि आर्थिक वर्ष २०८०।८१ देखि आर्थिक वर्ष २०८२।८३ सम्म कति-कति रकमको बजेट विनियोजन गर्नको लागि स्रोत सहमति लिन सकिन्छ। उक्त बहुवर्षीय आयोजनामा पहिलो, दोस्रो र अन्तिम वर्षमा कुल रकमको २०, ३० र बाँकी प्रतिशत अन्तिम वर्षमा खर्च हुने बजेट विनियोजन गर्ने गरी लागत अनुमानको तयारी गर्नुपर्नेछ।

उदाहरण स्वरूप, मानौ कुनै एक सिँचाइ योजनामा पहिलो चरणमा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्मका लागि दुई वटा कार्यक्रम सञ्चालनमा आएका रहेछन्। एकै बजेट उपशीर्षक ७१५ अन्तर्गत खर्च शीर्षक २९६११ मा विनियोजन भएका ती दुई वटा कार्यक्रममा सार्वजनिक खरिद ऐन, २०६३

र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम छनौट भएका करार नं. ११ मा परामर्शदाता इन्जिनियरिङ सर्भिसले नहर निर्माणको इन्जिनियरिङ परामर्श कार्यमा संलग्न रहेछ भने सोही बजेट उपशीर्षकको ठेक्का नं. ८ मा नहर निर्माण कार्यतर्फको आंशिक खण्ड (Partial) निर्माणको लागि आधुनिक निर्माण कम्पनी संलग्न रहेछ। यी दुई कार्यक्रमको सम्झौता रकम क्रमशः रु.१,२८,५० हजार र रु.१२,४०,८० हजार भएकोले सम्झौता पश्चात सिर्जित दायित्वको सन्दर्भमा पहिलो चरणको खर्च गत वर्ष अर्थात् २०७९।८० सम्मको रकम क्रमश रु.२७,२२ हजार र रु.४,०३,१७ हजार भएको रहेछ।

तसर्थ, उक्त बहुवर्षीय आयोजनाको दोस्रो चरणको पहिलो, दोस्रो र अन्तिम वर्षमा कुल रकमको २०, ३० र बाँकी प्रतिशत अन्तिम वर्षमा खर्च हुने बजेट विनियोजन गर्नुपर्नेछ। आर्थिक वर्ष २०८०।८१ देखि आर्थिक वर्ष २०८२।८३ सम्म कति कति रकमको बजेट विनियोजन गर्नको लागि स्रोत सहमति लिन सकिन्छ। पहिलो वर्षको प्रस्तावित बजेट अनुमान क्रमशः रु.७५,९६ हजार र रु.६,२८,२२ हजार रहेछ। उक्त बहुवर्षीय योजनाको कति-कति रकमको स्रोत सहमति दिन मिल्ने देखिन्छ, आर्थिक वर्षगत रूपमा स्रोत सहमतिको लागि माथि निर्धारित प्रतिशतअनुसार अनुमानित विनियोजित रकम निकाल्नु होस्। साथै, प्रतिबद्धता रकमको विवरणको ढाँचाअन्तर्गतको अनुसूचीमा माथि उल्लिखित जानकारी, आँकडा, विवरण र रकम निम्न अनुसूचीमा प्रस्तुत गर्नु होस्:

बजेट उपशीर्षक नम्बर ७-४-१५ (मानौ) खर्च शीर्षक–२९६११ आर्थिक वर्ष २०७९।८० मरिन सिंचाई आयोजनाको प्रतिबद्धता रकमको विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ उपनियम (१) सँग सम्बन्धित

अनुसूची – ७

(रु. हजारमा)

क्र. सं.	कार्यक्रमको नाम	खर्च शीर्षक न.	ठेक्का नं. र नाम	निर्माण व्यवसायी वा परामर्शदाता	सम्झौता रकम रु.	सम्झौता रकम मध्ये गत आर्थिक वर्ष २०७९।८० सम्मको यथार्थ खर्च रु.	चालु आर्थिक वर्ष २०८०।८१ को लागि अनुमनित खर्च रु.	आगामी आर्थिक वर्ष २०८१–८२ को लागि अनुमनित खर्च रु.	आगामी आर्थिक वर्ष पछिको आर्थिक वर्ष २०८२–८३ को लागि अनुमनित खर्च रु.	कैफियत यस टेबलमा उल्लेख भएका सबै अंक, सूचना जानकारी अनुमानित हुन
१.	नहर निर्माणमा इन्जिनियरिङ परामर्श कार्य	२९६११	११	परामर्शदाता इन्जिनियरिङ सर्भिस	१,२८,५०	२७,२२	२०,२६	३०,३८	५०,६४	
२.	नहर निर्माण कार्य	२९६११	८	आधुनिक निर्माण व्यवसायी	१२,४०,८०	४,०३,१७	१,६७,५३	२,५१,२९	४,१८,८१	
	कुल जम्मा रकम				१३,६९,३०	४,३०,३९	१,८७,७९	२,८१,६७	४,६९,४५	

आर्थिक प्रशासन शाखा प्रमुख **सचिव**

मिति **मिति**

निष्कर्ष

प्राथमिकता प्राप्त आयोजनाहरूलाई स्रोतको कमी नहोस् भन्ने उद्देश्यले बहुवर्षीय विनियोजन प्रणालीलाई बजेट तर्जुमाको मूल आधारको रूपमा सुदृढ गर्ने एवं कार्य सम्पादनमा आधारित स्रोतको विनियोजन सुनिश्चित गर्नुपर्नेछ। विभिन्न विकास परियोजनाका लागि नेपाल सरकारलाई उपलब्ध गराएको सहयोगको कार्यान्वयन हुन नसकेको अवस्थामा दाताहरूले थप रकम दिने वातावरण बन्न सकेको छैन। अझ भनौ ठेक्का पट्टाको निर्णय, सामान आपूर्ति, बजेट निकासा तथा कार्यक्रमको स्वीकृति र समपूरक कोषको निकासामा सुस्तताको कारणले कछुवाको जस्तो गति हुन गएकोले सम्बन्धित पक्षहरूले सोको जिम्मेवारी लिनुपर्ने हुन्छ।

देशभर रहेका निर्माण व्यवसायीहरूले निर्माण काम गरेर पनि बिलअनुसार भुक्तानी पाउन सकेका छैनन्। संघीय सरकारबाट मात्र होइन स्थानीय तहबाट पनि केही निर्माण व्यवसायीहरूले भुक्तानी पाउनु पर्ने रकम रोकिएको छ। भुक्तानी रोकिए पछि सरकारले लक्षित गरे जति पुँजीगत बजेटको रकम खर्च हुन सक्दैन। अतः वार्षिक बजेट तर्जुमा गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, वार्षिक बजेट दिग्दर्शन, बजेटका सिद्धान्त, नीति तथा मान्यता र नयाँ लेखा प्रणाली, २०७६ मा निर्धारित भएका सम्बन्धित लेखा ढाँचासमेतको विचार गरी तर्जुमा गर्नुपर्दछ।

<u>सन्दर्भ सामग्री</u>

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८०
- प्रशिक्षण सामग्री
- महालेखापरीक्षकको विभिन्न वार्षिक प्रतिवेदन
- नेपाल सरकारको नयाँ लेखा ढाँचा, २०७६
- दैनिक पत्र-पत्रिका

ठगी वा जालसाजी जोखिम पहिचान र व्यवस्थापन



- विमल प्रसाद ढकाल
पूर्वसहसचिव, नेपाल सरकार

लेखसार

सामान्यतः सार्वजनिक संगठनहरू आन्तरिक वा बाह्य रूपमा ठगी वा जालसाजजन्य जोखिमका अधीन हुन्छन्। जालसाज, छल वा धोखाधडी (फ्रड) पूर्णरूपमा निराकरण गर्ने कुरा निकै चुनौतीपूर्ण हुन्छ। यद्यपि जालसाज निवारणसम्बन्धी सिद्धान्तहरू लागू गर्नाले उपयुक्त समयमै जालसाज पत्ता लाग्ने र रोकिने सम्भावना अधिकतम हुने र सुदृढ जालसाज निवारणको प्रभाव सिर्जना हुने स्थितिको निर्माण हुन सक्छ। जालसाज जोखिम व्यवस्थापनका निमित्त शासकीय तहलगायत उच्च व्यवस्थापन र सबै तहका कर्मचारीहरूको ठूलो भूमिका हुन्छ। आन्तरिक नियन्त्रणको महत्त्वपूर्ण पक्षका रूपमा रहने आन्तरिक लेखापरीक्षणको जालसाज वा ठगी भए/नभएको समीक्षा, अध्ययन, विश्लेषण गरी सुझाव प्रस्तुत गर्ने महत्त्वपूर्ण भूमिका रहेको छ। बाह्य लेखापरीक्षण प्रक्रिया आन्तरिक नियन्त्रणको मूलभूत अङ्ग नभए तापनि संगठनका वित्तीय तथा गैरवित्तीय कार्यहरूको समीक्षा गरी प्रतिक्रिया प्रस्तुत गर्ने अहम् भूमिका रहेको छ। लेखापरीक्षकहरू संस्थाको बढ्दो जोखिम र प्रचलित नीति, नियम, प्रक्रिया, कार्यविधि, मापदण्डप्रति बढी जानकार र संवेदनशील हुन सकून् भन्ने आम अपेक्षा हुन्छ। आम जनता र सरोकारवाला पक्षको दृष्टिकोण पनि लेखापरीक्षकहरूले जालझेल भए/नभएको राम्ररी छानबिन गरुन् भन्ने अपेक्षा राखेका हुन्छन्। संगठनमा के कस्ता जालसाजजन्य जोखिम व्यवस्थापन कार्यक्रम रहेका छन् र कसरी जालसाज जोखिम पहिचान हुन्छ वा गर्दछन् भन्ने जनचासो हुने गर्दछ। जालसाज राम्ररी रोक्न के कस्तो प्रक्रिया अवलम्बन गरिएको छ, कत्तिको छिटो छरितो रूपमा जालसाज पत्ता लगाउने गरिएको छ, जालसाज छानबिन गर्न र सुधारात्मक कारबाही गर्ने व्यवस्था कस्तो छ भन्ने सम्बन्धमा समेत चासो र जिज्ञासा रहने कुरामा दुईमत छैन। जालसाज रोकथाम प्रक्रिया सञ्चालन गर्दा विशेष ध्यान दिनुपर्ने यो छ कि जालसाज हुन जाने प्रमुख कारक तत्त्वहरू के के छन् तिनको पहिचान गरी निवारणका उपाय अवलम्बन गर्नुपर्छ।

शब्दकुञ्जीः Basel, Buzzword, COSO, Fraud, छाता अवधारणा, जालसाज, जोखिम व्यवस्थापन सिद्धान्त, ठगी

विषय प्रवेश

सामान्यतः अंग्रेजी भाषाको "Fraud" व्यापक रूपमा प्रयोगमा आइरहने शब्द हो। यस शब्दलाई छाता अवधारणाका रूपमा लिने गरिन्छ। "फ्रड" लाई जालसाज वा ठगीका रूपमा लिँदा यसको तात्पर्य आन्तरिक वा बाह्य व्यक्तिहरूका अवाञ्छित वा दुराशयपूर्ण गतिविधिहरूको कारणबाट कुनै संस्थामा अनपेक्षित रूपमा वित्तीय, भौतिक वा प्रतिष्ठामा हुने हानि वा नोक्सानीलाई बुझ्न सकिन्छ। कुनै व्यक्ति वा संस्थाको नकारात्मक कामकारबाहीबारे चर्चा चल्दा तत्क्षण यो शब्दको प्रयोग हुने गरेको पाइन्छ। यो एक त्यस्तो शब्द हो जसले कुनै एकल क्रियाकलापलाई भन्दा क्रियाकलापहरूको विस्तृत दायरालाई समाविष्ट गरेको हुन्छ। "फ्रड" लाई देवानी दृष्टिकोणमा अपकृत्य र आपराधिक रूपमा पूर्णतः गलत कार्य मानिन्छ।

नेपाली भाषामा "फ्रड" लाई जालसाज, धोका, छलकपट, ठगी, नक्कली चाल, झेली कार्य, छलछाम, धोखा, जालझेल वा धोखाधडीजस्ता विविध अर्थमा लिइन्छ। यसमा विभिन्न प्रकृतिका प्रवचना, ठगी, हीलाबाजी, चोरी, रिस्वत, भ्रष्टाचार, अधिकारको दुरूपयोग, झुक्याउने, बहाना बनाउने, प्रकाशमा ल्याउनुपर्ने वा खुलासा गर्नुपर्ने सार्वजनिक सरोकारको विषयका सूचना जानकारीमा नल्याउने जस्ता पक्षहरू पनि समाविष्ट रहन्छन्। उदाहरणका निमित्त बलपूर्वक कुनै संस्था वा व्यक्तिको धनमाल हडप गर्ने, कपटपूर्वक नक्कली चिज बनाउने, उपलब्ध नगराइएका वा उपलब्ध नभएका वस्तु र/वा सेवाहरूको शुल्क लगाउने, खतरनाक सामग्रीको अनुचित रूपमा निपटान गर्ने, विदेश पठाउने भनी रकम ठगी गर्ने, अवैधानिक माध्यमबाट वित्तीय कारोवार/लेन-देन गर्ने, अवैधरूपमा प्रदूषण उत्सर्जन गर्ने, शैन्य वा अन्य सुरक्षासम्बन्धी कर्मचारीहरूलाई स्वास्थ्यसम्बन्धी जोखिममा पार्ने, कर वा भ्याट वा भन्सार छलि गर्ने, किर्ते काम गर्ने, निर्धारित मापदण्डविपरीत गुणस्तरहीन सामग्रीको प्रयोग गर्ने, सरकारी कार्यक्रममा समावेश नभएका वा समावेश नहुने खर्चको दाबी गर्ने, जानाजानी गलत बयान दिने, तथ्याङ्क बंग्याउने, योग्यता ढाँट्ने, झुठमुट बोलेर योग्यतासम्बन्धी आवश्यकता पूरा नगर्ने, अनाधिकृत कारोबार गर्न व्यक्तिगत सूचनाको दुरूपयोग गर्ने, अनाधिकृत रूपमा क्रेडिटकार्डको प्रयोग गर्ने जस्ता विविध रूप हुन सक्छन् धोखाधडी वा जालसाजका।

नागरिकले विभिन्न माध्यमबाट सरकारलाई कर, दस्तुर, शुल्क तिर्ने हुनाले त्यसरी तिरेको रकमबाट सरकारलाई दैनिक कार्य सञ्चालन र विकास निर्माणसँग सम्बन्धित साना ठूला महत्त्वपूर्ण कार्य सञ्चालन गर्न सघाउ पुग्छ। यदि सरकार स्वयम् नै कुनै किसिमको धोखाधडी वा जालसाजमा पर्छ भने परिमाणतः त्यसको मूल्य वा बोझ जनताले चुकाउनुपर्ने हुन्छ। अन्तिम व्ययभार जानतामा नै आइपुग्छ।

"Fraud" को परिभाषा

सामान्यतया "फ्रड" को चर्चा गर्दा मुख्य रूपमा सम्पत्तिको दुरूपयोग, रिस्वत र भ्रष्टाचार एवम् वित्तीय विवरणमा हुने जालसाजलाई लिएको पाइन्छ तर पनि यसका विभिन्न रूप हुन सक्छन्। त्यसैहुनाले "Fraud" को एउटै सर्वमान्य परिभाषा पाईँदैन। यसलाई मुलुकपिच्छे फरक-फरक सन्दर्भमा परिभाषा गरेको वा अर्थ्याएको पाइन्छ।

नेपाली बृहत् शब्दकोश

"Fraud" शब्दलाई जालसाजको काम वा व्यवहारको अर्थमा लिने हो भने यस शब्दकोशका अनुसार जालसाज भन्नाले (१) जालझेल, धुर्त्याइँ, कपट, धोका, (२) नभएका झुट्टा कुरा गरेको वा भएको हो भनी अङ्क, मिति, बेहोरा आदि फरक पारी लेखेर सहीछाप गरी लिने वा दिने अर्थमा लिइएको छ।

अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरी

यस शब्दकोशले "Fraud" शब्दलाई (१) अवैध रूपमा धन या मालसामान प्राप्त गर्न कसैलाई धोखा दिने अपराधका रूपमा र आफूसँग गुण र योग्यता नभए पनि भएजस्तो गरी अरुलाई धोखा दिने व्यक्तिका रूपमा लिएको छ। यस अर्थमा फ्रड भनेको अन्य व्यक्ति वा संस्थाबाट मूल्यवान चीज वस्तु लिन बेइमान विधिहरू प्रयोग गर्ने अपराध हो भन्ने बुझिन्छ।

कमिटी अफ स्पान्सरिङ्ग अर्गनाइजेशन

प्रायोजन संगठन समिति अर्थात् यु.एस.ए.स्थित कमिटी अफ स्पान्सरिङ्ग अर्गनाइजेशन (COSO) का अनुसार "Fraud" भनेको अरुलाई धोका दिन डिजाइन गरिएको कुनै पनि जानाजान गरिएको कार्य वा भूल हो, जसको परिणामस्वरूप पीडितलाई नोक्सान हुन्छ र/वा अपराधीले लाभ प्राप्त गर्दछ[•]।

संयुक्त अधिराज्य बेलायतको फ्रड एक्ट

संयुक्त अधिराज्य बेलायतको फ्रड एक्ट, २००६ मा मुख्य रूपमा गलत बयान दिएमा, सूचना खुलासा गर्न असफल भएमा र पदको दुरूपयोग गरेमा फ्रडसम्बन्धी सामान्य अपराध (General offence) हुने व्यवस्था गरिएको छ[•]। उक्त ऐनमा भएको मुख्य व्यवस्था निम्नानुसार उल्लेख गरिएको छः

(क) **मिथ्या प्रस्तुति वा दिखावद्वारा ठगीः** आफूलाई फाइदा हुने र अरुलाई नोक्सान पुग्ने वा हानि पुऱ्याउने जस्तो बेइमानी मनसाय राखी अरुलाई बहकाएमा, तथ्यको तोडमोड गरेमा मिथ्या प्रस्तुतिद्वारा ठगी गरेको मानिने व्यवस्था छ।

(ख) **सूचना खुलासा नगर्नाले हुने ठगीः** कानूनतः वा कुनै लिखित वा अलिखित शर्तअनुसार अरुको जानकारीका निमित्त खुलासा गर्नुपर्ने कुनै विषय खुलासा नगरेमा जालसाज वा ठगी गरेको मानिने व्यवस्था छ।

(ग) **पदको दुरूपयोगद्वारा ठगीः** लगत उद्देश्य राखी पदअनुसार गर्नुपर्ने काम नगरेमा वा गर्न नपर्ने काम गरेमा पदको दुरूपयोग गरी ठगी गरेको मानिने व्यवस्था छ।

चार्टर्ड इस्टिच्युट अफ म्यानेजमेन्ट एकाउन्ट (सीएमए)

यस संस्थाका अनुसार "Fraud" शब्दले सामान्यतया चोरी, भ्रष्टाचार, षडयन्त्र, हिनामिना, मुद्रा निर्मलीकरण, रिसवत् र अपहरण/फिरौती जस्ता कुरा समाविष्ट गर्दछ[•]।

कामकारबाहीको सन्दर्भ वा व्यवसायभित्र र बाहिर विभिन्न किसिमका धोखाधडी वा जालसाजको चपेटामा परी सार्वजनिक एवम् व्यावसायिक संस्थाहरू कमजोर हुन सक्छन् जसको फलस्वरूप ती संस्थाको आर्थिक तथा प्रतिष्ठामा गम्भीर असर परेको हुन सक्छ। जालसाज जोखिम स्वाभाविक वा परम्परागत रूपमै आन्तरिक र बाह्य जालसाजमा विभक्त हुन्छ।

बसेल (Basel) दोस्रो र तेस्रो मानक (दोस्रोको विस्तार) अनुसार आन्तरिक जालसाज विश्वव्यापी नियामक ढाँचाअन्तर्गत मान्यता प्राप्त जोखिम श्रेणीमा पर्दछ। ठगी गर्ने उद्देश्यले गरिएको कार्य, सम्पत्तिको दुरूपयोग वा प्रचलित ऐन कानून, संस्थागत नीतिको बेवास्ताको कारण हुने हानि नोक्सानी आन्तरिक जालसाज अन्तर्गत पर्दछन्। बाह्य जालसाज भन्नाले संस्थाभन्दा बाहिरका व्यक्तिहरूको शंकास्पद कामकारबाहीको

• Fraud to any intentional act or omission designed to deceive others, resulting in the victim suffering a loss and/or the perpetrator achieving a gain-COSO.

• The Act provides for a general officence of fraud with three ways of committing it, chich are by false representation, by failing to disclose informatic and by abuse of postion. It creates new offences of obtaining services dishonestly and of possenssing, making and supplying articles for use in frauds - Fraud Act 2006 UK.

• The term "Fraud" commonly includes activities such as theft, corruption, conspitacy, embezziement, money laudering bribery and extortion-CIMA, Fraud risk management A guide to good practice, …….. PP(7).

परिणामस्वरूप हुने अनपेक्षित वित्तीय, भौतिक वा प्रतिष्ठागत हानिसम्बन्धी जोखिम हुन्। बाह्य जालसाज विश्वव्यापी रूपमा नियामक ढाँचाको श्रेणीको जोखिम हो।

यी विभिन्न "Fraud" सम्बन्धी अवधारणा वा दृष्टिकोणअनुसार यस शब्दलाई अपकृत्य वा अपराधजन्य केही गलत माध्यमद्वारा वित्तीय वा गैरवित्तीय लाभ प्राप्त गर्न सावधानीपूर्वक योजना गरिएको एक प्रकारको बेइमानीपूर्ण कार्यका रूपमा लिइन्छ।

कोसोद्वारा विकसित "Fraud" सम्बन्धी सिद्धान्त

कोसोद्वारा विकसित गरिएका आन्तरिक नियन्त्रणका १७ सिद्धान्तहरूमध्ये आठौं तथा जोखिम लेखाजोखा तत्त्वको तेस्रो सिद्धान्तमा संगठनले आफ्ना उद्देश्यहरू प्राप्तिका सन्दर्भमा जोखिमको लेखाजोखा गर्दा धोखाधडी वा जालसाजको सम्भावनाउपर ध्यान दिनुपर्ने कुरा उल्लेख गरिएको छ•। कोसोको अतिरिक्त प्रकाशन फ्रड रिस्क म्यानेजमेन्ट गाइडले कोसोको आन्तरिक नियन्त्रण-इन्टिग्रेटेम फ्रेमवर्क, २०१३ को समर्थन र संगत हुन अभिप्रेरित गर्नुका साथै कोसोद्वारा पछिल्लो पटक विकास गरिएको माथि उल्लिखित नयाँ जालसाज जोखिम लेखाजोखा सिद्धान्तलाई सम्बोधन गर्ने सन्दर्भमा संगठनहरूलाई उत्तम अभ्यास मार्गदर्शनका रूपमा सेवा गर्न सक्छ। जालसाज जोखिम व्यवस्थापनका निमित्त थप व्यापक दृष्टिकोण स्थापित गर्न चाहने संस्थाहरूका निमित्त प्रस्तुत मार्गदर्शनमा जालसाज जोखिमको लेखाजोखा गर्न आवश्यक जानकारी भन्दा बढी कुरा समावेश भएका छन्। समग्रतामा जोखिमको लेखाजोखा गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिइएको हुनुपर्छः

- जालसाजे जोखिम व्यवस्थापन कार्यक्रमलाई संगठनको शासकीय संरचनाको अभिन्न अङ्गका रूपमा लिइएको हुनुपर्छ।
- जालसाज जोखिमको प्रभावकारी रूपमा लेखाजोखा गरिएको हुनुपर्छ।
- संगठनमा जालसाजको रोकथाम गर्ने, अन्वेषण गर्ने र जालसाज नियन्त्रणका निमित्त आवश्यक कार्यविधि यकिन गरी व्यवहारमा ल्याउनुपर्छ।
- जालसाजको अनुसन्धान र छानबिन कार्य हुनुपर्छ।
- समग्रतामा जोखिम व्यवस्थापन कार्यक्रमको अनुगमन र मूल्याङ्कन हुनुपर्छ।

सहकारी, जग्गा भाडा, जग्गा कारोबार, खरिद अनियमितता, आयल निगम प्रकरण, सामाजिक सुरक्षा भत्ता वितरण, राजस्व छलि प्रकरण, औषधि उपचार खर्च वितरण, बैकिङ्ग व्यवसायलगायत अन्य विभिन्न क्षेत्रमा भएका जालसाज, ठगीका घटनाहरूबारे दैनिक पत्रपत्रिकाहरूले उजागर गर्ने गरेका छन्।

भारतीय शेयर बजारको इतिहासमा नाम चलेको एकजना ब्रोकर हर्षद मेहतासँग जोडिएको वित्तीय घोटाला (सन् १९९२) सबैभन्दा ठूलो भारतीय घोटाला थियो। निजले बम्बै स्टाक एक्सचेञ्ज (BSE) मा हेरफेर गर्न बैङ्क कर्मचारीबीच साँठगाँठ गरेको भन्ने रहेको (विकिपेडिया)।

समसामयिक राष्ट्रिय पत्रपत्रिकाहरूमा जालसाज/ठगीका उदाहरण प्रस्तुत हुने गरेका छन्, जस्तै-

- नक्कली कागज बनाई जापान पठाउने १४ एजेन्सी निलम्बित (नयाँ पत्रिका, २०८० आश्विन १६),

• Principle 8, one of the risk assessment component principles, states: The organization considers the potential for fraud in assessing risks to the achievement of objectives-COSO.

- सूर्यदर्शन सहकारी ठगी प्रकरण, अध्यक्षसहित १९ जनाविरुद्ध मुद्दा दर्ता, एक अर्ब ११ करोड बिगो दाबी (नयाँ पत्रिका, २०८० आश्विन १९),
- ललितपुरको देउराली बचत तथा ऋण सहकारीमाथि सीआईबीको छानबिन, अध्यक्ष पक्राउ (नयाँ पत्रिका, २०८० आश्विन १९)।

मोटामोटी रूपमा धोखा वा छल दुई किसिमका हुन्छन्- आपराधिक र देवानी। चोरी गर्नु आपराधिक फ्रड हो भने सोचविचार गरी अर्थात् बदनियतसाथ तथ्यहरू बंग्याई प्रस्तुत गराई देवानी फ्रड हुन सक्छ। नागरिक मुद्दामा जालसाजको आरोप तथ्यहरू बंग्याई प्रस्तुत गराईमा आधारित हुन सक्छ। त्यसैगरी भएको आम्दानी नदेखाई छल गर्नु देवानी फ्रड हो। देवानी फ्रड छ भने जरिवाना र क्षतिपूर्ति दिलाई दण्डित गरिन्छ। पीडित पक्षलाई क्षतिपूर्ति तिराइन्छ। फ्रडका उदाहरण विविध हुन सक्छन् जस्तै- कर छलि, बीमा ठगी, बैङ्क चेक बाउन्स फ्रड, ईमेल फ्रड, इन्टरनेट बिक्री फ्रड, ऋण उल्मूलन घोटाला, वैदेशिक लटरी स्कीम वा पुरस्कार ठगी, कुनै ठाउँ वा कार्यालय प्रवेश गर्ने जाली वा नक्कली परिचयपत्र, अन्य व्यक्तिको सट्टा परीक्षामा बस्नु र परीक्षा दिनु, योग्यता ढाँट्नु, दान जालसाज आदि।

जालसाजको प्रकृति र किसिम विभिन्न हुन्छ। मोटामोटी रूपमा जालसाजको किसिमलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- ✓ **जालसाज प्रतिवेदनः** जब भूल वा गलत विवरणसहित जानाजानी प्रतिवेदन तयार गरिन्छ भने त्यस किसिमको प्रतिवेदन जालसाज हुन्छ। उदाहरणका रूपमा जानाजान वित्तीय विवरणमा अतिरंजित र/वा शेष राशिलाई कम देखाउने। यसै गरी नभएको कामलाई भएको भनी प्रतिवेदन गर्ने। यस किसिमका जालसाजजन्य कार्यहरूको पहिचान गरी निराकरण गर्न बढी मेहनत र थप समय लाग्न सक्छ।
- ✓ **सम्पत्तिको दुरूपयोगः** कुनै किसिमबाट संस्थागत सरसामान वा सम्पत्तिको दुरूपयोग गर्ने कुरा यसमा आउँछ। उदाहरणका रूपमा जब संगठनको कुनै किसिमका सम्पत्तिहरूको अनधिकृत र अनुपयुक्त रूपमा जानाजान अधिग्रहण गर्ने, प्रयोग गर्ने वा निपटान गर्ने कार्य बुझ्न सकिन्छ।
- ✓ **भ्रष्टाचारः** कुनै किसिमबाट संस्था, कुनै पक्ष वा समग्र समाजलाई गम्भीर असर पुग्ने गरी प्रदत्त अधिकार निजी लाभका लागि दुरूपयोग हुन सक्छ। कुनै किसिमको अनुचित प्रभावमा परी सरकारलाई घाटा हुने गरी कर दस्तुर छल गरिएको हुन सक्छ।
- ✓ **व्यवस्थापनबाट उल्लंघनः** यसले त्यस्तो कार्यलाई जनाउँछ जसमा अवैध उद्देश्यका लागि स्वयम् व्यवस्थापनबाट जानाजान आन्तरिक नियन्त्रणलाई उल्लङ्घन गर्ने कुरालाई जनाउँछ।

यस अतिरिक्त जालसाजका विभिन्न दृष्टान्त भेटिन सक्छन्। जस्तै- षड्यन्त्र, नक्कली ईमेलद्वारा जालसाज, चोरी, नक्कली मतदाता वा नक्कली परीक्षार्थी, नक्कली लाइसेन्स वा शैक्षिक प्रमाणपत्र, मुद्रा निर्मलीकरण, नक्कली ओहदाको दाबी, फिरौती, बैङ्क खाता वा डेविड र क्रेडिट कार्डमा जालसाज, अपहरण आदि विभिन्न जालसाजका उदाहरण हुन सक्छन्।

जालसाज खोजबिनः दूरदर्शिता वा पश्चदृष्टि एक अद्भूत चीज होड•। जालसाजको जोखिम रोकथामका निमित्त त्यससम्बन्धी नीति, नियम, कार्यविधि, मापदण्ड आदिको निर्माणका साथै नियन्त्रण संयन्त्रको स्थापना गर्नुपर्छ। जालसाज जोखिम र त्यसबाट पर्ने असर सम्बन्धमा आवश्यक प्रशिक्षण प्रदान गर्नुपछ।

जालसाज जोखिम व्यवस्थापन सिद्धान्त

कोसोले जालसाज जोखिम व्यवस्थापनका पाँच सिद्धान्तहरू तर्जुमा गरेको छ। आन्तरिक नियन्त्रण प्रणाली, २०१३ कोसो ढाँचाका पाँच तत्त्व र तत्सम्बन्धी सिद्धान्तहरू र कोसो ढाँचाकै पाँच जालसाज जोखिम व्यवस्थापन सिद्धान्तहरूबीचको सहसम्बन्धलाई निम्न तालिकामा प्रस्तुत गरिएको छः

आन्तरिक नियन्त्रण प्रणालीका पाँच तत्त्व, तत्सम्बन्धी सिद्धान्तहरू र जालसाज जोखिम व्यवस्थापन सिद्धान्तहरूबीचको सहसम्बन्ध तालिका

तत्त्वहरू	सिद्धान्तहरू	जालसाज जोखिम व्यवस्थापन सिद्धान्त
नियन्त्रण वातावरण	१. संगठनले ईमान्दारिता, सदाचारिता र नैतिक मूल्य मान्यताका प्रति प्रतिबद्धता दर्शाउनुपर्छ। २. संगठनको शासकीय तहले व्यवस्थापनको काममा हस्तक्षेप नगरी स्वतन्त्र रूपमा आन्तरिक नियन्त्रणको विकास र कार्यान्वयनको रेखदेख र निगरानी गर्नुपर्छ। ३. व्यवस्थापनले, शासकीय तहको स्वीकृतिमा, उद्देश्यानुसार संगठनको संरचना, प्रतिवेदन विधि, उपयुक्त अधिकार र जिम्मेवारी स्थापित गर्नुपर्छ। ४. संगठनले उद्देश्यसंग पंक्तिबद्ध हुनेगरी निपुण वा सक्षम जनशक्तिको आकर्षण, विकास र टिकाई राख्न प्रतिवद्ध रहेको दर्शाउनुपर्छ। ५. संगठनमा आन्तरिक नियन्त्रणका जिम्मेवार व्यक्तिहरूलाई उद्देश्य प्राप्तिका लागि उत्तरदायी बनाउनुपर्छ।	सिद्धान्तः १, जालसाज जोखिम व्यवस्थापन सम्बन्धमा शासकीय तह/ संचालक समिति र वरिष्ठ व्यवस्थापनको अपेक्षा र उच्च सदाचार र नैतिक मूल्यप्रति उनीहरूको प्रतिवद्धता दर्शाउने जालसाज जोखिम व्यवस्थापन कार्यक्रम स्थापना गरी सञ्चालन गर्नुपर्छ।
जोखिमको लेखाजोखा	६. संगठनले उद्देश्यसम्बन्धी जोखिमको पहिचान र लेखाजोखा गर्न सहज हुने गरी उपयुक्त उद्देश्य निर्धारण गर्नुपर्छ। ७. संगठनले संगठनभर आफ्ना उद्देश्यहरू प्राप्तिका सन्दर्भमा हुन सक्ने जोखिमको पहिचान गरी जोखिमको व्यवस्थापन कसरी गर्ने भन्ने आधारमा जोखिमको विश्लेषण गर्नुपर्छ। ८. संगठनले उद्देश्य प्राप्तिका सन्दर्भमा जोखिमको लेखाजोखा गर्दा धोखाधडी वा जालसाजको सम्भावनाउपर ध्यान दिनुपर्छ। ९. संगठनले आन्तरिक नियन्त्रणलाई उल्लेखनीय रूपमा प्रभाव पार्न सक्ने परिवर्तनहरूको पहिचान र लेखाजोखा गर्नुपर्छ।	सिद्धान्तः २, जालसाजसम्बन्धी योजना र जोखिम पहिचानका निमित्त विस्तृत रूपमा जालसाज जोखिमको लेखाजोखा गर्नुपर्दछ, जालसाज जोखिमको सम्भावना र महत्त्वको आँकलन गर्नुपर्छ, विद्यमान लेखाजोखा नियन्त्रण गतिविधिहरूको मूल्याङ्कनका साथै अवशेष जालसाज जोखिम न्यूनीकरण गर्ने कार्य लागू गर्नुपर्छ।

• CIMA - Hindsinght is a wonderful thing!

तत्त्वहरू	सिद्धान्तहरू	जालसाज जोखिम व्यवस्थापन सिद्धान्त
नियन्त्रण क्रियाकलाप	१०.संगठनले स्वीकार्य तहको उद्देश्य प्राप्तिमा हुन सक्ने जोखिम न्यूनीकरणमा योगदान दिने क्रियाकलापहरूको छनौट र विकास गर्नुपर्छ। ११.संगठनले उद्देश्य हासिल गर्न सघाउ हुने गरी प्रविधिसम्बन्धी नियन्त्रण क्रियाकलापहरूको छनौट र विकास गर्नुपर्छ। १२.संगठनले अपेक्षा गरिएको विषय स्थापना गर्ने नीति र त्यस्ता नीति कसरी लागू गर्ने सो सम्बन्धी कार्यविधिहरूद्वारा नियन्त्रण क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ।	सिद्धान्तः ३, जालसाजका घटेका घटना वा समयमा नै पत्ता नलागेका घटनालाई न्यूनीकरण गर्न रोकथाम र खोजमूलक जालसाज नियन्त्रण क्रियाकलापहरूको छनौट, विकास र प्रयोग गर्नुपर्छ।
सूचना तथा सञ्चार	१३.संगठनले आन्तरिक नियन्त्रणका अन्य तत्त्वहरूलाई सघाउन सान्दर्भिक गुणस्तरीय सूचनाको प्राप्ति वा उत्पादन र प्रयोग गर्नुपर्छ। १४.सस्थाले आन्तरिक नियन्त्रणका अन्य तत्त्वहरूको क्रियाशीलतालाई सघाउन आवश्यक आन्तरिक नियन्त्रणका उद्देश्य र जिम्मेवारीसहित आन्तरिक रूपमा सूचना सञ्चार गर्नुपर्छ। १५.संस्थाले आन्तरिक नियन्त्रणका अन्य तत्त्वहरूको क्रियाशीलतालाई असर पार्ने मामिला सम्बन्धमा बाह्य पक्षहरूसंग सञ्चार गर्नुपर्छ।	सिद्धान्तः ४, सम्भाव्य जालसाजसम्बन्धी जानकारी प्राप्त गर्न सञ्चार प्रक्रिया स्थापित गर्नुपर्छ समयमा नै उपयुक्त रूपमा जालसाजको सम्बोधन गर्न समन्वित प्रयास तैनाथ गरी छानबिन र सुधारात्मक कार्य गर्नुपर्छ।
अनुगमन क्रियाकलाप	१६.संगठनले आन्तरिक नियन्त्रणका तत्त्वहरू मौजुद र क्रियाशील भए नभएको निश्चित गर्न निरन्तर र/वा अलग्गै मूल्याङ्कनको छनौट, विकास र कार्यान्वित गर्नुपर्छ। १७.संगठनले, उपयुक्तता बमोजिम, वरिष्ठ व्यवस्थापन र शासकीय तहसहित समयबद्ध रूपमा आन्तरिक नियन्त्रणको मूल्याङ्कन गरी कमिकमजोरीको सुधारात्मक कार्य गर्ने सम्बन्धित पक्षलाई सञ्चार गर्नुपर्छ।	सिद्धान्तः ५, जालसाज व्यवस्थापनका पाँच सिद्धान्तहरू मौजुद र क्रियाशील भए नभएको यकिन गर्न निरन्तर मूल्याङ्कनको छनौट, विकास र सञ्चालन गर्नुपर्छ र समयमा नै जालसाज जोखिम व्यवस्थापन कार्यक्रमका कमीकमजोरीको सञ्चार गर्नुपर्छ। सुधारात्मक कार्य गर्न वरिष्ठ व्यवस्थापन र शासकीय तहसहित जिम्मेवार पक्षलाई जानकारी गराउनुपर्छ।

जालसाज जोखिम व्यवस्थापनका अवयव र सिद्धान्तहरूको सारसंक्षेप

१. **जालसाज जोखिम प्रशासनः** यसको अभिप्राय संगठनमा जालसाज जोखिम व्यवस्थापनका निमित्त विद्यमान ऐन नियम कानून, प्रचलन र कार्य पद्धतिहरूको संरचना र कार्यान्वयन पक्ष कस्तो छ भन्ने हो। जालसाज जोखिम प्रशासनलाई संगठनको शासकीय संरचना, संस्थागत सुशासन र नियन्त्रण वातावरणको अभिन्न अवयवका रूपमा लिनुपर्छ। शासकीय तह र उच्च व्यवस्थापनको अपेक्षा व्यक्त गर्न जालसाज जोखिम व्यवस्थापन सम्बन्धमा लिखित नीतिसहित आवश्यक कार्यक्रमहरू समुचित स्थानमा हुनुपर्छ। संस्थागत सुशासन संस्कृतिमा शासकीय तह र व्यवस्थापनले संगठनको लक्ष्य र उद्देश्य प्राप्त गर्न तत्पर रहनुपर्छ। संगठनको आन्तरिक नियन्त्रण वातावरणले अनुशासित वातावरण सिर्जना गरेको हुनुर्दछ जसबाट संगठनको लक्ष्य प्राप्त गर्ने सन्दर्भमा जोखिमको लेखाजोखा गर्न सघाउ पुग्न सकोस्।

कुनै पारदर्शी र सुदृढ जालसाज जोखिम व्यवस्थापन नीति, रणनीतिले जालसाज गर्ने, धोका दिने पक्षलाई निरुत्साहित गर्नुका साथसाथै जालसाज जोखिम न्यूनीकरण गर्न सम्बन्धित पक्षलाई जिम्मेवार ठान्दछ। यसमा जिम्मेवार पक्ष प्रतिबद्ध हुनुपर्छ।

२. **जालसाज जोखिमको लेखाजोखाः** संगठनसंग सम्बन्धित जालसाज जोखिमको पहिचान र लेखाजोखा गर्न जालसाज जोखिमको लेखाजोखा गतिशील र दोहोरिइरहने प्रक्रिया हो। जालसाज जोखिम लेखाजोखाले शंकास्पद वित्तीय तथा गैरवित्तीय प्रतिवेदन, सम्पत्तिको दुरूपयोग, भ्रष्टचार लगायत गैरकानूनी कार्यको सम्बोधन गर्दछ। संगठनहरूले आ-आफ्ना आवश्यकता, जटिलता र लक्ष्यहरू यस दृष्टिकोण मुताबिक गर्न सक्नेछन्। जालसाज जोखिम लेखाजोखा जोखिमको लेखाजोखा र आन्तरिक नियन्त्रणको अभिन्न अङ्ग हो। कोसोद्वारा विकसित एकीकृत आन्तरिक नियन्त्रण ढाँचाको सिद्धान्तसँग सम्बन्धित छ।

३. **जालसाज नियन्त्रण गतिविधिः** जालसाज नियन्त्रण गतिविधि नीति तथा कार्यविधिद्वारा स्थापित गर्नु पर्ने कार्य हुन् जसले जालसाज जोखिम न्यूनीकरण गर्न व्यवस्थापनको मार्गदर्शन कार्यान्वयन गर्न सघाउ पुऱ्याउँछ। जालसाज नियन्त्रण गतिविधि विशिष्ट प्रक्रिया वा कार्यविधि हो जसमा जालसाज सम्बन्धी परिघटना रोक्न वा जालसाज घटना तत्काल पहिचान गर्ने उद्देश्य रहेको छ। सामान्यतया जालसाज नियन्त्रण गतिविधिहरू रोकथाममूलक र खोजमूलक हुन्छन्। रोकथाममूलक गतिविधिले कुनै छलकपट, धोका वा कुनै शंकास्पद घटना वा कारोबार रोक्ने गरी तर्जुमा गरिएको हुन्छ भने खोजमूलक नियन्त्रण गतिविधि भने प्रारम्भिक प्रक्रिया सुरु भएपछि कुनै छल वा शंकास्पद घटना वा कारोबार पहिचान गर्न वा खोजी गर्न तर्जुमा गर्नुपर्छ। जालसाजको कार्य वा व्यवहार रोक्ने र जालसाजको खोजी नियन्त्रण गतिविधिहरूको छनौट, विकास, कार्यान्वयन र अनुगमन जालसाज जोखिम व्यवस्थापनको महत्त्वपूर्ण तत्त्वहरू हुन्। जालसाजसम्बन्धी जोखिम र तत्सम्बन्धी स्कीमको विस्तृत विवरणसहित लिपिबद्ध गरिएको हुनुपर्छ। जालसाज नियन्त्रण गतिविधि जालसाज जोखिम न्यूनीकरण गर्न र जालसाज नियन्त्रण गतिविधि सञ्चालन गर्न जिम्मेवार व्यक्ति पहिचानका निमित्त सञ्चालन गर्नुपर्छ। जालसाज नियन्त्रण गतिविधिहरू आन्तरिक नियन्त्रणको निरन्तर जालसाज जोखिम लेखाजोखाको अभिन्न पक्ष हुन्।

४. **जालसाजको छानबिन र सुधारात्मक कार्यः** संगठनमा सञ्चालित हुने नियन्त्रण गतिविधिहरूले जालसाज, छलकपट, धोकाजस्ता गतिविधिहरू नहुने कुराको पूर्ण आश्वस्तता प्रदान गर्न सक्दैनन्। त्यसकारण संगठनको शासकीय तहले भए गरेका कामकारबाहीहरूको छिटोछरितो र योग्य व्यक्तिको संलग्नतामा विश्वसनीय रूपमा समीक्षा गर्ने, अन्वेषण गर्ने र प्रचलित नीति, ऐन कानून तथा कार्य प्रक्रियाहरूको पूर्ण पालना नगरेको भेटिएमा तथा जालसाज र खराब आचरण व्यवहारमा संलग्न भएको आरोप लागेको अवस्थामा तत्काल छानबिन गरी समाधान हुने कुराको सुनिश्चित गर्न सक्नुपर्दछ।

संगठनहरूले हानि नोक्सानी भएको कुराको असुलउपर गर्ने अवसरको उपयोग गर्न सक्छन्। सतर्कतापूर्वक छानबिन गर्न र सुधारात्मक कार्य प्रक्रियाको पूर्वतयारी गरी मुद्दामामिलाको जोखिम र प्रतिष्ठामा आँच आउन नदिने प्रयास गर्नुपर्छ।

५. **जालसाज जोखिम व्यवस्थापन अनुगमन गतिविधिः** यो पाँचौं जालसाज जोखिम व्यवस्थापन सिद्धान्त समग्र जालसाज जोखिम प्रक्रियाको अनुगमनसंग सम्बन्धित छ। संगठनहरूले डिजाइन गरिए

बमोजिम जालसाज जोखिम व्यवस्थापनका पाँचवटै सिद्धान्तहरू मौजुद र क्रियाशील रहेको सुनिश्चित गर्न जालसाज जोखिम व्यवस्थापन अनुगमन गतिविधिहरूको प्रयोग गर्नुपर्दछ। जालसाजसम्बन्धी अनुगमन क्रियाकलापहरू सञ्चालन गर्न संगठनले निरन्तर र आवधिक रूपमा छुट्टै मूल्याङ्कन गर्न वा दुबै गर्नुपर्दछ। जालसाज जोखिम व्यवस्थापन कार्यक्रममा निरन्तर मूल्याङ्कनको काम विभिन्न तहका व्यावसायिक प्रक्रियाहरूमा निर्मित हुने हुँदा समयमा नै आवश्यक सूचना वा जानकारी प्राप्त हुन सक्छ। निरन्तर मूल्याङ्कनको नतीजा र अन्य विभिन्न अवस्थामा आवधिक रूपमा कार्यक्षेत्र र दायरा तोकी छुट्टै मूल्याङ्कन गर्नुपर्दछ।

यू.एस.ए.मा जालसाज जोखिम व्यवस्थापन प्रक्रिया

गभर्नमेन्ट एकाउन्टेबिलिटी अफिसले संघीय कार्यक्रममा जालसाज जोखिम व्यवस्थापनका निमित्त ढाँचाको निर्माण गरेको छ। उक्त व्यवस्थापन ढाँचामा निम्नलिखित तत्त्वहरूलाई समावेश गरिएको छः

- **प्रतिवद्धता दर्शाउनेः** जालसाज जोखिम व्यवस्थापनका निमित्त अनुकूल हुने गरी संगठनात्मक संस्कृति र संरचना निर्माण गरी जालसाजको मुकाविला गर्न प्रतिबद्ध हुनुपर्छ। जालसाजविरुद्ध लड्न उच्चस्तरीय प्रतिबद्धता दर्शाउनुपर्छ र सबै तहका कार्यक्रममा जालसाज विरुद्धको विचार स्पष्ट गर्नुपर्छ।
- **जालसाज जोखिम लेखाजोखाको तयारीः** जालसाज जोखिमको लेखाजोखा गर्ने योजना बनाउने र जालसाज जोखिमको प्रोफाइल निर्धारण गर्न जोखिमको लेखाजोखा गर्नुपर्छ। प्रत्येक कार्यक्रम अनुरूप जालसाज जोखिमको लेखाजोखा गर्नुपर्छ। यस कार्यमा सम्बन्धित सरोकारवालाई सहभागी बनाउने र सहन गर्न सकिने जोखिमको आँकलन गर्नुपर्छ।
- **रणनीति डिजाइन र कार्यान्वयन गर्नेः** लेखाजोखा गरिएको जालसाज जोखिमलाई न्यूनीकरण गर्न विशिष्ट नियन्त्रण गतिविधिहरूका साथ रणनीतिको डिजाइन गरी कार्यान्वयन गर्नुपर्छ।
- **उपलब्धिको मूल्याङ्कन गर्नेः** जोखिममा आधारित दृष्टिकोणको प्रयोग गरी परिणामहरूको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्छ र जालसाज जोखिम व्यवस्थापन ढाँचाका सबै तत्त्वहरूको मूल्याङ्कन गर्नुपर्छ। उपलब्धिको निगरानी तथा अनुगमनमा ध्यान केन्द्रित गर्नुका साथसाथै जालसाजी जोखिम व्यवस्थापनको अनुगमन र मूल्याङ्कन गर्नुपर्छ। जालसाज जोखिम व्यवस्थापन क्रियाकलापहरू समायोजित गर्नुका साथै अनुगमन तथा मूल्याङ्कनको नतीजाको सञ्चार गर्नुपछ।

जालसाजी रोकथामको जिम्मेवारी र भूमिका

जालसाजको रोकथाम र खोजीनिती गर्नु निकायका सबैको कर्तव्य र जिम्मेवारी हुन्छ। तथापि, यस सम्बन्धमा खासै ध्यान जाने गरेको छैन। संक्षेपमा तहगत जिम्मेवारी र भूमिका निम्नानुसार उल्लेख गरिएको छः

(१) **शासकीय र कार्यकारी तहः** निकायको शासकीय तह, बोर्ड वा संचालक समिति, विभागीय प्रमुख वा निकायप्रमुखबाट जालसाज रोकथाम र सोको खोजीनिती सम्बन्धमा उच्च व्यवस्थापनसंग राम्ररी छलफल गरेको हुनुपर्छ। आवश्यकता बमोजिम निरीक्षण तथा अनुगमन गरेको हुनुपर्छ। मूलतः जालसाज रोकथाम र खोजी गर्ने समग्र जिम्मेवारी उच्च व्यवस्थापनको हुन्छ। जालसाजको रोकथाम

र खोजीसम्बन्धी सकारात्मक वातावरण निर्माण गर्ने र निकायका सबै तहमा सुसूचित गर्ने जिम्मेवारी उच्च व्यवस्थापनको हो। जालसाज रोकथाम र खोजीका लागि नीति तथा कार्यविधि बनाउने, सदाचार र नैतिक मूल्य मान्यता स्थापित गर्ने, कामकारबाहीमा पारदर्शिता र निष्पक्षता कायम राख्ने, जालसाज रोकथाम र खोजीका लागि कसको उत्तरदायित्व कस्तो हुने स्पष्ट गरिएको हुनुपर्छ। व्यवस्थापनले जालसाजको लेखाजोखा गरी अवशिष्ट जोखिमका विषयमा शासकीय तहमा प्राप्त हुने व्यवस्था मिलाइएको हुनुपर्छ। जालसाजका कुनै घटना घटेमा वा घट्न सक्ने सम्भावना भएमा सोको जानकारी शासकीय तहमा हुनुपर्छ। जालसाजका सम्बन्धमा शासकीय तहले व्यवस्थापनलाई कडा प्रश्नका साथ चुनौती दिन सक्नुपर्छ। शासकीय तहले कानूनी सल्लाहकार, आन्तरिक वा बाह्य लेखापरीक्षक, स्वतन्त्र समीक्षकबाट सुझाव तथा पृष्ठपोषण लिन सक्नुपर्छ।

(२) **लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिः** शासकीय तह र उच्च व्यवस्थापन तहमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको विशेष महत्त्व हुन्छ। सार्वजनिक क्षेत्रमा यो समिति शासकीय निकायको विस्तारित अङ्ग हो। शासकीय निकायको जिम्मेवारी सफलतापूर्वक सम्पादन गर्नका निमित्त नै यस किसिमको समितिको व्यवस्था गरिएको हुन्छ। समितिमा जिम्मेवारी हस्तान्तरण गर्ने वा जिम्मेवारी विस्तार गर्ने भन्ने होइन। संस्थाका अधिकारीहरूले समितिलाई विषयहरू तोकी विशिष्ट मामिलाहरूको निरीक्षण, अनुगमन तथा निगरानी गर्ने आफ्नो क्षमता भने बढाउन सक्छन्। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र तत्सम्बन्धी नियमावलीमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिलाई सार्वजनिक उत्तरदायित्व र शासन व्यवस्थाको अभिन्न अङ्गका रूपमा स्थापित गरिएको हो। शासकीय संयन्त्रमा यस किसिमको समितिले कानूनी र वित्तीय जिम्मेवारी पूरा गर्न विशेष भूमिका निर्वाह गर्नुपर्दछ। समितिले विशेषगरी वित्तीय शुद्धता, आन्तरिक नियन्त्रण, कर्मचारीले पालन गनुपर्ने कानूनी व्यवस्था र नैतिक आचरण व्यवहार, वित्तीय जोखिमका सम्बन्धमा विशेष भूमिका खेल्न सक्छ।

यस समितिको भूमिका व्यवस्थापनको आवश्यकता, कामकारबाहीको जटिलता, आकार र परिमाणअनुसार निकायपिच्छे फरक हुन सक्ने अवस्था रहन्छ। मुख्य कुरा यस समितिले जोखिम व्यवस्थाको निरीक्षण तथा निगरानीमा विशेष ध्यान दिनुपर्छ। जोखिमको सम्बन्धमा चर्चा गर्नुपर्दा सामान्यतया हरेक निकायमा मुख्य-मुख्य कर्मचारीहरूको कमी हुने, स्वार्थ बाझिने गतिविधिहरू हुन सक्ने, पालन गर्नुपर्ने कानूनी व्यवस्थाप्रति बेवास्ता हुन सक्ने, आन्तरिक नियन्त्रणको कमजोरीको कारणबाट जालसाज, छल, ठगी वा शंकास्पद गतिविधिहरू हुने जोखिम रहन्छ।

(३) **वरिष्ठ व्यवस्थापनः** वरिष्ठ व्यवस्थापनले स्थापित नीतिबमोजिम जालसाज जोखिम व्यवस्थापनको लेखाजोखा गर्नुपर्छ। जालसाज जोखिम व्यवस्थापनका सिद्धान्तहरूलाई व्यवहारमा लागू गर्नुपर्छ।

(४) **अन्य व्यवस्थापक र कर्मचारीः** निकायका विभिन्न जिम्मेवारीमा रहेका व्यवस्थापक र कर्मचारीहरूले आ-आफ्नो पदीय जिम्मेवारी पूरा गर्नुपर्छ। वरिष्ठ व्यवस्थापकहरूसँग जालसाज जोखिम नियन्त्रण सम्बन्धमा छलफल तथा विचार विमर्श गर्नुपर्छ। विद्यमान जालसाज जोखिम नियन्त्रण कार्य स्थापित मानकबमोजिम सञ्चालन गरी सहयोग गर्नुपर्छ।

(५) **आन्तरिक लेखापरीक्षकः** आन्तरिक लेखापरीक्षण एक स्वतन्त्र, वस्तुगत आश्वासन र परामर्शदायी कार्य हो। यसले जोखिम व्यवस्थापन, नियन्त्रण र शासकीय प्रक्रियामा व्यवस्थित, अनुशासित

विधिद्वारा संगठनलाई यसका उद्देश्यहरू पूरा गर्न सघाउँछ•। एक अर्को परिभाषाअनुसार आन्तरिक लेखापरीक्षण भन्नाले कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित कार्यालयको उद्देश्य अनुरूपका कार्यसम्पादनसंग सम्बन्धित कानून, व्यवस्थापकीय अभ्यास, लेखा तथा सरोकार र सोसँग सम्बन्धित कागजात एवम् प्रक्रियाको जाँच, परीक्षण, विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्याङ्कन गरी प्रतिवेदन गर्ने कार्य बुझ्नुपर्छ•।

आन्तरिक लेखापरीक्षकले निकायको जालसाज जोखिम व्यवस्थापन कार्यक्रममा लेखापरीक्षण योजना कसरी लागू गर्ने सोको समीक्षा गर्नुपर्छ। आवश्यकता अनुसार लेखापरीक्षण योजना समायोजन गर्नुपछ। आन्तरिक नियन्त्रण र जालसाज जोखिम व्यवस्थापनका विषयमा लेखापरीक्षण गरी प्रतिवेदन प्रस्तुत गर्नुपर्छ। आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापन प्रक्रियाको निर्माण र कार्यान्वयनको प्रभावकारिताको लेखाजोखा हुन्छ भन्ने मान्यताका आधारमा संघीय निकायको आन्तरिक लेखापरीक्षणको जिम्मा महालेखा नियन्त्रक कार्यालय र त्यस मातहतका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई प्रदान गरिएको हो। आन्तरिक लेखापरीक्षकले निम्नलिखित विषयमा के कस्तो जोखिम छ मूल्याङ्कन गर्नुपर्छः

(क) लेखापरीक्षण गरिने निकायको सम्पत्तिको सुरक्षासम्बन्धी व्यवस्था,
(ख) निर्धारित लक्ष्य तथा उद्देश्यहरू प्राप्त भए नभएको,
(ग) प्रचलित ऐन नियम, मापदण्ड, संझौताको पालना स्थिति,
(घ) वित्तीय तथा गैरवित्तीय सूचनाको पूर्णता विश्वसनीयता,
(ङ) कार्यसञ्चालनको दक्षता र प्रभावकारिता आदि।

आन्तरिक लेखापरीक्षक निकायको कुनै किसिमको कामकारबाही र कार्यक्रम सञ्चालनमा संलग्न हुनुहुँदैन। लेखापरीक्षण सकिएपछि सोको सुझावसहितको प्रतिवेदन व्यवस्थापन समक्ष पेस गर्नुपर्छ। प्राप्त सुझाव कार्यान्वयको दायित्व सम्बन्धित निकायको व्यवस्थापनको हुन्छ।

(६) **बाह्य लेखापरीक्षकः** बाह्य लेखापरीक्षक आन्तरिक नियन्त्रणको अङ्ग होइन। तर समीक्षक भने अवश्य हो। बाह्य लेखापरीक्षकले निकायको वित्तीय विवरण र वित्तीय प्रतिवेदनउपर आन्तरिक नियन्त्रणको प्रभावकारिताको लेखापरीक्षण कार्यमा संलग्न रहन्छन्। निकायले आफ्नो उद्देश्य प्राप्तिका जोखिम लेखाजोखा गर्ने क्रममा जालसाजको सम्भावनाउपर विचार गर्नुपर्छ। लेखापरीक्षकले लेखापरीक्षणको दौरानमा जालसाज जोखिम व्यवस्थापन कार्यक्रम कसरी सञ्चालन गरिएको छ सोको समीक्षा तथा मूल्याङ्कन गर्नुपर्छ। आन्तरिक नियन्त्रण र जालसाज जोखिम व्यवस्थापनका विषयमा लेखापरीक्षण गरी प्रतिवेदन प्रस्तुत गर्नुपर्छ। सम्बन्धित निकायले प्रतिवेदनउपर समयमा नै आवश्यक कारबाही गरिएको हुनुपर्छ। तर कार्यान्वयन पक्ष सन्तोषजनक हुन नसकेको स्थिति छ।

(७) **अन्य पेशागत निकायः** सञ्चालन, प्रतिवेदन र अनुपालनसंग सम्बन्धित जालसाज जोखिम मार्गदर्शन उपलब्ध गराउने अन्य पेशागत निकायहरूले कोसोद्वारा संरचित जालसाज जोखिम मार्गदर्शनसंग आ-

---

• Internal auditing is an independent, objective assurance and consulting activity designed to add value and improve an organization's operations. It helps an organization accomplish its objectives by bringing a systematic, disciplined approach to evaluate and improve the effectiveness of risk management, control and governance process" - The Institute of Internal Auditors, USA, Internal Control Guid, 2018 …….. pp 78.

• आन्तरिक लेखापरीक्षण हातेपुस्तिका, २०७८ ..... पृष्ठ १.

आफ्ना मापदण्ड र मार्गदर्शन तुलना गर्न सक्छन्। सबैको हितमा एकरूपता कायम हुने गरी कुनै अवधारणा र शब्दावलीको हेरफेर गर्नुपर्ने भए त्यसमा विचार पुऱ्याउनुपर्छ।

(८) **संसदीय भूमिकाः** संसदीय समितिहरूबाट संघीय मंत्रालय र निकायहरूलाई जालसाज जोखिम कम गर्न वा निरुत्साहित गर्न निम्नलिखित माध्यमद्वारा मद्दत हुन सक्छः

(क) संघीय मन्त्रालय र निकायहरूबाट वार्षिक वित्तीय तथा गैरवित्तीय प्रतिवेदन लिने र त्यसरी प्रतिवेदन लिँदा जालसाज वा ठगीसम्बन्धी जोखिम व्यवस्थापन सम्बन्धमा भए गरेका प्रयास र उपलब्धिहरूको प्रतिवेदनसमेत लिने व्यवस्था गर्न सकिन्छ।

(ख) संघीय मन्त्रालय र निकायहरूबाट सञ्चालित क्रियाकलापहरूमा जालसाज/ठगी र भुक्तानीमा भएका त्रुटिहरूको पहिचान गर्ने कुरामा सघाउन कारोवारको विश्लेषण गराउन सकिन्छ।

(ग) सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर छलफलको क्रममा जालसाज वा ठगीसम्बन्धी जोखिम व्यवस्थापन सम्बन्धमा भए गरेका प्रयास र उपलब्धिहरूउपर समेत छलफल गर्ने र सोसम्बन्धी आवश्यक निर्देशन दिई कारबाहीको दायरामा ल्याउन सकिन्छ।

(घ) दिइएका निर्देशनहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्ने र प्रतिवेदन लिने व्यवस्था गर्न सकिन्छ।

(९) **शिक्षाविदः** जालसाज जोखिमसम्बन्धी अवधारणालाई शैक्षिक संस्थाहरूको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था गर्नु गराउनुमा शिक्षाविद्हरुको भूमिका महत्त्वपूर्ण रहन्छ।

(१०) **आम सञ्चार माध्यमः** मुलुकमा रेडियो, टेलिभिजन, पत्रपत्रिकाजस्ता विभिन्न सञ्चार माध्यमहरू छन्। ती माध्यमहरूबाट सार्वजनिक क्षेत्रमा भए गरेका जालसाज वा ठगीका घटनाहरूलाई प्रकाशमा ल्याई कारबाहीको दायरामा पुऱ्याएका उदाहरणहरू छन्। यस अर्थमा जालसाज वा ठगीलाई निरुत्साहित गर्न सञ्चार माध्यमको महत्त्वपूर्ण भूमिका रहन्छ नै।

(११) **कानूनी उपचारः** जालसाज नियन्त्रणको अन्तिम उपाय भनेको कानूनी कारबाही हो। जालसाजको अवस्था हेरी मुलुकमा प्रचलित देवानी र फौजदारी कानूनबमोजिम देवानी वा फौजदारी मुद्दा चल्ने, चलाउने अवस्था सिर्जना हुन सक्छ। यससम्बन्धमा नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान व्युरो (सिआईबी), सरकारी वकिल र न्यायिक निकायहरूले आ-आफ्नो ठाउँबाट जिम्मेवारीपूर्ण भूमिका निभाउनुपर्छ।

फ्रडसम्बन्धी कानूनी व्यवस्था

फ्रड एक अपराध हो र यससम्बन्धी छुट्टै कुनै निश्चित ऐन नियम छैन। फ्रडसम्बन्धी अपराध कानूनका विभिन्न क्षेत्रमा छरिएका छन्। उदाहरणका लागि कम्पनी ऐन, २०६३ को दफा १३४ मा जालसाज वा ठगी गरेमा कारबाही गर्ने व्यवस्था छ। यसमा कम्पनीका कुनै सञ्चालक, कर्मचारी वा शेयरधनीले कम्पनीलाई जालसाज वा ठगी गरेको छ भन्ने लिक्विडेटरलाई लागेमा प्रचलित कानूनबमोजिम त्यस्तो व्यक्तिको विरुद्धमा लिक्विडेटरले आश्यक कानूनी कारबाही चलाउन सवने व्यवस्था गरिएको छ। अन्य दफाहरूमा मुद्दा मामिलाको कारबाही (दण्ड सजाय र जरिवाना) को व्यवस्था गरिएको छ। यसैगरी आयकर ऐन, २०५८; मूल्य अभिवृद्धि कर ऐन, २०५२; अध्यागमन ऐन, २०४९; उपभोक्ता संरक्षण ऐन,

२०७५; मुलुकी फौजदारी संहिता, २०७४; मुलुकी देवानी कार्यविधि संहिता, २०७४; नेपाल नागरिकता ऐन, २०६३ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४; मुलुकी फौजदारी संहिता, २०७४; सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४; बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ आदि कानूनहरूमा ठगी वा जालसाजसम्बन्धी विभिन्न व्यवस्था गरिएका छन्।

त्यसैगरी ठगी वा जालसाज सम्बन्धी वित्तीय पक्षको अध्ययन तथा विश्लेषणका निमित्त नेपाल राष्ट्र बैङ्कमा केन्द्रीय प्राधिकारी र कानूनद्वारा कार्यात्मक रूपमा रहने गरी वित्तीय जानकारी इकाई (FIU) गठन गरिएको छ। यसले संदिग्ध र अन्य तथ्याङ्कको प्राप्ति, विश्लेषण र सम्प्रेषणका निमित्त प्रत्यक्ष रूपमा जिम्मेवारी वहन गर्दछ। मुद्रा निर्मलीकरण र आतंकवादको वित्तपोषणसम्बन्धी उपलब्ध सूचना सम्पत्ति शुद्धीकरण विभाग र अन्य कानून कार्यान्वयन निकायहरूमा सम्प्रेषण गर्नुपर्ने व्यवस्था छ।

ठगी वा जालसाजी नियन्त्रणका अन्य उपायहरू

सामान्यतया निम्नलिखित प्रक्रिया अवलम्बन गरिएमा जालसाज रोक्न सकिन्छः

(क) कार्य प्रकृतिबमोजिम उपयुक्त जालसाज नियन्त्रण प्रक्रिया स्थापना गर्ने।

(ख) स्पष्ट नीति तथा कार्यविधिको माध्यमद्वारा पारदर्शी र सुदृढ जालसाजी-विरुद्ध संस्कृतिको निर्माण गर्ने।

(ग) आवधिक रूपमा विस्तृत तथा राम्ररी जालसाजी जोखिमको लेखाजोखा गर्ने र प्रभावकारी रूपमा नियन्त्रण गर्ने।

(घ) रोकथाम र खोजमूलक जासाजी नियन्त्रण प्रक्रिया र कार्यविधिको तर्जुमा, कार्यान्वयन र कायम राख्ने।

(ङ) नियमित रूपमा जालसाज/ठगीसम्बन्धी सचेतना तालिम सञ्चालन गर्ने।

(च) जालसाज/ठगी पत्ता लगाउने संयन्त्र स्थापना गर्ने र निरन्तर अनुगमन गर्ने।

(ङ) ठगीको आरोपप्रति छिटो प्रतिक्रिया र छानबिन गरी गलत कार्यमा संलग्न हुनेहरूलाई कडा कारबाही गर्ने आदि।

अन्त्यमा,

ठूला-ठूला घोटाला र जालसाज पहिचान गर्न उच्चस्तरीय प्रतिबद्धता र सत्प्रयास आवश्यक पर्छ। ठूला-ठूला घोटाला र जालसाजले गत-विगत दशकमा सार्वजनिक क्षेत्रलाई ठूलो झड्का दिएको कुरा छानबिन र अदालतसमक्ष मुद्दा दायर भएका घटनाले उजागर गरेका छन्। राजनीतिज्ञ र माथिल्लो तहका कर्मचारीहरूलाई समेत नराम्रो असर परेको अवस्था छ। कतिपयले जेल जीवन बिताउनु परेको स्थिति छ। ठूला-ठूला घोटाला र जालसाजको नकारात्मक प्रभाव यति विघ्न बढी छ कि त्यसको मापन गरी परिमाण तोक्न सहज छैन। स्रोतसाधनमा संकुचन आई सरकारको आर्थिक क्षमता ह्रास हुन गएको कारण आर्थिक परनिर्भरता बढ्न पुग्छ। ठगी वा जालसाजी घटनाहरूको नकारात्मक प्रभाव सरकारलाई मात्र परेको हुँदैन, आम नागरिकलाई समेत ठूलो भौतिक र मनोवैज्ञानिक क्षति पुऱ्याएको हुन्छ। यस्ता घटनाको रोकथाम र न्यूनीकरण गर्न विभिन्न माध्यम अपनाउने गरिएको भए तापनि कतिपय मामिलाहरूलाई लामो समयपछि मात्र पत्ता लगाउन सकिएको अवस्था छ। उदाहरणका लागि नक्कली भूटानी शरणार्थी र बालुवाटारको ललिता निवास जग्गा प्रकरण। राजनीतिक र प्रशासनिक तहको इमान्दार प्रतिबद्धता र सुदृढ आन्तरिक नियन्त्रणको अभाव भएबाट नै यस्ता घटनाहरू हुने गरेका हुन् भन्नेमा कुनै दुविधा छैन। त्यसकारण जिम्मेवार

निकायहरूमा जति सक्दो सुदृढ आन्तरिक नियन्त्रण वातावरण स्थापित गर्नु नै सार्वजनिक क्षेत्रमा यस्ता घटना न्यूनीकरण गर्न सकिन्छ। यद्यपि, आन्तरिक नियन्त्रण वातावरण स्थापित छ भन्दैमा यस्ता घटना पूर्णरूपमा रोकिन्छन् भन्न नसकिएला। यसका निमित्त संगठनमा अग्रिम, द्वितीय र तृतीय रक्षात्मक पंक्तिमा रहने जिम्मेवार कर्मचारीहरूको सकारात्मक सोच, इमान्दारिता, कामकारबाहीप्रतिको दक्षता र प्रभावकारिता अत्यावश्क हुन्छ। यस सन्दर्भमा तेस्रो रक्षात्मक पंक्तिको भूमिकामा रहने आन्तरिक लेखापरीक्षण निकै महत्त्वको हुन्छ। तर सरकारी क्षेत्रमा लेखापरीक्षण वा लेखापरीक्षकको भूमिका व्यावहारिक रूपमा त्यति सशक्त रूपमा स्थापित हुन नसकेको अवस्था छ। आन्तरिक लेखापरीक्षकका सुझावहरूलाई सकारात्मक रूपमा ग्रहण गरी समयमा नै फछ्यौंट गरिएमा बाह्य लेखापरीक्षण गर्दा बेरुजू कम हुने स्थिति बन्न सक्थ्यो। यो नै आन्तरिक नियन्त्रण सुदृढ हुन नसक्नुको दुःखद पक्ष रहेको छ। आन्तरिक लेखापरीक्षकहरू पनि योग्य, सक्षम, निस्पक्ष र मामिलाहरूको सारवान पक्षको समेत गम्भीर रूपमा अध्ययन र विश्लेषण गर्न सक्ने हुनुपर्छ। आवश्यक परे सम्बन्धित विषयको विज्ञको सहयोग लिन सक्ने हुनुपर्छ। ठगी वा जालसाज सबैभन्दा गम्भीर अपराध भएको हुनाले यसबाट बच्न जागरुक भै सतर्कता अपनाउनुपर्ने कुरामा स्पष्ट हुनुपर्छ। जालसाजको जोखिम रोकथामका निमित्त त्यससम्बन्धी नीति, नियम, कार्यविधि, मापदण्ड आदिको निर्माणका साथै नियन्त्रण संयन्त्रको स्थापना गर्नुपर्छ। जालसाज जोखिम र त्यसबाट पर्ने असर सम्बन्धमा आवश्यक प्रशिक्षण प्रदान गर्नुपर्छ।

जालसाज-विरुद्ध रणनीतिका निमित्त सुदृढ नैतिक संस्कृति र प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन हुनुपर्छ। आन्तरिक नियन्त्रण प्रभावकारी हुन सकेमा त्यसबाट वित्तीय तथा गैरवित्तीय जोखिम कम हुनुका साथै संस्थागत सम्पत्तिको पनि संरक्षण हुन सक्छ; जालसाजको रोकथाम र थप खोजबिन हुन सक्छ। जालसाज सम्बन्धमा आवश्यकता अनुसार विज्ञ व्यक्तिको संलग्नतामा स्वतन्त्र रूपमा छानबिन र समीक्षा गर्न गराउन सकिन्छ। यद्यपि यस किसिमको अभ्यास हुन सकेको छैन।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनहरूको प्रभावकारी कार्यान्वयनको अभिप्रायबाट विभिन्न मन्त्रालय र निकायहरूमा गठित लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिहरूको सक्रियता भएमा फ्रडसम्बन्धी जोखिमको समेत न्यूनीकरण र रोकथाम गर्न सकिन्छ। यस अतिरिक्त लामो समयदेखि महालेखापरीक्षकका वार्षिक प्रतिवेदनहरूमा उल्लिखित बेरुजूहरू फर्स्यौंट गरी समयमा नै महालेखापरीक्षकको कार्यालयबाट विधिवत् सम्परीक्षण हुन नसकेको अवस्थाले गर्दा नाजायज क्रियाकलापहरू पनि ओझेलमा पर्ने र फ्रडसम्बन्धी जोखिमहरू पनि बढ्दै जाने अनुमान गर्न सकिन्छ। त्यस किसिमबाट बढ्दै जाने जोखिमलाई निरन्तरता दिनु कतिसम्म जायज हुन्छ सम्बन्धित जिम्मेवार पक्षको ध्यानाकृष्ट हुनु नितान्त आवश्यक हुन आएको छ।

<u>सन्दर्भ सामग्री</u>

- CIMA (2008), **Fraud risk management,** Chartered Institute of Management Accountantsv Montvale, N.J., USA
- COSO/ACFE (2023), **Fraud Risk Management Guide, second Edition Executive Summary**,2023, Committee of Sponsoring Organizations of the Tradeway Commission, USA
- COSO(2013), **Internal Control-Integrated Framework, Framework and Appendices**, Committee of Sponsoring Organizations of the Tradeway Commission, USA
- GAO (2023), **Fraud Risk Management Guide, second Edition Executive Summary**,2023, Government Accountability Office, Washington, D.C

- GAO (2023) **Fraud Risk Management, Key Areas for Federal Agency and Congressional Action, Report to Congressional Committees**, United States Government Accountability Office, Washington, D.C , USA
- विमल प्रसाद ढकाल (२०७९), आन्तरिक नियन्त्रण प्रणालीः अवधारणा, सिद्धान्त र अभ्यास, बेदान्त प्रकाशन, बनस्थली, काठमाडौं।
- नेपाल कानून आयोगको वेबसाइट र सान्दर्भिक सूचना वा जानकारीका अन्य स्रोतहरू आदि।

नेपालको अर्थतन्त्रमा सार्वजनिक ऋण

- रामबहादुर के.सी.
प्रमुख कर अधिकृत
ठूला करदाता कार्यालय, हरिहरभवन

सारांश

सार्वजनिक ऋण सरकारको घाटा बजेट व्यवस्थापन गर्ने प्रमुख वित्तीय औजार हो। घाटा बजेटको व्यवस्थापन आर्थिक क्रियाकलाप वृद्धि, रोजगारी सिर्जना र आय आर्जन वृद्धिसँग सम्बन्धित हुनुपर्दछ। २०८० आषाढ मशान्तको अवधिमा नेपालको सार्वजनिक ऋण रू.२२१८ अर्ब रहेको छ जुन कुल गार्हस्थ उत्पादन रू.५१८१ अर्ब सँगको तुलनामा ४१.२ प्रतिशत हुन आउँछ। सन्तुलित बजेट तर्जुमा गर्न वैश्विक रूपमा सम्भव नहुने वर्तमान समयमा घाटाको बजेट पेस गरी स्रोत व्यवस्थापन गर्ने अवधारणा सन् १९३० को विश्व आर्थिक संकटको मोचन गर्ने अश्त्रको रूपमा उदाएको छ। विकसित एवं अविकसित मुलुकहरूले सार्वजनिक ऋणको उपयोग गर्दछन्। नेपाल जस्तो आर्थिक विकास भएको मुलुकमा सार्वजनिक ऋण अपरिहार्य वित्तीय औजार बनेको छ। हाल नेपालको कुल सार्वजनिक ऋण २२१८ अर्ब रहेको छ। यो कुल गार्हस्थ उत्पादन (GDP) को ४१.२ प्रतिशत हो। अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) ले आगामी पाँच वर्षमा नेपालको सार्वजनिक ऋण जीडीपीको ५५ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ। यो विषय नेपालको लागि 'डेब्ट स्ट्रेस' को रूपमा रहेको छ। सार्वजनिक ऋणलाई अनुत्पादक क्षेत्रमा परिचालन गर्न रोकी लागत लाभ विश्लेषणका आधारमा उत्पादनमूलक आयोजना तथा क्षेत्रमा परिचालन गरी आर्थिक वृद्धि, रोजगारी सिर्जना, आय आर्जन वृद्धि, गरिवी न्यूनीकरण हुने क्षेत्रमा परिचालन गर्न सकेमा आगामी दिनमा मुलुकमा ऋण विपद् (Debt Disaster) को अवस्था सिर्जना हुने छैन।

विषय प्रवेश

ऋण सरकारको सार्वभौम अधिकार र न्यून वित्त परिचालन गर्ने प्रमुख औजार हो। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा २(ञ) ले आन्तरिक वा वैदेशिक ऋण र त्यस्तो ऋण परिचालन गर्दा सिर्जना भएको वित्तीय दायित्व सार्वजनिक ऋण भनी सम्झनुपर्दछ भनी परिभाषित गरेको छ। नेपालको संविधानको धारा ५०(घ) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् उपलब्ध स्रोत, साधनको अधिकतम परिचालनबाट राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक नीति रहेको छ। त्यसैगरी, नेपालको संविधानको धारा ५१(घ) मा अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिअन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरी आर्थिक वृद्धि हासिल गर्ने उल्लेख छ। पन्ध्रौं योजनाको आधारपत्रमा समष्टिगत आर्थिक नीतिहरूअन्तर्गत सार्वजनिक ऋणको प्रभावकारी व्यवस्थापन गरी रोजगारी सिर्जना, राष्ट्रिय पुँजी निर्माण र आर्थिक वृद्धिमा योगदान पुऱ्याउने लक्ष्य रहेको थियो। संविधान, नीति, योजना र ऐनमा भएका व्यवस्थाहरूको आधारमा कार्यान्वयन नहुँदा सार्वभौम

ऋणको आकार वृद्धि हुन गएको तर राष्ट्रिय आय आर्जन वृद्धि, उत्पादन वृद्धि, रोजगारी सिर्जनाका क्षेत्रमा उपयोग हुन नसक्दा नेपालको अर्थतन्त्रमा थुप्रै चुनौतीहरू देखिएका छन्।

सार्वजनिक ऋणको उपयोग तथा व्यवस्थापनसम्बन्धी सिद्धान्तहरू

अर्थशास्त्रमा देहायका सिद्धान्तहरू सार्वजनिक ऋणको उपयोग र व्यस्थापनका सम्बन्धमा रहेका छन्:

(क) **The General Theroy:** सार्वजनिक ऋणले अर्थतन्त्रमा रहेको निष्क्रिय बचत परिचालन हुने र यसले समग्र माग बढाउन मद्दत गर्दछ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ।

(ख) **Neo Classical Theory:** सार्वजनिक ऋण र आर्थिक वृद्धिबीचमा व्युत्क्रमानुपातिक सम्बन्ध रहेको हुँदा ऋण परिचालन गर्दा पुँजी निर्माण, उत्पादनका साधनहरू जस्तै Land, Labor, Capital, Organization & Technology मा गर्नुपर्दछ भन्ने यस सिद्धान्तको मान्यता रहेको छ।

(ग) **Keynesian Theory:** आर्थिक संकटको समयमा सार्वजनिक ऋणको उपयोग गरी सरकारले लगानी वृद्धि गर्नुपर्दछ। यसले अर्थतन्त्रमा आर्थिक क्रियाकलापमा वृद्धि ल्याउने, रोजगारी सिर्जना र आय आर्जन वृद्धिका लागि सार्वजनिक ऋण आवश्यक पर्दछ।

(घ) **Recardian Balanced Theory:** सार्वजनिक ऋणले निजी पुँजी परिचालन निरुत्साहित गर्दै अर्थतन्त्रको वृद्धि र विकास रोक्ने हुँदा सरकारले आकस्मिक अवस्थामा बाहेक अन्य अवस्थामा प्रयोग गर्नु हुँदैन भन्ने मान्यता राख्दछ।

(ङ) **Macroeconomic Imbalanced Theory:** सार्वजनिक ऋणले मुद्रास्फीति बढाउने, निजी क्षेत्रको लगानी साँघुरिने, मुद्रा विनिमयदर र भुक्तानी सन्तुलनमा असर गर्ने, मुलुक ऋणको पासोमा पर्न सक्ने र यसले समष्टिगत अर्थतन्त्रमा असन्तुलन कायम गर्न सक्ने अवधारणा यस सिद्धान्तले राखेको छ।

(च) **Economic Growth Theory:** सार्वजनिक ऋणले पूर्वाधार निर्माण, मानव पुँजी निर्माण र अध्ययन तथा अनुसन्धानमा लगानी बढ्न गई आर्थिक वृद्धिमा सहयोग गर्दछ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ।

(छ) **Intergeneration Equity Theory:** सार्वजनिक ऋण परिचालनबाट ऋण लिने पुस्ताको उपभोग क्षमतामा वृद्धि भई आर्थिक वृद्धिदरमा सकारात्मक प्रभाव पर्ने भए तापनि ऋण भुक्तानी गर्नुपर्ने पुस्ताको लागि नकारात्मक प्रभाव पार्न सक्ने यस सिद्धान्तले मान्यता राख्दछ।

सार्वजनिक ऋणका उद्देश्यहरू

सार्वजनिक ऋणलाई मुलुकको न्यून वित्त परिचालन गरी स्रोतको अल्पकालीन तथा दीर्घकालीन व्यवस्थापन गर्नु यसको प्रमुख उद्देश्य रहेको छ। साथै, अन्य उद्देश्यहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ:

(क) लगानी र साधनबीचको खाडल पूरा गर्ने,

(ख) प्राकृतिक र मानवीय साधनको उच्चतम उपयोग गर्ने,
(ग) स्थिर पुँजी निर्माणका माध्यमबाट सामाजिक र आर्थिक विकासको गतिलाई तीव्रता दिने,
(घ) सर्वसाधरण माथि करको भार कम गर्ने, आर्थिक मन्दिको सामना गर्ने,
(ङ) मुद्रास्फिति नियन्त्रण गर्ने,
(च) आर्थिक वृद्धि र रोजगारी सिर्जना,
(छ) लोककल्याणकारी राज्यको स्थापना गर्ने,
(ज) सामाजिक न्याय प्रदान गर्ने,
(झ) राज्यले नागरिकप्रतिको उत्तरदायित्व पूरा गर्ने,
(ञ) विकास र वित्तीय बजारमा स्थायित्व कायम गर्ने,
(ट) स्रोत साधनको उपलब्धता सुनिश्चित गरी पूर्वाधार विकास गर्ने।

सार्वजनिक ऋणका निर्धारक तत्वहरू

सार्वजनिक ऋण मुलुकले कति परिचालन गर्ने, अन्तरपुस्ता दायित्व कति हस्तान्तरण गर्ने, आर्थिक वृद्धि र विकासको गतिबीचमा सन्तुलन कायम गर्न स्रोतको व्यवस्थापन कसरी मिलाउने तथा निजी क्षेत्रको स्रोत परिचालनमा विस्तार वा संकुचन कति लिने र बजेटको आकार कति बढाउने जस्ता तत्त्वहरूले निर्धारण गर्दछ। नेपालको अर्थतन्त्रमा सार्वजनिक ऋण निर्धारणका तत्वहरू देहायअनुसार उल्लेख गरिएको छः

(क) सरकारको आर्थिक नीतिको सोंच
(ख) निजी क्षेत्रको सक्षमताको अवस्था
(ग) सार्वजनिक खर्चको विद्यमान अवस्था
(घ) मुद्रा बजारको आवश्यकता
(ङ) राजस्वले खर्च धान्न सक्ने क्षमताको अवस्था
(च) राज्यको दीर्घकालीन लक्ष्य र समकालीन परिस्थिति
(छ) संकट, युद्ध वा संक्रमणकालको अवस्था
(ज) विकास, आन्तरिक सुरक्षा र प्रतिरक्षा
(झ) आर्थिक वृद्धि, आर्थिक विकास, राष्ट्रिय पुँजी निर्माण, उत्पादन, आय आर्जन वृद्धि र रोजगारी सिर्जनाको अवस्था

सार्वजनिक ऋणका प्रकारहरू

१. **आन्तरिक ऋणः** केन्द्रीय, प्रान्तीय एवं स्थानीय सरकारले नागरिकहरू तथा संस्थाहरूवाट स्वदेशी मुद्रामा उठाउने ऋण नै आन्तरिक ऋण हो। आन्तरिक ऋण व्यक्तिसँग बचतपत्रको माध्यमवाट, वाणिज्य बैङ्क तथा गैरबैंकिङ्ग वित्तीय संस्थाहरू जस्तै कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष आदिसँग सरकारी सुरक्षण पत्रहरू, ट्रेजरी बिल र विकास ऋणपत्र आदिका माध्यमबाट र केन्द्रीय बैङ्कबाट साख सिर्जना एवं वैदेशिक मुद्रा सञ्चिति र अधिविकर्ष आदिका माध्यमबाट आन्तरिक ऋण सङ्कलन गरिन्छ। आन्तरिक ऋण उठाउने र व्यवस्थापन गर्ने कार्य अर्थ मन्त्रालयको अनुरोधमा नेपाल राष्ट्र बैङ्कले गर्दछ। नेपाल राष्ट्र बैङ्कले आन्तरिक ऋण उठाउनका लागि एक प्रकारको ऋणपत्र (विकास ऋणपत्र), तीन प्रकारका बचतपत्रहरू राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र तथा चार प्रकारका ट्रेजरी बिलहरू (२८ दिन अवधिको, ९१ दिन

अवधिको, १८२ दिन अवधिको र ३६४ दिन अवधिको) निष्कासन गर्दछ। आन्तरिक ऋणको साँवा तथा ब्याजको भुक्तानीको लागि प्रत्येक वर्षको बजेटमा व्यवस्था गरिएको हुन्छ। आन्तरिक ऋणले आर्थिक गतिशीलताको अवस्थामा मुद्राको तरलता कम गर्दछ र Value बढाई दिन्छ। तर मन्दीको बेला मुद्रा संकट हुन्छ र अर्थतन्त्र झनै Depression तर्फ लाग्दछ। हालका दिनहरूमा नेपाल सरकारले आन्तरिक ऋण परिचालनको मात्र क्रमशः बढाउने र बाह्य ऋण घटाउँदै जाने नीति अङ्गीकार गरेको छ।

२. **वैदेशिक ऋणः** वैदेशिक सरकार तथा निकायसँग लिने ऋणलाई वैदेशिक ऋण भनिन्छ। वैदेशिक ऋण द्विपक्षीय र बहुपक्षीय गरी दुई प्रकारको हुन्छ। नेपालले द्विपक्षीयरूपमा ९ वटा राष्ट्रसँग र बहुपक्षीय रूपमा ७ वटा दातृ निकायवाट वैदेशिक ऋण प्राप्त गर्दै आएको छ। हाल विश्व बैङ्क (World Bank) नेपालको सवैभन्दा ठूलो बहुपक्षीय ऋणदाता रहेको छ। नेपालको कुल वैदेशिक ऋणमध्ये द्विपक्षीय ऋणको अंश करिब १३ प्रतिशत र बहुपक्षीय ऋणको अंश ८७ प्रतिशत रहेको छ। बाह्य मुलुकको पुँजीबजारबाट नेपालले ऋण लिनु पर्दा सार्वभौम साख मूल्याङ्कन (Country Credit Rating) गर्नुपर्दछ तर हालसम्म नेपालले यस्तो व्यवस्था गरेको छैन।

सार्वजनिक ऋणको प्रभाव

(क) **नकारात्मक प्रभावः** अर्थशास्त्रीहरू सार्वजनिक ऋणले बचत र लगानीलाई निरुत्साहित गर्ने, आर्थिक कल्याणमा कमी आउने, अर्थतन्त्रमा हुँदा खाने र हुने खानेहरूका बीचको दर अझ फराकिलो हुने, मौद्रिक सन्तुलन, मूल्य स्थिरता र शोधनान्तर बचतमा प्रतिकूल असर पर्ने र उच्च वैदेशिक ऋणले परनिर्भरता बढाउने जस्ता नकारात्मक प्रभाव पर्ने उल्लेख गरेका छन्।

(ख) **सकारात्मक प्रभावः** अर्थशास्त्रीहरू नागरिकहरूसँग छरिएर रहेको सकम सङ्कलन गरी पुँजी निर्माण गर्न, घाटा बजेट व्यवस्थापनमा सहजता प्रदान गर्न, आर्थिक स्थायित्व कायम गर्न, पूर्वाधार निर्माण र विदेशी विनिमय सन्तुलन कायम गर्न, प्राविधिक एवं व्यावसायिक क्षमताको विकास गर्न सहयोग पुग्ने उल्लेख गरेका छन्।

सार्वजनिक ऋणको उपयोग र व्यवस्थापन सम्बन्धमा रहेका विद्यमान व्यवस्थाहरू

क. कानूनी व्यवस्था

१. नेपालको संविधानको धारा ५९(६) वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ। त्यस्तो सहायता वा ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्ने। नेपालको संविधानको धारा ११५(६) संघीय कानूनबमोजिम बाहेक नेपाल सरकारले कुनै ऋण लिने र जमानत दिने छैन। प्रदेशले संघीय कानूनबमोजिम बाहेक कुनै ऋण लिने र जमानत दिने छैन। स्थानीय तहले कानूनबमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संघ, प्रदेश र स्थानीय तहले लिनसक्ने ऋणको सीमा सिफारिस गर्ने व्यवस्था रहेको छ।

२. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ ले गरेको कानूनी व्यवस्थाः

(क) सार्वजनिक ऋण व्यवस्थापनको जिम्मेवारी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको हुने,

(ख) NNRFC ले सिफारिस गरेको सीमाभित्र रही नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आन्तरिक ऋण लिने,

(ग) वैदेशिक ऋणको मौज्दात कुल गार्हस्थ उत्पादनको एक तिहाईमा बढ्न नहुने।

३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको कानूनी व्यवस्थाः

(क) वैदेशिक अनुदान वा ऋण लिने अधिकार नेपाल सरकारको हुने,

(ख) NNRFC नेपाल सरकारले वैदेशिक अनुदान वा ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्ने,

(ग) नेपाल सरकारले देहायको अवस्थामा प्रदेश तथा स्थानीय तहलाई ऋण दिन सक्ने व्यवस्थाः

- ✓ प्रदेश वा स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानी तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि मन्त्रालयसमक्ष अनुरोध गर्न सक्ने,
- ✓ अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति दिन सक्ने,
- ✓ स्वीकृति प्राप्त भएमा मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहसँग सम्झौता गर्ने,
- ✓ नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुली गर्ने सक्ने कानूनी व्यवस्था रहेको छ।

ख. संस्थागत व्यवस्था

१. अर्थ मन्त्रालय

(क) अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) वैदेशिक ऋण व्यवस्थापन गर्ने,

(ग) आन्तरिक ऋण उठाउन नेपाल राष्ट्र बैङ्कलाई अनुरोध गर्ने।

२. नेपाल राष्ट्र बैङ्क

(क) सरकारी ऋणपत्र निष्कासन गर्ने,

(ख) प्राप्त रकम नेपाल सरकारको खातामा जम्मा गर्ने,

(ग) ऋणको अभिलेखाङ्कन गर्ने,

(घ) ऋणपत्रको दोस्रो बजार व्यवस्थापन गर्ने,

(ङ) साँवा तथा ब्याज भुक्तानी गर्ने।

३. महालेखा नियन्त्रक कार्यालय

(क) सार्वजनिक ऋणको अभिलेख राख्ने,

(ख) साँवा, ब्याज तथा सेवा शुल्क भुक्तानी गर्ने,

(ग) अर्थ मन्त्रालयलाई सघाउने।

४. सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

(क) सार्वजनिक ऋणपत्रको दोस्रो बजारमा कारोबारको व्यवस्थापन, ऋणपत्रको अभिलेख जमानत र नामसारी र भुक्तानीका समग्र कार्य व्यवस्थापन गर्ने,

(ख) नेपालले लिने आन्तरिक तथा बाह्य ऋण र सार्वजनिक संस्थानहरूमा सरकारले गर्ने, ऋण लगानीको व्यवस्थापन गर्ने।

५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगः संघीय इकाईहरूको लागि ऋण सीमा

(क) नेपाल सरकारले समष्टिगत आर्थिक स्थिति, प्रदेश सरकार तथा स्थानीय तहले परिचालन गर्ने आन्तरिक ऋणको परिमाण र बजारको स्थितिसमेत विश्लेषण गरी तीनै तहले उठाउने कुल आन्तरिक ऋण आ.व. २०८०।८१ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशतमा नबढ्ने गरी सुनिश्चित गरी परिचालन गर्ने,

(ख) प्रदेश सरकार/स्थानीय तहले आर्थिक वर्ष २०८०।८१ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र तत् सरकार/तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सिफारिस गरेको।

नेपालको अर्थतन्त्रमा सार्वजनिक ऋणको प्रवृत्ति र प्रभाव विश्लेषण

आर्थिक वर्ष २०७५।७६ मा सार्वजनिक ऋण कुल रू.१०४८ अर्ब रहेकोमा ५ वर्षको अवधिमा अर्थात् आर्थिक वर्ष २०७९।८० मा रू.२२१८ अर्ब पुगेको छ। साथै आर्थिक वर्ष २०७५।७६ मा आन्तरिक ऋण रू.४५३ अर्ब तथा बाह्य ऋण रू.५९४ अर्ब रहेकोमा आर्थिक वर्ष २०७९।८० मा आन्तरिक ऋण रू.११२५ अर्ब तथा बाह्य ऋण रू.०९३ अर्ब रहेको छ। विगत पाँच वर्षको आन्तरिक तथा बाह्य ऋणको प्रवृत्ति हेर्दा आन्तरिक ऋण बाह्य ऋणभन्दा बढेको छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा हेर्दा पछिल्ला तीनवर्षमा सार्वजनिक ऋणमा नोमिनल स्थिरता रहेको देखिन्छ। लामो समयसम्मको द्वन्द लगत्तै पटक पटकको संविधान सभाको निर्वाचन, महाभूकम्प पश्चातको पुनर्निर्माण, मुलुकले अङ्गीकार गरेको संघीय शासन प्रणाली, अनुत्पादक क्षेत्रहरूमा अध्ययन अनुसन्धान बिना ऋण लगानी, मुलुक ठप्प पार्ने पर्लयकारी कोभिड-१९ पश्चात्को अर्थतन्त्रको पुनर्स्थापना तथा आन्तरिक उत्पादनभन्दा आयातमा आधारित राजस्वको संरचनालगायतका कारण नेपालको अर्थतन्त्रमा सार्वजनिक ऋण क्रमशः बढिरहेको छ। सार्वजनिक ऋणको वृद्धिले मुलुकको वित्तीय व्यवस्था दायित्व (Financing Management Liability) वृद्धि हुन्छ। सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको करिव साठी प्रतिशतसम्मको अवस्थालाई सुविधाजनक अवस्था (Comfortable Situation) रहेको मान्ने वैश्विक प्रचलन भए पनि नेपालको विद्यमान आर्थिक परिलक्ष्य (Economic Indicators) रहेको मुलुकमा पचास प्रतिशतभन्दा बढी ऋण हुँदा मुलुक ऋण पासो (Debt Trap) मा पर्ने सम्भावनासमेत रहन्छ। नेपालको अर्थतन्त्रमा सार्वजनिक ऋण देहायअनुसार रहेको छः

पछिल्लो पाँच वर्षको सार्वजनिक ऋणको प्रवृत्ति

सि.नं.	आर्थिक वर्ष	कुल सार्वजनिक ऋण	आन्तरिक ऋण	बाह्य ऋण	जीडीपीसँगको अनुपात
१.	२०७५।७६	१०४८ अर्ब	४५३ अर्ब	५९४ अर्ब	२७.१६ प्रतिशत
२.	२०७६।७७	१४१९ अर्ब	६१३ अर्ब	८०६ अर्ब	३६.२५ प्रतिशत
३.	२०७७।७८	१७२८ अर्ब	८०० अर्ब	९२७ अर्ब	४०.५ प्रतिशत
४.	२०७८।७९	२०११ अर्ब	९८४ अर्ब	१०२७ अर्ब	४१.५ प्रतिशत
५.	२०७९।८०	२२१८ अर्ब	११२५ अर्ब	१०९३ अर्ब	४१.२ प्रतिशत

स्रोतः अर्थ मन्त्रालय

उपर्युक्त तालिकाका साथमा चालु आर्थिक वर्ष (२०८०।८१) को अवधिमा आन्तरिक ऋण रू.२४० अर्ब र बाह्य ऋण रू.२१२ परिचालन गरिने घोषणा गरिएको छ। साथै यसै आर्थिक वर्षमा सार्वजनिक ऋणको साँवा, ब्याज र शुल्क गरी रू.३०७ अर्ब भुक्तानी गर्ने व्यवस्था गरिएको छ। उल्लिखित सार्वजनिक ऋणको खर्च भुक्तानीको दायित्व यस वर्षको पुँजीगत खर्च रू.३०२ अर्बसँग तुलना गर्दा रू.५ अर्बले बढी रहेको देखिएको छ। यस किसिमको व्यवस्थाले आगामी दिनको लागि ऋण खर्च व्यवस्थापन मुलुकको लागि ठूलो चुनौती हुँदै जाने देखिन्छ।

नेपालमा सार्वजनिक ऋणको उपयोग र व्यवस्थापन सम्बन्धी समस्याहरू

नेपाल सरकारले मुलुकले धान्न सक्ने गरी उच्च प्रतिफलयुक्त क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने, सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी नीतिगत, कानूनी र संरचनागत सुधार गर्ने, संघीय प्रणाली अनुरूप सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी उपकरण तथा स्रोतको विविधीकरण गर्ने रणनीति लिएको छ। तर यी रणनीतिका व्यवस्थाहरू अनुरूप उपयुक्त कार्यनीति अवलम्बन गरी कार्यान्वयन गर्न नसक्दा अर्थतन्त्रमा देहायका समस्याहरू देखिएका छन्:

(क) नेपालमा सार्वजनिक ऋणसम्बन्धी स्पष्ट नीति नहुनु,
(ख) आन्तरिक ऋणको सीमा निर्धारणका आधारहरू स्पष्ट नहुनु,
(ग) सबै वैदेशिक सहायता बजेटमार्फत् परिचालन हुन नसक्नु,
(घ) ऋणसँगै दाताको सर्त मान्नुपर्ने बाध्यता रहनु,
(ङ) ऋणका लागि प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्न नसक्नु,
(च) प्रतिबद्धता प्राप्त ऋणको शोधभर्ना लिन नसक्नु,
(छ) ऋण परिचालन र उपयोग क्षमता कम हुनु,
(ज) वैदेशिक मुद्राको विनिमयदर परिवर्तनसँगै दायित्व क्रमशः बढ्नु,
(झ) सार्वजनिक ऋण परिचालनमा संलग्न निकायहरूबीचमा समन्वय नहुनु,
(ञ) सार्वजनिक ऋण परिचालनका उपकरणहरूसम्बन्धी जनचेतनाको कमी हुनु,
(ट) प्रदेश र स्थानीय सरकारले आन्तरिक ऋण परिचालन गर्न आवश्यक पूर्वाधारको कमी रहनु, आदि।

सार्वजनिक ऋणको उपयोग र व्यवस्थापन प्रभावकारी बनाउने उपायहरू

राज्यले सार्वजनिक ऋणका सम्बन्धमा अपनाउने सम्पूर्ण नीतिगत, कार्यविधिगत र अन्य व्यवस्थापकीय उपकरणको समष्टि सार्वजनिक ऋण व्यवस्थापन हो। सार्वजनिक ऋण व्यवस्थापनले सार्वजनिक खर्चको प्राप्तिका लागि सहुलियतपूर्ण सार्वजनिक ऋणको आवश्यकता, ऋणदाताको पहिचान वा छनोट, बार्गेनिङ, ऋण प्राप्ति, औचित्यपूर्ण खर्च, प्रभावकारिताको परीक्षण, प्रतिफल प्राप्ति र ऋण चुक्ताका लागि आवश्यक सम्पूर्ण व्यवस्थाको व्यवस्थापन गर्दछ। यसका लागि देहायका सुझावहरू प्रस्तुत गरिएको छः

(क) सार्वजनिक ऋण सम्बन्धी स्पष्ट नीति तथा कानूनी व्यवस्था तर्जुमा गर्ने,
(ख) लगानीको प्राथमिकता प्राप्त क्षेत्र स्पष्ट रूपमा निर्धारण गर्ने,
(ग) सरकारको (तीन तहका सरकारको) ऋण परिचालन र उपयोग क्षमता बढाउने,
(घ) मौद्रिक नीति र सार्वजनिक ऋण व्यवस्थापनबीच अर्थपूर्ण समन्वय कायम गर्ने,

(ङ) द्विपक्षीय र वैदेशिक ऋणभन्दा अनुदानमा विशेष जोड दिने,

(च) मुलुकको समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै राष्ट्रिय पूर्वाधार र उत्पादनशील क्षेत्रमा मात्र ऋण परिचालन गर्ने,

(छ) उच्च प्रतिफल प्राप्त हुने, पूर्वाधार विकास, रोजगारी सिर्जना, आर्थिक वृद्धिमा योगदान गर्ने कार्यमा मात्रै सार्वजनिक ऋण लिने,

(ज) आन्तरिक स्रोत परिचालन, आयात व्यवस्थापन र निर्यात प्रवर्धनमा योगदान पुऱ्याउने क्षेत्रमा परिचालन गर्ने,

(झ) सबै प्रकारका वैदेशिक सहायतालाई अनिवार्य रूपमा राष्ट्रिय बजेट प्रणालीमा समावेश गराउने र विकास साझेदारहरूलाई उत्तरदायी बनाउने,

(ञ) वैदेशिक ऋणबाट सञ्चालित आयोजनाको शोधभर्ना समयमै लिन आयोजना प्रमुखलाई जवाफदेही र उत्तरदायी बनाउने,

(ट) वार्षिक रूपमा सार्वजनिक ऋण खर्च (Debt Expenditure) को उपलब्धि विश्लेषण गरी सार्वभौम संसदमा जानकारी दिने व्यवस्था गर्ने,

(ठ) सरकारको ऋण तिर्न सक्ने क्षमता विकास गर्न आन्तरिक उत्पादनमा आधारित अर्थतन्त्रको दिगो विकास गर्ने,

(ड) आर्थिक तथा वाणिज्य कूटनीतिक क्षमता बढाउने, सार्वजनिक ऋणको उपयोगमा छनौटपूर्ण हुने,

(ढ) सार्वजनिक ऋणको दिगोपना (Public Debt Sustainability) सम्बन्धमा अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने,

(ण) आयोजना बैङ्कमा सूचिकृत (Listing) भएका आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी प्रतिफल सुनिश्चत गरेर मात्र सार्वजनिक ऋण परिचालन गर्ने, ऋणको भार कम राख्न वित्तीय जोखिम व्यवस्थापन (Fiduciary Risk Management) का उपायहरू अवलम्बन गर्ने जस्तै हेज फण्ड, भायविलिटी ग्याप फण्ड, सोभरिन फण्ड, प्रोजेक्ट बीमा आदिको व्यवस्थाबाट सार्वजनिक ऋणको सदुपयोग गर्ने,

(त) सोह्रौं योजना (आर्थिक वर्ष २०८१।८२-२०८५।८६) अवधारणापत्रमा विनियोजन कुशलता तथा पुँजीगत खर्च क्षमता अभिवृद्धिअन्तर्गत उपलब्ध वैदेशिक सहायताको ग्रहणशीलता र उपयोग क्षमता अभिवृद्धि, आन्तरिक तथा बाह्य ऋण परिचालनलाई लागत - लाभ विश्लेषण (Cost Benefit Analysis) का आधारमा सम्भाव्य आयोजनामा मात्र केन्द्रित गर्ने, आयोजना सुशासनमा जोड, सबै किसिमका पूर्वतयारी सम्पन्न भई आयोजना बैङ्कमा सूचीकृत भएका आयोजनामा मात्र बजेट विनियोजन गरिने व्यवस्था संरचनात्मक रुपान्तरणका क्षेत्र तथा रणनीतिमा समावेश गरिएको छ। प्रस्तुत व्यवस्थालाई योजना, मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework), बार्षिक बजेट तथा कार्यक्रममा तादम्यता कायम हुने <u>बाध्यात्मक</u> प्रक्रिया अनिवार्य रूपमा पूरा गर्नुपर्ने व्यवस्था सोह्रौं योजनामा समावेश गर्ने,

(थ) सार्वजनिक ऋणबाट सर्वसञ्चित कोषमा प्राप्त रकमबाट आर्थिक सहायता, अनुदान हस्तान्तरण, भीभीआईपीको विदेशमा उपचार खर्च, संघीय इकाई (तीन तहका सरकार) ले पुरस्कार तथा सुन चाँदीका तक्मा वितरण तथा बन्द प्राय रहेका सार्वजनिक संस्थान जस्ता क्षेत्रमा उपयोग गर्न निषेध गर्ने,

(द) संघीय सरकारले आन्तरिक तथा बाह्य ऋण लिई सर्वसञ्चित कोषमा जम्मा दाखिला गरी ब्याज दायित्व शुरु गरी प्रदेश तथा स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरी निष्क्रिय रूपमा राख्ने व्यवस्था अन्त गर्ने। साथै, स्थानीय तहले मुद्दती निक्षेप (Fixed Deposit) मा राख्ने रकमलाई आवश्यकता अनुसार संघीय सरकारले परिचालन गर्न पाउने कानूनी व्यवस्था गर्ने,

(ध) प्रदेश र स्थानीय सरकारले आन्तरिक ऋण परिचालन गर्न आवश्यक पूर्वाधार अनिवार्य रूपमा तयार गर्ने,

(ञ) आन्तरिक ऋणको परिचालन कुन योजनाका लागि कुन खर्च शीर्षकमा गर्ने वा कुन खर्च शीर्षकमा गरियो भनेर बजेट विनियोजन गर्दा कार्यक्रमगत र आयोजनागत रूपमा व्यय अनुमानको विवरणमा स्पष्ट उल्लेख गर्ने।

निष्कर्ष

भविष्यमा भुक्तानी गर्न पर्ने वा नपर्ने गरी सरकारले लिएको ऋण सार्वजनिक ऋण हो। सार्वजनिक ऋण व्यवस्थापनअन्तर्गत सरकारलाई बजेट घाटा पूर्तिका लागि आवश्यक पर्ने स्रोत पहिचान गरी आर्थिक स्थायित्वमा प्रतिकूल प्रभाव नपर्ने गरी न्यूनतम लागत एवं जोखिमका आधारमा आन्तरिक वा बाह्य क्षेत्रबाट प्रभावकारी ऋण परिचालन गर्ने कार्य पर्दछ जुन देशभित्रका व्यक्ति, बैङ्क तथा गैरबैंकिङ्ग वित्तीय संस्था एवं वैदेशिक सरकार र अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा एसियाली विकास बैङ्क आदिसँग लिने गरिन्छ। सार्वजनिक ऋणको आवश्यकता र औचित्य ऋण व्यवस्थापन गर्न सक्ने क्षमताका आधारमा विश्लेषण गरिनु आवश्यक छ। सार्वजनिक ऋणको लागतभन्दा प्रतिफल उच्च हुनुपर्दछ। आन्तरिक ऋणले निजी क्षेत्रको लगानीलाई निरुत्साहित गर्नु हुँदैन। सरकारको भूमिका सहजकर्ताको रूपमा हुनुपर्ने समयमा बाध्यात्मक अवस्थामा बाहेक सार्वजनिक ऋण लिई लगानी गर्नु उपयुक्त हुँदैन तथापि नेपाल एलडीसी ग्रेजुएसनको प्रारम्भिक अवस्थामा रहेकोले अत्यावश्यक र उच्च आर्थिक वृद्धि तथा सामाजिक प्रतिफल प्राप्त हुने क्षेत्रमा ऋण परिचालन गर्नुपर्ने देखिन्छ। यद्यपि, हालका दिनमा शिक्षा, स्वास्थ्य र समाज कल्याण तथा अनुत्पादक क्षेत्रमा आन्तरिक स्रोत उपयोग गरी भौतिक पूर्वाधारका क्षेत्रमा मात्र सार्वजनिक ऋणको उपयोग गर्नुपर्दछ भन्ने अवधारणा वैश्विक रूपमा अगाडि आएकोले सो दिशातर्फ अगाडि बढ्नु श्रेयस्कर देखिन्छ।

सन्दर्भ सामाग्री

- नेपालको संविधान, कानून किताव व्यवस्था समिति
- पन्धौं योजना, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार
- आर्थिव वर्ष २०७९।८० को बजेट बक्तव्य र आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, सिंहदरबार
- आर्थिक, वित्तीय र मौद्रिक क्षेत्र सुधारसम्बन्धी सुझाव समितिको प्रतिवेदन, २०७९, अर्थ मन्त्रालय
- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, कानून किताव व्यवस्था समिति
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, कानून किताव व्यवस्था समिति
- Mohan, Rakesh, Growth with Financial Stability, Central Bank in an Emerging Market, Oxford collected essays
- Salvatore, Dominik (2003), Microeconomics, Theory and Applications, New York, Oxford University Press
- Musgrave, Richard, Public Finance in Theory and Practice, MC Graw-Hill, Kogakusa
- www.imf.org
- www.wb.org
- www.nnrfc.gov.np

नेपालमा सार्वजनिक आय–व्ययको अवस्था



- गम्भीर बहादुर हाडा
सह-प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस

सारांश

सरकारले राज्य सञ्चालनका लागि आवश्यक विभिन्न खर्चहरू व्यहोर्ने गर्दछ। साथै जनकल्याण तथा विकासका लागि पनि खर्च गर्दछ। यसलाई नै सार्वजनिक व्यय भनिन्छ। यसअन्तर्गत सरकारले विभिन्न क्रियाकलापहरूमा विभिन्न प्रयोजनका लागि व्यहोर्ने सबै खर्च रकमहरू समावेश हुन्छ। सार्वजनिक व्ययको परिभाषा र परिधिमा परिवर्तन आएको छ। १९ औं शताब्दीका राजस्व अर्थशास्त्रीहरूले सार्वजनिक व्ययमाथि ध्यान नदिएर केवल सार्वजनिक आयमाथि विश्लेषणलाई बढी ध्यान केन्द्रित गरेका थिए। वर्तमान शताब्दीमा सार्वजनिक व्ययको महत्त्वलाई स्वीकार गरी आजकाल प्रायः सबै राजस्व अर्थशास्त्रीहरूले यसलाई राजस्वको अभिन्न अङ्गको रूपमा विश्लेषण गरेको पाइन्छ।

नागरिकहरूको सुरक्षा र आर्थिक तथा सामाजिक हित अभिवृद्धिको लागि प्रचुर मात्रामा सार्वजनिक खर्चको आवश्यकता पर्दछ। नागरिकहरूका लागि नभई नहुने कतिपय आवश्यकताहरू परिपूर्तिका लागि सरकारी प्रयासकै आवश्यकता पर्दछ। देशमा शान्ति, सुव्यवस्था, प्रतिरक्षा, न्याय र प्रशासनिक व्यवस्था कायम राख्न र सार्वजनिक वस्तुको निर्माणलगायत आर्थिक र सामाजिक क्रियाकलापहरूको प्रवर्द्धन गर्न यथेष्ट मात्रामा सरकारी खर्चको आवश्यकता पर्दछ। देशका नागरिकहरूप्रति, सरकारको महत्त्वपूर्ण जिम्मेवारी हुन्छ, त्यो जिम्मेवारी हो समाजमा न्याय, शान्ति तथा सुरक्षा कायम राख्नु र जनताको जीवनस्तरमा सुधार ल्याउनु। एकातिर प्रहरी, अदालत र विभिन्न प्रशासनिक निकायहरूको व्यवस्था गरी सरकारले समाजमा शान्ति सुरक्षा तथा न्याय कायम राख्ने प्रयत्न गर्नुपर्दछ भने अर्कोतिर अस्पताल, विद्यालय, सञ्चार, सडक, पुल, नहर आदिको व्यवस्था गरी जनताको स्वास्थ्य, शिक्षा र जीवनस्तरमा सुधार ल्याउनसमेत प्रयत्न गर्नुपर्दछ। आधुनिक राज्यका आर्थिक र सामाजिक कार्यहरूमा सरकारको भूमिका बढ्दै गइरहेको हुँदा विकासशील क्रियाकलापहरू सञ्चालन गर्न सरकारले ठूलो रकम खर्च गर्नुपर्ने हुन्छ।

सार्वजनिक राजस्वले कुनै पनि अर्थतन्त्रमा अत्यन्त महत्त्वपूर्ण भूमिका राख्दछ। सरकारी आम्दानी वृद्धि गर्नुका साथसाथै यससम्बन्धी नीति तथा कार्यक्रमहरूको माध्यमबाट सामाजिक न्यायको वातावरण तयार पार्नमा समेत राजस्वकै माध्यमबाट सहयोग पुग्दछ। आज सरकारको काम पहिला जस्तै शान्ति सुरक्षा कायम गर्नुमा मात्र सीमित छैन। देशको आर्थिक विकास गरी सर्वसाधारण जनताको जीवनस्तर उठाउनको लागि कृषि, उद्योग, यातायात, सञ्चार, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रको जिम्मेवारी पनि सरकारकै मानिन थालेको छ। हाल सरकारको कार्यक्षेत्रमा व्यापक वृद्धि हुन गएकोले सार्वजनिक वित्तको महत्त्व पनि बढ्दै गएको छ। नेपालमा विकास आयोजनाहरू बजेटद्वारा सञ्चालित हुन्छन्। निजी क्षेत्रमा पुँजीको अपर्याप्तता रहेको र स्वतन्त्र अर्थनीतिलाई अपनाएर राष्ट्रिय हित अनुरूप साधनहरूको समुचित परिचालन हुन नसक्ने हुँदा देशमा राष्ट्रिय हितलाई मध्यनजर गरेर सरकारले आवश्यक वित्तीय नीतिहरूको तर्जुमा गर्दछ

र विकास बजेटद्वारा त्यस्ता नीतिहरूको कार्यान्वयन गर्दछ। प्रत्यक्ष, अप्रत्यक्ष कर आदिको माध्यमबाट मानिसको क्रयशक्तिमा समेत सरकारले प्रभाव पारी आर्थिक असमानता, सामाजिक न्याय तथा आर्थिक अनुशासनको वातावरण तयार गर्नमा सहयोग पुऱ्याउँदछ।

वर्तमान पन्ध्रौं योजना (२०७६–२०८१) मा राजस्व व्यवस्थापन कार्यक्रम अन्तर्गत सुदृढ र प्रगतिशील राजस्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण गर्ने सोच राखिएको छ। त्यस्तै आन्तरिक उत्पादन र आयमा आधारित करको वृद्धि गर्दै राजस्व कुल गार्हस्थ उत्पादनको एक तिहाइ पुऱ्याउने लक्ष्य राखिएको छ। यसका साथै उत्पादन, लगानी, व्यवसाय तथा करदाता मैत्री एवं स्वच्छ, पारदर्शी र प्रगतिशील कर प्रणालीको विकास तथा स्वेच्छिक कर सहभागिताबाट अधिकतम राजस्व परिचालन गर्ने उद्देश्य राखिएको पाइन्छ।

शब्दकुञ्जी (Keywords): : सारांश, परिचय, महत्त्व, सरकारी आय र व्ययको वर्तमान अवस्था र स्थिति, सार्वजनिक राजस्वमा देखापरेका समस्या, बाधा तथा निराकरणका उपायहरू, पन्ध्रौं योजनामा सार्वजनिक राजस्वको व्यवस्था, उपसंहार/निष्कर्ष तथा सन्दर्भ सामग्रीहरू।

परिचय

साधारणतया जनताबाट सरकारलाई प्राप्त हुने आयलाई नै हामी सार्वजनिक आय भन्दछौं। आर्थिक, सामाजिक तथा अन्य प्रकारका आफ्नो कार्यहरूलाई सुचारु रूपले सञ्चालनको लागि प्रत्येक देशको सरकारलाई ठूलो धनराशिको आवश्यकता हुन्छ, जुन सार्वजनिक आयका विभिन्न साधनहरूद्वारा प्राप्त गरिन्छ। सरकारले विभिन्न साधनहरूबाट जुन आय प्राप्त गर्दछ त्यसलाई सार्वजनिक आय भन्दछन्।

डाल्टन (Dalton) ले व्यापक र संकुचित दुवै अर्थमा सार्वजनिक आयको परिभाषा गरेका छन्। व्यापक अर्थमा सार्वजनिक आय अन्तर्गत सबै प्रकारका प्राप्तिहरू सम्मिलित गरिन्छ। तर संकुचित अर्थमा सार्वजनिक आयअन्तर्गत केवल आयका सामान्य कलमहरू अन्तर्गत सम्मिलित गरिने प्राप्तिहरूलाई सामेल गरिन्छ।

एडाम स्मिथ (Adam Smith) ले सार्वजनिक आयलाई तीनवटा भागमा बाँडेका छन्:

(क) **प्रत्यक्ष आयः** प्रत्यक्ष आयमा त्यो आय सम्मिलित गर्न सकिन्छ जुन सरकारलाई सार्वजनिक उद्योगहरू, उपहारहरू इत्यादिबाट प्राप्त हुन्छ।

(ख) **प्राप्त गरिएको आय वा व्युत्पन्न आयः** यसमा त्यो सबै आय सामिल गर्न सकिन्छ जुन सरकारलाई कर, फीस, जरिबाना वा दण्ड इत्यादिबाट प्राप्त हुन्छ।

(ग) **दूरदर्शी वा प्रत्यासितः** आय देशको सरकारी राजकोष विपत्रहरू तथा अन्य प्रकारका ऋणहरूबाट जुन आय प्राप्त हुन्छ त्यो यसै श्रेणीअन्तर्गत आउँछ।

प्रो. सेलिगमैन (Seligman) ले सार्वजनिक आयलाई (क) निःशुल्क आय वा स्वयं इच्छाले दिएको रकम (ख) ठेक्काको आय (ग) अनिवार्य आयको रूपमा वर्गीकरण गरेका छन्। त्यस्तै लुटज (Lautz), वेस्टेविल (Bastable), प्रो.जे.के. मेहता (J.K. Mehta) ले पनि सार्वजनिक आयका वर्गीकरण गरेका छन्।

आधुनिक कालमा सरकारी क्रियाकलापले देशको आर्थिक र सामाजिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ। सरकारी क्रियाकलाप आज शान्ति सुरक्षा कायम गर्नु र नियम कानूनको पालन गर्न लगाउनु

मात्र रहेको छैन। वर्तमान युगमा सरकारी कर र खर्च नीतिले निजी वितरण प्रणालीमा समेत पूर्ण रूपमा प्रभाव पारेको छ। कुनै पनि देशमा सरकारले जे जति कार्यहरू गर्ने योजना बनाउँदछ, ती कार्यहरू सञ्चालन गर्न सरकारले आम्दानी गर्नुपर्दछ। सरकारले जबसम्म आम्दानी गर्न सक्दैन उसले खर्च पनि गर्न सक्दैन।

नेपाल एउटा विकासोन्मुख राष्ट्र भएकोले देशको सीमित स्रोत साधनलाई कसरी प्रभावकारी ढंङ्गले सदुपयोग गर्ने अथवा कसरी दक्षतापूर्वक वित्त सञ्चालन गर्ने भन्ने प्रश्न बढी महत्त्वपूर्ण हुन्छ। देशको आर्थिक विकास गर्न सार्वजनिक वित्तको व्यवस्थापन गर्दा अपनाउनुपर्ने वित्तीय नीतिले बचत गर्ने सामर्थ्य वृद्धि गराउन, उत्पादनशील क्रियाकलापमा लगानी बढाई राष्ट्रिय आयमा योगदान पुऱ्याउन सकारात्मक भूमिका खेल्नुपर्दछ।

नेपालमा विकासको पूर्वाधार खडा गरी अत्यावश्यक वस्तुको बढीभन्दा बढी उत्पादन र न्यायोचित वितरण नै आर्थिक विकासको खुड्किलो हो भन्न सकिन्छ। कुनै पनि देश तीव्र आर्थिक विकासको लागि आन्तरिक स्रोतको विकास र परिचालनबाट मात्र देश विकास गर्न सकिन्छ भन्ने कुरामा दुईमत हुन सक्दैन। देशमा भएको गरिबी हटाउन, आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो स्रोत र बाह्य स्रोत पुँजी जुटाउने प्रमुख दुई उपाय हुन्। आन्तरिक स्रोतहरूमध्ये कर एक महत्त्वपूर्ण स्रोत हो। देशको शान्ति सुरक्षा, प्रशासनिक तथा विकाससम्बन्धी कार्यको लागि सरकारलाई बढी रकमको आवश्यकता पर्दछ र यस्तो रकमको बढी परिमाण सरकारले करबाटै प्राप्त गर्दछ। नेपालको राजस्वका मिश्रित दुई स्रोतहरू कर राजस्व र गैरकर राजस्वमध्ये स्वभावत: कर राजस्वको भूमिका ठूलो रहेतापनि गैरकर राजस्वको प्रभाव पनि निकै बढेको छ।

सरकारी आयका स्रोतहरू र यसको ढाँचा

नेपाल सरकारले विभिन्न सरकारी कार्य सञ्चालन गर्नका लागि विभिन्न स्रोतबाट आय आर्जन गर्दछ। यसलाई राजस्व भनिन्छ। सरकारको राजस्व स्रोतलाई कर राजस्व र गैर कर राजस्व गरी दुई भागमा विभाजन गर्न सकिन्छ। नेपाल सरकारको आम्दानीको प्रमुख स्रोत राजस्व हो। तर राजस्व आम्दानीबाट देशको सम्पूर्ण खर्च पूर्ति हुन नसकेकोले प्रत्येक वर्ष घाटा बजेट अपनाउनु परेको अवस्था छ। यो घाटा पूर्ति गर्नको निमित्त सरकारले सार्वजनिक ऋण लगायत विभिन्न स्रोतहरूबाट पनि आम्दानी प्राप्त गरेको हुन्छ।

नेपालमा राष्ट्रिय लेखाको विवेचना गर्दा कुल गार्हस्थ उत्पादनलाई मात्र आधार मान्ने चलन छ। विगत एक दशकयता नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषण आप्रवाह निरन्तररूपमा बढिरहेको छ। तसर्थ, नेपाली जनताको खर्चयोग्य आम्दानी कुल गार्हस्थ उत्पादन भन्दा बढी हुन्छ। नेपालीले मुलुकभित्र कमाएको आयमा विदेशबाट कमाएको खुद आय जोड्दा हुने योगलाई कुल राष्ट्रिय खर्चयोग्य आम्दानी भनिन्छ।

कर राजस्व र गैरकर राजस्व गरी दुई प्रकारबाट राजस्व प्राप्त हुन्छ।

भन्सार महसुल, अन्त:शुल्क, मालपोत तथा रजिष्ट्रेशन, आय कर, सम्पत्ति कर, बिक्रीकर र अरु करहरूबाट प्राप्त हुने आम्दानीलाई कर राजस्व भनिन्छ। यस्तै किसिमले सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आम्दानी, साँवा, ब्याज तथा लाभांश, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त आम्दानी, टकमरी वा टक्सारबाट प्राप्त अन्य आम्दानी दस्तुर दण्ड जरिबाना, जफत तथा अन्य वित्तीय क्षेत्रबाट प्राप्त हुन आएको आम्दानीलाई गैरकर राजस्व भनिन्छ।

नेपाल सरकारका आम्दानीका स्रोतहरू

कर राजस्व अन्तर्गत निम्न शीर्षकहरूबाट नेपाल सरकारलाई आम्दानी प्राप्त हुन्छः

(क) **भन्सार महसुलः** भन्सार महसुलअन्तर्गत निकासी कर, पैठारी कर, भारतीय अन्तःशुल्क फिर्ता आदिबाट हुने रकम तथा भन्सार कार्यालयबाट लिइने अन्य महसुलहरू पर्दछन्।

(ख) **वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करः** कर राजस्वको अर्को महत्त्वपूर्ण स्रोत वस्तु तथा सेवाहरूको उत्पादन र उपभोगमा लगाइने कर हो। उत्पादन तथा उपभोगमा लाग्ने करहरूमा अन्तःशुल्क कर, मूल्य अभिवृद्धि कर, हवाई उडान कर, सडक पुल सम्भार कर तथा अन्य प्रकारका करहरू समावेश भएका हुन्छन्।

(ग) **मालपोत तथा रजिष्ट्रेशनः** मालपोत तथा रजिष्ट्रेशनअन्तर्गत मालपोत तथा घर जग्गा रजिष्ट्रेशन गर्दा प्राप्त हुने कर तथा दस्तुर समावेश हुन्छन्।

(घ) **आय कर तथा सम्पत्ति कर**

गैरकर राजस्व

नेपाल सरकारको गैर कर राजस्वलाई निम्न शीर्षकहरूमा विभाजन गर्न सकिन्छः

(१) **दस्तुर, दण्ड, जरिबाना र जफतः** यसअन्तर्गत फर्म रजिष्ट्रेशन, दस्तुर, बन्दुक, पिस्तोल, रजिष्ट्रेशन दस्तुर, सवारी इजाजत दस्तुर, न्यायिक शुल्क, दण्ड, जरिबाना र जफत आदि पर्दछन्।

(२) **सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आयः** यस शीर्षकअन्तर्गत पानी महसुल, विद्युत महसुल, हुलाक सेवा, खाद्य कृषि क्षेत्रको आय, शिक्षा क्षेत्रको आय, वन क्षेत्रको आय, यातायात क्षेत्रको आय तथा अन्य सरकारी क्षेत्रको आय समावेश हुन्छन्। यी शीर्षकहरूअन्तर्गतका राजस्वका स्रोतहरूबाट प्राप्त हुने आयले गैरकर राजस्वको झण्डै एक तिहाई हिस्सा ओगटेको छ।

(३) **लाभांशः** सरकारी वित्तीय, व्यापारिक, औद्योगिक र सेवामूलक संस्थाबाट सरकारले लाभांश प्राप्त गर्दछ।

(४) **रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीः** यसअन्तर्गत खानी, रोयल्टी, टकमरी, बिक्रीआदिबाट प्राप्त हुने आम्दानी समावेश हुन्छन्। यसबाट प्राप्त हुने आम्दानी बढिरहेको भए तापनि विभिन्न वर्षका तथ्याङ्कबाट विश्लेषण गर्दा गैरकर राजस्वको २–३ प्रतिशत हिस्सा मात्र यसले ओगटेको छ।

(५) **साँवा र ब्याज तथा लाभांशः** यसअन्तर्गत सार्वजनिक ऋण तथा शेयर लगानीबाट प्राप्त हुने रकमहरू पर्दछन्।

(६) **विविधः** यसअन्तर्गत (क) व्यावसायिक आम्दानी (ख) लाइसेन्स शुल्क (ग) प्राकृतिक साधनहरू (घ) पत्रमुद्रा आदि पर्दछन्।

सार्वजनिक खर्च अथवा व्यय

जनताको रक्षा र आर्थिक एवं सामाजिक कल्याणको लागि सार्वजनिक अधिकारी, केन्द्रीय वा स्थानीय सरकारले गर्ने खर्चलाई सार्वजनिक खर्च भनिन्छ। शास्त्रीय अर्थशास्त्रीहरू सार्वजनिक खर्च बढ्नुलाई राम्रो

मान्दैनथे। सार्वजनिक वित्तको क्षेत्रमा सरकारको भूमिका गहन थियो। J.B Say का विचारमा The very best way of all plans of finance is to spend little थियो। Adam Smith सरकारको कामलाई न्याय, शान्ति सुरक्षा र केही सार्वजनिक सेवाहरूमा मात्र सीमित राख्न चाहन्थे। २० औं शताब्दीदेखि सरकारको भूमिकामा निकै परिवर्तन आयो। १९ औं शताब्दीसम्म सरकारले गर्ने गरेका काम यसप्रकारका छन्:

आन्तरिक एवं बाह्य शान्ति सुरक्षा, सीमा सुरक्षा, राजस्व सङ्कलन, न्याय सम्पादन।

२० औं शताब्दीको पूर्वार्धमा J M Keynes ले सरकारी खर्चलाई निकै महत्त्व दिएका थिए। २० औं शताब्दीबाट सरकारले सम्पादन गर्दै आएका कामहरू निम्न प्रकारका छन्:

आन्तरिक शान्ति सुरक्षा, सीमा सुरक्षा, मुद्रा निष्कासन, सार्वजनिक वित्त व्यवस्थापन, परराष्ट्र सम्बन्ध, भौतिक पूर्वाधार निर्माण, कानून निर्माण र न्याय सम्पादन। सार्वजनिक खर्च वृद्धि हुनुमा अर्थशास्त्रीहरूले औंल्याएका प्रमुख कारणहरू निम्नानुसार छन्:

कल्याणकारी राज्यको अवधारणा, सामाजिक सुरक्षा र प्रतिरक्षा खर्चमा बढोत्तरी, औद्योगिक विकास, जनसंख्या वृद्धि, प्रजातान्त्रिक प्रणालीको उदय/न्याय, अन्तर्राष्ट्रिय सम्बन्ध स्थापनामा तीव्रता, शहरीकरण, मूल्यवृद्धि, विकास योजनाको कार्यान्वयन आदि।

सरकारी खर्चको वर्गीकरण: १. लाभको आधारमा २. आयको आधारमा ३. कार्यको आधारमा ४. आवश्यकताको आधारमा ५. प्राथमिकताको आधारमा ६. आर्थिक वर्गीकरण।

सार्वजनिक खर्चको वर्गीकरण: सार्वजनिक खर्चको वर्गीकरणको सम्बन्धमा विभिन्न अर्थशास्त्रीहरूको प्रस्तुति फरक रहेको पाइन्छ। अर्थशास्त्रीहरूले प्रस्तुत गरेका धारणाहरूको आधारमा सार्वजनिक वा सरकारी खर्चलाई (क) क्षेत्रीय खर्चको आधारमा (ख) कामको आधारमा (ग) खर्चको प्रकृतिको आधारमा वर्गीकरण गर्न सकिन्छ। यसलाई हितको आधार, कार्यमूलक आधार राजस्वको आधार, प्राविधिक आधारमा पनि वर्गीकरण गर्न सकिन्छ। सार्वजनिक खर्चको वर्गीकरणको तात्पर्य सार्वजनिक कार्यहरूको सूची तयार गर्नु हो। नेपालको सरकारी खर्चलाई मूलतः दुई भागमा विभाजन गर्न सकिन्छ। जस्तैः

(क) **चालु खर्च:** प्रतिरक्षासम्बन्धी खर्च, राष्ट्रमा शान्ति सुरक्षा कायम गर्न गरिने खर्च प्रशासनिक खर्च। यी खर्चहरूबाट समाजमा विद्यमान पुँजीलाई सुरक्षित र व्यवस्थित गरिन्छ। तर यस्ता खर्चहरूबाट राष्ट्रिय उत्पादकत्वमा वृद्धि हुँदैन।

(ख) **पुँजीगत खर्चहरू:** विभिन्न क्षेत्रहरूको विकासको लागि गरिने खर्चलाई पुँजीगत खर्च भनिन्छ। यस्तो खर्चबाट पुँजीगत सम्पत्तिको सिर्जना हुन्छ। राष्ट्रिय उत्पादकत्वको वृद्धि हुन्छ। उदाहरणका लागि बाटोघाटोको निर्माण, बिजुली उत्पादन, उद्योगधन्दामा गरेको लगानी आदिलाई पुँजीगत खर्च भनिन्छ। चालु खर्च र पुँजीगत खर्चलाई क्रमशः साधारण र विकास खर्च पनि भनिन्छ। यसबाट यो स्पष्ट हुन्छ कि सार्वजनिक खर्चको कुनै पनि एउटा वर्गीकरण हुन सक्दैन। वर्गीकरणको प्रश्न व्यावहारिकतालाई हेरेर थाहा पाउन सकिँदैन। अतः सबै वर्गीकरणलाई हेरेर ध्यानमा राखेर काम गरिनु आवश्यक हुन्छ।

नेपाल एउटा विकासोन्मुख मुलुक भएकाले आर्थिक वृद्धिदरलाई उच्च पार्न सार्वजनिक खर्च बढाउन आवश्यक छ। नेपालको सार्वजनिक खर्चलाई साधारण खर्च र विकास खर्च गरी २ भागमा बाँडिएको छः

१. साधारण खर्च अथवा चालु खर्चः राज्य सञ्चालनका लागि सरकारले नियमित रूपमा गर्नुपर्ने खर्चलाई साधारण खर्च भनिन्छ।

नेपाल सरकारले गर्ने साधारण खर्चलाई विभिन्न शीर्षकहरूमा छुट्याउन सकिन्छः १. संवैधानिक अङ्ग, २. साधारण प्रशासन, ३. राजस्व प्रशासन, ४. आर्थिक प्रशासन र योजना, ५. न्याय प्रशासन, ६. वैदेशिक सेवा, ७. रक्षा, ८. सामाजिक सेवा, ९. आर्थिक सेवाहरू, १०. ऋण तथा शेयर लगानी ११. साँवा व्याज भुक्तानी, १२. विविध।

२. विकास खर्च अथवा पुँजीगत खर्चः विकास खर्च देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकाससँग सम्बन्धित हुन्छन्। यस्ता खर्चहरू अर्थतन्त्रको क्षमता वृद्धि, सामाजिक सेवा सुविधा वृद्धि आदि जस्ता कार्यमा लगाइएका हुन्छन्। यिनीहरूले अर्थतन्त्रको खुद उत्पादन क्षमता बढाउन सक्ने हुँदा आर्थिक विकासको गति यस शीर्षकमा गरिने खर्चको मात्रा तथा प्रकृतिमा निर्भर हुन्छ।

विकास खर्चअन्तर्गत सरकारले निम्न शीर्षकमा खर्च गर्दछः

(१) आर्थिक प्रशासन र योजना– योजना र तथ्याङ्कमा खर्च गरिएको हुन्छ।
(२) सामाजिक सेवा शिक्षा, स्वास्थ्य, पिउने पानी, स्थानीय विकासजस्ता शीर्षक समावेश हुने सामाजिक क्षेत्रमा कूल विकास खर्चको दोस्रो ठूलो अंश खर्च हुने गरेको छ।
(३) आर्थिक सेवा– कृषि, सञ्चार, यातायात, विद्युत, वाणिज्य जस्ता शीर्षक समावेश हुने आर्थिक सेवामा हाल सरकारी खर्चको अंश केही घटेको देखिन्छ।
(४) सञ्चार, यातायात, विद्युत् विकास।
(५) अन्य आर्थिक सेवाहरू।

सरकारी क्षेत्रबाट गरिने यस्ता विकास खर्चलाई निम्नानुसार पाँच भागमा वर्गीकरण गरिएको पाइन्छः १. साधारण प्रशासन, २. आर्थिक प्रशासन र योजना, ३. सामाजिक सेवा, ४. आर्थिक सेवा तथा ५. विविध।

नेपालमा सरकारी आय तथा व्ययको वर्तमान अवस्था

नेपालको विगत एक दशकको आँकडा हेर्ने हो भने सार्वजनिक खर्चमा उल्लेख्य मात्रामा वृद्धि भएको छ। अझ चालु खर्चमा अस्वाभाविक ढंङ्गबाट वृद्धि भएको देखिन्छ। सार्वजनिक खर्च व्यवस्थापनमा राजस्व सङ्कलन, विनियोजन, खर्च र सोको सदुपयोग एवं लेखाङ्कन आदि जस्ता पक्षहरू पर्ने भए तापनि सार्वजनिक खर्चको प्रवृत्ति र बनावटले मुलुकको सुशासनको अवस्थालाई पनि इङ्गित गरेको हुन्छ। जसले गर्दा सार्वजनिक खर्चको चर्चा गर्दा मुलुकको समग्र अवस्थाको बारेमा चर्चा गर्ने प्रचलन छ। सार्वजनिक निकायबाट भएको खर्चबाट सिर्जना हुने रुजु/बेरुजूको अङ्कलाई आर्थिक सुशासनको आधार बनाउने गरिएको हुन्छ। मुलुकको सुशासन र आर्थिक अनुशासनको अवस्थाले चालु खर्च बढिरहेको छ कि लगानी बढिरहेको छ भन्ने सन्दर्भमा महत्त्वपूर्ण सूचना प्रदान गरेको हुन्छ। सार्वजनिक बजेट खर्च गर्नका लागि हो। सार्वजनिक बजेट जति छिटो खर्च गर्न सक्यो त्यति छिटो लाभ लिन सकिने हुन्छ। सार्वजनिक बजेट जथाभावी वा मन लागेको क्षेत्रमा खर्च गर्न मिल्दैन। अधिकार प्राप्त निकाय वा पदाधिकारीबाट जथाभावी खर्च हुन नपाओस् भनेर सार्वजनिक खर्चको सम्बन्धमा केही मानक तथा सूचकहरू तय गरिएका हुन्छन्। यस्ता सूचकहरूले अर्थतन्त्र सही बाटोमा भए नभएको सूचना प्रदान गरेर जिम्मेवार व्यक्ति वा निकायलाई समयमै सुधारको मौका दिने गर्दछन्। सार्वजनिक बजेट नागरिकको हित, भलाइ, निमुखा र विपन्नलाई थप सहयोग, मुलुकका नागरिकको मानवीय विकासका, मुलुकमा भौतिक विकास, मुलुकको स्थिरता र विकास तथा पुँजी निर्माणको लागि हो।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७९।८० मा उल्लेख गरिएअनुसार पछिल्ला ३ आर्थिक वर्षमा पुँजीगत बजेट विनियोजनको तुलनामा खर्च न्यून रहन गयो। साथै, कुल विनियोजनमा पुँजीगत बजेटको अंशमा समेत कमी आएको छ। आर्थिक वर्ष २०७८।७९ मा विनियोजित पुँजीगत बजेटको ५७.२ प्रतिशत मात्र खर्च भएको देखिन्छ। संघीय सरकारको कुल बजेटमा पुँजीगत बजेटको हिस्सा आर्थिक वर्ष २०७८।७९ मा २३.२ प्रतिशत रहेको छ। अघिल्ला दुई आर्थिक वर्षहरूमा यस्तो हिस्सा क्रमशः २३.९ प्रतिशत र २६.७ प्रतिशत रहेको थियो। वित्तीय संघीयता कार्यान्वयन पछिका वर्षमा संघीय सरकारको पुँजीगत खर्चतर्फको विनियोजनमा केही कमी आएको छ। विगतको पुँजीगत खर्चको प्रवृत्ति हेर्दा आर्थिक वर्षको अन्त्यतिर मात्र पुँजीगत खर्चको भुक्तानी केन्द्रित हुने गरेकोमा गत आर्थिक वर्षमा भने केही सुधार भएको देखिन्छ। आर्थिक वर्ष २०७८।७९ मा कुल पुँजीगत खर्चको २९.८४ प्रतिशत असार महिनामा भुक्तानी भएको थियो। आर्थिक वर्ष २०७७।७८ र २०७६।७७ मा कुल पुँजीगत खर्चको क्रमशः ३७.५ प्रतिशत र ३३.३३ प्रतिशत असार महिनामा भुक्तानी भएको थियो।

आर्थिक वर्ष २०७९।८० को पुँजीगत खर्च ६१.४४ प्रतिशत रहेको छ। विकास निर्माणसँग सरोकार राख्ने मन्त्रालय नै पुँजीगत खर्चमा कमजोर देखिएका छन्। महालेखा नियन्त्रक कार्यालयका अनुसार कम खर्च गर्नेमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सबैभन्दा कम १०.०९ प्रतिशत पुँजीगत खर्च गरेको छ। चालु आर्थिक वर्षमा यस मन्त्रालयका लागि पुँजीगततर्फ ३७ करोड २२ लाख रुपैयाँ विनियोजन गरिएकामा असार १५ सम्म ३ करोड ७५ लाख रुपैयाँ मात्र खर्च भएको छ। त्यसपछि कम पुँजीगत खर्च गर्नेमा अर्थ मन्त्रालय आउँछ। अर्थले असार १५ सम्म पुँजीगततर्फ १२.४७ प्रतिशत मात्र खर्चिएको छ। चालु आर्थिक वर्षमा अर्थलाई पुँजीगततर्फ १० अर्ब ६२ करोड १८ लाख छुट्याइएकोमा १ अर्ब ३२ करोड ४४ लाख रुपैयाँ मात्र खर्च भएको हो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय पनि पुँजीगत खर्च गर्नेमा कमजोर देखिएको छ। यस मन्त्रालयका लागि चालु आर्थिक वर्षमा पुँजीगततर्फ ५ अर्ब ३४ करोड ९९ लाख विनियोजन भएकामा ७३ करोड ९१ लाख अर्थात् १३.८२ प्रतिशत मात्र खर्च भएको देखिन्छ। ४० प्रतिशतभन्दा कम पुँजीगत खर्च गर्नेमा परराष्ट्र, युवा तथा खेलकुद, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, सञ्चार तथा सूचना प्रविधि, कृषि तथा पशुपन्छी विकास र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय छन्। विकास निर्माणको काम गर्ने मन्त्रालयका रूपमा रहेको सहरी विकासले पनि आर्थिक वर्ष बित्न लाग्दा पुँजीगत खर्च बढाउन सकेको छैन। यस मन्त्रालयले असार १५ सम्म कुल विनियोजित ५५ अर्ब ८७ करोड २५ लाख पुँजीगत बजेटमा २० अर्ब ३७ करोड ९० लाख रुपैयाँ अर्थात् ३६.४७ प्रतिशत मात्र खर्च गरेको छ।

नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आर्थिक वर्ष २०७८।७९ को वार्षिक तथ्याङ्कमा आधारित) मा उल्लेख भएअनुसार आर्थिक वर्ष २०७८।७९ मा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.२६० अर्ब १६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु.२६२ अर्ब ६९ करोडले घाटामा रहेको थियो। नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०७७।७८ मा संघीय सरकारको कुल खर्च रु.११९६ अर्ब ६७ करोड रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१२९६ अर्ब २४ करोड रहेको छ। जसमा चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था खर्च क्रमशः रु.९६१ अर्ब ४७ करोड, रु.२१६ अर्ब ३७ करोड र रु.११८ अर्ब ३९ करोड रहेको छ। आर्थिक वर्ष २०७८।७९ मा

राजस्व सङ्कलन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँड हुने रकमसमेत) रु.१०६७ अर्ब ९६ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व सङ्कलन रु.९३५ अर्ब ८९ करोड रहेको थियो।

नेपाल राष्ट्र बैङ्क, आर्थिक अनुसन्धान विभागले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आर्थिक वर्ष २०७९।८० को चार महिनाको तथ्याङ्कमा आधारित) मा उल्लेख गरिएअनुसार आर्थिक वर्ष २०७९।८० को चार महिनामा संघीय सरकारको कुल खर्च नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार रु.३५१ अर्ब भएको छ। समीक्षा अवधिमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था खर्चतर्फ क्रमशः रु.२८१ अर्ब ३९ करोड, रु.२६ अर्ब ३० करोड र रु.४३ अर्ब ३१ करोड रहेको छ। समीक्षा अवधिमा संघीय सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रु.२६८ अर्ब ७ करोड भएको छ। समीक्षा अवधिमा यस अन्तर्गत कर राजस्वतर्फ रु.२४५ अर्ब ७९ करोड र गैरकर राजस्वतर्फ रु.२२ अर्ब २८ करोड परिचालन भएको छ। (तालिका नं. १)

तालिका नं. १

सरकारी खर्च तथा राजस्व (चार महिनासम्म)				
विवरण	रकम (रु. अर्बमा)		प्रतिशत परिवर्तन	
	२०७८।७९	२०७९।८०	२०७८।७९	२०७९।८०
कुल खर्च	२८७.५४	३५१.००	६.९	२२.१
चालु खर्च	२३३.५१	२८१.३९	१.५	२०.५
पुँजीगत खर्च	२०.७९	२६.३०	–२९.४	२६.५
वित्तीय व्यवस्था	३३.२४	४३.३१	२४९.९	३०.३
राजस्व परिचालन	३३४.३२	२६८.०७	३९.२	–१९.८
कर राजस्व	३०५.४०	२४५.७९	३५.१	–१९.५
गैरकर राजस्व	२८.९२	२२.२८	१०५.०	–२३.०

स्रोतः महालेखा नियन्त्रक कार्यालय।

विगत वर्षहरू जस्तै चालु आर्थिक वर्ष २०८०।८१ मा पुँजीगत खर्चको अवस्था दयनीय देखिएको छ। झण्डै साढे चार महिनामा १०.०२ प्रतिशत बजेट मात्रै खर्च भएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार सरकारले चालु आ.व.मा पुँजीगत खर्चका लागि तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख रकम विनियोजन गरेकोमा २०८० मंसिर १० सम्म ३० अर्ब २७ करोड ८९ लाख रुपैयाँ मात्र खर्च गरेको छ। सरकारले चालु खर्च र वित्तीय खर्चमा पनि लक्ष्यअनुसार खर्च गर्न सकेको छैन। २०८० मंसिर ११ सम्म सरकारले चालु खर्चमा कुल विनियोजित बजेटमध्ये २४.४ प्रतिशत मात्रै खर्च गरेको छ भने वित्तीय शीर्षकमा १७.७५ प्रतिशत मात्रै खर्च गरेको छ। चालु आर्थिक वर्षमा सरकारले चालु शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रकम विनियोजन गरेकोमा दुई खर्ब ७८ अर्ब ५८ करोड ९९ लाख रुपैयाँ मात्रै खर्च गरेको छ। वित्तीय क्षेत्रमा विनियोजित तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाखमध्ये ५४ अर्ब ५५ करोड ८४ लाख रकम मात्रै खर्च भएको छ। सरकारले चालु आ.व. २०८०।८१ को हालसम्म खर्च अनुसारको आम्दानी गर्न नसकेको देखिन्छ। २०८० मंसिर ११ सम्म सरकारले तीन खर्ब ६३ अर्ब ४२ करोड ७२ लाख खर्च गरेको छ, आम्दानी जम्मा तीन खर्ब १२ अर्ब ९४ करोड ३७ लाख मात्रै गरेको छ। त्यसो त सरकारको आम्दानी पनि घटेको छ। हालसम्म लक्ष्यको २१.२५ प्रतिशत मात्रै

आम्दानी गरेको हो। सरकारले चालु आर्थिक वर्ष २०८०।८१ मा आम्दानी र अनुदानमार्फत् १४ खर्ब ७२ अर्ब ४८ करोड सात लाख आम्दानी गर्ने लक्ष्य राखेको छ।

प्रदेश तथा स्थानीय तहमा निश्चित आधारमा चार प्रकारका अनुदान हस्तान्तरण भएका छन्। लामो समय देखिका अधुरा आयोजना पूरा गर्न आवश्यक वित्तीय स्रोत उपलब्ध भएबाट विगतदेखि सम्पन्न हुन नसकेका धरै आयोजनाहरू सम्पन्न हुँदैछन्। तीनबटै तहमा राजस्व बाँडफाँड नियमित र व्यवस्थित भएको छ। प्रदेश र स्थानीय तहको बजेटको स्रोत अनुमानयोग्य भएको छ। संघ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण तयार भई प्रतिवेदन गर्ने प्रणाली विकास भएको छ। संघमा मन्त्रालयगत बजेट सूचना प्रणाली र प्रदेशमा प्रदेश मन्त्रालयबाट बजेट सूचना प्रणाली पूर्ण कार्यान्वयनमा आएको छ भने सबै स्थानीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली कार्यान्वयनमा आएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ कार्यान्वयनमा आएको छ। यो ऐन बजेट प्रणाली प्रभावकारी बनाउने, सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा व्यावसायिकता प्रवर्द्धन गर्ने, वित्तीय अनुशासन कायम गर्ने, पारदर्शिता र सार्वजनिक वित्त व्यवस्थापनमा पदाधिकारीहरूको जिम्मेवारी तथा जवाफदेहिता कायम गर्ने दृष्टिकोणले कोशेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ। विनियोजन कुशलता हासिल गर्न राष्ट्रिय आयोजना बैङ्कको स्थापना गरिएको छ। मध्यकालीन खर्च संरचना संस्थागत भएको छ। बहु-वर्षीय ठेक्कासम्बन्धी मापदण्ड स्वीकृत भई कार्यान्वयनमा आएको छ।

वित्तीय संघीयता मूलतः देहायका प्रश्नहरूसँग सम्बन्धित हुन्छः

१. कसले के गर्ने ? अर्थात् कार्यजिम्मेवारी/खर्च व्यवस्थापन
२. कुन तहले कुन कर लगाउने ? अर्थात् राजस्व जिम्मेवारी
३. राजस्व खर्च आवश्यकताको सन्तुलन
४. वित्तीय संस्थाहरूको क्षमता, कार्य सम्पादन र नतिजा व्यवस्थापन
५. प्रदेश र स्थानीय तहको ऋण व्यवस्थापन
६. वित्तीय विवादको समाधान संस्थागत व्यवस्था
७. जवाफदेहिता र वित्तीय सुशासन

वित्तीय संघीयताका प्रमुख आधारस्तम्भहरूः १. कामको जिम्मेवारी २. राजस्व अधिकार ३. अन्तरसरकारी वित्तीय हस्तान्तरण।

आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्यमा यस आर्थिक वर्षमा वित्तीय क्षेत्रको स्रोत साधन सीमित व्यक्ति, समूह वा भौगोलिक स्थानमा केन्द्रित हुन नदिन समावेशी वित्तको अवधारणाअनुसार बैङ्क, वित्तीय संस्था, बीमा र पुँजी बजारको सेवा बहुसंख्यक जनतासम्म पुऱ्याउने गरी आवश्यक नीतिगत सुधार गरिनुका साथै सरकारी स्वामित्वका बैङ्क तथा वित्तीय संस्थालाई पुनर्संरचना गरी थप सुदृढ बनाइने उल्लेख छ। विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहित गरिनुका साथै बैङ्क खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक प्रतिशत थप ब्याज दिने सुविधालाई निरन्तरता दिइने नीति लिइएको छ। औपचारिक माध्यमबाट विप्रेषण पठाउने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने कार्यक्रम राखिएको छ। श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपालीलाई लक्षित गरी रेमिट्यान्स वन्ड जारी गरी औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउने र त्यसरी भित्र्याइएको रकमलाई पूर्वाधार विकासमा उपयोग गरिने नीति लिइएको छ। उत्पादन अभिवृद्धि, आन्तरिक रोजगारी प्रवर्द्धन, उद्यमशीलता विकास लगायतका उद्देश्य राखी सहुलियतपूर्ण ब्याजमा प्रवाह भइरहेका कर्जाको प्रभावकारिता अध्ययनका आधारमा ब्याज अनुदानसम्बन्धी

कार्यक्रमलाई पुनर्संरचना गरिनुका साथै यस कार्यक्रमअन्तर्गत ब्याज अनुदानका लागि रु.११ अर्ब ५१ करोड विनियोजन गरिएको छ।

पन्ध्रौ पञ्चवर्षीय योजना (२०७६–२०८१) मा राजस्व व्यवस्थापन कार्यक्रम

सोच

सुदृढ र प्रगतिशील राजस्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण गर्ने।

लक्ष्य

आन्तरिक उत्पादन र आयमा आधारित करको वृद्धि गर्दै कुल राजस्व उत्पादनको एक तिहाइ पुऱ्याउने

उद्देश्य

उत्पादन, लगानी, व्यवसाय तथा करदाता मैत्री एवं स्वच्छ, पारदर्शी र प्रगतिशील कर प्रणालीको विकास तथा स्वेच्छिक कर सहभागिताबाट अधिकतम राजस्व परिचालन गर्नु

रणनीतिहरू

१. सबै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने
२. राजस्व प्रशासनको विस्तार तथा आधुनिकीकरण गरी कुशल, व्यवसायिक र स्वच्छ बनाउने,
३. आर्थिक विस्तारमा सहयोग पुग्नेगरी कर प्रणालीलाई थप लगानी तथा व्यवसायमैत्री बनाउने,
४. कर संरचना र दरमा सामयिक सुधार गरी कर प्रणालीलाई थप सरल र समन्यायिक बनाउने,
५. संघीय प्रणालीअनुरूप राजस्व प्रशासनको संरचनागत र प्रणालीगत पक्षमा सुधार गर्ने।

सरकारी आय र व्यय बढाउनका लागि देखा परेका समस्या तथा चुनौतीहरू

संघीयताको कार्यान्वयन सरल र सहज मार्ग होइन। एकात्मक शासन प्रणालीका विभिन्न चरित्र र व्यवहारबाट एकैपटक आत्मसात गरिएको संघीय प्रणालीको आधारभूत पक्ष वित्तीय संघीयताको पूर्वाधार निर्माण र कार्यान्वयन स्वाभाविक रूपमा जटिल कार्य हो। यो अत्यन्तै जटिल, प्राविधिक र सबैको सहयोग, समन्वय र सहकार्य र सहभागिताको निरन्तर आवश्यक पर्ने भएकोले केही समस्या, बाधा, चुनौतीहरू छन्। जुन निम्न प्रकारका छन्:

- अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने, कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने, कर सङ्कलन लागत र करदाताको कर परिचालन लागत घटाउने। कर प्रशासनलाई पारदर्शी, करदाता मैत्री र सदाचारयुक्त बनाउने, राजस्व चुहावटको नियन्त्रण कारोबार मूल्यमा आधारित भन्सार जाँचपास प्रणालीको आधार बनाउने, बजारमा विल दिने, लिने पद्धतिको विकास गर्ने।
- सबै तहको कर प्रशासनहरू बीच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोतको उपयोग, कर सङ्कलन र बाँडफाडबीच एकरूपता र समन्वय गर्ने, अन्तरसरकारी कर प्रणालीबीच समन्जस्यता र जनतामा करको अनावश्यक भार पर्न नदिने।

- नेपालको मुद्रा बजारमा केही संरचनागत र केही नीतिगत रूपमा चुनौतीहरू रहेका छन्। नेपालको मुद्रा बजारमा रहेका चुनौतीहरू देहायअनुसार छन्।
- मुद्रा बजारको नियामकको रूपमा नेपाल राष्ट्र बैङ्क रहे तापनि यसको नियामकीय दायराभित्र सबै प्रकारका मौद्रिक क्रियाकलापमा पर्न सकिरहेका छैनन्। वित्तीय स्वस्थतामा असर पार्ने तत्वहरूलाई निश्चित दायराभित्र ल्याउने र तिनीहरूलाई व्यवस्थित गर्ने कार्यमा संरचना नीतिगत र प्रक्रियागत जटिलताहरू रहेका छन्।
- गैरबैंकिङ्ग वित्तीय संस्थाहरू, सहकारीहरू, बीमा कम्पनीहरू आदि मुद्रा बजारको काम गर्ने गरेका भए तापनि तिनीहरूको नियमन गर्ने कार्य केन्द्रीय बैङ्कको क्षेत्राधिकारभित्र रहेको छैन। मुद्रा बजार र पुँजी बजार अर्थतन्त्रको विकासका निमित्त आवश्यक दुईवटा महत्त्वपूर्ण वित्तीय बजारहरू हुन्। तर नेपालमा यी दुई बजारको विकासको अवस्था सन्तोषजनक देखिँदैन।
- पुँजी बजारमा स्रोतको सुनिश्चितता गर्ने माध्यम पनि बैंकिङ्ग क्षेत्र तथा बैंकिङ्ग क्षेत्रमाथिको स्रोतमा मुद्रा बजार व्यवस्थापन र पुँजी बजारको स्रोत दुवैको लागि काम गर्नुपर्ने दबाब पैदा भएको छ। निक्षेपका स्रोत सीमित तर कर्जा माग उच्च हुँदा माग र आपूर्तिका बीचमा असमाञ्जस्यता कायम हुन गई असन्तुलन पैदा भएको स्थिति छ।
- वित्तीय बजारका पूर्वाधारहरू, सुरक्षाका प्रबन्धकहरू, वित्तीय पहुँच, वित्तीय साक्षरता, वित्तीय उपकरणहरूको सहजता, उपलब्धता आदिमा अपेक्षित विस्तार गर्न नसकिँदा वित्तीय बजार प्रभावकारी बनाउनमा चुनौती थपिएको स्थिति छ। बैङ्क तथा वित्तीय संस्थामा संस्थागत सुशासन, पारदर्शिता, मितव्ययिता, सामाजिक उत्तरदायित्वको विषय आशातीत रूपमा आशा गर्न नसकिँदा वित्तीय बजारमा केही अनियमितताहरू हुने गरेका छन्।
- नीतिगत स्पष्टता, विभिन्न संयन्त्रहरूका बीचमा समन्वय, बजार व्यवस्थापनका लागि आवश्यक विज्ञता, प्रक्षेपण क्षमता आदिमा पनि अपेक्षित सुधार र क्षमता विकास हुन सकेको छैन। नेपाल राष्ट्र बैङ्क, धितोपत्र बोर्ड, नेप्से, नेपाल सरकार अर्थ मन्त्रालय, संघीय सरकार, प्रादेशिक र स्थानीय सरकारहरू, बीमा कम्पनीहरू, बीमाको नियामक निकाय, गैरबैंकिङ्ग वित्तीय संस्थाहरू, सहकारीलगायतका निकायहरूका बीचमा आवश्यक समन्वय संयन्त्र नहुँदा मुद्रा बजारको कार्य एकीकृत र व्यवस्थित हुन सकिरहेको छैन।
- चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजीगत खर्चको हिस्सा बढाउन नसकिएको, पुँजीगत खर्च कुल बजेटको करिब २५ प्रतिशत जति मात्र विनियोजन गरिने, विनियोजनको पनि २/३ जति मात्र खर्च हुने। ठूलो हिस्सा आर्थिक वर्षको अन्त्यमा खर्च हुने।
- पर्याप्त पूर्वतयारी बिनै आयोजना कार्यान्वयनमा लैजानु, विस्तृत परियोजना प्रतिवेदनभन्दा पनि Pork Barrel शैलीमा आयोजना छनोट हुनु, अघिल्ला कमी कमजोरीको समीक्षा नगरी बजेट विनियोजन गरिनु, कार्यान्वयनमा जान नसकेका पुरानै आयोजनालाई निरन्तरता दिनु।
- उच्च संख्याका विकास आयोजना, प्रतिआयोजना न्यून लगानी। खर्च सम्भाव्य आयोजनामा स्रोतको न्यूनता र खर्च नहुने आयोजनामा बजेट विनियोजन।

- विकास खर्चमा अन्तर्राष्ट्रिय विकास सहायता माथिको परनिर्भरता तर विकास सहायता परिचालनको कमजोर अवस्था, वार्षिक बजेटको औसतमा २५ प्रतिशत अनुमान गरिए तापनि प्रशोधन क्षमता ५५-६० प्रतिशत मात्र छ। आन्तरिक स्रोतमा थप दबाब पैदा हुने।
- कागजात तयारी, विस्तृत अध्ययन प्रतिवेदन निर्माण, बोलपत्र आह्वान र ठेक्का लगाउँदासम्म कम्तीमा पनि आधा वर्षपछि मात्र निर्माण कार्य शुरु हुने। आयोजना खर्चमा राजनीति, प्रशासन, निजी क्षेत्र र लाभग्राही उपभोक्तासमेतको दोहन गर्नुपर्छ भन्ने सोच रहने। आयोजना प्रमुख र कर्मचारी क्षमताभन्दा भनसुन र दबाबमा नियुक्ति तथा खटनपटन गरिने।
- कम मूल्यकै टेन्डरलाई स्वीकृत गर्नुपर्ने बाध्यता, सियोदेखि हवाईजहाजसम्मको एकै प्रकारको खरिद प्रक्रिया।
- स्पष्ट कानून र दृष्टिकोणको अभावमा प्रदेश र स्थानीय सरकारको जनभावनाविपरीत कर लगाउने, फिर्ता लिने जस्ता प्रवृतिले सरकारप्रतिको विश्वास र भरोसामा कमी आउने र अन्तत संघीयताको मर्म र भावनाअनुसारको डेलिभरी नहुने चुनौती छ।
- संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकमको कानूनबमोजिम विनियोजन र खर्च हुन सकेको छैन। अन्तरप्रदेश र अन्तरस्थानीय निकायबीच आर्थिक क्रियाकलाप र खर्च हुन सकेको छैन्।
- अन्तरप्रदेश र अन्तरस्थानीय निकायबीच आर्थिक क्रियाकलाप र स्रोत परिचालनमा आपसी समन्वय कायम गर्ने दोहरोपन हुन नदिने स्रोत छरिन नदिने र एक तहको कार्यलाई अर्को तहको कार्यसँग परिपूरक बनाउने वातावरणको विकास गर्न सकिएको छैन्।
- वित्तीय संघीयता कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहको क्षमता विकास हुन सकेको छैन। खर्चको मूल्याङ्कन, लेखापरीक्षण र खर्चको प्रतिवेदन तयार गरी उपलब्धिको लेखाजोखा गर्ने संयन्त्रको विकास हुन सकेको छैन।
- बाह्य स्रोत परिचालनको अधिकार संघमा मात्र भए तापनि प्रदेश र स्थानीय तह सिधै विदेशी दातृ निकायसँग सम्पर्क गर्ने र ती संस्थाहरू पनि सोझै कार्यक्रमको लागि प्रदेश र स्थानीय तहलाई प्रस्ताव गर्ने प्रवृत्ति रहेको छ।

नेपालमा सरकारी आय र व्यय सम्बन्धमा देखिएका समस्या समाधान गर्न निम्न उपायहरू अपनाउनु आवश्यक देखिन्छः

- कर प्रणालीलाई लगानीमैत्री वातावरण बनाउने संयन्त्रको रूपमा विकास गर्ने, स्वच्छ, तटस्थ एवं पारदर्शी कर प्रणालीको विकास गर्ने, स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने।
- कुल गार्हस्थ उत्पादनसँग कर राजस्वको अनुपात बढाउने, संघीय संरचनाअनुसार राजस्व संरचनाको निर्माण गर्ने, करको आधार र दायरा विस्तार गर्ने, करको दायरालाई पारदर्शी एवं समन्वयायिक बनाउने।
- संघीय संरचनाअनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन गर्ने, कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने, जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सबलीकरण गर्ने, सबै किसिमका कर विवरणहरू विद्युतीय प्रणालीमार्फत् पेस गर्ने व्यवस्था मिलाउने।

- संघ, प्रदेश र स्थानीय तहको नमूना कर कानूनको ढाँचा विकास गरी प्रयोगमा ल्याउने, राजस्व चुहावटका जोखिम क्षेत्रहरूको पहिचान गर्ने, राजस्व चुहावट नियन्त्रणमा साझा प्रयास परिचालन गर्ने।
- कर प्रणालीको सरलीकरण र पारदर्शीताका लागि सूचना प्रविधिको विकास र विस्तार गर्ने, राजस्व सङ्कलनमा विद्युतीय भुक्तानी प्रणालीको विकास गर्ने, राजस्व प्रशासनअन्तर्गतका निकायहरूबीच विद्युतीय सूचना प्रणालीहरूबीच अन्तरआबद्धता विकास गर्ने।
- राजस्व सङ्कलन र बाँडफाँड प्रक्रियालाई पारदर्शी बनाउन सूचना सञ्जाल तयार गर्ने, संघ, प्रदेश र स्थानीय तहबीच राजस्व प्रशासनलाई विद्युतीय सूचना प्रणालीमा रूपान्तरण गर्ने र अन्तर आबद्धता विकास गर्ने।
- संघीयताको कार्यान्वयन भई प्रदेश र स्थानीय तहको सरकारहरू गठन भएको ६ वर्ष वितिसकेको छ। हालसम्म पनि प्रदेश र स्थानीय तहको लागि आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्दा समयमा बजेट ल्याउने, विकास निर्माण र सामाजिक क्षेत्रका कामहरू यथोचित रूपमा सम्पन्न हुन सकेका छैनन्।
- विभाज्य कोषहरू स्थापना भएका तर पूर्ण रूपमा कार्यन्वनमा आउन सकेका छैनन्। आयस्तर द्वन्द्व, अन्तरसरकार, अन्तरप्रदेश र स्थानीय तह द्वन्द्व प्रतिस्पर्धा र प्राकृतिक स्रोतको उपयोगमा देखिन सक्ने समन्वयको अभावलाई सम्बोधन गर्ने।
- मुद्रा बजारलाई व्यवस्थित पार्दै वित्तीय मध्यस्थताको लागत यथाशक्य कम गर्नुपर्ने हुन्छ। यसका लागि अल्पकालीन ब्याजदरमा स्थिरता कायम गर्दै दीर्घकालीन ब्याजदरको सुनिश्चितता, लगानीका लागि आवश्यक स्रोतको जोहो मिलाउनु नै मौद्रिक नीतिको मुख्य उद्देश्य बनाइनुपर्छ। जसबाट मात्र बजारमा मुद्रास्फिति नियन्त्रण, वित्तीय स्थायित्व कायम, भुक्तानी प्रणाली सबलीकरण र बाह्य क्षेत्र सन्तुलन कायम हुन जान्छ। जसका लागि निम्नानुसारका रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ।
- मौद्रिक नीतिको लक्ष्यलाई स्पष्ट रूपमा किटान गर्ने, दुई वा सोभन्दा बढी उद्देश्य राख्ने परिपाटीलाई हटाउने, मौद्रिक नीतिको प्रसारण संयन्त्र पुनर्परिभाषित गर्ने, स्पष्ट प्रसारण संयन्त्र निर्माण गर्ने, मुद्रा बजारको क्षेत्र र कार्यक्रमहरू थप स्पष्ट पार्ने, मौद्रिक चरणहरूको प्रक्षेपण क्षमता, विज्ञता, प्राविधिक पक्षमा सुधार गर्ने, पुँजी बजारको विकास र व्यावसायिकता अभिवृद्धि गर्ने।
- नियमन तथा सुपरिवेक्षण क्षमता अभिवृद्धि गर्ने, नीतिगत विषयमा गहन विश्लेषण गर्ने परिपाटी विकास गर्ने, सार्वजनिक नीतिहरूलाई पूर्वअनुमानयोग्य बनाउने, विभिन्न नीतिहरूका बीचमा अन्तरसम्बन्ध स्थापित गर्ने, विषयहरूको गाम्भीर्यताका आधारमा दूरदर्शिता अपनाउने, बैङ्कहरूमा पारदर्शिता, संस्थागत सुशासन र व्यावसायिक स्वस्थता अभिवृद्धि गर्ने, विभिन्न निकायका बीचमा समन्वय संयन्त्र निर्माण गर्ने, अन्तरनिकायगत सञ्चार संयन्त्रलाई प्रभावकारी बनाउने, वित्तीय बजार व्यवस्थापनका लागि उत्तरदायी नीति तथा ऐनहरू बनाउने, मौद्रिक तथा वित्तीय समिति बनाई प्राविधिक विषयमा निर्णय गराउने।

निष्कर्ष

लगानी र बचतको बीचमा सन्तुलन कायम राख्दै उत्पादनशील क्षेत्रमा सार्वजनिक खर्चको विवेकपूर्ण व्यवस्थापन गर्नु राज्यको दायित्व हो। विगत वर्षहरूका तुलनामा राजस्व सङ्कलनमा वृद्धि हुँदै आए तापनि चालू खर्च प्रक्षेपित लक्ष्यभन्दा निकै बढी छ र पुँजीगत खर्चको अनुपात निकै कम रहेको अवस्था छ। उच्च मूल्यवृद्धि, न्यून आर्थिक वृद्धि, ह्रासोन्मुख उत्पादकत्व, बढ्दो बेरोजगारी, लगानीको असहज वातावरण, असमान विकास, जलवायु परिवर्तन, अतिवृष्टि, अनावृष्टिलगायतका समस्याहरू रहेका छन्। त्यस्तै साधन उपयोगमा

प्राथमिकीकरणको अभाव, कमजोर बजेट कार्यान्वयन तथा आयोजना व्यवस्थापन, सार्वजनिक संस्थानको कमजोर कार्य सम्पादन, ऊर्जा संकट, अपर्याप्त भौतिक तथा आर्थिक पूर्वाधार, गरिबी, असमानता र विभेदपूर्ण व्यवहार तथा प्रचलनजस्ता चुनौतीहरू रहेका छन्।

कानूनले निर्धारण गरेबमोजिम सरकारलाई प्राप्त हुने अधिकतम् कर रकम र कर तिर्ने कर्तव्य भएका व्यक्तिहरूले वास्तवमा बुझाएको कर रकमको फरक वा अन्तर (Gap) नै कर चुहावट हो। कानूनी कर छिद्र र फन्दा (Tax Loopholes and Trap) सुविधा सहुलियतहरूलाई माध्यम बनाई कर छल्नु वैधानिक कर चुहावट हो। कानूनी कमजोरीबाट फाइदा उठाई आफ्नो करको दायित्व घटाउन वा हटाउन र सकारात्मक दृष्टिकोणबाट प्रदत्त सुविधा र सहुलियतलाई नकारात्मक रूपमा प्रयोग गरी इच्छित फल प्राप्त हुनबाट विचलन ल्याउनुलाई वैधानिक कर चुहावट मान्नुपर्दछ। यस्तो चुहावट नैतिक दृष्टिबाट राम्रो नमानिए तापनि कानूनी दृष्टिबाट अवैधानिक ठहराउन मिल्दैन। आर्थिक दृष्टिकोणबाट कतिपय वैधानिक चुहावट अपेक्षित हुन्छन् भने कतिपय चुहावटहरू अनपेक्षित हुन्छन्। गणतन्त्र पछिका सरकारले राजस्व उठाउने कार्यमा प्राप्त गरेको सफलता उल्लेखनीय रहेको देखिए तापनि करका नयाँ क्षेत्र पहिचान नहुनु, कर प्रणाली बोझिलो हुँदै जानु, सङ्कलन प्रक्रिया त्रुटिपूर्ण हुनु आदि जस्ता कारणले कर राजस्वको परिचालन जुन परिमाण र स्वरूपमा अपेक्षा गरिएको छ, सोअनुसार हुन सकेको छैन। जनताका तीव्र विकास अपेक्षा र राज्यले जनताका लागि पुऱ्याउनुपर्ने सेवाको अनिवार्यताले सार्वजनिक खर्चमा व्यापक विस्तार गर्नुपर्ने जरुरी छ। फराकिलो र समावेशी आर्थिक वृद्धिका लागि लगानी गर्नुपर्ने भएकोले र समष्टिगत आर्थिक नीतिलाई पनि सन्तुलन कायम गर्न कर नीतिलाई लगानी मैत्री बनाउनु जरुरी छ। नेपालको राजस्व परिचालनको अवस्था धेरै विकासोन्मुख देशहरूको तुलनामा पनि धेरै न्यून छ। अझै पनि हाम्रो कुल गार्हस्थ उत्पादनको तुलनामा राजस्व असुली १४.९ प्रतिशत मात्र रहेको छ भने कर राजस्वमात्रको अनुपात करिब १२ प्रतिशतमा सीमित छ। साधन पूर्तिको हिसाबले पनि राजस्वले चालु खर्च मात्र धानिरहेको अवस्था छ। यसमा सुधार ल्याउनु जरुरी छ। सरकारको प्राथमिकता कर प्रणालीमा सुधार गरी राजस्व परिचालन गर्नुका साथै निजी लगानी वृद्धिमा अनुकूल हुने गरी बनाइएका आर्थिक नीतिअन्तर्गतका मौद्रिक, वित्त तथा वित्तीय क्षेत्रका सबै आयाममा सहजता पुऱ्याउनु कर नीतिको प्रमुख उद्देश्य हो।

<u>सन्दर्भ सामग्री</u>

- बिना ढकाल, नेपालमा राजस्व परिचालनको अवस्था र चुनौतीहरू, आर्थिक मीमांसा नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैङ्क, वर्ष ९, चैत्र २०७०।
- चुडामणि शर्मा, नेपालमा आन्तरिक राजस्व परिचालनः आवश्यकता, वर्तमान अवस्था र सुधारका क्षेत्र, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।
- अर्जुन प्रसाद भट्टराई, राजस्व प्रशासनमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।
- गजेन्द्र बुढाथोकी, राजस्व प्रणालीमा देखिएका केही समस्या, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।
- लक्ष्मी पराजुली, नेपालको राजस्व नीति, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।

- प्रकाश शर्मा ढकाल, स्वायत्त राजस्व बोर्डः अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा सम्भावना, पाँचौं राष्ट्रिय कर दिवस स्मारिका २०७३, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, नेपाल।
- टंक प्रसाद पाण्डे, नेपालमा राजस्व चुहावटका प्रवृत्ति र नियन्त्रणका उपायहरू, सम्पादकः गोविन्द प्रसाद चौलागाई, संघीयतामा नेपालको सार्वजनिक प्रशासन, नवौं संस्करण २०७८ चैत्र, प्रकाशकः सम्पत्ति मासिक पत्रिका।
- हेमराज सुवेदी, अन्तःशुल्क चुहावट नियन्त्रणका विविध आयामहरू, सम्पादकः गोविन्द प्रसाद चौलागाई, संघीयतामा नेपालको सार्वजनिक प्रशासन, नवौं संस्करण २०७८ चैत्र, प्रकाशकः सम्पत्ति मासिक पत्रिका।
- शिवलाल तिवारी, राजस्व चुहावटका केही प्रवृत्तिहरू तथा नियन्त्रणका व्यवस्था, पराग विशेषाङ्क, पाँचौं संस्करण, सम्पादकः गोविन्द प्रसाद चौलागाई, संघीयतामा नेपालको सार्वजनिक प्रशासन, नवौं संस्करण २०७८ चैत्र, प्रकाशकः सम्पत्ति मासिक पत्रिका।
- सुरेन्द्र अर्याल, सरकारी आर्थिक कारोबार, लेखाङ्कन र प्रतिवेदन प्रणाली, सम्पादकः गोविन्द प्रसाद चौलागाई, संघीयतामा नेपालको सार्वजनिक प्रशासन, नवौं संस्करण २०७८ चैत्र, प्रकाशकः सम्पत्ति मासिक पत्रिका।
- दुर्गानिधि शर्मा, विकास आयोजना व्यवस्थापनः चुनौती र समाधान, सम्पादकः गोविन्द प्रसाद चौलागाई, संघीयतामा नेपालको सार्वजनिक प्रशासन, नवौं संस्करण २०७८ चैत्र, प्रकाशकः सम्पत्ति मासिक पत्रिका।
- Pradip Kumar Mainali, Government Expenditure on Agriculture and Non-Agriculture Heading and Their impact on Respective Sector, नेपाल राष्ट्र बैङ्क समाचार ५९ औं वार्षिकोत्सव विशेषाङ्क, वैशाख, २०७१।
- आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७९।८०, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं, नेपाल।
- पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६-२०८१), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल, २०७६।
- आर्थिक वर्ष २०८०।८१, को बजेट वक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय, असार २०८०।

English Section

Remittance through Formal Paths



- Dwaipayan Regmi
Deputy Manager, Rastriya Banijya Bank Ltd.

Abstract

The paper highlights the significant impact of remittances on Nepal's economy, referencing a record-breaking amount received via official channels in 2023. The beneficiaries' financial stability, healthcare, education, and general well-being are all greatly enhanced by remittances. The talk promotes the use of official remittance channels by stressing their advantages, which include speed, safety, and contributions to economic growth. High expenses, onerous paperwork, and the availability of less formal, alternative ways are obstacles to the promotion of formality. The paper offers tactics to promote official channel usage, including rewards, expense cutting, and streamlined procedures. It emphasises how crucial it is to update compliance requirements to reflect contemporary procedures. The paper concludes by highlighting the necessity of stakeholders working together to support legitimate remittance channels in order to ensure stability, legality, and transparency for the good of the economy.

Background

Remittances are an important source of foreign revenue and play a major influence in Nepal's economy. Remittances are sent home by a large number of Nepali nationals, especially those who work overseas, to support their families and advance the nation's economy. Remittance inflows have a significant influence on recipients' capacity to obtain healthcare and education, raise their standard of living, and provide them with financial security. Nepal is mostly dependent on remittances, which frequently account for a sizeable amount of the GDP of the nation. Recognising the critical role remittances play in the nation's overall economic landscape, the government, financial institutions, and non-governmental organisations in Nepal continue to strive towards establishing an enabling environment for safe and effective remittance transfers.

From mid-September to mid-October, remittances from Nepalis residing overseas totaled Rs136.97 billion, the most ever in a single month. The peak has been mostly ascribed to the holiday season in Nepal and the strengthening of the US dollar relative to the Nepali Rupee.

Nepal Rastra Bank reports that during the first quarter of the current fiscal remittance inflows rose by 30% to Rs365.34 billion, or $2.76 billion, as opposed to a 16.8% growth during the same period last year. As to the central bank's report, during the review period, 113,397

Nepali workers obtained first-time permission for overseas employment. In a similar vein, 49,297 people had their applications for working abroad renewed.

As per the report published by Nepal Rastra Bank of Fiscal Year 2078/79, it was reported that the remittance inflow increased by 4.8 percent making Rs 1007.31 billion in comparison to the earlier fiscal year. The report further clarifies that the total number of Nepali workers who took approval for foreign employment increased to 354,660. This number had decreased 62.8 percent in the previous year. But, with the lowering impact of Covid, and increased financial tension in the country the rate of renewal approval increased as high as 198.5 percent. All these figures here clearly indicate that the Nepalese economy is likely to be dependent on remittance for the next few years for sure.

Discussion

It is no wonder, remittance for a country like Nepal contributes to a large portion of the trade deficit. Be it for international trade, or for raising living standards in countries like Nepal - remittance does have a vital role to play. Despite not being considered purely remittances, the goods that migrants carry make up a sizable portion of their earnings (Haque, 2006). Studies conducted by Asian Development Bank have found out that there exists a positive set of relations between remittance inflow and poverty reduction and hence it is not arguable at any point that these sources of income have been deteriorating the nation's state throughout Asia. It is agreeable that if the sources of own production had been better, that would be better. But, now since there is a large number of unemployed still in the nation, remittance has been turning out to be a boon for the national economy than a curse. This could be temporary, but there are no choices.

Remittances into Nepal are primarily sent by Nepali migrant workers who work in different nations like India, Saudi Arabia, Qatar, the United Arab Emirates, and Malaysia. The majority of the funds they send home are spent on personal expenses, healthcare, education, and starting small businesses (shops, small venture, agriculture, etc). Katuwal., et al (2020) explains that remittance is that part of earning which is sent by individuals from different migration destination for their home country on their place of origin acting as vital source of origin for foreign income in such developing countries. The Nepalese government has implemented a number of initiatives to promote the inflow of money. For instance, to make it simpler for Nepali migrant workers to send money home, it created a Remittance Facilitation Center. The government has also offered a number of tax breaks to encourage investment in the nation, particularly in industries like infrastructure, tourism, and agribusiness.

1. Benefits of using formal ways - Thagunna and Acharya (2013) re-ported that remittance and grants has positive effect to raise nominal GDP in Nepal. Remittances can have advantages for both sender and recipient that were presumably not previously understood when they are brought through official channels. Remittance has helped in enhancing livelihood by acting as alternative source of income to the poor and marginalized people (NRB, 2012). It

must be acknowledged that there are a number of risks involved with transfers made through informal channels. These risks could be avoided by using formal channels. The following are the main advantages of doing so:

- **Safety and Security**: Using official methods to transfer money offers safety and security. Government oversight and regulation of transactions made through these platforms aids in the prevention of fraud and money laundering.
- **Speed:** Because formal channels provide quicker transfer times, the recipient can receive the funds more swiftly and put them to use for their immediate requirements.
- **Record Maintenance**: Keeping a record of the transaction is made possible through formal methods, which can be beneficial to both the sender and the recipient.
- **Economic Development**: Formal remittance routes aid in the legal inflow of foreign currency, which can support the growth of the nation's economy.

2. Promoting Formal Means - The problem here is not about remittances that are coming into the country, but rather the channels that are being used. The data presented by Central Bank is just the data that they have received. It is agreed that there is next large chunk of remittance which enters the country through illegitimate means, through the unofficial channel. They remain in the background, unrecorded, and usually stay out of the banking channel. Formalizing these remittances has been a priority for developing nations since the early period. After all, when these funds are formalized, it does not just make the funds flow transparent but directs the movement of the channel too. The following could be the major approaches to bring these remittance-based funds to formal banking channels including them within the financial system.

- **Adequate promotion:** There has to be accountability and ownership of promotion of formal remittance channels from different associated organizations. Why would BFIs not want to entertain such deposits, and basically during such a liquidity crisis that banks are going through - even a tiny proportion of deposits would mean something huge for BFIs. This industry has been working from its level best to attract deposits, but the expectation has not been up to the mark. It is therefore important that there be enough promotional campaigns to hit the right target. Only when there is a sufficient amount of promotion, there can be the possibility of approaching the right mass. At the time when BFIs should excite the target mass about features and offers of remittance products, it is also the liability of other associated bodies - the Ministry of Finance and Central Bank to promote the use of legitimate channels highlighting the advantages associated with security concerns from their side.
- **Cost Reduction:** It's no wonder that the main reason why legitimate sources are ignored is because of the high cost that gets incurred. While the alternative means, 'Hundi' is less expensive; banking channels have been charging high for such transfers. This does not just discourage the use of legitimate sources, but highly provokes the use of alternative means. When costs are high, why would

anyone pay much just for the sake of ethical consideration? It is therefore really important that there be well defined and structured costing methodology that meets the competition and attracts such aspects. Reducing costs will not just encourage the use of these formalized channels, but develop culture too. There could be different additional costs that sender has to bear while remitting the fund through formal channel, but it is now high time that there be subside for such formal dealings simply to develop well-defined remittance transferring culture.

- **Incentive Orientation:** Incentives can turn out to be encouraging elements for doing something. For promoting the use of remittances through the formal channel, providing incentives can be helpful. Banks have been providing 1 percent additional interest on both saving and fixed deposit accounts for remittance income, and it has turned out to be effective too. There can be such additional schemes, which would be attractive for any such tasks. After all, incentives will help entire proceedings for any action. Making a brief analysis of current market needs, and required sales promotion schemes - there can be added incentive-based schemes can be offered for attracting those immigrants to make use of such formal channels. An additional 2 percent, maybe some extra offers can be attractive schemes here. After all, in the initial days - such schemes will develop habits among the mass.

- **Making Hasslefree with less documentation:** There is a hectic practice that the banking channel regarding documentation. It has created a situation where there will be large volume of documents required. It has to be understood that there have to be Anti Money Laundering (AML) guidelines complied with. But from the customer's point of view - this all turns out to be a burden and hectic process. A rational person would certainly not want to undergo all the hectic procedures which can be simply done in another approach. It is therefore important that there be a hassle-free process with less documentation implied in this procedure because of which the transaction would be well conducted. The process would all rely upon various simplifying the task balancing AML requirements such that customers won't feel that they are being burdened. Reducing the level of documentation work can be of great help here. They would all be motivating people to come to this legitimate channel.

- **Raising Financial Awareness:** Meanwhile, there must be enough level of awareness spread for making the mass aware. Only when people are financially aware they will get to know the pros and cons of doing anything. People tend to lack basic set of knowledge in regarding benefits making use of formal path and threats associated with informal paths. When those immigrant workers obtain basic knowledge about how their fund has been mobilized while using informal paths, scenario could be different. This does not just empower youths to make the best investment but they will get to know safety guidelines too. Awareness

level will have a direct impact on any such aspirations. Financial awareness could be boon for promoting formal paths.

- **Discouraging Alternatives:** As long as there are alternative modes, which are rather easy, less costly, and hassle-free, there certainly exists no point for anyone to be attracted to the formalized channel. They already have a channel through which they have been remitting fund on regular basis there, through which entire sources would be dragged. It is therefore important that there be steps taken side by side to discourage alternative channels. Meanwhile, what should also be understood here is that those remittance agents who are legal rights to send funds abroad are illegal here because they are not acknowledged by the financial system here in Nepal. Hence, before discouraging all other means - a brief analysis, and systematic study should be done. And then, there should be legal action taken for discouraging such sources of remittance. Be it Hundi or other means, they should be restricted with punishments too. Only then formalized remittance sources would gain space.
- **Revising Compliance Standards:** This can sound hectic and can sound irritating. But, it is high time that there be a revised set of compliance standards which would be followed up here. With a modern set of advancements, the traditional strict compliance regulation certainly does not turn out to be fruitful enough. From the video-based KYC procedure, several recent technological usages should be brought to highlight. There must be such coding done in similar manner and compliance standards be rectified by understanding all the current requirements. The level of strictness level will be directly hitting customers and they tend to get out of the routine there. To encourage formalized remittance practices, it is important that there now be friendly compliance anyway.

3. Threats Associated with informal means - Significant risks come with choosing not to use formal channels for remittances, such as a lack of security, problems with laws and regulations, financial instability, shady dealings, restricted access to financial services, bad exchange rates, no consumer protections, and possible effects on the economy of the country. Unofficial routes might be opaque, leave people vulnerable to monetary losses, legal repercussions, and make it harder for them to have access to more comprehensive financial services. To mitigate these risks and guarantee the security, legitimacy, and stability of financial transactions, it is imperative to promote the use of official remittance channels. Following are the threats of not using formal means of remittance channels that would directly hit the economy:

- **Lack of Security:** Unlike official channels of financial institutions, informal channels may lack the regulatory monitoring and security protections they offer. This raises the possibility of money loss, fraud, and theft occurring throughout the remittance procedure.

- **Legal and Regulatory Risks:** Bypassing legal and regulatory systems may be a part of using informal routes. Both the sender and the recipient may face legal repercussions as a result of this, and there may also be a chance of money laundering or other illegal activity.
- **Financial Stability:** Transparency and stability in terms of money may be lacking from informal remittance routes compared to official financial institutions. Financial losses may ensue from this, particularly if the unofficial route encounters difficulties or collapses.
- **Unreliable Transactions:** Compared to official channels, informal channels might not provide the same degree of dependability. Inadequate monitoring and documentation can cause delays in transactions and increase the likelihood that monies will not reach their intended receiver.
- **Limited Access to Financial Services:** People's ability to obtain more comprehensive financial services may be restricted if they rely on unofficial methods. Building a financial history and gaining access to services like loans, savings accounts, and insurance can be facilitated by using official channels.
- **Exchange Rate Risks:** Compared to official channel's remittance, the sender and recipient may receive less rate for their money while using informal channels since they wont be able to offer competitive exchange rates.
- **Loss of Consumer Protections:** Unlike established financial institutions, informal channels usually do not offer the same consumer protections. If there are any disagreements or problems with the remittance, people could find it difficult to get a settlement and get compensated.
- **Effect on National Economy:** A lack of transparency in the national economy will result from the extensive usage of unofficial channels. Governments may find it difficult to maintain monetary stability and create sound economic policies as a result.

Conclusion

Remittance inflow is a good source of foreign currency in Nepal. It does help the Central bank to increase its foreign currency savings too. At the time, amidst Covid-19 when tourism inflow slowed down, the role played by these remittances had a remarkable a contributory impact on the overall economy of the country. It is therefore important that they be categorized in such a way that they will not just work with one aspect but help in multi-dimensional aspects. Thagunna and Acharya (2013) regards that there would be certain effect for remittance in entire macro economic aspect at any point of time here. Effect for remittance at any space would be seeking any portion for macro economic aspect throughout. It is high time that there be regular surveys among migrants and their family members for addressing the issue too. (Rahman, 2004). All the stakeholders who are involved here - Central Bank, BFIs, and Governmental bodies; should incorporate and take the responsibility for this. This is not

one time task, but rather a regular mission where they can operate with excellence. Puri and Ritzema (2001), remittances, which are a portion of international migrant workers' salaries transferred back to their home country from their place of employment, play a critical role in the economies of many labor-sending countries.

Thus, to sum up, remittances are a vital component of Nepal's economy, supporting families, the country's educational system, and its healthcare system. The sector's importance is indicated by the unprecedented inflow of Rs136.97 billion through official channels in mid September to mid October 2023. Promoting official remittance routes is essential, which means overcoming obstacles, cutting expenses, streamlining procedures, and increasing awareness. In order to guarantee the authenticity and security of transactions, stakeholders must work together to update compliance requirements and apply incentives. Formalising remittance procedures is becoming more and more important as Nepal expects economic changes—it's a critical factor in the nation's stability and long-term prosperity.

Also, the socio-Economic aspect of the nation has to be well understood and then there should be laws and migration policies for promoting such tasks there. It can be understood that there would lie ample challenges in bringing the habit of change, and for a real weak set of reasons; but there are no choices. If still left unchecked, the cycle will keep on going. The only way to promote formalized means is through convincing. It can take time, it can be complex process, people might have complains - but there are no choices; the campaign has to be initiated. And, better late than never!

References

- Haque, F. (2006). General overview of inflow of remittance in Bangladesh economy. Internship Report, Independent University.
- Katuwal Chhetri, Rajan & K.C., Prabhat & Dhakal, Shiva Chandra. (2020). Remittance and its Impact on Nepalese Economy. Acta Scientific Agriculture. 4. 01-05. 10.31080/ASAG.2020.04.0818.
- NRB (2012), Impact evaluation of remittances: A case study of Dhanusha district. Janakpur: Banking development and research unit.
- Puri, S., & Ritzema, T. (2001). Migrant workers remittances, micro-finance and the informal economy: Prospects and issues. International Labor Office
- Rahman, M. M. (2004) 'Migrant networks: an analysis of Bangladeshi migration to Singapore',Asian Profile, vol. 32, no. 4, pp. 367391
- Thagunna K and Acharya S. (2013) Empirical analysis of remittance inflow. Economics and Financial 3: 337-344
- Thagunna, Karan & Acharya, Saujanya. (2013). Empirical analysis of remittance inflow: The case of Nepal. International Journal of Economics and Financial Issues. 3. 337-344.

कार्यालय अभिलेख

महालेखापरीक्षकको कार्यालय र कार्यवाहक महालेखापरीक्षक

- महेश्वर काफ्ले
कार्यवाहक महालेखापरीक्षक

वि.सं. २०१६ सालमा स्थापना भएको महालेखापरीक्षकको कार्यालय हालसम्म ११ जना महालेखापरीक्षक नियुक्ति भइ कार्य गर्नुभएको छ भने ४ पटक महालेखापरीक्षकको नियुक्ति हुन नसकेका कारण कार्यवाहक महालेखापरीक्षकबाट कार्यालय सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भयो। पञ्चायती शासन व्यवस्थाको समयमा राजाबाट महालेखापरीक्षक नियुक्ति हुने व्यवस्था थियो। हालसम्म नियुक्ति भएका ११ जना महालेखापरीक्षकहरूको विवरण देहायबमोजिम छः

क्र.सं.	महालेखापरीक्षक	कार्यरत अवधि	वार्षिक प्रतिवेदन पेस
१	श्री चन्द्रबहादुर थापा	२०१६।३।१५ देखि २०२२।३।१४ सम्म	३ वटा
२	श्री प्रेमनरसिंह प्रधान	२०२२।३।१५ देखि २०२८।३।१४ सम्म	६ वटा
३	श्री भीमबहादुर पाण्डे	२०२९।२।८ देखि २०३५।२।७ सम्म	६ वटा
४	श्री रामप्रसाद जोशी	२०३५।३।१८ देखि २०४१।३।१७ सम्म	६ वटा
५	श्री नरकान्त अधिकारी	२०४१।४।१ देखि २०४७।३।३१ सम्म	६ वटा
६	श्री मधुसूदन ढकाल	२०४७।४।१ देखि २०४८।४।२२ सम्म	१ वटा
७	श्री विमलराज बस्नेत	२०४८।४।२३ देखि २०५४।४।२२ सम्म	६ वटा
८	श्री विष्णुबहादुर के.सी.	२०५४।४।३१ देखि २०६०।४।३० सम्म	६ वटा
९	श्री गेहेन्द्रनाथ अधिकारी	२०६०।५।११ देखि २०६३।९।१६ सम्म	३ वटा
१०	श्री भानुप्रसाद आचार्य	२०७०।१।२५ देखि २०७३।३।८	३ वटा
११	श्री टंकमणि शर्मा दंगाल	२०७४।२।८ देखि २०८०।२।७	६ वटा

स्रोतः महालेखापरीक्षकको कार्यालयको अभिलेख

प्रथमपटक बि.सं २०२८ सालमा राजाबाट महालेखापरीक्षक नियुक्ति नभएका कारण नेतृत्वविहीन अवस्था रह्यो। दोस्रो पटक वि.सं. २०६३ सालमा र तेस्रो पटक वि.सं. २०७० सालमा र चौथो पटक वि.सं. २०८० सालमा संवैधानिक निकायको पदाधिकारी नियुक्तिको सिफारिस गर्न संवैधानिक परिषद् सम्बन्धी व्यवस्था संविधानले गरेको भए तापनि परिषद्ले नियुक्तिको सिफारिस नगरेका कारण महालेखापरीक्षकको नियुक्ति हुन सकेन। संवैधानिक परिषद्को काम कर्तव्य र अधिकार तथा सिफारिस प्रक्रियाका सम्बन्धमा संवैधानिक परिषद् (काम कर्तव्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ मा स्पष्ट व्यवस्था छ भने संवैधानिक निकायका पदाधिकारीहरूको सेवा शर्त र पारिश्रमिकसम्बन्धी ऐनले पदाधिकारीको पारिश्रमिक सेवा शर्त र सुविधा एवं अन्य व्यवस्था गरेको छ। यसरी कानूनी तथा प्रक्रियागत व्यवस्था भए पनि संवैधानिक परिषद्ले उक्त व्यवस्थाअनुसार समयममै महालेखापरीक्षक नियुक्तिका लागि

सिफारिस नगरेका कारण महालेखापरीक्षकको कार्यालय देहायअनुसार कार्यवाहक महालेखापरीक्षकले कार्यालय सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भयोः

(क) वि.सं. २०२८।३।१५ देखि २०२९।२।७ सम्म ११ महिना

(ख) वि.सं. २०६३।९।१७ देखि २०७०।१।२४ सम्म ६ वर्ष ४ महिना

(ग) वि.सं. २०७३।३।९ देखि २०७४।२।७ सम्म ११ महिना

(घ) वि.सं. २०८०।२।८ देखि हालसम्म

उपर्युक्तबमोजिम रिक्त रहेको अवधिमा कार्यवाहक महालेखापरीक्षकबाट कार्यालय सञ्चालन गर्नुपर्ने अवस्थाका सम्बन्धमा देहायबमोजिम उल्लेख गरिएको छः

(क) **वि.सं. २०२८।३।१४ देखि २०२९।२।८ सम्म ११ महिना -** पञ्चायती शासन व्यवस्था रहेको यो अवधिमा राजाबाट प्रत्यक्ष शासन सञ्चालन गरिन्थ्यो र महालेखापरीक्षक पनि राजाबाटै नियुक्ति गरिन्थ्यो। मिति २०२२।३।१५ मा महालेखापरीक्षकमा नियुक्ति भएका श्री प्रेमनरसिंह प्रधान मिति २०२८।३।१४ मा अवकाश भएपछि करिब ११ महिना महालेखापरीक्षकको कार्यालय नेतृत्वविहीन अवस्थामा रह्यो। वि.सं. २०१६ साल आषाढ १५ गते स्थापना भएको महालेखापरीक्षकको कार्यालयमा प्रथम महालेखापरीक्षकको रूपमा श्री चन्द्रबहादुर थापाले मिति २०१६।३।१५ देखि २०२२।३।१४ सम्म र द्वितीय महालेखापरीक्षकको रूपमा श्री प्रेमनरसिंह प्रधान मिति २०२२।३।१५ नियुक्ति हुनुभएकोमा मिति २०२८।३।१४ मा कार्यकाल समाप्त भई अवकाश हुनुभएपछि राजदरबारबाट महालेखापरीक्षक नियुक्ति हुन केही समय ढिलाइ भयो। यस अवधिमा उप-महालेखापरीक्षक श्री गोबिन्दप्रसाद गोर्खालीले कार्यवाहक महालेखापरीक्षक भई कार्य गर्नुभएको थियो।

क्र.सं.	वरिष्ठतम उप-महालेखापरीक्षक	कार्यवाहक भएको अवधि	वार्षिक प्रतिवेदन पेस
१	श्री गोविन्दप्रसाद गोर्खाली	२०२८।३।१५ देखि २०२९।२।७ सम्म	

स्रोतः महालेखापरीक्षकको कार्यालयमा रहेको अभिलेख

तत्कालीन पञ्चायती व्यवस्थामा राजा महेन्द्रले प्रत्यक्ष शासन सञ्चालन गरेको अवस्था थियो। यस अवस्थामा सरकारी महत्त्वपूर्ण पदहरू राजाकै इच्छाबमोजिम नियुक्ति तथा बर्खासी हुने गर्दथे। भर्खर स्थापना भएको संस्थामा २ जना महालेखापरीक्षकले आफ्नो कार्यकालमा लेखापरीक्षण सेवाका कर्मचारी व्यवस्था गरी लेखापरीक्षणको अभ्यास शुरु गरी लेखापरीक्षणको विधि, प्रक्रिया, पद्धतिको सूत्रपात तथा वार्षिक प्रतिबेदन पेस गर्ने अभ्यासकै क्रममा वि.सं.२०२८।३।१५ देखि महालेखापरीक्षक नियुक्ति हुन नसकेको पाइन्छ। मिति २०२९।२।८ मा तेस्रो महालेखापरीक्षकको रूपमा सरदार भीमबहादुर पाण्डे नियुक्ति भएपछि महालेखापरीक्षकको कार्यालयले नेतृत्व प्राप्त गरेको देखिन्छ। सरदार भीमबहादुर पाण्डेले वि.सं.२०३५।२।७ सम्म महालेखापरीक्षकको रूपमा कार्यरत रहेपछि २०३५।२।८ देखि २०३५।३।१७ सम्म वरिष्ठ उप-महालेखापरीक्षक श्री राम प्रसाद श्रेष्ठले कार्यवाहक महालेखापरीक्षक भई कार्य गर्नुभएको थियो।

(ख) **वि.सं. २०६३।९।१७ देखि २०७०।१।२४ सम्म ६ वर्ष ४ महिना -** वि.सं. २०४६।४७ को जनआन्दोलन पश्चात् पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको शुरुवात भयो। नयाँ

व्यवस्थासँगै वि.सं. २०४७ सालमा नेपालको संविधान २०४७ जारी भयो। उक्त संविधानले राज्यका ३ अङ्गबीच शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको अवधारणा आत्मसाथ गरेको पाइन्छ। उक्त अवधारणाअनुसार राज्यका ३ अङ्गबीच अधिकार विभाजन गर्ने, एक अङ्गले अर्को अङ्गमा हस्तक्षेप नगर्ने तर नियन्त्रण र सन्तुलनको व्यवस्था मिलाउने र ती अङ्गले संविधानको भावना र मर्मअनुसार काम गरे/नगरेको सम्बन्धमा स्वतन्त्र संवैधानिक निकायको गठन गर्ने व्यवस्था मिलाएको पाइन्छ। संवैधानिक निकायले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्र प्रमुखमार्फत् जनप्रतिनिधिहरूको संस्था व्यवस्थापिका-संसदमा पेस गर्ने र संसदीय समितिमा छलफल गर्ने गरी संवैधानिक निकायलाई स्वायत्तता, स्वतन्त्रता दिएको देखिन्छ। यस्तो महत्त्वपूर्ण जिम्वेवारी रहेको संवैधानिक निकायको पदाधिकारी लामो समयसम्म रिक्त रहँदा संविधानको भावना अनुरूप स्वतन्त्र रूपमा कार्य सम्पादन तथा प्रतिबेदन तयारी तथा राज्यका ३ अङ्गले सम्पादन गरेका कार्यको स्वतन्त्र, निष्पक्ष तथा तटस्थरूपमा निगरानी एवं शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको भावना एवं मर्मअनुसार कार्य भएको सुनिश्चित हुने आधार स्थापित हुन सक्तैन। यसै परिवेशमा महालेखापरीक्षकको कार्यालय मिति २०६३।९।१७ देखि २०७०।१।२४ सम्म कार्यवाहक महालेखापरीक्षकबाट सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भयो। २०६२।६३ को जनआन्दोलन पश्चात् राज्य पुनर्संरचना गर्ने महान अभियानमा राज्यका अङ्गहरू क्रियाशील रहेकाले संवैधानिक निकायमा रिक्त रहेका पदहरू पूर्ति गर्ने कार्यले प्राथमिकता पाउन सकेन। संवैधानिक परिषद् (काम कर्तव्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६को दफा ३ मा परिषद्को काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था भए पनि परिषद्ले सो अधिकार प्रयोग गर्न नसकेका कारण संवैधानिक निकाय लामो समय रिक्त हुन पुगे। उक्त दफामा भएको व्यवस्थाअनुसार संवैधानिक निकायको पदाधिकारी नियुक्तिका लागि संसदीय सुनुवाइका लागि सिफारिस गर्ने, सिफारिस गरिएका व्यक्तिहरूमध्ये संघीय संसद सचिवालयबाट नियुक्ति गर्न बाधा नपर्ने गरी लेखी आएको व्यक्तिलाई राष्ट्रपतिसमक्ष नियुक्तिका लागि सिफारिस गर्ने, योग्यता पुगेका व्यक्तिहरूको अभिलेख तयार तथा अद्यावधिक गर्ने कार्य परिषद्ले गर्नुपर्ने उल्लेख छ। त्यस्तै, परिषद्को बैठकसम्बन्धी कार्यविधिमा परिषद्को बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने, अध्यक्षको निर्देशानुसार सचिवले परिषद्को बैठक बस्ने मिति, समय र स्थान तथा छलफलको विषय सूचीसहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा ४८ घण्टा अगावै सदस्यहरूलाई पठाउनुपर्ने व्यवस्था छ। ऐनको उक्त व्यवस्थाअनुसार परिषद्का अध्यक्षले बैठक आव्हान नगरेको, सचिवले बैठकको कार्यसूची तयार नगरेको तथा बैठक बसे पनि रिक्त पदाधिकारी नियुक्तिको लागि सिफारिस नगरेको आदि कारणबाट २०६३ देखि २०७० सम्म महालेखापरीक्षकको कार्यालय नेतृत्वविहीन अवस्थामा रह्यो। संवैधानिक परिषद्को सिफारिस बमोजिम मिति २०६०।५।११ मा महालेखापरीक्षकमा नियुक्ति हुनु भएका श्री गेहेन्द्रनाथ अधिकारी उमेरहदका कारण मिति २०६३।९।१६ मा अवकाश भएपछि परिषद्ले अर्को महालेखापरीक्षक सिफारिस नगरेका कारण २०७०।१।२५ सम्म कार्यवाहक महालेखापरीक्षकले कार्यालय सञ्चालन गर्नु परेको अवस्था रह्यो।

संवैधानिक निकायका पदाधिकारीको सेवा शर्त तथा पारिश्रमिकसम्बन्धी ऐनअनुसार प्रमुख पदाधिकारी बिदामा बसेकोमा बिदाको अवधिभर वा पद रिक्त हुन आएको अवस्थामा पदपूर्ति नभएसम्मको लागि सम्बन्धित संवैधानिक निकायको वरिष्ठतम पदाधिकारीले कार्यवाहक प्रमुख भई

काम गर्नेछ र महालेखापरीक्षकको हकमा सो बिभागको वरिष्ठतम उप-महालेखापरीक्षकले कार्यवाहक महालेखापरीक्षक भई काम गर्नेछ। कार्यवाहक प्रमुख पदाधिकारीले सो अवधिभर प्रमुख पदाधिकारीले पाए सरह पारिश्रमिक र सुविधा पाउने छ भन्ने व्यवस्थाअनुसार कार्यवाहक महालेखापरीक्षक भई काम गर्ने वरिष्ठतम उप-महालेखापरीक्षकले महालेखापरीक्षकले गर्ने लेखापरीक्षणसम्बन्धी कार्य, वार्षिक प्रतिवेदन पेस गर्ने लगायतका सबै कार्य गरेको पाइन्छ।

मुख्यतः २०६२।६३ को जनआन्दोलन पश्चात्को राजनैतिक परिवर्तनले संसदको पुनर्स्थापना, संयुक्त सरकार गठन, नयाँ संविधान निर्माण, राजनैतिक स्थिरता कायम, शान्ति सम्झौता आदि प्राथमिकतामा रहेकोले संवैधानिक निकायमा नियुक्तिको कार्यले प्राथमिकता पाउन सकेन। वि.सं. २०६८ सालमा संवैधानिक परिषद्ले विभिन्न संवैधानिक निकायमा रिक्त रहेका पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्ने क्रममा श्री भानुप्रसाद आचार्यलाई महालेखापरीक्षकमा सिफारिस गरेको थियो। तर, परिषद्का सचिवले बैठक बस्नुभन्दा कम्तीमा ४८ घण्टा अगावै सदस्यहरूलाई बैठक बस्ने मिति, समय र स्थान तथा छलफलको विषय सूचीसहितको सूचना पठाउनुपर्नेमा सो प्रक्रिया पूरा नभएको भनी तत्कालीन विपक्षीदलको नेताले सर्वोच्च अदालतमा दिएको रिट निवेदन उपर अन्तरिम आदेश जारी गरेकोले नियुक्तिको सिफारिसले मूर्तरूप लिन सकेन। महालेखापरीक्षक नियुक्ति हुन नसकेको कारण वरिष्ठतम उप-महालेखापरीक्षकले कार्यवाहक महालेखापरीक्षक भई देहायबमोजिमको अवधिमा कार्यालय सञ्चालन गर्नुपर्ने अवस्था रह्योः

क्र.सं.	वरिष्ठतम उप-महालेखापरीक्षक	कार्यवाहक भएको अवधि	वार्षिक प्रतिवेदन पेस
१	श्री बच्चुराम दाहाल	२०६३।९।१७ देखि २०६५।१०।१४ सम्म	२ वटा
२	श्री भद्रेश्वरप्रसाद उपाध्याय	२०६५।१०।१५ देखि २०६६।१०।१६ सम्म	१ वटा
३	श्री रमेशराज सत्याल	२०६६।१०।१७ देखि २०६७।२।४ सम्म	-
४	श्री बद्रीबहादुर कार्की	२०६७।२।५ देखि २०६७।३।१४ सम्म	१ वटा
५	श्री खेमप्रसाद दाहाल	२०६७।३।१५ देखि २०६९।४।९ सम्म	२ वटा
६	श्री विमला सुवेदी	२०६९।४।१० देखि २०७०।१।१४ सम्म	१ वटा

स्रोतः महालेखापरीक्षकको कार्यालयमा रहेको अभिलेख

लामो समयसम्म कार्यवाहक महालेखापरीक्षकको नेतृत्व रहेको अवस्था र संवैधानिक व्यवस्थाअनुसार वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने कारणले २०६३ पौषदेखि २०७० वैशाखसम्म ६ जना कार्यवाहक महालेखापरीक्षकले ७ वटा वार्षिक प्रतिवेदन पेस गरेका थिए। संवैधानिक निकायका पदाधिकारीको सेवा शर्त र पारीश्रमिकसम्बन्धी ऐनमा भएको व्यवस्थाअनुसार आफ्नो कार्यभार सम्हाल्नु अघि प्रमुख पदाधिकारीले प्रधानन्यायाधीशसमक्ष र पदाधिकारीले प्रमुख पदाधिकारीसमक्ष अनुसूचीबमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुपर्ने व्यवस्था भएकोले कार्यवाहक महालेखापरीक्षकले सोबमोजिम शपथ नलिएको अवस्थामा प्रतिवेदन पेस गर्न नहुने कुरा त्यस बखत चर्चामा रहेको थियो। तर, लामो समय पदाधिकारी नियुक्त नहुने र संबैधनिक दायित्वअनुसार प्रतिवेदन पेस गर्नुपर्ने कर्तव्य रहेकोले कार्यवाहक महालेखापरीक्षक कर्मचारी रहेको तथा कर्मचारीको हैसियतमा शपथ लिएको र ऐनबमोजिम नै कार्यवाहक भएको भनी कार्यवाहक महालेखापरीक्षकले

वार्षिक प्रतिवेदन पेस गर्न उपयुक्त हुने अर्थमा प्रतिवेदन पेस गर्ने कार्य भएको पाइन्छ। वरिष्ठम उप-महालेखापरीक्षक श्री विमला सुवेदी कार्यवाहक महालेखापरीक्षक भएर कार्य गरिरहेको बखत २०७०।१।२५ मा महालेखापरीक्षकको रूपमा श्री भानुप्रसाद आचार्य नियुक्त हुनुभएकोले २०७१।४।२३ सम्म उप-महालेखापरीक्षकमा कार्यरत रही अवकाश हुनुभएको थियो।

(ग) **वि.सं. २०७३।३।८ देखि २०७४।२।७ सम्म ११ महिना** - धेरै लामो समयसम्म महालेखापरीक्षकको पद रिक्त रही २०७०।१।२५ मा नियुक्त हुनु भएका महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य ६५ वर्ष उमेर हदका कारण २०७३।३।८ मा अवकाश हुनु भएपछि फेरि महालेखापरीक्षकको कार्यालय नेतृत्वविहीन अवस्थामा रह्यो। संवैधानिक निकायको पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिना अगावै परिषद्ले सिफारिसको प्रक्रिया शुरु गर्नुपर्नेमा सो कार्य हुन नसकेको, परिषद्को निर्णय सर्वसम्मत गर्नुपर्ने कानूनी व्यवस्था, संयुक्त सरकार भएकोले सरकारमा सहभागी दल तथा परिषद्मा बिपक्षी दलको नेता समेत सदस्य रहने भएकोले सरकारमा सहभागी दल तथा बिपक्षी दलको समेत भागबण्डामा नियुक्ति गर्ने परम्परा, दलहरूको आन्तरिक गुटबन्दी र सोको परिषद्मा प्रभाव, अध्यक्षले बैठक आव्हान नगर्ने तथा आव्हान गरे पनि सिफारिसको निर्णय गर्न नसक्नु, राजनैतिक दलको मुख्य प्राथमिकता कानून निर्माण गर्ने भएकोले राजनैतिक नियुक्तिको कार्यले प्राथमिकता नपाउनु, नियुक्ति हुन चाहनेहरूको तीव्र राजनैतिक लविङले समेत निर्णय प्रक्रियामा प्रभाव पर्नु, परिषद्ले सम्भावित व्यक्तिहरूको रोष्टर अद्यावधिक गर्न नसक्नु तथा अद्यावधिक गर्ने वैज्ञानिक र विश्वासिलो आधार तयार नहुनु, राजनैतिक जिम्मेवारी र जवाफदेहिताको पालना नहुनु, सम्बन्धित निकायबाट पदाधिकारी नियुक्तिको माग र आबश्यकता पुष्टि गर्न नसक्नु आदि कारणले महालेखापरीक्षकको पद २०७३।३।९ देखि २०७४।२।७ सम्म करिब ११ महिना महालेखापरीक्षकको पद रिक्त रहन गयो। यस अवधिमा वरिष्ठतम उप-महालेखापरीक्षक श्री सुकदेव खत्रीले कार्यवाहक महालेखापरीक्षकको रूपमा कार्य गर्नुभएको थियो।

क्र.सं.	वरिष्ठतम उप-महालेखापरीक्षक	कार्यवाहक भएको अवधि	वार्षिक प्रतिवेदन पेस
१	श्री सुकदेव खत्री	२०७३।३।९ देखि २०७४।२।७ सम्म	१ वटा

स्रोतः महालेखापरीक्षकको कार्यालयमा रहेको अभिलेख

मिति २०७४।२।८ मा एघारौँ महालेखापरीक्षकको रूपमा श्री टंकमणि शर्मा दंगालको नियुक्त भएसँगै महालेखापरीक्षकको कार्यालयले नेतृत्व प्राप्त गरेको थियो। महालेखापरीक्षकको रूपमा श्री टंकमणि शर्मा दंगालको कार्यकालमा महालेखापरीक्षकको ६ वर्षे कार्ययोजनासहित कार्यालयको पूर्वाधार व्यवस्थापन, लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग, लेखापरीक्षण गुणस्तर पुनरावलोकन, प्रतिवेदन कार्यान्वयनको प्रभावकारितालगायत सुधार कार्यहरू सञ्चालन भएका थिए। वहाँको ६ वर्षे कार्यकाल पूरा गरेपछि पुनः महालेखापरीक्षकको नियुक्ति हुन नसक्दा कार्यवाहक महालेखापरीक्षकबाट कार्यालय सञ्चालन गर्नुपर्ने अवस्था रह्यो। वरिष्ठम उप-महालेखापरीक्षक श्री सुकदेव खत्री कार्यवाहक महालेखापरीक्षक भई कार्य गरिरहेकै बखत २०७४।२।८ मा महालेखापरीक्षकको रूपमा श्री टंकमणि शर्मा दंगाल नियुक्त हुनुभएकोले २०७४।२।२४ सम्म उप-महालेखापरीक्षकमा कार्यरत रही अवकाश हुनुभएको थियो।

(घ) **वि.सं. २०८०।२।८ देखि हालसम्म -** एघार महिनासम्म महालेखापरीक्षकको पद रिक्त रही २०७४।२।८ मा नियुक्त हुनुभएका महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालले आफ्नो ६ वर्षे कार्यकाल पूरा गरी २०८०।२।८ मा अवकाश हुनुभएपछि फेरी महालेखापरीक्षकको कार्यालय नेतृत्वविहीन अवस्थामा रह्यो। संवैधानिक निकायको पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिना अगावै परिषद्ले सिफारिस गर्नुपर्ने व्यवस्था भए तापनि सो प्रक्रिया शुरु गर्नुपर्नेमा परिषद्ले २०८० श्रावण २० गते सूचना प्रकाशन गरी संवैधानिक रूपमा योग्यता पुगेका र इच्छुकहरूबाट निवेदन माग गरेअनुसार १६ जनाको आवेदन परेको भए तापनि नियुक्तिको सिफारिस हुन सकेको छैन। यस अवधिमा कार्यवाहक महालेखापरीक्षक भई काम गर्ने वरिष्ठतम उप-हालेखापरीक्षकहरू देहाय बमोजिम रहेका छन्:

क्र.सं.	वरिष्ठतम उपमहालेखापरीक्षक	कार्यवाहक भएको अवधि	वार्षिक प्रतिवेदन पेस
१	श्री राममाया कुंवर	२०८०।२।८ देखि २०८०।४।१७ सम्म	
२	श्री महेश्वर काफ्ले	२०८०।४।१८ देखि हालसम्म	

स्रोतः महालेखापरीक्षकको कार्यालयमा रहेको अभिलेख

हाल वरिष्ठ उपमहालेखापरीक्षक श्री महेश्वर काफ्लेले कार्यवाहक महालेखापरीक्षकको रूपमा कार्य गरिरहनुभएको छ। वहाँले महालेखापरीक्षकको कार्यालयको सुधार योजनालाई निरन्तरता दिँदै मुख्यतः लेखापरीक्षकको आचरण, निष्ठा र व्यवहारमा सुधार एवं लेखापरीक्षणको विश्वसनीयता कायम गर्दै संस्थाको साख अभिवृद्धिमा जोड दिनुभएको छ।

अन्त्यमा,

कार्यवाहक महालेखापरीक्षकले नेतृत्व गरेको अवधिमा संस्थाको निरन्तरताबाहेक दीर्घकालीन प्रभाव पर्ने नीतिगत विषय तथा संस्थागत सुधार, लेखापरीक्षणको विधि पद्धतिमा सुधारका विषयमा उपयुक्त निर्णय लिन नसक्ने लगायतका स्थिति रहने भएकोले विगतमा जे जस्ता कारणबाट भए पनि लामो समयसम्म महालेखापरीक्षक नियुक्ति हुन नसक्नु र सोको प्रभाव संस्थागत सुधारमा परिरहनु तथा संवैधानिक तथा कानूनी व्यवस्था भए पनि सोको पालना नहुनु निश्चय नै राम्रो संकेत होइन। विगतमा भएका कमी कमजोरीहरूको समीक्षा गर्दै आगामी दिनमा सबै तहबाट जिम्मेवारी र जवाफदेहिता पालना गरी संविधान, ऐन नियमले गरेको व्यवस्थाअनुसार समयमै नियुक्ति गरी संवैधानिक निकायको कार्य प्रभावकारी रूपमा सम्पादन गर्ने व्यवस्था अवलम्बन गर्नुपर्ने देखिन्छ।

<u>स्रोत सामग्री</u>

- महालेखापरीक्षकको कार्यालयमा रहेका अभिलेख, प्रकाशन र लेखापरीक्षण पत्रिका आदि।

साभार

सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको रियो घोषणापत्र, २०२२

सर्वोच्च लेखापरीक्षण संस्थाहरू (SAIs) सार्वजनिक हितमा काम गर्दछन्। ब्राजिलको रियो दि जेनेरियोमा भएको सर्वोच्च लेखापरीक्षण संस्थाहरूको (INCOSAI) चौबीसौं अन्तर्राष्ट्रिय कांग्रेसमा उपस्थित, INTOSAI समुदायः

- आपतकालीन अवस्था, परिवर्तनशील वातावरण र देखा परिरहेका जोखिमहरूप्रति सर्वोच्च लेखापरीक्षण संस्थाको जवाफदेहिताबारे छलफल गर्दछ;
- INTOSAI को विश्वव्यापी आवाजलाई संबर्द्धन एवं सुदृढ गर्ने क्षमतालाई पहिचान गर्दछ;
- लेखापरीक्षण मापदण्ड र सिद्धान्तहरूको महत्त्वलाई जोड दिन्छ, जसले मूल्य अभिबृद्धि हुने गुणस्तरीय कार्यहरू सम्पादन गर्न SAI लाई जवाफदेही पर्यावरणमा कसरी स्थापित गरिन्छ भन्ने सम्बन्धमा मार्गदर्शन गर्दछ;
- INTOSAI निकायहरू, बाह्य सरोकारवालाहरू र SAIs बीचको थप सहकार्यबाट लाभ सूनिश्चित गर्दछ; र
- INTOSAI रणनीतिक योजना २०२३—२०२८ लाई अनुमोदन गर्दछ।

सर्वोच्च लेखापरीक्षण संस्थाको जवाफदेहिता

INTOSAI ले स्वीकार गर्दछ कि जलवायु परिवर्तन र अन्य विपदका अवस्थाहरू जस्तैः प्राकृतिक तथा मानव निर्मित प्रकोपहरू, वित्तीय संकट र महामारीहरूको प्रभाबले सर्वोच्च लेखापरीक्षण संस्थालाई आफ्नो सरकार तथा नागरिकहरूलाई विपद तयारी एवं प्रतिकार्यमा सहयोग गर्न र निगरानी गर्ने चुनौती दिएको छ।

विपदका अवस्थाहरूले सर्वोच्च लेखापरीक्षण संस्थालाई पनि आफ्नो कार्य सञ्चालन गर्ने क्षमतामा असर गर्न सक्छ। हालैका समयमा, विपदका अवस्थाहरू र बढ्दो लेखापरीक्षण विषयबस्तुका जटिलताले सर्वोच्च लेखापरीक्षण संस्थालाई द्रुत गतिमा आफ्ना कार्यहरू समयानुकुल बनाउन प्रेरित गरेको छ। सर्वोच्च लेखापरीक्षण संस्थाहरूले सिकेका पाठहरूबाट सुसूचित भएर, उत्कृष्ट अभ्यासहरू लागू गरेर, र INTOSAI तथा बाह्य साझेदारहरूसँग सहकार्य गरेर आफ्नो जवाफदेहिपनामा सुधार गर्न सक्छन्।

INTOSAI सँगको सहकार्यले यी चुनौतिहरूको सामना गर्न एवं जनताको विश्वास आर्जन गर्न साधन, सहयोग र सल्लाहमार्फत सर्वोच्च लेखापरीक्षण संस्थालाई मद्दत गर्न सक्छ। INTOSAI को विश्वव्यापी आवाजले लेखापरीक्षण समुदायभन्दा बाहिर महत्त्वपूर्ण सन्देशहरू प्रवाह गर्न र निर्णयकर्ताहरूलाई प्रभाव पार्न सक्छ भनी सुनिश्चित गर्न सर्वोच्च लेखापरीक्षण संस्थालाई अझै समन्वयात्मकतवरले काम गर्न मद्दत गर्न सक्छ।

सर्वोच्च लेखापरीक्षण संस्थाले प्रत्येक देशमा ओगटेको संस्थागत र कानूनी स्थानले तिनीहरूलाई सार्वजनिक क्षेत्रमा सिक्ने एवं संस्थागत विकास गर्ने प्रक्रियालाई प्रभावकारी बनाउन एवं कायम राख्न विशेष भूमिका खेलेको हुन्छ। डिजिटलाइजेसनको प्रभाव एवं दोस्रो सूचना आन्दोलनलगायत अन्य कारकहरूको

कारण संसार द्रुत गतिमा परिवर्तन हुँदैछ। यी चुनौतीहरूको सामना गरी सान्दर्भिक रहन सर्वोच्च लेखापरीक्षण संस्था सक्रिय हुनुपर्छ।

INTOSAI को विश्वव्यापी आवाजलाई बलियो बनाउने

INTOSAI को विश्वव्यापी आवाज हाम्रो मूल्य, नतिजा र प्रभावहरू सञ्चार गर्ने रणनीति हो। यो आवाजलाई विस्तार गर्न यस रणनीतिले संस्थागत सम्बन्धलाई सुदृढ पार्ने, INTOSAI र सर्वोच्च लेखापरीक्षण संस्था तथा अन्य अन्तर्राष्ट्रिय संस्था र समाजबीचको सञ्चारलाई प्रभावकारी बनाउने लक्ष्य राखेको छ। यस रणनितिको एउटा उद्देश्य सर्वोच्च लेखापरीक्षण संस्थाद्वारा उच्च सान्दर्भिक विषयवस्तुहरूमा गरिएको कामको नतिजाहरू सञ्चार गर्नु हो। यसरी, INTOSAI ले सर्वोच्च लेखापरीक्षण संस्थाको कामको मूल्य अभिबृद्धि गर्ने अन्तर्राष्ट्रिय जागरूकतालाई बढावा दिन्छ। फलस्वरुप यसले देशमा सर्वोच्च लेखापरीक्षण संस्थाको वैधतालाई सुदृढ गर्न मद्दत गर्दछ, र बढ्दो जवाफदेहिता एवं सुशासनतर्फ प्रभावकारी सशक्तिकरण प्रक्रियामा योगदान पुऱ्याउँछ।

INTOSAI को विश्वव्यापी आवाज राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी चुनौतीहरू सम्बोधन गर्न सर्वोच्च लेखापरीक्षण संस्थाको महत्त्वपूर्ण भूमिकामा ध्यान केन्द्रित गर्दै, तिनीहरूको देशहरूमा सम्पादन गरिएका काम कारबाहीसंग सम्वन्धित अन्तरनिहित आवाजहरूको सामूहिक स्वरलाई उपयोग गर्नका लागि हो।

सर्वोच्च लेखापरीक्षण संस्था गतिशीलतवरले विकसित हुने निकायको रुपमा सञ्चालित हुन्छ र प्रवाह गर्नको लागि मजबूत एवं सान्दर्भिक सन्देशहरू रहन्छन्। INTOSAI का निकायहरू र क्षेत्रीय संगठनहरूले सार्वजनिक व्यवस्थापनको सुधारको लागि साझेदारी गर्दै, ब्यापक जवाफदेहीता, पारदर्शिता र सुशासनको प्राप्तिमा यी आवाजहरूलाई बुलन्द गर्न सक्दछन्।

INTOSAI ले पहिचान गर्दछ कि यो बाह्य सम्भावनालाई थप मजवूद गर्ने समय हो। यो सर्वोच्च लेखापरीक्षण संस्थाले गरिरहेका कामको सान्दर्भिकता र ती कामको गुणस्तर एवं तुलनात्मकतालाई निर्देशित गर्नका लागि प्रयोग गरिएका साझा मानदण्डहरूमार्फत् प्राप्त हुने विश्वसनीयतालगायत दुवै कारणबाट सम्भव हुन्छ।

मुख्य सिद्धान्तहरूको महत्त्व

INTOSAI को विश्वव्यापी आवाज र सर्वोच्च लेखापरीक्षण संस्थाको जवाफदेही क्षमतालाई अधिकतम बनाउने आधार तिनीहरूले प्रभावकारीतवरले काम गर्नु हो। क्रमिकरुपमा जारी INCOSAI घोषणाहरू र अन्य प्रमुख INTOSAI प्रकाशनहरूमा स्थापित सिद्धान्तहरूले INTOSAI र सर्वोच्च लेखापरीक्षण संस्थाको विकासलाई सहज बनाउन आधार प्रदान गर्दछ।

विशेष गरी, INCOSAI ले स्वतन्त्रता, पारदर्शिता र व्यावसायिक उत्पादन/नतिजाको महत्त्वलाई जोड दिन्छ।

स्वतन्त्रता

सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता वस्तुगत एवं विश्वसनीय लेखा परीक्षण र अन्य व्यावसायिक उत्पादन/नतिजाहरू प्राप्त गर्न तथा आवश्यक प्रभाव सिर्जना गर्न संग सम्बन्धित सिद्धान्त हो ।

सर्वोच्च लेखापरीक्षण संस्थाले संविधान वा अन्य कानुनीमा आधारित एवं ग्यारेन्टी गरिएका स्वतन्त्रताबाट लाभ उठाउँछन्। सर्वोच्च लेखापरीक्षण संस्थाले आफ्नो लेखापरीक्षण दायरा र उनीहरूले गर्न सक्ने कामको प्रकार सन्दर्भमा उपयुक्त फराकिलो अधिकारक्षेत्र पाएर पनि फाइदा लिन्छन्। जटिल र चुनौतीपूर्ण परिस्थितिहरूमा काम गर्ने सर्वोच्च लेखापरीक्षण संस्थाको लागि पर्याप्त अधिकार विशेष रूपमा महत्त्वपूर्ण छ।

पारदर्शिता

सरोकारवालाहरूसँग सर्वोच्च लेखापरीक्षण संस्थाहरूको भूमिका, अधिकार र कामको नतिजाबारे समयमै स्पष्ट सञ्चारले संस्थालाई प्रभावकारी बनाउन मद्दत गर्न सक्छ। सामूहिक रूपमा यसलाई INTOSAI को विश्वव्यापी आवाजमार्फत विस्तार गर्न सकिन्छ।

सर्वोच्च लेखापरीक्षण संस्थाले आफ्ना गतिविधिहरू पारदर्शी र जवाफदेही बनाएर आफ्नो उत्पादन/नतिजाउपर विश्वसनीयता एवं आत्मविश्वास आर्जन गर्दछ।

व्यावसायिक उत्पादन/नतिजा

सर्वोच्च लेखापरीक्षण संस्थाबाट गरिने सरकारी कार्य सञ्चालनको स्वतन्त्र लेखापरीक्षणले सार्वजनिक क्षेत्रलाई यसको व्यवस्थापन एवं सार्वजनिक स्रोतको उपयोगको लागि जिम्मेवार बनाउन महत्त्वपूर्ण योगदान दिन्छ।

सर्वोच्च लेखापरीक्षण संस्थाले बृहत् सिकाइ एवं ज्ञानको आदनप्रदानमा आधारित लेखापरीक्षक क्षमताको रणनीतिक दृष्टिकोणमार्फत व्यावसायिक उत्कृष्टता कायम राख्छ।

यस कार्यको गुणस्तर स्पष्ट, सान्दर्भिक र ब्यापक व्यावसायिक मापदण्डहरू, जस्तै INTOSAI's Framework of Professional Pronouncements लागू गरेर दिगो बनाउनुपर्छ।

तिनीहरूको लेखापरीक्षण निष्कर्षहरूमा प्रतिवेदन गरेर, र सुधारको लागि व्यावहारिक सिफारिसहरू दिएर, SAI नतिजाहरूले सार्वजनिक क्षेत्रका जिम्मेवार पदाधिकारीलाई सुधारात्मक कारबाही गर्न एवं सुशासन र व्यवस्थापनमा सुधार गर्न आधार प्रदान गर्दछ।

SAIs ले सरोकारवालाहरूसँगको आफ्नो सहकार्यलाई कसरी सुधार गर्न सक्छ

SAIs लाई SAIs लाई बदलिँदो वातावरण र उदीयमान जोखिमहरूमा थप प्रभावकारी विश्वव्यापी आवाज र जवाफदेहितालाई प्रवर्द्धन गर्न सरोकारवालाहरूसँग संगसगै काम गर्न एवं संलग्न गराउन आवश्यक छ। SAI ले INTOSAI का निकायहरू र क्षेत्रीय संगठनहरूमार्फत् सहकार्य गर्छ, जसले अन्तरक्रिया, विचार एवं ज्ञानको आदनप्रदान गर्ने अवसर प्रदान गर्दछन्।

विशेष गरी, INTOSAI:

- समुदायमा ज्ञान, सीप र विशेषज्ञताको उपयोग गरेर सामूहिक रूपमा काम गर्दछ;
- SAI लाई जोखिम, चुनौति र उपलब्धिहरूबारे सचेतना जगाउनको लागि विश्वव्यापी आवाज प्रदान गर्दछ;
- यसको विश्वव्यापी आवाजमार्फत प्रभाव पार्न ज्ञान र अनुभवलाई जोड्दछ;
- सदस्य SAI लाई मानदण्ड, क्षमता विकास र ज्ञानको आदनप्रदानमार्फत सहयोग गर्दछ;

- परिवर्तनशील संसार र SAI का सदस्यहरूको आवश्यकतालाई संवोधन गरेर सान्दर्भिकता सुनिश्चित गर्दछ;
- प्रभावकारी संलग्नता, अन्तरक्रिया र संचारको लागि प्रविधि प्रयोग गर्दछ;
- वातावरणीय प्रभावबारे सधै सचेत रहन्छ; र
- दिगो विकास लक्ष्यहरूप्रति आफ्नो प्रतिबद्धता पुष्टि गर्दछ।

INTOSAI समुदायभित्र मिलेर काम गर्दा, SAI हरूले निष्ठा, समावेशीता र कसैलाई पछाडि नछोड्ने मनसायका साथ सहयोग गर्दछन्। INTOSAI को सफलता यसका सदस्यहरूको समर्पण र प्रतिबद्धतामा निर्भर गर्दछ।

निष्कर्ष

INTOSAI समुदाय नोभेम्बर २०२२ मा ब्राजिलको रियो दि जेनेरियोमा चौविसौं INCOSAI मा भेला भयो र INTOSAI लाई आफ्नो काम जारी राख्न देहायबमोजिम आह्वान गर्यो:

- परिवर्तनशील वातावरण, उदीयमान जोखिमहरू र विश्वव्यापी चुनौतिहरूप्रति उत्तरदायी भई तदनुरुपका सान्दर्भिक कार्यहरू सम्पादन गरेर;
- INTOSAI को सकारात्मक सम्भावनाको पहिचान गर्दै आफ्नो कामको नतिजाबाट लाभ उठाइएको आफ्नो विश्वव्यापी आवाजलाई पूरा गर्ने;
- SAI लाई कसरी आफ्नो उत्तरदायित्व पर्यावरण भित्र संगठित हुने, गुणस्तरीय कार्य सम्पादन गर्ने र सरोकारवालाहरूसँग सहकार्य गर्ने जस्ता सिद्धान्तहरूको महत्त्वलाई पुनः पुष्टि गर्दै; र
- SAIs र INTOSAI को कामलाई अगाडि बढाउन सरोकारवालाहरूसँग सुधारिएको सहकार्य प्रवर्द्धनलाई निरन्तरता दिएर।

साथै, INTOSAI समुदाय

- सबै INTOSAI निकायहरू, क्षेत्रीय संगठनहरू, र बाह्य साझेदारहरूलाई INTOSAI को पहुँच र प्रभावको सुदृढीकरणमा सहयोग गर्न आह्वान गरियो; र
- आपतकालीन अवस्थाहरूमा प्रभावितहरूलाई सहयोग गर्ने सरकारहरूको प्रभावकारी कार्यमा योगदान दिन SAIs को सान्दर्भिकता पुनः पुष्टि गर्यो।

NEPALESE JOURNAL OF GOVERNMENT AUDITING

The objective of this journal is to highlight contemporary issues relating to public financial Management, public sector auditing and provide information regarding the activities of the Office of the Auditor General. Besides, it attempts to throw light on the financial management system of public enterprises.

Everybody is welcome to send it though-provoking and research oriented articles for the journal.

The journal is published twice a year.

Patron

Honorable Officiating Auditor General Mr. Maheswar Kaphle

Editorial Board

Co-ordinator	:	**Mr. Bamdev Sharma Adhikari**
Member	:	**Mr. Baikuntha Bahadur Adhikari**
Executive Editor	:	**Ms. Rachana Pradhan**
Co-Editor	:	**Mr. Bhim Prasad Rijal/Ms. Meena Lama/Ms.Anita Kumari Thapa**

Computer Layout

Mr. Bishnu Gopal Dongol

Published by:

Office of the Auditor General
Anamnagar, Kathmandu, Nepal

Address:

Editorial Board
Nepalese Journal of Government Auditing, Office of the Auditor General
Anamnagar, Kathmandu, Nepal

ISSN Number: 2505-0893

The opinions expressed in this journal are those of the authors and do not represent the opinions or views of the office. **- Editorial Board**

लेखकवर्गलाई अनुरोध

१. लेखापरीक्षण पत्रिका वर्षमा दुईपटक प्रकाशित गरिन्छ।

२. उपरोक्त विषयहरूसँग सम्बन्धित मौलिक तथा तथ्यमा आधारित अनुसन्धानमूलक लेखरचनालाई प्राथमिकता दिइनेछ।

३. पत्रिकाको लागि लेख रचना पठाउदा युनिकोड/टाइम्स न्यू रोमन (**Unicode/Times new Roman**) फन्ट रहेको डिजिटल कपी **hrd_ir@oagnep.gov.np** मा ईमेल मार्फत उपलब्ध गराउनुपर्नेछ। लेख वा रचना अधिकतम ८ पृष्ठसम्मलाई ग्राह्य मानिनेछ।

४. लेखकका अन्यत्र प्रकाशित भैसकेका रचनाहरू नपठाउनु हुन अनुरोध छ। त्यस्ता रचना स्वीकृत हुने छैनन्।

५. यस पत्रिकामा प्रकाशित हुने लेखहरू लेखककै निजी विचार हुने छन् र यसले कार्यालयको नीति एवं कार्यको प्रतिनिधित्व गर्ने छैन।

६. लेख पठाउँदा लेखकले आफ्नो सम्पर्क नं., ईमेल तथा पासपोर्ट साइजको फोटोको सफ्टकपी पनि उपलब्ध गराउनकालागि अनुरोध छ।

७. प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ।

८. लेखापरीक्षण पत्रिकामा प्रकाशित हुने लेख रचनाका लेखकलाई नियमानुसार सेवा शुल्क उपलव्ध गराइनेछ।

फोन नं. : ४२१२५४४

: ४२६७५३७

फ्याक्स : ४२६८३०९

इमेल : hrd_ir@oagnep.gov.np

वेभसाईट : www.oagnep.gov.np

नोटिस बोर्ड सर्भिस : १६१८०१४२५३२७०

सम्पादक मण्डल

लेखापरीक्षण पत्रिका

महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ।